अलकापुरी भक्तपुर

जितेन्द्र रसिक


अलकापुरी
भक्तपुर
जितेन्द्र रसिक

अलकापुरी भक्तपुर

(सम्पदा नालीबेली)

जितेन्द्र रसिक

For Library Purpose

कृति : अलकापुरी भक्तपुर (सम्पदा नालीबेली)
प्रकाशक/वितरक : स्वदेश प्रकाशन प्रा.लि.
बागबजार, काठमाडौं
फोन नं. ०१-४२३९५७८
लेखक : जितेन्द्र रसिक
jitendralalshrestha@gmail.com
9841367896
विधा : सम्पदा र संस्कृति
संस्करण : २०७५ (पहिलो)
सर्वाधिकार : लेखकमा
आवरण : मनोज के.सी. : समय
manojkcsamaya@gmail.com
लेआउट : रोशनकुमार महत (९८६१७००३३१)

यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक कुनै पनि माध्यमद्वारा लेखकको स्वीकृतिविना अनधिकृत रूपमा पुनःउत्पादन गर्न पाइने छैन । शैक्षिक वा प्राज्ञिक प्रयोजनका लागि पनि लेखककै लिखित स्वीकृति अनिवार्य छ ।

For Library Purpose

समर्पण

भक्तपुर र भक्तपुरका सम्पदाबारे जान्न चाहनेलाई . . .

For Library Purpose

प्रकाशकीय

यस प्रकाशनले साहित्य र संस्कृति लगायत विभिन्न विधाका पुस्तक प्रकाशनलाई निरन्तरता दिइरहेको कुरा विदितै छ । कविता, निबन्ध, नाटक, आख्यान, कथा, उपन्यास, इतिहास, संस्कृति आदि रोचक एवम् ज्ञानवर्धक लेख्य-पाठ्य सामग्री प्रकाशनमा ल्याउनु हामीले आफ्नो अभीष्ठ ठानेका छौँ । सम्पदा र संस्कृति भनेको राष्ट्रको आभुषण हो । भोलिको हाम्रो समाज र संस्कृतिको स्वरुप आजको यस्तै कृतिहरुले निर्धारण गर्दछ । यस दिशातिर स्वदेश प्रकाशनले सक्दो प्रयास गर्दै आएको छ र आगामी दिनमा पनि हामी इतिहास र संस्कृतिका महत्वपूर्ण ग्रन्थहरु प्रकाशन गर्नका लागि प्रतिबद्ध छौँ । यही प्रतिबद्धता सहित हामीले भक्तपुर को सम्पदा नालीबेली "अलकापुरी भक्तपुर" कृति तपाईंहरू समक्ष प्रस्तुत गरेका हौँ ।

प्रस्तुत पुस्तक 'अलकापुरी भक्तपुर' सम्पदा कृति प्रकाशन गर्न पाएकोमा यसका लेखक श्री जितेन्द्र रसिक प्रति हामी हार्दिक कृतज्ञता र धन्यवाद व्यक्त गर्दछौ ।

मिति : २०७४ चैत्र

स्वदेश प्रकाशन,
काठमाडौँ ।

For Library Purpose

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्व विभाग

E-mail: info@doa.gov.np
website: www.doa.gov.np
४२५०६८३
४२५०६८५
४२५०६८६
४२५०६८७
४२५०६८८
४२६१४४०
फ्याक्स: ९७७-१-४२६२८५६
अभिलेखालय भवन
रामशाहपथ, काठमाडौं

पत्र संख्या:-
चलानी नं.:-

२०७३/१२/१७

शुभकामना

साँस्कृतिक सम्पदाले भरिपूर्ण साँस्कृतिक अनेकतामा एकता रहेको नेपालको साँस्कृतिक सम्पदाबारे जति पुस्तक लेखे पनि कम्ती हुन्छ । यसो हुँदा पनि हाम्रो सन्दर्भमा साँस्कृतिक सम्पदाका बारेमा त्यति कलम चल्ने गरेको भने पाइँदैन । यस परिप्रेक्ष्यमा भक्तपुरका सम्पदाहरूको विस्तृत अध्ययन गरी सम्पदा नालीबेलीका रूपमा अलकापुरी भक्तपुर नामको यो पुस्तक प्रकाशित हुन लागेकोमा यसले अलग्गै पहिचान र विशिष्ट महत्व राख्दछ ।

साँस्कृतिक सम्पदाहरूको बारेमा यसरी अध्ययन अनुसन्धान गरी यथार्थ विवरणहरू पुस्तकका रूपमा प्रकाशित हुनु यस विधा र सम्पूर्ण साँस्कृतिकप्रेमीहरूका लागि समेत अत्यन्तै गौरवको कुरा हो । यसले ओझेलमा परिरहेका हाम्रा सम्पदाहरूलाई उजागर गर्ने काम गर्दछ । सम्पदाहरूको संरक्षण गर्नका लागि समेत यसले प्रशस्त मद्दत पुग्दछ । यस पुस्तकमा लेखकले विभिन्न भौतिक तथा अभौतिक साँस्कृतिक सम्पदाहरूको विस्तृत विवराणात्मक चित्रण गर्नुका साथै तिनको महत्व एवम् तिनका निर्माता, विभिन्न कालखण्डका शासक, राजाहरूको शासन अवधि र तिनको सन्दर्भ समेतलाई आफ्नो अध्ययनबाट प्राप्त तथ्यहरूका आधारमा रोचक ढङ्गले सम्पदाको यथार्थ विवरण र लोककथनसहित प्रस्तुत गर्नु भएको छ । त्यसैले साँस्कृतिक सम्पदाप्रति आफ्नो रूचि एवम् आस्था जगाईरहन सफल यस पुस्तकका लेखक श्री जितेन्द्र रसिकज्यूलाई साँस्कृतिक सम्पदासँग सम्वन्धित थप पुस्तकहरू लेखिरहन अझ ऊर्जा जगाइरहोस् भन्ने कामनाका साथ यस पुस्तकको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु ।

भेषनारायण दाहाल
महानिर्देशक
पुरातत्व विभाग

For Library Purpose

काठैकाठको अलकापुरी भक्तपुर

– माधवप्रसाद घिमिरे



गाउँ नै गाउँ मिलेर बनेको अत्यन्तै सुन्दर भक्तपुर । लिच्छविकालिन र मल्लकालीन कलाकौशलले भरि पूर्ण भक्तपुर । सीप र चातुर्य भएका लिच्छविकालिन र मल्लकालीन राजाहरूका देनले भक्तपुर धर्तीकै स्वर्ग बनेको हो । मेरो जीवनसँग भक्तपुर जोडिएको छ । मलाई राष्ट्रकविको उपाधि भक्तपुरकै सँझ्याभित्र सुसज्जित छ । सँझ्या नभए म अपूर्ण हुन्छु । भक्तपुर काठैकाठको अलकापुरी हो । यो कलाको महासागरभित्र रहेको सम्पदाबारे लेख्नु अति कठिन कार्य हो । जितेन्द्र रसिकलाई देशको सम्पदा र धरोहरलाई जोगाउनु पर्छ भन्ने चिन्ताले सताएकै कारण भक्तपुरको सम्पदा नालीवेली नामक यो बहुमुल्य कृति जन्मिएको हो भन्ने लाग्छ मलाई ।

वास्तवमै भक्तपुरको सम्पदाहरूलाई हेर्ने हो भने भक्तपुरको सुरक्षाको लागि अष्टमातृका पीठ स्थापना गरी देशको सुरक्षा गरेको पाइन्छ । कुनै समय नेपालको राजधानी नै भक्तपुर थियो । यति सुन्दर भक्तपुरलाई हेरेरै मैले गीत नै लेखेँ ।

नेपाली हामी रहौंला कहाँ नेपालै नरहे
उँचाई हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे

भक्तपुरबाट हिमाल पनि छर्लङ्ग देखिन्छ । हाम्रो देशको शिरको टोपी हिमाल । त्यसपछि लेखें मैले

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहेंलो धान धर्तीको छोराको
कहाँबाट हेरौंला संसार सँझ्या नै नरहे
व्युँझौंला कहाँ पूर्वमा उज्यालो नरहे

For Library Purpose

सँझ्या भक्तपुरको पहिचान हो । मलाई राष्ट्रकविको उपाधी दिँदा सरकारले भक्तपुरमा बनेको सँझ्या र प्रमाणपत्र दिनुभएको छ । त्यसैले सँझ्या देख्नसाथ म एकदम गद्‌गद् हुन्छु । मलाई पुरस्कार दिनेबेलामा मैले भनेको थिएँ । राष्ट्रकविको उपाधि सँझ्यामा राखेर दिनुस । सरकारले पनि मान्नुभयो र आज सँझ्या, भक्तपुर र मेरो सम्वन्ध पनि उस्तै अगाध छ । त्यही ठाउँ भक्तपुरको बारे भक्तपुरमै स्थायी बसोबास गर्दै आएका रसिकले विश्वसामु भक्तपुरका कलाकौशल र सम्पदा चिनाउन पुस्तक नै लेखे । रसिकलाई मेरो धेरै धेरै शुभकामना । देश र माटोको लागि यूवा पुस्ताले गर्नैपर्ने काम रसिकले गरेको छ । पाइला अझै अगाडि सर्दै जाउन् । शुभकामना ।

२७ असार २०७४ लैनचौर

For Library Purpose

अलकापुरी भक्तपुर गौरवान्वित छ !

- तेजेश्वरबाबु ग्वंग

अलकापुरी भक्तपुर पढ्दै, सुन्दैगर्दा मनभरि तरङ्गका छालहरू छचल्किन थालेछ । तरङ्गका छालहरू छचल्किँदा रैछन् । भूतलमा होइन, मनभित्रका चिन्तन तहमा । छचल्किएका तरङ्गले नेपाली वाङ्मयका आदिकवि भानुभक्त आचार्य सम्मै तरङ्गिन पुग्यो । 'अलकापुरी कान्तिपुरी नगरी' लेखन अभिव्यक्ति झलझली सम्झन पुगें । लाग्यो त्यसबेला आदिकवि कान्तिपुरी नगरीसम्म मात्र पुगेथे । जितेन्द्र रसिक स्याउले (चौतारा साँगाचोकगढी नगरपालिका -१) सिन्धुपाल्चोकबाट भक्तपुरसम्मै यात्रा भरेर बसाइँ नै सरी वासस्थान नै बनाए । भक्तपुरका स्वनाम धन्य सांस्कृतिक सम्पदाहरू स्थलगत रूपमै मनग्य अवलोकन गर्ने औसर जमाए । फलतः अलकापुरी जितेन्द्र रसिकसम्म पुग्दा अलकापुरी भक्तपुर सिर्जिएछ ।

भक्तपुर जिल्ला अन्तरगतका सांस्कृतिक सम्पदास्थल र वस्तु तत्वका परिचयात्मक यस संग्रहमा जितेन्द्र रसिकले आफै रसिक अभिव्यञ्जना प्रस्तुत गरेका छन् । इतिहासका कालखण्डका कुनैबेलासम्म भक्तपुर जिल्लाको उत्तर खण्ड मनहरापारिका साँखुका वज्रयोगिनी मूर्ति, मन्दिर र परिसरका स्वस्थ, सुन्दर, शान्त शालीन, वातावरण युक्त सम्पदा आदि पनि समायोजन गर्न भ्याएका छन् । रसिकका रसिला कलम । कलम रसदार शव्दविन्यास बोकेर सर्न थाल्छन् । जब सर्छन् उत्तिनै रसदार तरलता टपटपकाउँदै पाठक मन र मुटू छुन पुग्छन् । लाग्छ रसिकले यो प्रथममै यति अम भर्न सके भने अर्को मुर्हूतमा अरू प्रभावकारिता भर्न सक्षम बन्नेछन् । प्रत्येक सांस्कृतिक पहल र पर्वहरू स्थानीय भूगोल, भूगोलजन्य वातावरण, वातावरणले जन्माए हुर्काएका राजनैतिक, आर्थिक, सामाजिक, आस्थाजन्य परिवेशहरूले रङ्गिएका हुन्छन् । तिनै परिवेशमा रङ्गिएर मानिसका यिनै आमूल जीवन दर्शन निर्मित हुन पुग्छन् । तिनै जीवन-जगत-दर्शनमा आधारित भएर स्थानीय संस्कार निर्मित हुन्छन् । समाजका स्थानीय संस्कृति र निर्माण विनिर्माण अनि समाकालिन रूपान्तर भइरहन्छन् । हामीले सांस्कृतिक संरक्षण दिइरहेका कतिपय

For Library Purpose

सांस्कृतिक स्वरूप प्रारम्भिक चरण मुताविक नै प्रवाहित रहेर उस्तै एकै प्रचलनमुखी रहेका पाउने छैनन् । यही पुख्यौली कुनै पुस्ताले पुनर्जीवन पाएर अवलोकन गर्न भ्याए भने यो यतिनै सत्य सटीक छन् जतिकै हाम्रै जन्मजात शिशु अवस्थादेखिको बदलिँदो जीवन्त जीवन अवश्य यथार्थ बन्छ ।

जितेन्द्र रसिकका अलकापुरी भक्तपुरभित्रका सम्पदा विवरण भरिका विश्लेषण कालान्तरमा निरन्तरता पाइरहन सांस्कृतिक सम्पदा विवरण संकलन अरू सार्थक बन्दै जाने स्वभाविक छ । यस अलकापुरी भक्तपुर सङ्ग्रहले नेपालका सम्पदा पूजक आन्तरिक पर्यटन रोचक, सार्थक रूपमा सबल पार्न सघाउँदो नै देख्छु ।

प्रसङ्गवस बिट मार्नु अगाडि एक सत्य उघार्ने चेष्टा गर्छु । हाम्रा राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूले इच्छ्याए अनुरूपकै भक्तपुर काष्ठकारी गरी पूर्ण सँझ्याल तयार पार्न यहीं भक्तपुर दरवार परिसरका शिल्पकार भाइलाई बनाउन लागाउने अवसर जुटेको सुखानुभूति बनेको बन्यै छ । त्यसका प्रयोजनमा अग्रज साहित्य साधक मदनमणि दीक्षित, स्व कमलमणि दीक्षित, नगेन्द्रराज शर्मा, रोचक घिमिरेज्यूहरूका दफा नै निष्ठाछैँ प्रवेश गर्नुभएका थिए । राष्ट्रकविज्यूमा अर्पित राष्ट्रिय अभिनन्दन तिनमै सजाएर तत्कालिन प्रधानमन्त्री स्व. सूर्यबहादुर थापाले समर्पेका हुन् । भक्तपुरको संस्कृति सम्पदाका साना छेस्कै भए पनि राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूको इच्छापूर्तिमा उपहार बनाउन सघाउन पाउँदा अलकापुरी नगरी भक्तपुर गौरवान्वित ठान्छ ।

२०७४/३/३१/७

निष्ठाछें, गोधुली

For Library Purpose

रसिकको प्रगतिका पाइला लम्किरहोस्

-ओमप्रसाद धौभडेल

नेपाल एकातिर प्राकृतिक स्रोत साधनले सम्पन्न देश हो भन्ने अर्कोतिर यहाँको संस्कृति सम्पदा अर्को महत्वपूर्ण पाटो हो जसलाई एउटै सिक्काको दुई भाग मान्न सकिन्छ । त्यसो त यहाँ सास्कृतिक सम्पदा भन्नासाथ यहाँ रहेका असंख्य मठमन्दिर, देवालय, शिवालय, दरवार, बिहार, सत्तल, पाटीपौवा, ढुङ्गेधारा, इनार, डबली, मठ, स्तुप, चैत्य, घाट, तीर्थ, जस्ता सम्पदाहरूतर्फ प्रायको ध्यान आकृष्ट भएको पाइन्छ । त्यसमा पनि काठमाडौं उपत्यकाका तीन प्रमुख नगरहरूमध्ये भक्तपुरले नेवार कला, संस्कृति साहित्य अर्थात् समग्रमा अमूर्त सम्पदाको प्रतिनिधित्व गरिरहेको छ भन्दा अत्युक्ति नहोला । यो सानो नगरमा प्रत्येक दुई पाइलाको फरकमा कुनै न कुनै सम्पदा भेटिनु विशेषताको विषय बनेको छ । महत्वपूर्ण र बृहत् रूपमा अनि संरक्षित अवस्थामा रहेको भक्तपुरको अमूर्त सम्पदा हो । आधुनिकताको यो युगमा त्यो पनि राजधानीसँगै उपत्यका भक्तपुरका प्राय नेवार समुदायले बोल्ने भाषा होस् वा दिनहुँ बिहान साँझ पाटीपाटीमा घन्किने भजन, दाफा, धल्चाले यहाँको अर्मूत सम्पदालाई उजागर गरिरहेको हुन्छ । अझ बिस्केट जात्रा, गाईजात्रा, इन्द्रजात्रा, दशै, तिहार सकिमना पुन्ही होली (फागुपुन्ही), गठेमंगल चतुदर्शी, सिठी, योमरी पुन्ही जस्ता विशेष दिनहरूमा टोल-टोल चोक चोक गल्ली सडकमा धिमेबाजा, बाँसुरी बाजा, नौबाजा, नायखी बाजा, आदिले पूरै भक्तपुर नगर नै संगितमय बनेको हुन्छ । गाईजात्राको दिन सम्पूर्ण नगरबासी नै बाजाको तालमा घेन्टाघिसी नाचमा सरिक भई नगर परिक्रममा गर्दाको त्यो क्षणले अमूर्त सम्पदाकै प्रतिनिधित्व गरेको हुन्छ । यस्तै यस्तै थुप्रै अमूर्त सम्पदाहरूले भक्तपुर धनी छ । तसर्थ भक्तपुरलाई सम्पदाको सहर मात्र नभई जीवन्त सास्कृतिक नगर नै हो भन्न सकिन्छ यही साँस्कृतिक नगरी भक्तपुरमा रहेका प्रशस्त मठमन्दिर, पाटीपौवा, देवालय शिवालय दरवार सत्तल घाट डबली

For Library Purpose

ढुङ्गेधारा, जलद्रोणी, बहाबही(बिहार), चोक, ननी, टोल, र वस्ती आदिको विषयमा समय समयमा विद्धान्हरूबाट कलम चलाउँदै आएको छ । लेखक तथा साहित्यकार जितेन्द्र श्रेष्ठ रसिकले पनि सम्पदाको क्षेत्रमा कलम चलाउनु भनेको भक्तपुरको लागि महत्वपूर्ण कुरा हो । आदकिवि भानुभक्तले कान्तिपुर नगरलाई अलकापुरी भनी लेखेका थिए । तर पछिल्लो समय लेखक तथा साहित्यकार रसिकले भक्तपुरलाई अलकापुरी भनी अलकापुरी भक्तपुर नामक कृति प्रकाशन हुनुले वास्तवमै भक्तपुर कला र सम्पदाको अलकापुरी हो भन्ने प्रकाश पार्दछ ।

सिन्धुपाल्चोक जिल्ला जन्मथलो भएर पनि भक्तपुरलाई कर्मथलो बनाउदै यही स्थायी बसेबास गर्दै भक्तपुरबासी नै बन्न सफल हुनुभएका रसिकजीको यो प्रयास निकै सह्राहनीय देखिन्छ । आफूले दिनहुँ देख्दै आएका सम्पदाहरूबारे आफूले थाहा पाएका र अग्रजहरूको मुखारवृन्दबाट सुन्दै आएका भनाइ कथा किवंदन्तीहरू र प्रमाणहरू जुटाएर एउटै पुस्तकमा समेट्दै अलकापुरी भक्तपुर नाम दिएर सम्पदाका नालीबेली तयार गर्नुभएको छ त्यसैले लेखकलाई धन्यबाद दिनैपर्छ ।

यस पुस्तकमा लेखकले जति पनि विषयवस्तु समाबेश गर्नु भएको छ ती सबै अत्यन्त महत्वपूर्ण छ । विशेषगरी ती प्राय:सम्पदाहरूबारे तिथीमितिकासाथ रोचक कथा किवंदन्तिहरू पनि समावेस गर्नुभएको छ । यो एउटै कृतिबाट भक्तपुर आउन चाहने पर्यटकहरूलाई भक्तपुर के हो भन्ने सारमा बुझ्न निकै मद्दत पुग्नेछ भन्ने मलाई लागेको छ । यो कृतिले आन्तरिक पर्यटनमा टेवा पुग्नेछ । आगामी दिनमा पनि अझै खोजपूर्ण शिलापत्र, ताम्रपत्र स्वर्णपत्र दानपत्र ताडपत्र आदिलाई आफनो अध्ययन अनुसन्धानको दायराभित्र राखेर सम्पदासम्वन्धी अनुसन्धानमुलक कृति ल्याउन सकुन् । भक्तपुरबासी भएको नाताले यो लेखकको कर्तब्य पनि हुन आउँछ । प्रगतिको यो कदम सधैं लम्किारहोस् ।

अन्तमा पुन एकपटक अलकापुरी भक्तपुर नामको सम्पदाको नालीबेली समेटिएको यो महत्वपूर्ण पुस्तकको लागि लेखक एवं साहित्यकार जितेन्द्र रसिकलाई भित्री हृदयदेखि धन्यबाद दिदैं आगामी दिनहरूमा भक्तपुरसम्वन्धी गहकिला वजनदार पुस्तकको लागि अग्रिम शुभकामना व्यक्त गर्दछु ।

मिति २०७४ असार २०

भक्तपुर

For Library Purpose

पुर्खाको नासो कला र संस्कृति

- जितेन्द्र रसिक

सम्पदा बहुमूल्य बस्तु हो । आदिमकालदेखि मानव विकास र सभ्यताको प्रमाण र इतिहास बोकेर जीवन्त रूपमा उभिइरहेको छ सम्पदा । प्राकृतिक प्रकोपले यस्ता इतिहास बोकेका धरोहरहरू मेटिने अवस्थामा नपुगेका होइनन् । तर हाम्रा पुर्खाहरूले प्राकृतिक प्रकोपको सामना गर्दै यस्ता ऐतिहासिक पुरातात्विक सम्पदाको संरक्षण गर्दै इतिहासलाई प्राचीन मानव युगको सभ्यता र विकासलाई पुस्तान्तरण गर्दै आएका छन् । पुर्खाले छाडेर गएका यिनै अथाह साँस्कृतिक सम्पदाबारे खोजीनीति गर्ने सानो प्रयास गरें ।

हाम्रा पुर्खाहरूले बाँचेका ढुङ्गे युगका वैचारिक र सामाजिक अवशेषहरू पनि बाँकी नै छन् । त्यही कालमा पुर्खाले गरेका सुकार्य, कला कौशल र सीपहरू पनि बाँकी नै छन् । जसको संरक्षण युगयुगान्तर फेरिएका पुस्ताहरूले गर्दै आए । सम्पदाको संरक्षण गर्नु भनेको हाम्रा पुर्खाहरूले बाँचेका समाज कस्ता थिए ? शासनशैली कस्ता थिए तिनकै अस्तित्व जान्नु हो । त्यस युगको मानव जीवन कस्तो थियो भन्ने जान्नु पनि हो । हामी कसरी अहिलेको आधुनिक युगमा आइपुग्यौ ? यी सबै जान्नका लागि जोगाइ राखिएका स्रोत हुन् सम्पदा ।

त्यति मात्र होइन सम्पदा भनेको देशको आभूषण हो । अर्को कुरा मानिसले विश्लेषण गर्ने तरिका फरक हुन सक्छ । सोच्ने शैली फरक हुन सक्छ । समाज अचम्मको छ । समाजलाई कसले कसरी र कति बुझेका छन् भन्नु त मानिसकै चेतना र क्षमतामा भर पर्ने कुरा हो । सबैलाई सबै कुराको चित्त बुझ्छ भन्ने पनि छैन । चित्त बुझ्नु एउटा कुरा हो । नबुझ्नु अर्को कुरा हो । भक्तपुरलाई बाहिरबाट हेर्नेहरूले जति बुझे भित्र पसेपछि झन त्यति नै बुझ्न बाँकी जिल्ला हो । जब म भक्तपुरमा स्थायी रूपमा बसोबास गर्न थालें मलाई लाग्यो मैले बसेको यो माटोको ऋण तिर्नुपर्छ । त्यसैले ८ वर्ष अघिको परिकल्पना गरेको कृति अलकापुरी भक्तपुर ।

अलकापुरी भक्तपुर कृति आफूलाई इतिहासविज्ञ भनाउन लेखिएको होइन । न धार्मिक व्यक्तित्व भएरै लेखेको हुँ । न यो क्षेत्रमा कलम चलाइरहेका व्यक्तित्वहरूको भाग

For Library Purpose

खोस्न आएको नै हुँ । एउटा लेखक सीमित घेरामा मात्र बाँधिएर लेखिनुपर्छ र एउटै विधामा मात्र अल्झिनुपर्छ भन्ने गलत मानसिकताबाट अलि पर छु । लेखन, सृजना र खोज गर्ने क्रममा नै अलकापुरी भक्तपुर लेखिएको हो । त्यो भन्दा बढी टेलिभीजन र पत्रपत्रिकामा १७ वर्ष काम गर्ने दौरानमा र नेपालको संस्कृति रीतिरिवाज बारे खोजमूलक पत्रकारिता कर्म गर्ने क्रममानै यो पुस्तक लेख्ने मनस्थिति जन्मिएको हो । यो कृतिमा पुरै भक्तपुर जिल्लाको ४ नगरपालिका मध्यपुर थिमी, सूर्यविनायक, चाँगुनारायण र भक्तपुर नगरपालिकाका सम्पदाको विस्तृत जानकारी समेट्ने प्रयास गरेको हुँ ।

भक्तपुर जिल्लामा सम्पदाको खानी छ । र यसको विषयमा लेख्नु सजिलो काम पनि त थिएन । करिब १७ वर्षको पत्रकारिताको सिलसिलामा सम्पदा संस्कृति रीतिरिवाजका विषयमा थुप्रै समाचार लेखियो । खोजीनीति गरियो । धेरै भिडियो रिपोर्टहरू बनाइयो । जति प्रकाशित र प्रशारण भए त्यो इतिहासको कालखण्डसँगै बिलाएर जाँदो रहेछ । बरू ती सम्पदाका बारे पुस्तक लेख्न पाए हाम्रा आगामी पुस्ताका लागि मार्गदर्शन हुने थियो भन्ने कुरा मनमा आयो र खोजीनीतिमा लागि परें । करिब ६ वर्षपछि यो पुस्तकले आकार लिएको छ । भक्तपुर सम्पदाको अथाह सागर हो । मैले यो पुस्तकमा जति लेखें सबै पूर्ण नहुन पनि सक्छन् । आगामी संस्करणमा छुटेका र बाँकी रहेका विषयहरूलाई समेट्दै जानेछु । मेरो चाहना थियो भक्तपुर आउन चाहने आन्तरिक होस् वा बाह्य पर्यटकसँग हातमा एउटा यस्तो पुस्तक होस् कि जसले भक्तपुरका सबै सम्पदाको जानकारी पुस्तकबाटै लिएर भ्रमणलाई सहज बनाउन सकून् । यो पुस्तक त्यो प्रयोजनको लागि पनि हो । विश्वका पर्यटक नेपाल भित्रिसके पछि भ्रमणको प्रमुख गन्तव्य भक्तपुर बन्ने गरेको छ र बन्नुपर्छ भन्नाका खातिर पनि हो । कहाँ कुन सम्पदा छन्, त्यसका महत्व के के छन्, लोककथन के हुन् ? कस्ले कुन प्रयोजनका लागि किन ती सम्पदाको निर्माण गरे भन्ने यथेष्ठ जानकारीसहित भ्रमणलाई सहज बनाउन सकियोस । भक्तपुरका हरेक सम्पदाको उतिकै महत्त्व भएकाले सबै सम्पदा अवलोकनका लागि आन्तरिक तथा बाह्य दुबै पर्यटकलाई सहज होस् भन्ने अभिप्रायले पनि यो पुस्तक लेख्ने जाँगर चलेको हो ।

पुस्तक पढिसकेपछि आन्तरिक तथा वाह्य पर्यटकले भ्रमणका क्रममा कुन सम्पदा कहाँ छन् र यसका महत्व के छन् भन्ने विषयमा स्पष्ट जानकारी पाउनेछन् भन्ने विश्वास लिएको छु ।

यो पुस्तक लेख्ने क्रममा अनुसन्धानका क्रममा विभिन्न उल्झनहरू पनि खडा भयो । धेरैले फोटो खिच्ने क्रममा गाली पनि गरे । हाम्रो फोटो खिचेर विदेशमा लगेर डलरमा बेच्नलाई खिचेको हो ? म बुझाउने प्रयास गर्थे तर बुझ्दैन थे । त्यतिखेर साह्रै मन दुख्थ्यो । मनमनै भन्थें समाजमा भएको प्रवृत्तिको चित्र हो यो । कतिले त फोटो खिच्न अनुमति दिएनन् । कतिपयले फोटो खिचाउँदा रकम भुक्तानी मागे । देवीदेवता बन्ने केहीलाई पैसा तिरेरै पनि तस्विर लिने काम भयो । तर अधिकांशले बुझेपछि सम्पदा सम्वन्धी विस्तृत रूपमा बताएर सहयोग पनि गरे । लेखनको अन्तिम चरणमा पुगेपछि

For Library Purpose

प्रकाशनगृहसँग पुस्तक प्रकाशनको लागि प्रस्ताव राखें । स्वदेश प्रकाशन प्रालिले यो प्रस्तावलाई सहजै स्विकार्‍यो र सम्पदाको यो पुस्तक लेखन सम्पन्न गर्न रोयल्टी वापत भन्दै अनुसन्धानका लागि केही रकम अग्रिम भुक्तानी उपलब्ध गराएपछि यो पुस्तकलेखनले पूर्णता पायो । पुस्तक लेख्ने क्रममा भक्तपुरका इतिहासविद् र सम्पदा सरोकारवाला व्यक्तित्वहरूप्रति ऋणी बनेको छु ।

यो कृति आफैमा पूर्ण भने होइन । छुटेका सम्पदा, लोककथन र पुस्तकमा सुधार गर्नु पर्ने देखिएमा सबै विज्ञहरूमा सुझावसहित सहयोगको अपेक्षा गर्दछु । हामी दोस्रो संस्करणमा पुस्तकलाई अझै परिस्कृत गर्ने जमर्को गर्नेछौं । साथै यो पुस्तक अंग्रेजी भाषामा पनि अनुवाद भएर आउने सहर्ष जानकारी गराउँदछु । यस पुस्तकलाई जीवन दिन सहयोग गर्नुहुने स्रस्टा, तथा वाङ्मय शताव्दी पुरूष सत्यमोहन जोशी, भक्तपुरको सँझ्या झ्यालसँग राष्ट्रकविको उपाधि सम्बन्ध बारे प्रकाश गरिदिनु हुने राष्ट्रकवि माधवप्रसाद घिमिरे प्रति आभारी छु । उहाले एक शताब्दीको यो उमेरमा पनि भक्तपुरको सम्पदाबारे चासो दिनुभयो । भक्तपुरको संझ्या र राष्ट्रकवि उपाधि एक अर्कामा सम्बन्धित रहेको भन्दै यो कृति तयार पार्न उत्साह थपिदिनुभयो । इतिहासविद् तथा संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग:प्रति सदा ऋणी छु । उहाँले यो कृतिको अक्षरश पढेर दिनु भएको सुझावले यस कृतिले पूर्णता पाएको छ । सम्पदाका विषयमा कलम चलाइरहन शुभकामना दिनु हुने पुरातत्व विभाग र विभागका महानिर्देशक आदरणीय दाजु भेषनारायण दाहालले जगाउनु भएको उत्प्रेरणाको सदैव कदर गर्दछु । साथै कृति लेखनको समयावधिमा विभिन्न चरणमा यो कृति पढेर समय-समयमा सम्पदाका कालखण्ड, मितिदेखी लोककथन र सम्पदाका लोकोक्तिहरूका विषयमा जानकारी गराई सदैव सघाउनु हुने संस्कृतिविद् ओम धौभडेल दाजुको गुण मापन गर्न सकिन्न । त्यस्तै संस्कृतिविद तथा मित्र पदम श्रेष्ठ प्रति पनि अभारी छु । यो कृति आवरण देखि मुद्रणको लागि तयारी अवस्थामा पुर्‍याउन दिनरात नभनी सेटिङमा बसेर सहयोग पुर्‍याउनु हुने मित्र रोशन महतको साथ र सहयोग कहिल्यै भुल्न सकिन्न । त्यस्तै भाषा सम्पादन गरी सहयोग गरिदिनुहुने आदरणिय डा. भगवान चन्द्र ज्ञवाली र साहित्यकार चन्द्रप्रसाद न्यौपाने प्रति आभारी छु । मेहेनतका साथ यस पस्तकको आवरण डिजाइन गरेर सहयोग गर्नुहुने मित्र मनोज के.सी. : समयको गुण भुल्न सक्दिन । विभिन्न सम्पदाका तस्विर उपलब्ध गराई सहयोग गर्नु हुने परमप्रिय मित्रहरू रामगोपाल तमखु, रत्न श्रेष्ठ, मोहन बल्ल, विनोद कोजुलगायत मित्रहरूको सहयोगकै कारण पनि यो कृतिले पूर्णता पाएको छ ।

त्यस्तै सम्पदास्थलका विज्ञ स्थानीय, गुठी संस्थानलगायत सम्पदासम्बन्धी जानकारी भएका स्थानीय पाका व्यक्तित्वहरू र पुस्तकका लागि प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुर्‍याउने सम्पूर्णलाई हार्दिक धन्यवाद । विशेष आभार स्वदेश प्रकाशन प्रालिलाई । यो कृति तयार पार्ने बेलासम्म विभिन्न समस्या चुनौती पनि आए तर संस्कृतिविद् र मित्रहरूको सहयोगमा ती चुनौती पार गर्दै यो पुस्तकले आकार लिएको छ ।

जय सम्पदा ! जय धरोहर !

भक्तपुर

For Library Purpose

विषय सूची

शीर्षक	पृष्ठ
भक्तपुरको परिचय	२३
ब्रह्मायणी मन्दिर	३२
वाकुपति नारायण	३४
महेश्वरी पीठ	३६
नासः द्यो	३८
सिम्हलाँ बुद्ध	३९
झट्टापोल नासः द्यो	४०
सलाँ गणेश	४१
दत्तात्रेय मन्दिर	४३
दत्तात्रेय तचपाल भीमसेन	४५
राष्ट्रिय धातु कला सङ्ग्रहालय	४७
मयूर झ्याल मठ	४९
नवदुर्गा द्योछें	५०
राँगा चिमोट्ने जात्रा (खमे जात्रा)	५१
दशैंमा राष्ट्रप्रमुख पुग्नैपर्ने नवदुर्गा द्योछे	५४
कमल विनायक (यातु बहारे)	५५
यातु गणेश	५७
यातु महादेव	५९
महालक्ष्मी मन्दिर	६१
महाकाली पीठ	६३
नागपोखरी र त्यस क्षेत्रको सम्पदा	६५
इष्टदेवी पीठ	६६
भोलाछेंको सम्पदा र महांकाली द्योछें पोखरी	६७
नारायण पोखरी (मच्छिनारां पुखुदेग)	६९
महेश्वरी द्योछें	७०
हनुमानघाट	७१
हनुमानघाट वाल्मीकेश्वर महादेव	७३
वाँचुत्व शिखरनारायण्	७५

For Library Purpose

गोल्मढी गणेश	७७
सुकुल ढोका	८०
सुकुल ढोका मठ	८२
त्रिपुरासुन्दरी तुलाछें	८४
छुंमा गणेश	८७
चण्डेश्वरी अजिमा	९०
च्वछें वहाः (सुन्दरी गोपाल शिखरनारायण)	९३
गणेद्यो द्योछें (गणेशको देवघर)	९५
भक्तपुरको प्राचीन पुस्तकालय सफु कोठा	९७
पशुपति	१००
बंशीनारायण कृष्ण मन्दिर	१०२
भैरव भगवती	१०३
समय सूचक घण्ट	१०५
तलेजु घण्ट (पूजापाठ सूचक)	१०६
खिचाखो गं र वत्सलादेवी मन्दिर	१०७
ङ्यङापा झ्याः (पचपन्न झ्याले दरवार)	१०९
सुवर्णद्वार (लुँ ध्वाका)	१११
तलेजु क्षेत्र	११२
तलेजु भवानी	११६
लुँहिति (सुनधारा)	११८
तलेजुभित्रको रून्चेपोखरी	११९
भूपतिन्द्र मल्लको शालिक	१२०
शिखर भगवती सिलु महादेव मन्दिर (फसिदेग)	१२१
सिद्धिलक्ष्मी	१२३
बालाखु गणेश	१२५
च्यासी मण्डप	१२६
राष्ट्रिय कला (लायकु) संङ्ग्रहालय	१२७
भक्तपुरको चारधाम	१२९
पाँचतल्ले मन्दिर (न्यातपोल देगल)	१३१
काशी भैरवनाथ मन्दिर	१३३
कुमाले टोल (पटरी क्षेत्र)	१३५

For Library Purpose

भक्तपुरसँग जङ्गमजातिको सम्वन्ध	१३७
जङ्गम जाति ,भैरवनाथ र बिस्केटजात्राको सम्वन्ध	१३९
जङ्गम प्रतिष्ठान र जङ्गमजातिको योगदान	१४१
तीलमाधव नारायण मन्दिर	१४४
नरसिंह मन्दिर	१४६
योसिङ्ख्यो	१४७
चुपीघाट र शाहवंशीय षडयन्त्र	१४९
चुपीघाट भीमसेन मन्दिर	१५१
क्वाछें चण्डी भगवती	१५२
पृथ्वी देगल	१५४
ज्योतिर्लिङ्ग शिवालय नासःमल्लाः	१५५
भोटेबहाः स्वाँमलाः	१५६
इन्द्रायणी द्योछें (इन्द्रायणी देवघर)	१५८
इन्द्रायणी पीठ	१६०
मिबा गणेश	१६३
तालाक्व भैरव, जेठ गणेश	१६५
रामघाट मन्दिर	१६७
बाराहि पीठ	१६८
बाराहि देवघर (बाराहि द्योछें)	१७१
सिद्धपोखरी	१७३
भाजुपोखरी	१७६
च्वङ्गा गणेश	१७८
सूर्य विनायक (इनाय गणेद्यो)	१८०
लेखानारायण देवस्थल	१८३
लुंचुं महादेवस्थान (सुवर्णेश्वर कदुन्जे)	१८५
सुशिला भैरवस्थान	१८७
अनन्त लिङ्गेश्वर	१८८
डोलेश्वर महादेव (सिपार माद्यो)	१९१
रानीकोट गढी	१९५
चाँगुनारायण	१९७
चाँगुनारायणको राजकीय इतिहास	१९९

For Library Purpose

चाँगु सङ्ग्रहालय	२००
चाँगुनारायण मन्दिर	२०१
चाँगुनारायण मन्दिरको वास्तुकला	२०२
राजा योग नरेन्द्र र चाँगु दरवार	२०३
त्रिशूल डाँडा	२०४
नगरकोट (नः क्वाथ)	२०५
महाकाली मन्दिर	२०८
कालीदेवी मन्दिर	२०८
महादेव कुण्ड	२०९
जालपादेवी मन्दिर	२१०
गीता मन्दिर	२१०
नगरकोट भ्यू टावर	२११
प्राचीन महामञ्जुश्री स्थान (ल्हासाः पाच्व)	२१३
साँगा भञ्ज्याङ	२१८
संकटनासिका भगवतीः	२२०
विकटेश्वर महादेव	२२२
छिन्नमस्ता नारायण	२२३
आसापुरी महादेव	२२४
विश्वकै अग्लो महादेवमूर्ति	२२५
मध्यपुर थिमी र बालकुमारी	२२७
शङ्खधर साख्वा र नेपाल सम्वत्	२२९
दक्षिण बाराहि	२३१
विष्णुवीर वैष्णवी पीठ	२३१
थिमीको बालकुमारी मन्दिर	२३२
बालकुमारी खटयात्रा (सिन्दुर जात्रा)	२३४
थिमीको लायकु दरवार	२३६
नुगुदेचु (निगुपुखु)	२३८
भैरव तथा दिगुद्योः	२३९
चपाचो र चपाचो गणेश	२४०
सिद्धकाली देवस्थल	२४१
नगदेश (नागदेश)	२४२

For Library Purpose

नगदेशको सिद्धिगणेश	२४४
महालक्ष्मी देवस्थल	२४७
नीलवाराही देवस्थल	२४८
बोडेमा पोखरीमा राँगाको खुट्टा चढाउने परम्परा	२५०
लोहंकिलथली	२५१
लोहंकिलथलि र सरस्वती	२५२
दिव्यश्वरी भगवती मन्दिर	२५३
भक्तपुरका बिहारहरू	२५५
आदिपद्म महाबिहार (तोमवहाः)	२५७
धर्मकीर्ति महाबिहार (याबाहाः)	२५९
पशुपति महाबिहार (प्रशन्नशील महाबिहार - अजाजुद्यः बाहाः)	२६१
कुलरत्न बिहार	२६४
भौरवही (मंगल धर्मदीप बिहार)	२६५
मञ्जुश्री महाबिहार (वाउँ बाहाः)	२६७
मुनि बिहार (धर्मोत्तर महाबिहार)	२६८
इन्द्रवर्ण महाबिहार	२७०
सुवर्ण महाबिहार	२७२
(लुँबाहाः -सुकुलध्वाका वहि)	
चर्तुब्रह्मा महाबिहार (तःधंछेबाहाः)	२७४
अखण्डशील महाबिहार (अखुंबाहाः)	२७६
लोकेश्वर महाबिहार (लस्कद्यो)	२७९
जयकीर्ति बिहार (नपुखु र थथुवहि)	२८२
बौद्ध समकृत बिहार (कुथुवहि)	२८६
जेष्ठवर्ण महाबिहार (तंचाकोने वहाः)	२८९
सम्यक दान	२९१
थिमी क्षेत्रको बिहारहरू	२९४
गुणकीर्ति महाबिहार	२९६
हेरनिल वर्णमहाबिहार (याचिंवहाः)	२९८
हेरसुवर्ण बिहार	३००
गुणवाक्य बिहार	३०१
जेतवन बिहार	३०३

For Library Purpose

पूर्वस्थित महाबिहार	३०५
पाटी बिहार	३०७
नगदेश बुद्धबिहार	३०९
ठाङ्गुशेखर ध्यान केन्द्र	३११
शान्ति डाँडा बुद्ध	३१२
(भक्तपुरको प्रमुख जात्रा) विस्केट जात्रा	३१३
गाईजात्रा (भक्तपुरको दोस्रो ठूलो जात्रा)	३१५
बोडेको जिब्रो छेड्ने जात्रा	३२०
घन्टाकर्ण पर्व (राक्षस धपाउने मौलिक पर्व)	३२३
सकिमना पर्व (पुन्ही)	३२६
कुमारी जात्रा	३२८
चण्डेश्वरी जात्रा	३३०
बाराहि जात्रा	३३२
भक्तपुरको इन्द्रजात्रा	३३४
नाचगानको सहर भक्तपुर	३३६
भक्तपुर जिल्लाका प्रमुख नाचहरु	
गाईजात्राको घिन्ताङ्घिसी नाच	३४३
ङा लाकेगु (माछा मार्ने नाच)	३४४
रानी पोखरी, पुतली बगैचा र टुँडीखेल	३४६
भक्तपुरका चर्चित उत्पादन जुजु धौ	३४८
भादगाउँले टोपी	३५०
हाकुपटासी	३५१
कुन मल्ल राजाले के के काम गरे ?	३५५
भक्तपुरका प्रचलनमा रहेका पोखरीहरू	३५७
नगरको बनौट	३५८
पोखरी, दबु र पाटीफल्चाको महत्व	३५९
कहाँ कहाँ पाइन्छ ? भक्तपुर जाने बस !	३६२
भक्तपुर जामे मस्जिद	३६४
चर्चहरू	३६७

For Library Purpose

भक्तपुरको परिचय

माख्वप्रिङ्, खोप्रिङ्ग ग्राम, खृपाङ्ग ग्राम, खोपृङ, भगतपुर, भद्रगाउँ, भादगाउँ हुँदै अहिले प्रचलित ऐतिहासिक नगर ख्वप अर्थात् भक्तपुरको विभिन्न कालखण्डसँगै नाम परिवर्तन भएको पाइन्छ । हाल भक्तपुरको नामले विश्वप्रख्यात यो जिल्ला देशकै प्रमुख साँस्कृतिक धरोहरको रूपमा प्रख्यात छ । प्राचीनताको मौलिक पक्ष बोकेको भक्तपुर नगरलाई कला र संस्कृतिले भरिपूर्ण नेपालकै जीवित संग्राहालय पनि मानिन्छ ।

भौगोलिक र राजनैतिक दृष्टिकोणले मध्यकालीन समयमा भक्तपुरको महत्त्व बढेको देखिन्छ । आनन्ददेव प्रथमको समयमा भक्तपुरको पूर्व क्षेत्रको सात गाउँ मिलाएर भक्तपुरलाई नयाँ स्वरूप दिने काम भयो । नगर सुरक्षार्थ तान्त्रिक विधि अपनाई अष्टमातृका, नवदुर्गा, दशमहाविद्या, भैरव आदि देवीदेवतासहितको अष्टमातृका पीठहरू विभिन्न स्थानमा स्थापना गर्ने काम भयो । पछि आनन्ददेव द्वितीयको पालामा भक्तपुर नेपाल मण्डलको राजधानी घोषणा भयो । तर लक्ष्मी कामदेवको पालामा नेपाल संवत् १५९ मा भक्तपुरमा गृहयुद्ध भएको र गृहयुद्धपछि राजकुल विभाजन भयो । एउटा राजकुलले नामको पछाडि देव लेख्न थाल्यो भने अर्को राजकुलले आ नो नामको पछाडि मल्ल लेख्न थाल्यो । राजदरवार पनि अलग अलग बन्यो । एउटा राजकुल त्रिपुर दरवारमा बसेर शासन गर्न थाल्यो भने अर्को राजकुल युथुनियम दरबारमा बस्न थाल्यो । उत्तराधिकारी चयनमा पनि फरक फरक नीति अवलम्वन गर्न थाल्यो ।

For Library Purpose

एउटा राजकुलको राजा बन्दा अर्को राजकुलको उत्तराधिकारी बन्ने परम्परा चलायो । भाइ फुटे गवाँर लुटे भनेझैं शासनमा पुग्ने राजकुलले आ-आ नो हितैषी खस र डोय राजाहरूको सहयोग लिने गर्न थाले । सहयोग लिन थालेपछि उपत्यकामा खस र डोय सेना भित्रन थाल्यो र उनीहरूको कारवाहीमा परी थुप्रै धनजन र सम्पदासमेत नष्ट हुन गयो । तिव्वत जान र कान्तिपुरबाट जान भक्तपुर हुँदै जानु पर्ने थियो । त्यसै कारणले पनि चौधौं शताब्दीदेखि पन्ध्रौ शताब्दीको प्रारम्भसम्म नेपाल मण्डल पटक पटक बाह्य राज्यको आक्रमणको सिकार बन्नु पऱ्यो ।

कर्णाली प्रदेशको खस तथा सिम्रौनगढ को राजाहरूले नेपालमण्डलको राजधानीको त्रिपुरदरवारमा आक्रमण गरी धनमाल लुटे । पशुपति र स्वयम्भुको ढुकुटी लुटेर सहरमा आगो लगाएर ध्वस्त बनाई उपत्यकाको जनतासँग कर असुल गरी फर्केको गोपाल वंशावलीमा उल्लेख गरिएको छ । त्यस्तै विक्रम संवत् १४०६ (नेपाल संवत् ४०७) मार्ग शुक्ल नवमीका दिन सुल्तान समसुद्दीन नेपाल मण्डल हमला गर्न पूर्व हुँदै आएका थिए । सुरूमै भक्तपुरमा हमला गरी आगो लगाए । भक्तपुर सहरमा ७ दिनसम्म आगलागी भयो र थुप्रै धनमाल नष्ट भएको पनि गोपाल वंशावलीमा उल्लेख छ । भूकम्पका कारण पनि भक्तपुरमा हरेक कालखण्डमा सम्पदाहरू नष्ट हुने गरेको इतिहास छ । भक्तपुर उपत्यकाकै भूकम्प जोखिमयुक्त क्षेत्र मानिन्छ । देशकै सबैभन्दा सानो क्षेत्रफल भएको जिल्ला तर क्षेत्रफलको तुलनामा सबैभन्दा बढी मानिस बसोबास गर्ने क्षेत्र भएकाले भक्तपुरमा विनासकारी भूकम्पका बेला ठूलो धनजनको क्षति हुने जिल्लाका रूपमा पनि लिँदै आएको छ ।

भूकम्प जस्तो प्राकृतिक प्रकोपका कारण वि.सं.१३१२ (नेपाल संवत् ३७५) असार शुक्ल तृतिया सोमवारमा गएको भूकम्पले भक्तपुरका राजा अभयमल्लसहित तीनभाग जनतामध्ये एक भागको मृत्यु भएको गोपालराज बंसावलीमा उल्लेख छ । त्यस्तै वि.सं १८९० र १९९० सालमा गएको विनाशकारी भूकम्पले भक्तपुरका लिच्छविकालिन र मध्यकालिन सम्पदाहरू नष्ट भए । जिर्णोद्वार हुन नसकेका सम्पदाहरू भौतिक रूपमै बिलाए ।

For Library Purpose

कतिपय सम्पदा त्यही समयमा नष्ट भए भने त्यसको पुनः जिर्णोद्वार हुन सकेन । मल्लकालीन समयपछि भने भक्तपुर हिन्दुराज्य अनुरूप विकास भयो । ललितपुर बौद्ध र काठमाडौं हिन्दु र बौद्ध दुबै राज्य अनुरूप विकास भएको पृष्ठ १७२ मा उल्लेख छ ।

नेपाल संवत् ६०२ मा नेपाल मण्डलको राजा यक्ष मल्ल दिवंगत भएपछि उपत्यकामा ३ ओटा राज्य देखा पर्‍यो । काठमाडौं भक्तपुर र ललितपुर । भक्तपुरमा यक्ष मल्लको जेठा छोरा राय मल्लले शासन गर्‍यो । त्यसपछि क्रमशः सुवर्ण मल्ल (भुवन मल्ल) ले शासन गरे । क्रमशः संयुक्त शासन (रण मल्ल, वीर मल्ल, जीत मल्ल)ले गरे । त्यसपछि प्राण मल्ल, विप्रमल्ल (विश्व मल्ल), त्रैलोक्य मल्ल, जगज्योति मल्ल, जगतप्रकाश मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्ल र रणजीत मल्ल लगाायतले शासन गरे । नेपाल संवत् ८८८ मा रणजीत मल्ल भक्तपुर देशको अन्तिम मल्ल राजा बने ।

For Library Purpose

भक्तपुर (भादगाउँ वा ख्वःप) नेपालको ३ नंम्वर प्रदेशमा अवस्थित एक प्राचीन सहर हो । जुन काठमाडौं उपत्यकाको पूर्वी भागमा पर्दछ । देशकै सुन्दर नगर भनेर चिनिने भक्तपुर जिल्ला प्राचीन वास्तुकला र गौरवमय संस्कृतिको अभूतपूर्व संयोजनले सुसज्जित छ । ऐतिहासिक तथा सांस्कृतिक वैभवले संसारमै प्रसिद्ध भक्तपुर एक उत्कृष्ट पर्यटकीयस्थल पनि हो । युनेस्कोले विश्व सम्पदासूचीमा पारेका १० नेपाली सम्पदामा भक्तपुर दरवार क्षेत्र र चाँगुनारायण सम्पदालाई पनि सूचीकृत गरेको छ । अद्भुत सम्पदास्थल र मल्लकालीन कला संस्कृति अनि नेवारी जीवनशैलीले भक्तपुर सजीव सङ्ग्रहालयको रूपमा विश्वभर चर्चित छ ।

भक्तपुरमा मनाइने हरेक जात्रा र पर्व देशकै विशिष्ट सांस्कृतिक पर्वको रूपमा लिइन्छ । सयौं जात्रा र संस्कृतिले भरिपूर्ण भक्तपुर अथाह सम्पदाको धनी जिल्ला हो । केन्द्रीय तथ्याङ्क विभागका अनुसार नेपाल अधिराज्यको सबभन्दा सानो जिल्ला पनि हो । जिल्लाको कूल क्षेत्रफल ११९ वर्ग किलो मिटर छ । जिल्लाविकास समितिको अभिलेखअनुसार जिल्लाको क्षेत्रफल १३८ दशमलव ४८ वर्ग कि. मि.रहेको छ ।

(Land-Reform-Mapping-Project) को अभिलेख अनुसार १२७ दशमलव ३८ वर्ग कि. मि. मा भक्तपुरको क्षेत्रफल फैलिएको छ । भक्तपुरको कुल क्षेत्रफलमा सरकारी निकायवीच नै फरक-फरक तथ्याङ्क देखिए पनि पछिल्लो समय केन्द्रीय तथ्याङ्क विभागले कायम गरेको कुल क्षेत्रफलाई नै मान्यता दिँदै आएको छ ।

भौगोलिक रूपमा भक्तपुर जिल्ला (२७.३६" देखि २७.४४") उत्तरी अक्षांससम्म र (८५.२१" देखि ८५.३२") पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको पूर्व पश्चिम लम्वाइ १६ किलोमिटर मात्र छ । जिल्लाको उत्तरी सिमाना मनोहरा नदी, पूर्वमा महादेव पोखरी डाँडाको श्रृङ्खला, दक्षिणमा सूर्यविनायकको पहाडी खण्ड, पश्चिममा मनोहरा नदी र दुर्गेखोला रहेको छ । यस जिल्लाको पूर्व र पूर्व-दक्षिणमा काभ्रेपलाञ्चोक जिल्ला पर्दछ । उत्तर र पश्चिममा काठमाडौँ र पश्चिम दक्षिणमा ललितपुर जिल्ला रहेको छ ।

भक्तपुरको उत्तर क्षेत्र साँखुलाई 'सक्व ख्वप' भनेर चिनिन्थ्यो । २०१५ सालको पहिलो निर्वाचनको प्रयोजनको लागि साँखु काठमाडौ जिल्लामा गाभिएको थियो । अहिले पनि साँखुका बूढापाकाहरू साँखुलाई सक्व ख्वप नै भनेर चिन्दछन् । केही समय अघिसम्म भक्तपुरमा गाविस हुँदै ६ नगरपालिका कायम रह्यो । राज्य पुर्नसंरचनाअन्तर्गत देशका स्थानीय निकाय रूपान्तरण भई २०७३ फागुन २७ गते शुक्रवार स्थानीय तह कायम भई राजपत्रमा प्रकाशित भएपछि भक्तपुरमा ४ वटा नगरपालिका कायम भएको छ । (यो पुस्तक तयार हुँदासम्म) भक्तपुर जिल्ला ३ सय १३ किलोमिटर सडक सञ्जालले घेरिएको छ । यस जिल्लाको भक्तपुर र थिमी नगरमा नेवारी समुदायको बसोबास रहेको छ । यहाँ काँठ क्षेत्र र नयाँ वस्ती क्षेत्रमा विभिन्न जातजाति र धर्मावलम्बीहरूको बसोबास रहेको छ । शिक्षा, स्वास्थ्य, कृषि तथा घरेलु उत्पादनमा भक्तपुरको आ नै बिशेषताहरू छन् । विद्यालय तथा उच्च शिक्षाको लागि देशैभरि ख्याति कमाएका शैक्षिक केन्द्र यही जिल्लामा रहेको छ । स्थानीय स्तरमा नै उत्पादित दहि, माटोका भाँडा तथा हस्तकलाका सामग्री, कृषि उपज,

For Library Purpose

मठ मन्दिर, वनभोज स्थल यहीँ छन् । विशेष गरी सम्पदा र पर्यटन यो जिल्लाका लागि एक सिक्काको दुई पाटो सावित हुँदै आएको छ । त्यसैले पनि नेपाल आउने विश्वभरका पर्यटकका लागि भक्तपुर आकर्षणको केन्द्रविन्दु बन्ने गरेको छ ।

भक्तपुर दरवार स्क्वायर क्षेत्र जिल्लाको मात्रै नभई राष्ट्रकै धरोहर र शानको रूपमा निर्भीकताका साथ उभिएको छ । मल्लकालीन अद्भुत कलाले सिंगारिएको ५५ झ्याले दरवार, स्वर्णद्वार र पाँचतले मन्दिर लगायत सहरका भित्री भागमा रहेका टौमढी, दत्तात्रेय यहाँका अन्य आकर्षणका केन्द्रविन्दु हुन् । त्यस्तै इशाको प्रारम्भिक शताब्दीदेखिको अनेकौ कलाकृतिहरू संरक्षित रहेको लिच्छविकालीन चाँगुनारायण भक्तपुरको अर्को पहिचान हो ।

सूर्यविनायक, गणेश मन्दिर, डोलेश्वर महादेव भक्तपुरका अन्य महत्वपूर्ण सम्पदास्थलहरू हुन् । उष्णकालीन नगरकोट भक्तपुर जिल्लाको अर्को महत्वपूर्ण गन्तब्य हो । नगरकोट हिल स्टेसनको रूपमा संसारभर चर्चित छ । नेपालको राष्ट्रिय जनगणना २०६८ का अनुसार कुल जनसङ्ख्या ३ लाख १ हजार ६ सय ८२ रहेको छ । यस जिल्लाको साक्षरता प्रतिशत ८१ दशमलव ६८ रहेको छ । शैक्षिक रूपमा यो जिल्ला देशका अन्य जिल्लाहरूको तुलनामा धेरै अगाडि रहेको छ ।

भक्तपुर जिल्लाको ऐतिहासिक पृष्ठभूमितर्फ नियाल्दा भक्तपुरको नामाकरण सम्बन्धमा विभिन्न शिलालेख र प्रमाणहरूका आधारमा विश्लेषण गर्दा लिच्छविकालीन राजा मानदेवको पालामा देवपाटनमा रहेको रत्न सङ्घको अभिलेखमा 'खोपाङ्' ग्रामको उल्लेख भएको छ । भक्तपुरको तुलाछेँ टोलमा भएको अभिलेखमा 'खृपाङ्ग्राम' उल्लेख भएको पाइन्छ । यसैका आधारमा खोपृङ, भादगाउँ हुँदै भक्तपुरलाई ख्वप या खोप भन्ने चलन चलेको मत पाइन्छ । ऐतिहासिक प्रमाणअनुसार वि.सं. १९औं शताब्दीमा भक्तपुर नगरलाई भद्रगाउँ भन्ने नाम प्रचलनमा रहेका पनि देखिन्छ । यसै भद्रग्राम शव्दका आधारमा भादगाउँ रहन गएको भन्ने अर्को अनुमान पनि छ । भक्तपुरमा विभिन्न देवदेवीहरूका देवालय,मठ,

For Library Purpose

मन्दिर, तीर्थस्थलहरू जताततै छरिएर रहेको छन् । त्यतिमात्र होइन यहाँ पुरानो मस्जिद पनि रहिआएको छ ।

भक्तपुरका हरेक तीर्थस्थलमा रहेका मन्दिरहरूमा कुँदिएका टुँडाल, कुंदिएका ढुङ्गाका अनेकन मूर्तिहरूमा नेपाली शैलीको मौलिक कलात्मकता र कौशलता झल्किएका छन् । सांस्कृतिक तथा धार्मिक भावनाले ओतप्रोत भएकाले भक्तपुरका वासिन्दा ज्यादै धर्मात्मा भएको भन्दै राणा प्रधानमन्त्री जुद्ध शमशेरबाट साविक नाम भादगाउँको सट्टा भक्तहरूको पुर अर्थात् सहर भक्तपुरको नामाकरण भएको पाइन्छ । त्यसो त धार्मिक सभ्यता र सम्पन्नताकै कारण भक्तपुरलाई जीवित सङ्ग्रहालयमात्र होइन देवताका सहर भनेर पनि चिनिन्छ । मल्लकालीन समयमा भक्तपुर मल्ल राजाहरूको केन्द्रीय राजधानी समेत थियो । भक्तपुर पुग्ने संसारका जो कुनै मानिस नेवारी जीवनशैली, साँस्कृतिक परम्परा रीतिरिवाज, र साँस्कृतिक सभ्यतासँग नतमस्तक बन्छन् । सम्पदाकेन्द्र रहेको भक्तपुर देशको केन्द्र राजधानी काठमाडौंबाट करिब २२ किलोमिटर यात्रा गरेपछि पुग्न सकिन्छ ।

For Library Purpose

भक्तपुर जिल्लाको भौगोलिक अवस्था

क्षेत्रफल : ११९ वर्गकिलोमिटर (नेपालको सबै भन्दा सानो जिल्ला)
उत्तरी अक्षांस : (२७°.३६" देखि २७°.४४")
पूर्वी देशान्तर : (०°५.२१" देखि ८५°.३२")
पूर्व पश्चिम लम्वाई : १६ किलोमिटर
उत्तर दक्षिण लम्वाई : १२ दशमलव २ किलोमिटर
उचाई औसत : १३३१ मिटर (समुद्री सतहबाट)
हावापानी : अधिकत्तम ३२ डिग्री सेल्सियस, न्युनतम २ डिग्री सेल्सियस
वार्षिक औसत वर्षा : ५६ मि.मि.

सिमाना

पूर्व : काभ्रेपलाञ्चोक जिल्ला
पश्चिम : काठमाडौं र ललितपुर जिल्ला
उत्तर: काठमाडौं र काभ्रेपलाञ्चोक जिल्ला
दक्षिण: ललितपुर जिल्ला

राज्य पुर्नसंरचना अन्तरगत स्थानीय तहअनुसार व्यवस्था गरिएको भक्तपुरको वर्तमान अवस्था

चाँगुनारायण नगरपालिका

जनसङ्ख्या ५५४३०
६२ दशमलव ९८ वर्ग कि.मि.
केन्द्र -नगरकोट
वडासङ्ख्या -९

सिमाना

पूर्व : काभ्रेपलाञ्चोक र काठमाडौं जिल्ला
पश्चिम : मध्यपुर थिमी, भक्तपुर नगरपालिका र काठमाडौं
उत्तर : काठमाडौ जिल्ला
दक्षिण भक्तपुर र सूर्यविनायक नगरपालिका

For Library Purpose

भक्तपुर नगरपालिका

जनसङ्ख्या ८१७२८

क्षेत्रफल : ६ दशमलव ८९ वर्ग कि.मि.

केन्द्र - भक्तपुर नगरपालिका

वडासङ्ख्या - १०

सिमाना

पूर्व : चाँगुनारायण न.पा.

पश्चिम : मध्यपुर थिमी

उत्तर : चाँगुनारायण न.पा.

दक्षिण : सूर्यविनायक न.पा.

मध्यपुर थिमी नगरपालिका

जनसङ्ख्या ८३०३६

क्षेत्रफल : ११ दशमलव ४७ वर्ग कि.मि.

केन्द्र -मध्यपुर थिमी नगरपालिका

वडासङ्ख्या -९

सिमाना

पूर्व : चाँगुनारायण न.पा.

पश्चिम : काठमाडौं जिल्ला

उत्तर : काठमाडौं जिल्ला

दक्षिण : सूर्यविनायक न.पा. र ललितपुर जिल्ला

सूर्यविनायक नगरपालिका

जनसङ्ख्या ७८४९०

क्षेत्रफल : ४२ दशमलव ४५ वर्ग कि.मि.

केन्द्र -सूर्यविनायक नगरपालिका

वडासङ्ख्या -१०

For Library Purpose

सिमाना

पूर्व : काभ्रेपलाञ्चोक

पश्चिम : मध्यपुर थिमी नपा र ललितपुर

उत्तर : मध्यपुर थिमी, भक्तपुर र चाँगुनारायण न.पा.

दक्षिण : ललितपुर र काभ्रेपलाञ्चोक जिल्ला

प्रमुख व्यवसाय : कृषि, पर्यटन र घरेलु उद्योग, इट्टा, यातायात, व्यापार

प्रम्ख जात्राहरु : विस्केट जात्रा, गाईजात्रा, जिव्रो छेड्ने जात्रा, दिपङ्कर जात्रा, नवदुर्गाजात्रा र घण्टाकर्ण जात्रा ।

प्रमुख पर्यटकिय गन्तव्य : नगरकोट, चाँगुनारायण मन्दिर, दरवार स्क्वायर, दत्तात्रेय, सिद्धपोखरी, सूर्यविनायक, टौमडी, डोलेश्वर महादेव सिपाडोल, आदिमपद्म महाबिहार, चर्तुब्रह्मा मुनिबिहार, महामञ्जुश्री, त्रिशूलडाँडा, ठिमी ।

भक्तपुरको नक्सा :



For Library Purpose

ब्रह्मायणी मन्दिर



भक्तपुरको रक्षार्थ स्थापना भएको अष्टमातृका मुख्य सीमाको रूपमा स्थापित छ । तिनै आठ अष्टमातृकामध्ये सबैभन्दा पूर्व वीचमा रहेको प्रमुख पीठ ब्रह्मायणी हो । भक्तपुरको संस्कृति र सम्पदामा ब्रह्मायणी द्योछेँ अर्थात् देवघरको आ नै महत्व छ । यहाँ प्रत्येक वर्ष भक्तपुरमा मनाइने सबैभन्दा ठूलो विस्केट जात्राको समय 'मुस्याप्वा' अर्थात् मसाल जुलुससहित ब्रह्मायणी जात्रा निकाल्ने परम्परा छ । साउन महिनामा पर्ने गठामुगल जात्रा र दशैंमा खमे (राँगा) को अनौठो जात्रा यही द्योछेबाट निकालिन्छ । सूर्यमढी नजिकै रहेको यो द्योछें प्यागेडाशैली अयाताकारमा नेवारी वास्तुकलामा आधारित भै निर्मित देवघर हो ।

ब्रह्मायणी द्योछें अर्थात् पीठको साँस्कृतिक महत्त्व विशेष र रोचक छ । प्रत्येक दशैंको नवमीका दिन नवदुर्गा मन्दिरबाट निकालिएको खमे (राँगा) लाई नेवार समुदायका विशाल जनमासले चिमोट्दै

For Library Purpose



लखेट्छन् । रक्सी र जाँड ख्वाएर मताउँदै राक्षसको प्रतीकको रूपमा राँगालाई ब्रह्मायणी पीठमा पुऱ्याएपछि थाकेका राँगालाई बीभत्स तरिकाले वध गरिन्छ । राक्षसको प्रतीकको रूपमा खमेलाई चिमोट्दै धारिलो छुराले घोच्दै हैरानी बनाएर बलवान राँगालाई शिथिल पारेर वध गरिन्छ । उक्त खमेको मासुलाई प्रसादको रूपमा खाने प्रचलन नै ब्रह्मायणी पीठमा मनाइने प्रमुख विशेष पर्व हो ।

राजा आनोन्ददेव मल्लका पालामा नगर व्यवस्थापनको क्रममा देशको रक्षार्थ स्थापना गरेका अष्टमातृका पीठमध्ये ब्रह्मायणी पीठलाई एक प्रमुख पीठकौ रूपमा लिइन्छ । नेपाल संवत् ७ सय १७ र ८ सय ४२ का अभिलेखअनुसार ढुङ्गाको स्वरूपमै स्थापना गरिएको यो पीठ दक्षिण भारतमा पाइने गोपुरमको जस्तो शिखर शैलीमा निर्माण गरिएको छ । देवस्थलभित्र मन्जुश्रीको खड्ग र छेपु (ढुङ्गाको) रहेका छन् । यो मन्दिर विभिन्न कालमा भएका प्राकृतिक विपत्तिका कारण जीर्ण भई भत्किएपछि शिखरशैलीमै जिर्णोद्धार गरेर भक्तपुरवासीले संस्कृतिलाई जीवित राख्दै आएका छन् । दशैंको अवसर पारी यो पीठमा नवरात्रीको पहिलो दिन स्नानमेला लाग्ने गर्दछ । ब्रह्मायणी पीठ भक्तपुर नगरपालिका वडा नम्वर ९ मा अवस्थित छ । ब्रम्ह भनेको विवेक हो । ब्रम्हले विवेकलाई चलाउने काम गर्दछ । त्यसैले पनि यो मन्दिरलाई विवेकको देवता अर्थात् व्रह्म(व्रह्नयणी) भनीएको हो ।

***

For Library Purpose

वाकुपति नारायण

For Library Purpose

वाकुपति नारायणको मन्दिर भक्तपुरको ऐतिहासिक महत्व बोकेका मन्दिरहरू मध्येको पनि एक महत्वपूर्ण मन्दिर हो । प्रख्यात वाकुपति नारायण मन्दिर धातु पदार्थबाट निर्मित छ । वाकुपति नारायणस्थानमा प्रत्येकवर्ष माघ महिनाको श्रीपञ्चमीका दिन भक्तपुरवासी ब्रह्मायणीघाटमा नुहाएर विष्णु अङ्कित पताकासहित शङ्ख फुक्दै भक्तपुर परिक्रमा गर्छन् । वाकुपति नारायण भक्तपुर नगरपालिका वडा नम्वर ९ मा अवस्थित छ । मन्दिरमा पाइएको ने.सं ४ सय ७१, ५ सय २८ र ८ सय ३ को अभिलेखअनुसार वाकुपति नारायण तान्त्रिक वैष्णवी सम्प्रदायप्रति समर्पित देवस्थल मानिन्छ । अहिले सोही मूर्ति राखिएको मन्दिर मण्डप शैलीमा निर्मित छ । धातु प्रयोग

गरेर निर्माण गरिएको यो मन्दिर र टुँडाल, तोरण, झल्लरमा समेत देवी देवताको मूर्ति कुँदिएको पाइन्छ । मन्दिरको रक्षकका रूपमा दुई सिंहले पहरेदारको काम गरिरहेको देख्न सकिन्छ ।

वाकुपति नारायणको मन्दिर स्थापनाका बारे एउटा घतलाग्दो लोककथन छ । लोककथनअनुसार परापूर्वकालमा भक्तपुर नगरका राजा बलदेव दिनहुँ हिँडेर चाँगुनारायणको दर्शन गरेपछि घर नफर्केसम्म बाटोमा केही खानपिन गर्दैनथे । एक दिन चाँगुनारायण जाँदा ७ दिन ७ रात मुसलधारे पानी पऱ्यो । मुसलधारे पानी रोकिँदै रोकिएन । चाँगुनारायण पुग्न खोसाङखुसुङ खोला तर्नु पर्ने बाध्यता थियो । खोलामा ठूलो बाढी आयो । खोला किनार भासिए । चाँगुनारायण जाने बाटोसमेत बाढीले बगायो । बाढी नरोकिएपछि राजाले चाँगुनारायण दर्शन गर्न जान पाएनन् । राजाले ७ दिन ७ रात सम्म केही नखाई कष्ट सहेरै बसे । आ नो दर्शनको खातिर नारायण भगवानले आ नो भक्त राजा बलदेवले ठूलो कष्ट भोग्नु परेको भन्दै राजालाई दुःखबाट मुक्ति दिन एक दिन दरबारमै सुतिरहेको अवस्थामा सपनामा दर्शन दिए । सपनामा दर्शन दिँदै नारायण भगवानले भने-'तिमी खेतबाट धान बोकेर बाटोमा हिँड्नु । जुन ठाउँमा सेतो परेवा धानको भारीमाथि बस्न आउने छ त्यहीँ जमिन खनेर हेर्नु । म त्यहीँ प्रकट हुनेछु ।'

सपनामा देखेबमोजिम राजा बलदेवले धानको भारी बोकेर हिंड्दै गर्दा भारीमा सेतो परेवा बस्न आएछ । त्यही स्थानमा राजाले कोदालोले जमीन खने । जमीनमुनी नारायणको मूर्ति फेला पऱ्यो । खन्ने क्रममा मूर्तिको नाक ताछिँदा एकसाथ रगत र दूध बग्यो । सोही कारण अहिले पनि वाकुपति नारायणको नाकको भाग देखिँदैन । धानको भारीलाई नेपाल भाषामा वाकु भनिन्छ । धानको भारी बोकेर आउँदा उत्पत्ति भएकोले पनि यस तीर्थस्थललाई वाकुपति नारायणको नाम दिएर मन्दिर स्थापना गरी पूजा गर्न थालेको हो भन्ने लोककथन पाइन्छ । कसैकसैले यस मन्दिरलाई वाक्पति नारायण पनि भन्ने गरिएको पाइन्छ । भाषिक दृष्टिकोणले वाक् भनेको वाक्यशुद्धि वचन हो । किवंदन्तीमा वाकुपति रहेपनि भाषिक दृष्टिले वाक् अर्थात् वचन शुद्धि हो भन्ने बुझिन्छ । वाकुपति हो वा वाक्पति यो भने अनुसन्धान हुनुपर्ने देखिन्छ ।

***

For Library Purpose

महेश्वरी पीठ

For Library Purpose

भक्तपुर नगरपालिकाको वडा नम्बर ८ को हनुमन्ते नदी किनारमा महेश्वरी पीठ अवस्थित छ । यस पीठ नजिकैको वस्ती जेलाँ टोलको रूपमा परिचित छ ।

महेश्वरी पीठ र भक्तपुरको तौमढीमा रहेको न्यातपोल अर्थात् पाँचतले मन्दिरको शिलान्यास सँगसँगै गरिएको भनाइ पाइन्छ । महेश्वरी पीठ राजा आनान्ददेव मल्लले नेपाल संवत्को दोस्रो शताब्दीमा स्थापना गराएको मानिन्छ । महेश्वरी पीठमा प्राचीन शिलापत्र ने.सं ८ सय ६६ रहेको छ । महेश्वरी पीठ नजिकै नेपाल अधिराज्यकै सबैभन्दा ठूलो दुई ढुङ्गे शिवलिङ्ग पनि रहेको छ । प्रसिद्ध तीर्थस्थल हनुमानघाट, पंभो



गणेश, मुनिसंघ बिहार, वांचुत्व नारायण, इन्द्रवर्ण, महेश्वरी द्योछें यस क्षेत्रमा रहेका सम्पदा हुन् ।

यो पीठ प्रवेश गर्न र बाहिर निस्कन छुट्टाछुट्टै कलात्मक ढोकाहरू छन् । पीठ वरपर कलाले भरिएका पाटीपौवाहरू पनि रहेका छन् । गाइजात्रामा पूरै भक्तपुर नगर परिक्रमा नहुने क्षेत्रको रूपमा जेलाँ टोललाई चिनिन्छ । त्यसैले पनि यस क्षेत्रमा स्थानीयले पनि अनेकन सम्पदा सुसज्जित रूपमा राखेका छन् ।

***

For Library Purpose

नासः द्यो

भक्तपुरको हनुमन्ते नदी किनारमा नासःद्यो स्थापित छ । यो सम्पदा धार्मिक, साँस्कृतिक र ऐतिहासिक महत्वका कारण चर्चित सम्पदाका रूपमा अवस्थित छ । अष्टमातृकामध्येको एक महेश्वरी पीठ, कोलाछें नासःद्यो, जेलाँ गणेश र मंचो नारायण, श्वेत भैरव र सिम्हलाँमा ढुङ्गाको बुद्ध मूर्ति रहेका छन् । यही नासःद्योकै नाममा यहाँका टोलहरूको नामाकरण भएको पनि पाइन्छ । नेवारसमुदायभित्र पनि धार्मिक विविधता र जातीय विविधता पाइन्छ । अध्ययनअनुसार नेवार समुदाय भित्र पनि ६ सय २१ जातजाति रहेका छन् भने ४ सय ११ जात नेवार समुदायभित्रका पनि ज्यापू समुदाय भित्रका छन् । तीमध्ये पनि सबै भन्दा बढी नेवार समुदाय भित्रकै सात दर्जन भन्दा बढी नेवार समुदायभित्रकै जात जातिले मान्दै आएका सम्पदा नासःद्यो भक्तपुर नगरपालिकाको वडा नम्बर ८ मा अवस्थित छ । नास द्यो यस क्षेत्रमा मात्र नभई भक्तपुरको विभिन्न स्थानमा रहेका छन् । नास भन्नाले सिद्धि प्राप्त गर्नु हो । सिद्धि प्राप्तपछि पुजिने देवताको रूपमा पनि नासःद्यो लाई लिइन्छ ।

***

सिम्हलाँ बुद्ध

सिम्हलाँ भनेको नेपालभाषामा मलामी हिंड्ने बाटोलाई भनिन्छ । उक्त क्षेत्रमा ढुङ्गाको ठूलो बुद्धको मूर्ति स्थापित रहेको छ । भक्तपुर नगरभित्र मानिसको मृत्यु हुँदा नेवारी संस्कारअनुसार अन्त्यष्टिको लागि सोही बाटो हुँदै हनुमन्ते खोलामा लगिने हुनाले उक्त क्षेत्रलाई मुर्दा लैजाने बाटो अर्थात् सिम्हलाँ नामाकरण भएको इतिहास पाइन्छ । यस बाटोको छेउमा ८ फिट अग्लो सिम्हलाँ बुद्धको मूर्ति रहेको छ ।

बुद्ध जयन्तीका दिन उक्त मूर्तिको विशेष पूजाआजा हुन्छ । उक्त मूर्ति कसले स्थापना गरेको हो भन्ने अझै पत्ता लागेको छैन । त्यस्तै हनुमन्ते नदी किनार छेउमा करिब ५ फिटको मन्दिर बिनाको भगवतीको मूर्ति अवस्थित छ । उक्त मूर्ति अरनिकोद्वारा निर्मित भएको भनाइ पाइन्छ । यी सम्पदा भक्तपुर नगरपालिकाको वडा नम्वर ८ मा अवस्थित छन् ।

***

For Library Purpose

झट्टापोल नासः द्यो

भक्तपुरका बासिन्दाले मात्र हैन झट्टापोल नासः द्योलाई देवता अर्थात् नवदुर्गाले पनि पुज्ने देवका रूपमा पुजिन्छ । प्रत्येक वर्ष दशैंको महाअष्टमीका दिन भक्तपुर नगरपालिका ८ नम्वर वडामा रहेको झट्टापोल नासः द्यो मा हाँस वलि दिई देवी नव दुर्गाको गणनृत्यको पूर्वाभ्यास गर्ने परम्परा छ ।

यस्तो नृत्यमा पञ्चरङ्गी जामा लगाएका श्वेत भैरव, काल भैरव, सिम्वा (सीमा) गणेश, व्याघ्र (धुँवा) र महादेव सहितको गण नृत्य गर्ने परम्परा छ । यस नृत्यमा श्वेत भैरवद्वारा ञालायगु अर्थात् माछा मार्ने नृत्य गर्ने प्रचलन छ । त्यस्तै झट्टापोल टोलमा रहेको ढुङ्गाको करिब ८ फिट लामो उन्मत्त भैरवको लिङ्गलाई बाँझी आइमाईले अँगालो हालेमा सन्तान प्राप्ति हुन्छ भन्ने पुरातन जनविश्वास पाइन्छ । अझै पनि धार्मिक आस्था राख्नेहरू उन्मत्त भैरवको लिङ्गलाई अँगालो हाली सन्तान प्राप्तिको मनोकांक्षा व्यक्त गर्ने प्रचलन रहिआएको छ ।

***

For Library Purpose

सलाँ गणेश

For Library Purpose

भक्तपुरको महत्वपूर्ण सम्पदामध्ये सलाँ गणेश पनि एक हो । विक्रम संवत्को १७ औं शताब्दीमा निर्मित तीनतल्ले सलां गणेशको मन्दिर

मण्डपशैलीमा निर्मित छ । यो मन्दिर भक्तपुरको दत्तात्रेय क्षेत्रको उत्तरतर्फ क्वाठण्डौ बिहार र नागपोखरी चौबाटोको बीच परम्परागत प्राचीन पोखरीको नजिकै अवस्थित छ । यस मन्दिरको सबैभन्दा माथि धातुको छाना, दुई तले झिँगटीका आकर्षक शैलीमा अवस्थित सलाँ गणेशको टुँडाल तथा गणेश भैरव र अष्टमातृकासहित देवीदेवताका कलात्मक काष्ठकलायुक्त रहेका छन् ।

सादा ढुङ्गाको आकारमा रहेको यो गणेश मन्दिर भक्तपुर दरवारको जुनसुकै पूजा र पर्वमा विशेष रूपमा पुजिने परम्परा छ । विस्केट जात्रामा विशेष पुजिने सलाँ गणेश मन्दिर वरिपरि द्योछें (देवघर) बालकुमारी पीठसँगै चारतले मझौला आकृतिमा अवस्थित छ । यो मन्दिर राजा जगतप्रकाश मल्लका पालामा निर्माण भएको मानिन्छ । मन्दिर नजिकै सँला पोखरी र सानो आकारको चारवटा चैत्य रहेका छन् । यो मन्दिर भक्तपुर नगरपालिका वडा नम्वर ९ मा अवस्थित छ । सलाँ भन्नाले नेपाल भाषामा मानिस मर्दा मलामी जानु हो । मलामी हिड्ने बाटोमा अवस्थित भएकाले यो गणेशलाई सलाँ गणेश भनीएको धारणा पाइन्छ ।

***

For Library Purpose

दत्तात्रेय मन्दिर



भक्तपुरको सम्पदामा प्रमुख महत्व राख्दै आएको सम्पदाको नाम हो दत्तात्रेय मन्दिर । विश्व सम्पदा सूचीमा रहेको यो मन्दिर ने.संको ५ सय ४७ मा राजा यक्षमल्लले निर्माण गराएको हो । ब्रह्मा, विष्णु र महेश्वरको एउटै शरीर भएको त्रिमुखी दत्तात्रेय देवको मूर्ति ने.सं ५ सय ९० मा मात्र

प्रतिस्थापन गरिएको पाइन्छ । संसारमा ब्रह्माको मूर्ति पनि छैन भन्ने मान्यता तोड्न एउटै रूखको काठबाट निर्मित दत्तात्रेय मन्दिरको स्थापना गरिएको लोककथन पाइन्छ । तीन र पाँच तले मण्डप शैलीको दत्तात्रेय मन्दिर छानामुनी बार्दलीसहित झिँगटीले छाइएको छ । न्यातपोल अर्थात् पाँचतले मन्दिरबाट सुकुलढोका मठको पूर्वतर्फ दत्तात्रेय मन्दिर अवस्थित छ । दत्तात्रेय मन्दिर अगाडि सिंकुचा र फिंकुचा नामक पहलमानको मूर्ति राखिएको छ । मन्दिरभित्र घण्टा र मन्दिरबाहिर अगाडि शङ्ख, चक्र, ढुङ्गे स्तम्भ आकर्षक शैलीमा ठडिएका छन् । त्यस्तै मन्दिरकै सन्मुख कलात्मक ढङ्गमा हात जोडिएको ठूलो धातुको गरूड मानव ढुङ्गे स्तम्भ रहेको छ ।

दत्तात्रेयलाई पशुपतिनाथको समेत गूरू मानिन्छ । यो देवस्थलमा हरेकवर्ष भाद्रकृष्ण द्वितीय, शिवरात्रि, र योमरी पूर्णिमा अर्थात् धान्य पूर्णिमाको अघिल्लो दिन दत्तात्रेय जयन्तीको अवसरमा भारत र देशभित्रका भक्तजनहरू दत्तात्रेय मेला भर्न पुग्छन् । दत्तात्रेय सम्पदा भक्तपुर नगरपालिका वडा नम्वर ९ मा अवस्थित छ । यो मन्दिरको जिर्णोद्वार राजा विश्व मल्लको पालामा भएको पाइन्छ । त्यस्तै दत्तात्रेय मन्दिरकै दक्षिण पश्चिम भागमा वाने लायकु अवस्थित छ । त्रिपुरदरबारभन्दा अगाडि राजकुल रहेको ठाउँलाई वाने लायकु भन्ने गरिन्छ । यस्लाई परापूर्वकालमा वान्दिम स्थल भन्ने गरिएको स्थानीयको भनाइ पाइन्छ ।

***

For Library Purpose

दत्तात्रेय तचपाल भीमसेन



भक्तपुरको दत्तात्रेय क्षेत्रको अर्को महत्वपूर्ण सम्पदा भीमसेनको मन्दिरको हो । भीमसेनलाई नेवार समुदायले भिंद्यो भन्ने गरिन्छ । भिं भन्नाले नेपाल भाषामा असल र द्यो भन्नाले देवता हो । यो देवतालाई नेवारसमुदायमा व्यापार वृद्धि गराइदिने देवताको रूपमा पुजिन्छ । राँगाको मासु, जाँड, रक्सी, हाँस, कुखुराको अण्डा, अदुवा, लसुनसहित स्याबजी (विशेष पूजाको रूपमा चढाइने प्रसाद) चढाएर पुज्ने परम्परा छ । तचपाल भीमसेन मन्दिर दत्तात्रेय मन्दिर परिसरकै अगाडि अवस्थित छ ।

For Library Purpose

दुईतले चारकुने आयातकार चपाटशैलीको छानासहित भीमसेन मन्दिर दत्तात्रेय मन्दिर परिसरकै अगाडि अर्थात् दत्तात्रेय बजारको पश्चिम तर्फ दुईतले मण्डपशैलीमा निर्मित छ । यो भीमसेन मन्दिरको पछाडि भागमा विशाल आकृतियुक्त ढुङ्गेधारासमेत रहेको छ जस्लाई स्थानीयले भीमसेनहिटी भन्ने गर्दछन् । यो मन्दिर राजा जगतप्रकाश मल्लका पालामा निर्माण गरिएको भनाइ पाइन्छ । भीमसेन मन्दिरमा कपाली र कुशुले सम्प्रदायका पुजारी रहने परम्परा छ । प्रत्येक वर्ष मंसिर शुक्ल पूर्णिमाको दिन भक्तपुरका स्थानीय तथा व्यापारीले व्यापार वृद्धिको कामना गर्दै खट यात्रा गर्ने परम्परा छ । त्यस्तै हिन्दुहरूको महत्वपूर्ण पर्व होली र तिजमा समेत यहाँ रातभरि मेला लाग्दछ । यो भीमसेनको मन्दिर भक्तपुर नगरपालिका वडा नम्वर ९ मा अवस्थित छ ।

***

For Library Purpose

राष्ट्रिय धातु कला सङ्ग्रहालय

भक्तपुरको दत्तात्रेयमा राष्ट्रिय धातु कला सङ्ग्रहालय पनि रहेको छ। यो सङ्ग्रहालयमा नेवारी जीवन शैली र परम्परागत पुराना धातु तथा विभिन्न किसिमका भाँडाकुँडा अवलोकन गर्न सकिन्छ। मानव सभ्यता र विकासका क्रममा प्रयोग भएका सामग्री सङ्ग्रहीत रहेको यो राष्ट्रिय धातुकला सङ्ग्रहालयमा विशेष गरी नेवार समुदायले आ नो संस्कार र संस्कृतिअनुसार विभिन्न कार्यमा प्रयोग गर्ने सबै प्रकारका भाँडाहरू प्रदर्शनीमा राखिएका छन्।

यो सङ्ग्रहालयमा पुगेपछि परापूर्वकालमा मानव सभ्यताको विकासका क्रममा नेपाल मण्डलका वासिन्दा र शाषकको रहनसहन, संस्कृति, भेषभूषा लवाइ-खवाइ कस्तो थियो भन्ने छर्लङ्ग बुझ्न सजिलो पार्दछ। धातुकला सङ्ग्रहालय रहेका पुरातात्विक महत्वका सामग्री संरक्षण गरिराख्ने यो

For Library Purpose

सङ्ग्रहालय अध्ययन गरी परापूर्वकालमा मानव सभ्यता, व्यवहार, शासन शैली, समाज, परिवार, कलाकौशल, रीतिरिवाज र परम्पराको अध्ययन गर्नका लागि सहज बनाइदिएको छ । उक्त कालखण्डमा मानवीय व्यवहार कस्तो थियो भन्ने जान्नका लागि पनि यहाँ रहेका धातु कला सङ्ग्रहालय उपयुक्त मानिन्छ ।

***

For Library Purpose

मयूर झ्याल मठ



भक्तपुरको दत्तात्रेयकै अर्को महत्वपूर्ण र चर्चामा रहेको सम्पदा मध्ये मयूर झ्याल मठ पनि प्रमुख हो । दत्तात्रेयमा रहेको मयूर झ्याल मठ पर्यटकहरूको आकर्षणको विन्दु बन्ने गरेको छ । मयूर अत्यन्त सुन्दर मानिने जङ्गली पन्छी हो । हिन्दु धर्ममा मयूरलाई कुमारका वाहनको रूपमा र बुद्ध धर्ममा अमिताभ बुद्धको वाहनको रूपमा लिइन्छ । मयूर झ्याल मठ राजा यक्ष मल्लको शासनकालमा निर्माण गरिएको बताइन्छ । परापूर्वकालमा मयूर शुभ समयमा नाच्ने र मयूर नाचेको देख्ने मान्छेको दिन शुभ रहने विश्वास गरिन्थ्यो । त्यसैले नगरवासीको र राजखलकको दिन सधैं शुभ रहोस् भनी नाचेको मुद्राको मयूर झ्याल निर्माण गरी राजा यक्ष मल्लले मठमा प्रतिस्थापन गरिएको विश्वास गरिन्छ । आन्तरिक तथा बाह्य पर्यटक भक्तपुर पुगेपछि मयूर झ्याल हेर्नकै लागि पनि दत्तात्रेय पुग्ने गर्छन् । मयूरझ्याल काष्ठकलाको एउटा बेजोड सम्पदाको रूपमा अवस्थित छ ।

***

For Library Purpose

नवदुर्गा द्योछें

भक्तपुरमा इष्टदेवी नवदुर्गालाई विशेष पूज्य देवीका रूपमा लिइन्छ । नें.सं.को छैठौं शताब्दीमा नवदुर्गा मन्दिर निर्माण भएपछि राजा प्राण मल्लले नवदुर्गा गणनृत्यलाई व्यवस्थित बनाइएको बताइन्छ । भक्तपुरका प्राचीन सहर ठिमी, बोडे, मात्र होइन काभ्रेको नाला, पनौती, काठमाडौंको टोखा, चपली, देवीपाटन, पशुपति, साँग्ला, चुगाउँ र १२ वर्षको एकपटक हाँडीगाउँमा समेत नवदुर्गा गणनृत्य नाच नचाउने परम्परा अझै कायम छ । प्रत्येक वर्ष गणेशचौथी, गठामुगलको दिनदेखि गथुमाली समाजको नेतृत्वमा शुरू हुने नवदुर्गा गणमा ब्रह्मायणी, महेश्वरी, कुमारी, वैष्णवी, बाराहि, इन्द्रायणी, चामुण्डा महाकाली, महालक्ष्मी, भैरवी, गणेश, सिंहिनी र व्याघ्रिणी रहेका छन् ।

***

राँगा चिमोट्ने जात्रा (खमे जात्रा)

हिन्दुहरूको महान् चाड दशैंको महानवमीका दिन नवदुर्गा मन्दिरबाट निकालिएको खमे राँगालाई बध गर्नु अघि रक्सी जाँड खुवाएर उन्मत्त बनाई जात्रा निकालिन्छ । खमेलाई चिमोट्न, छुन स्थानीयको होडबाजी नै चल्ने गर्दछ । विशाल जनसमूहले चिमोट्दै लखेट्दा लखेट्दै भक्तपुर नगरको पूर्व ब्रह्मायणी पीठमा पुऱ्याइन्छ । पीठमा पुऱ्याइएपछि खमे राँगालाई राक्षसको रूपमा बीभत्स ढङ्गले बध गरिन्छ र खम्वेको मासुलाई प्रसाद स्वरूप खाने अनौठो परम्परा छ । यो मेला हेर्न हजारौंको

सङ्ख्यामा स्थानीय तथा देशभित्र र बाहिरका पर्यटकहरू पुग्ने गर्दछन् ।

तलेजु भवानी नवदुर्गा देवीकै दिदी बहिनी भएकाले दशैंको नवमीको दिन नवदुर्गाको मूलचोकसहित क्रमशः सूर्यमढी, तचपाल, क्वाठण्डौ, गछें, दधुटोल, इनाचो, गोलमढी, याछें, टौमढी, तालाको, नासमना, गाहिटी, चोछें, इच्छुत्वा क्षेत्रमा गणनृत्य गर्ने परम्परा छ ।

किंवदन्तीअनुसार परापूर्वकालमा दसई दैत्यले भक्तपुर नगरवासीलाई खुबै दुःख दिन थाले । ती दैत्यको संहार गरी नवदुर्गा देवी इथुली फूलबारीमा बस्न थालिन् । भक्तपुरको रक्षा गर्दा पनि स्थानीयले नवदुर्गा प्रति हेला र हेयको दृष्टिबाट मात्र हेर्न थालेपछि देवीलाई रीस उठेर स्थानीयवासीकै हत्या गर्दै हिंड्न थालिन् । देवी आतङ्कको कारण काभ्रेको नाला, बनेपा र भक्तपुर आवतजावत गर्ने बाटो नै बन्द भयो । मानिसहरू त्यो बाटो हुँदै हिंडडुल गर्न छाडे । प्रख्यात तान्त्रिक सुनन्द आचाजुलाई समेत देवीले वध गर्न लाग्दा तान्त्रिक आचाजुले भने 'सर्वप्रथम मैले हजुरको पूजा गर्न पाऊँ तब मेरो वध गर्नु होला । देवीलाईसमेत छल गरी तान्त्रिक आचाजुले आज्ञा प्राप्त गरी तान्त्रिक पद्दतीबाट देवीलाई तारण हाली पासुकाले बाँधिदिए । यही मौका पारी तान्त्रिक आचाजुले देवीलाई कलः अर्थात् कलालीमा राखी गोप्य पूजा कोठामा स्थापितगराए । घरमा दुई श्रीमतीलाई पूजा कोठा नखोल्नु है भनी खोलामा तान्त्रिक नुहाउन गए ।

तान्त्रिक नुहाउन जाँदा कान्छी श्रीमतीले कोठाभित्र के रहेछन् भनी कौतूहल लागेर कोठा खोलेर हेरिन् । क्रोधित भगवतीले तान्त्रिकको श्रीमती हत्या गरिन् । तान्त्रिक फर्केर आउँदा कोठाभित्र छिर्न नपाउँदै तान्त्रिक सुनन्द आचाजुको हत्या गरी देवी जथाभावी हिंड्न थालिन् । यो कुरा थाहा पाएका काभ्रे नालानिवासी अर्का तान्त्रिक सोमराज (इच्छु सोमला) ले स्थिरले मन्त्र पढ्दै देवीलाई खुसी पार्न डमरू बजाउँदा स्वंग ल्वहं (तीनढुङ्गा) नेर पुगेपछि नवदुर्गा शान्त भई प्रत्येक वर्ष देवी गणनृत्य निकाली पूजा गर्नुपर्ने बताए । त्यही समय अर्थात् राजा सुवर्ण मल्लको पालादेखि नवदुर्गा गणनृत्य आरम्भ भएको मानिएको छ ।

For Library Purpose

हाल नेवार समुदायको बनमालाको नेतृत्वमा नेवार समुदायभित्रकै नौ जातको सक्रियतामा संचालित देवी गणनृत्यमा सुँगुर वलि दिने प्रचलन छ । सुँगुरलाई मुँवाहाँ अर्थात् मुख्य वलिको रूपमा लिइन्छ । भनिन्छ मुस्लिम फौजको आक्रमणबाट देवस्थल बचाउन मुसलमानले अति घृणा गर्ने सुंगुरलाई बलि दिने प्रथा बसाएका थिए । गणनृत्यमा देवी गणले मान्छेको खप्परमा जाँड रक्सी र सुंगुरको काँचो रगतमा समयवजी मुछेर आफूले पनि खाने र दर्शनार्थीलाई पनि प्रसाद स्वरूप बाँड्ने गरिन्छ । यदि सो प्रसाद घीन मानी नखाएमा अपसगुन हुन्छ भन्ने जनविश्वास रहँदै आएको छ ।

For Library Purpose

दशैंमा राष्ट्रप्रमुख पुग्नैपर्ने नवदुर्गा द्योछें

नवदुर्गा द्योछें भक्तपुर नगरपालिका वडा नम्बर ९ स्थित गछेंमा अवस्थित छ । चपाटछें शैलीमा पूर्ण नेवारी कलाकृतियुक्त चारतले नवदुर्गा छें तोरण र टुंडालमा अष्टमातृका चित्रण गरिएको छ । नवदुर्गाको दर्शन गर्न दशैंमा पहिले राजा नवदुर्गा मन्दिरमा पुग्ने गर्थे भने अहिले राष्ट्रप्रमुख समेत यहाँ पुग्नै पर्ने परम्परा छ । नवदुर्गा उच्च घरानको देवता भएकाले सम्पूर्ण देशवासीको लागि हित होस् भनी राष्ट्रप्रमुखले नवदुर्गाको गणसँग आशीर्वाद लिने प्रचलन छ ।

***

For Library Purpose

कमल विनायक (यातु बहारे)



भक्तपुर नगर प्रवेश गर्ने पूर्वतर्फको मूलसडक नजिकै कमलपोखरी अवस्थित छ । मञ्जुश्री, छालिङ, जितपुर, ताथली, नगरकोट जस्ता प्राचीन र पर्यटकीय क्षेत्रतर्फ जाने अहिलेको सडक नजिकै कमलपोखरी सँगै रहेको यातु गणेश नै कमल विनायक गणेशको नामले चिनिन्छ । भक्तपुरमा रहेको प्राचीन पोखरी सिद्धपोखरी र नपुख्खु जस्तै विशाल आकृतिमा कमलपोखरी अवस्थित छ । परापूर्वकालमा कमल विनायक भन्दा बढी यो स्थललाई यातु बहारे नामले चिनिन्थ्यो ।

विशेष गरी नेवारी संस्कृतिअनुसार पूजा, चाडपर्व, जात्रा, आदिमा नभई नहुने कमलको फूल तथा पात सजिलै उपलब्ध गराउने उद्देश्यले पोखरीको निर्माण भएको थियो । पोखरीमा कमलको फूल उत्पादन गरिएका कारण पनि पोखरीको नाम नै कमलपोखरी रहन गएको

स्थानीयको भनाइ पाइन्छ ।

कमल पोखरीको निर्माणपछि पोखरीमा कमल फुलाउने अभिप्रायले मगजु थरसहितको नाममा एउटा गुठीसमेत बनेको थियो । भनिन्छ उक्त गुठीले वर्षको एकपटक एक मुरी सानो केराउ पोखरीमा छर्ने गर्दथ्यो । जसबाट पोखरीमा वर्षैभरि कमल फुलिरहेको हुन्थ्यो भन्ने भनाइ पाइन्छ । तर अहिले भने यो परम्परा कायम छैन । कमल विनायकको अर्को विशेषता वर्षमा एकपटक विजयादशमीको नवौं दिनमा भक्तपुरको थालाछेँस्थित महालक्ष्मीको नवरातको क्रममा कमलपोखरीमा मुख धुने तथा स्नान गर्ने परम्परा छ । त्यस्तै वर्षको एक पटक इन्द्रजात्राको समयमा सकोलानका मानन्धर समुदायबाट यहाँ यामता घुमाउने चलन छ । क्षेत्रफलको हिसावले कमलविनायक भक्तपुरको तेस्रो ठूलो पोखरी हो । बहारे भन्ने शब्दले कमलको फूल उम्रिने पोखरी भन्ने जनाउँछ । भक्तपुर नगरको चार दिशामा बहारे पोखरी रहेकोमा कमलविनायक भने पूर्वतर्फको बहारे पोखरी अर्थात् यातु बहारेकोको नाममा प्रख्यात थियो । यातु पोखरी अर्थात् कमलपोखरीसँग सम्वन्धित एउटा रोचक लोकोक्ति अझै जनजिव्रोमा झुण्डिएका छन् । लोकोक्तिअनुसार भक्तपुरको नगरको तुमुचो दुगुरेमा तुला रानीको दरवार थियो । तुलारानी प्रत्येक दिन ब्रह्मायणी पीठ जाने बाटो वाँच्वहिटि (निलोधारा) मा मुख धोएर यातुबहारे पोखरीमा कमलको पातमा बसेर यातु गणेशको दर्शन गर्ने गर्दथ्यो । तुलारानीको रोचक कथा जनजिव्रोमा अझै अवशेष बाँकी पाइन्छ ।

***

For Library Purpose

यातु गणेश

कमलपोखरीको किनारमा यातु गणेशको मन्दिर अवस्थित छ, यहाँ हरेक मङ्गलबार र शनिवार भक्तजनको भीड लाग्ने गर्दछ । कमल विनायक मन्दिर परिसरमा भेटिएको शिलालेखअनुसार यातु गणेशको स्थापना नेपाल संवत् ७७५ मा भएको देखिन्छ । जुन भक्तपुरका राजा जगत प्रकाश मल्लको अन्तिम समयकाल हो ।

यातु गणेशको पनि रोचक लोककथन पाइन्छ । लोककथन अनुसार यातु गणेश पहिले भक्तपुरको बाँसघारीभन्दा केही दूरीमा रहेको पूर्वको खुजो टोलको गणेश भएको र एकजना काठमाडौंका स्थानीयले गणेशलाई

काठमाडौं लाने क्रममा यातुबहारे डिल (अहिलेको कमलविनायक) मा थाकेर बिसाएछन् । पछि पुनः बिसाएको गणेश उठाउन खोज्दा नसकेपछि सोही स्थानमा स्थापना भएको हो भन्ने जनश्रुति पाइन्छ । तर धेरैको एउटै मत छ यातु गणेश सिद्ध देवता भएकाले यो शक्तिशाली छ र मनोकामना पूरा गरिदिन्छ भन्ने जनविश्वास रहिआएको छ । यातु (यातु भनेको नेपाल भाषामा पूर्व दिशा हो ।) गणेश नजिकै दुई चैत्य पनि स्थापित छन् ।

***

For Library Purpose

यातु महादेव



भक्तपुरको यातु महादेव खरिपाटी नजिकै अवस्थित छ । यहाँ अति आकर्षक शैलीले बनाइएको यातु महादेव परिसरमा नागमाथि सुतेको भुँईनारायणको मूर्ति पनि स्थापित छ । शान्त वातावरणमा रहेको यो मन्दिरमा विबाह व्रतवन्ध जस्ता कर्म चलाउने र पूजाआजा गर्न भक्तजनहरू पुग्ने गरेका छन् ।

नगर नजिकै रहेको यो सम्पदाको चर्चा नहुँदा सुन्दर र धार्मिक महत्वको सम्पदा भए पनि ओझेल परेको भान हुन्छ । यातु महादेवको दर्शन गर्दा मनोकाङ्क्षा पूर्ण हुन्छ भन्ने मान्यता रहिआएको छ ।

निष्कलङ्केश्वर महादेवको रूपमा परिचित यो मन्दिरलाई कलङ्करहित

महादेवको रूपमा पूजा गर्दा उनको जीवनमा कुनै पनि कलङ्क लाग्दैन भन्ने जनविश्वास रहिआएको छ । सूर्यको घाम सिधैं पर्ने भागलाई यातालिगु भनिन्छ । त्यही स्थानमा रहेका सम्पदा भएकाले पनि यो मन्दिरको नाम यातुसँग जोडेर यातु महादेव भनी बुझ्न थालिएको हो । यो मन्दिर भक्तपुरको रामबहादुर ताम्राकारको संयोजनमा व्यवस्थापन भएको पाइन्छ ।





For Library Purpose

***

महालक्ष्मी मन्दिर

भक्तपुरको क्वाठण्डौ बहाःबाट नजिकै थालाछें टोलमा अवस्थित दुईतले मण्डपशैलीको महालक्ष्मी मन्दिर राजा आनान्ददेव मल्लले नेपाल संवत् २ सय ८३ मा स्थापना गरेको मानिन्छ । यो मन्दिरलाई अष्टमातृका पीठमध्ये एक मानिन्छ । तर सडकछेउ स्थापित यो पीठ भने मानव बस्तीको बीचमा रहेको छ । यही मन्दिर परिसरमा स्थानीयको विहे व्रतवन्ध लगायत विभिन्न पर्वमा पूजाआजासहित भोज गर्ने चलन छ ।

विस्केट जात्रा र दशैंमा

For Library Purpose



यो पीठमा विशेष पूजाआजा हुने गर्दछ । अन्य पीठजस्तै ढुङ्गाको सादा आकारमा महालक्ष्मी पीठको रूपमा भेटिएको नेपाल संवत् ७ सय ७० को अभिलेखमा उल्लेख छ । यो मन्दिर नजिकै मुकुट, देवता र गहना राख्ने द्योछें पनि आकर्षक शैलीमा अवस्थित छ र वरपर पाटी र फल्चाहरू रहेका छन् । भक्तजनहरू मन्दिर वरपरको पाटी फल्चामा हरेक रात र चाडपर्वको बेला भजन कीर्तन गर्ने परम्परा रहिआएको छ ।

***

For Library Purpose

महाकाली पीठ

भक्तपुर नगरपालिकाको मुख्य कार्यालयबाट पूर्व थुम्कामा महाकाली पीठ अवस्थित छ । सडकबाट करिब १ सय ५० स्टेप ढुङ्गे भन्याङ चढेर पुग्न सकिने महाकाली पीठ नें.सं. २ सय ८३ मा राजा आनान्ददेव मल्लले भक्तपुर रक्षार्थ स्थापना गरेको अष्टमातृका पीठमध्ये प्रमुख एक पीठ हो । महाकाली पीठ खासाङखुसुङ खोला नजिकै थुम्का डाँडामाथि मञ्जुश्रीको खड्गसहित सादा ढुङ्गाको आकारमा अवस्थित छ । एउटा ठूलो चाँपको रूखमुनी चामुन्डा देवी आकर्षक शैलीमा प्रतिष्ठापित छ । यहाँ महाकाली देवी, गणेश, महादेव, शेष नाग, विष्णुको दश अवतार र मन्दिर नजिकै पोखरीमा मछिन्द्रनाथ र सुतिरहेको बुढानीलकण्ठको प्रतिमा रहेका छन्

। नें. सं. ७ सय ८१ र ९ सय ४३ लगायतको अभिलेख रहेको महाकाली पीठ कान्तिपुरका राजा प्रताप मल्लले भक्तपुर राज्य आ नो अधीनमा रहँदा पुनर्निर्माण गराइएको बताइन्छ । पीठको वरिपरी भजनगृह, भोजन गृह, पाटी, फल्चा, खुल्ला परिसर आदि छन् । आचाजु, कर्मचार्य जातिका पुजारी रहने यस पीठ वरिपरि पिकनिक भोज गर्ने छुट्टै स्थान र डबली रहेका छन् । छाना

विहिन छत्रावलीले युक्त महाकाली पीठमा प्रत्येक वर्ष दशैंको महानवमीका दिन राँगा वलिसहित भव्य मेला लाग्ने गर्दछ । अन्य दिन पनि मङ्गलबार र शनिवार दर्शनार्थीहरू महाकाली को दर्शनार्थ महाकाली पीठ पुग्ने गर्दछन् । यो पीठमा महाकालका गणहरू घुमफिर गर्ने र गणहरूसँगै महाकाली रहने हुनाले मानिसहरू यो मन्दिरलाई अन्य पीठभन्दा बढी संयमित भएर पूजाआजा गर्ने गर्छन् ।

***

नागपोखरी र त्यस क्षेत्रको सम्पदा



For Library Purpose

भक्तपुरको नागपोखरी क्षेत्रमा पनि विभिन्न पौराणिक सम्पदाहरू रहेका छन् । नागपोखरी र नागपोखरीकै किनारमा रहेको सरस्वतीको मन्दिर नजिकै श्वेत भैरवीको सानो मन्दिरसँगै रहेको विशाल पाटी र वरपर साना साना चैत्य हरूमा मूर्तिहरू स्थापित छन् । नाग पोखरीले यो क्षेत्रलाई मनमोहक बनाई दिएको छ । नागपोखरी नजिकैको घरसँगै जोडेर निर्माण



गरिएका पाटी पौवाले त्यो क्षेत्रको सामाजिक भाइचारा कायम राख्न महत्वपूर्ण भूमिका खेल्ने गरेको छ । पाटीमा साँझ बिहान हरेक चाडपर्वमा भजन कीर्तन हुने गर्दछ । नागपोखरी किनारमौ गुम्बज आकारको शिव लिङ्ग सहितको मन्दिर पनि आकर्षक रूपमा ठडिएको छ । नागलाई पानी पार्ने देवताको रूपमा लिइन्छ । जहाँ नाग हुन्छ त्यहाँ पानी सुक्दैन भन्ने मान्यताका कारण भक्तपुरका अधिकांश पोखरी र धाराहरूमा नागको प्रतिमा देख्न सकिन्छ ।

***

इष्टदेवी पीठ

इष्टदेवीलाई भक्तपुरको नवदुर्गाको माइती भनेर चिनिन्छ । इष्टदेवी भक्तपुर वडा नम्वर ७ उत्तरी सिमाना खोसाङ्खुसुङ् खोला नजिकै रहेको छ । भक्तपुर जिल्लाको प्रमुख दुई नदी तव्याखुसी (हनुमन्ते) र खोसाङ्खुसुङ्मध्ये यो वडा भएर बग्ने खोसाङ्खुसुङ् नदी रहेको छ ।

याछें र भोलाछेंको चौबाटोमा दुईवटा बौद्ध स्तुपा र लालाछें याछें, दुगुजेमा तीनवटा दबु अर्थात् मन्च रहेको छ । यो क्षेत्रमा १० वटा ढुङ्गे धारा ११ वटा इनार दुईवटा परम्परागत पोखरी रहेको छ । भोलाछें, याछें, मुलाछें, र लालाछें जस्ता विभिन्न नामले परिचित यस वडाको सर्वाधिक पूज्य र चर्चित देवस्थलको रूपमा महाँकाल पीठलाई मानिन्छ । भने महाकाली पीठपछि इष्टदेवीलाई पुज्ने परम्परा छ ।

***

For Library Purpose

भोलाछेंको सम्पदा र महांकाली द्योछें पोखरी



परम्परागत उत्तरक्षेत्रको 'देध्वाखा' अर्थात् देश प्रवेश गर्ने ढोकाबाट भक्तपुर नगर प्रवेश गरेपछि भोलाछें टोलमा एउटा चारकुने पोखरी रहेको छ । पोखरीको कुनामा महांकाल द्योछें, (चारतल्ले नेवारी कलाकृतिलेयुक्त घर र घरमाथि एउटा मण्डप शैलीको मन्दिरमा छत्र ओढाइएको गजुर भएको देवघर) रहेको छ ।

हरेक वर्ष विजया दशमीको बेला नवदुर्गा गणको मुकुण्डो प्रदर्शन गरिने महाकाली द्योछेंलाई नवदुर्गा देवीको माइतीघर मान्ने प्रचलन छ । नेवारी वास्तुकलायुक्त घरमाथि घर उभ्याउने जगसहितको भूँइतल्ला

छिंडी र छिंडीभन्दा माथि मातं (पाहुना राख्ने ठाउँ) त्योभन्दा माथि चोटा अर्थात् सुत्ने ठाउँ (तर द्योछेंमा मुख्य देवता र गरगहना राख्ने गरिन्छ) र बुँइगल (खाना पकाएर खाने ठाउँ) संरचना महांकाल द्योछेंमा पनि रहेको छ । नेवारी वास्तुकलायुक्त द्योछें (देवता राख्ने घर) माथि गजुरसहितको छत्रावलीले घर नै देवस्थलको रूपमा परिचित छ ।

कलात्मक बुट्टेदार झ्याल ढोका तोरण टुंडालयुक्त महाकाली द्योछें अगाडि एउटा ठूलो पोखरी अवस्थित छ । पोखरीको वरिपरि तीनतल्ले मण्डपशैलीको नारायण मन्दिर शिखर शैलीको याछें गणेशको आकर्षक मन्दिर पनि रहेको छ । महाकाली र महालक्ष्मी जात्राको कारण यस क्षेत्र चर्चित छ । जहाँ प्रत्येक वर्ष विजयादशमी र महानवमीका दिन साँझ नवदुर्गा गणको मुकुण्डो प्रदर्शन गर्ने गरिन्छ ।

नारायणको मन्दिर कहिले बनेको भन्ने अभिलेख प्राप्त छैन । भोलाछेंकै स्थानीय नारायण कृष्ण छुँजुका अनुसार २०३० सालमा एक तल्ले मात्र रहेको नारायणको मन्दिर जर्मन सरकारको सहयोगमा मर्मत गर्ने क्रममा गजुरको भागमा मन्दिर भत्किएर दबेको अवस्थामा मन्दिरको सामग्री पाइएपछि मन्दिर २ तल्ला थप गरी बनाइएको हो । कुनै प्राकृतिक विपत्तिमा मन्दिर भत्किएर एकतल्ले बनाई बाँकी सामग्री मन्दिरकै गजुरभागमा दबाई दिएको विश्वास गरी पुननिर्माणको क्रममा २ तल्ले थपेको हो । मन्दिर भोलाछेंकै पोखरी किनारमा अवस्थित छ । त्यस्तै पोखरी किनारको एक कुनोमा गुम्बज आकारमा याछें गणेशको मन्दिर स्थापित रहेको छ ।

***

For Library Purpose

नारायण पोखरी (मच्छिनारां पुखुदेग)

मल्लकालीन समयमा निर्मित नारायण पोखरी भक्तपुरको प्रख्यात महांकाल पीठको पछाडिको क्षेत्र हुँदै बहने खोसाङ्खुसुङ् नदी नजिकै सडक छेउमा रहेको छ । चारैतिर पर्खालले घेरिएको बीचमा भागमा पोखरी र पोखरीको बीचमा शयन मुद्रामा सुतिरहेको बुढानीलकण्ठ नारायणको मूर्ति छ । नीलकण्ठ नारायणसँगै मछिन्द्र नारायणको उभिएको मूर्तिसहित सानो मन्दिर पनि रहेको छ । ढुङ्गे धारा र फल्चा पाटीसहित व्यवस्थित तरिकाले निर्माण भएको मछिन्द्रनारायण पोखरीलाई स्थानीयले नेपाल भाषामा मोछेंनारां पुखुको नाममा प्रचलित छ । त्यहाँ प्रत्येक वर्षको ठूलो एकादशीका दिन ठूलो मेला लाग्ने गर्दछ भने प्रत्येक मलमास अवधिभर एक महिना मेला लाग्ने गर्दछ । यो सम्पदास्थल महाकाली पीठ नजिकै भक्तपुर वडा नम्वर २ मा अवस्थित छ ।

***

महेश्वरी द्योछें

मूल सडकछेउ ठडिएको दुईतल्ले घरमाथि मण्डपशैलीको संरचनायुक्त देवस्थललाई महेश्वरी सम्पदाको रूपमा चिनिन्छ । यो सुकुलढोका र दत्तात्रेयबीच इनाचो टोलमा अवस्थित छ । माहेश्वरी द्योछें नेपाल सम्वत २४३ मा राजा आनान्द मल्लले नगर रक्षार्थ स्थापित अष्टमातृका पीठ मध्येको प्रमुख एक पीठ हो । ने.सं. ६६६ मा राजा रणजीत मल्लले जीर्ण द्योछें पुनर्निर्माण गराएका थिए । महेश्वरी पीठको देवता जात्रा गहनाका गोप्य सामग्री राख्ने व्यवस्था यो देवघरमा गराएको थियो । द्योछें नेवारी वास्तुकलायुक्त र तोरण सहित सादा संरचनायुक्त अवस्थामा अवस्थित छ ।

***

For Library Purpose

हनुमानघाट

भक्तपुरको हनुमानघाट ऐतिहासिक धार्मिक महत्व, संस्कार र संस्कृतिको संगमस्थल हो । भक्तपुर नगरको दक्षिणतर्फबाट बग्ने तव्याखुसी (हनुमन्ते खोला) उत्पतिकाबारे अलौकिक पौराणिक लोककथन अझै प्रख्यात छ । एकाध समयको कुरा हो तव्याखुसी र चंकुखुसीको संगममा अयोध्याका राजा राम हनुमानसहित उत्तरखण्ड नेपालको भ्रमण गर्दै यो स्थानमा आइपुगे । भोकले आकुल-व्याकुल भएका दुबैजनासँग ठेकीमा दहि र पोल्टामा चिउरा थियो । दहि चिउरा ठेकीमै मुछियो । तर बाँडेर खान अर्को भाँडा नहुँदा रामले हनुमानलाई एउटै भाँडामा खान भने । तर

हनुमानले आ नो जुठो रामलाई कसरी खुवाउने पाप लाग्छ भन्ने सोचे । भोक पनि साह्रै लागेको थियो । हनुमानले एउटा उपाय निकाले । उनले आ नो पुच्छर जमीनमा गाढेर पानी निकाले । हनुमानले एकगाँस खाँदै हात धुँदै फेरि खाँदै हात धुँदै दहि चिउरा खाए । पुच्छर गाढेर निकालेको पानी खाएर प्यास पनि मेटेछन् । यसरी हनुमानले पुच्छर गाढेर पानी निकालेको ठाउँ तव्या खुसी अर्थात् हनुमन्ते खोला नामाकरण भएको मानिन्छ । यही खोलासँगै चंखुखुसी अर्थात् चंखु खोलाको संगममा अझै पनि भूँवरी परिरहन्छ भन्ने स्थानीय बासिन्दाको विश्वास छ ।

यही विश्वासको आधारमा हनुमान्घाटमा पितृ तर्पण, पिण्डदान, श्राद्ध, आदि कर्मकाण्ड गर्नेको ठूलो भीड लाग्ने गर्दछ । नेपाल संवत् १०५२ मा देवीशंकर मानान्धरद्वारा निर्माण गराइएको एकतल्ले राम मन्दिर चोकछहारी र चौतारीयुक्त छ । घरवरिपरी बुद्ध, गणेश, नेपाल अधिराज्यकै सर्वाधिक विशाल आकृतिका ढुङ्गाका दुई शिव लिङ्ग पनि रहेका छन् । दुबै शिवलिङ्गमध्ये एउटा राजा भूपतिन्द्र मल्लले नें.सं.को आठौं शताब्दीमा अर्को रावल डम्वरलिङ्ग जङ्गमले स्थापना गराइएको मानिन्छ । भक्तपुरको पशुपति क्षेत्रकै रूपमा मानिने हनुमानघाटमा स्थानीय आदिबासी र अन्य जातजातिका मानिसहरू देहवसान हुँदा दाहसंस्कार गर्ने प्रचलन छ । यहाँ रामजानकी मन्दिर, बाल्मीकेश्वर महादेव र रणजीत मल्लले स्थापना गरेको गणेश र नारायणको मूर्ति पनि रहेका छन् ।

***

For Library Purpose

हनुमानघाट वाल्मीकेश्वर महादेव

भक्तपुरवासी ले बाल्मीकेश्वर महादेवलाई निकै श्रद्धाका साथ पुज्ने प्रचलन छ । यो मन्दिरको नामाकरण रामायण लेख्ने लेखक वाल्मीकि ऋषिको नामबाट भएको पाइन्छ । भक्तपुरमा बाल्मीकेश्वर महादेवको मन्दिर दुई वटा छन् । एउटा बागेश्वरीमा र अर्को हनुमानघाटमा रहेका छन् ।

लोककथनअनुसार बाल्मीकिले भक्तपुरको वागेश्वरीमा बसेर रामायण लेखेका थिए । बागेश्वरीमा रामायण पुरा लेख्न नसकेपछि नारदको



उत्पति भयो र उनलाई भक्तपुर टौमढीस्थित तिलमाधव नारायणबाट पवित्र क्षेत्र हनुमानघाटमा बसेर लेखेमा रामायण सिद्ध हुन्छ भने । नारदको वचन स्वीकार गरी हनुमानघाट पुगेर रामायण लेख्ने काम पूरा गरेको मानिन्छ । रामायण लेखिसकेपछि वाल्मीकिले महादेवको मूर्ति स्थापना गरेर वाल्मीकि त्यहीं बिलाएर गएको र उनकै नाममा यो मन्दिरको नाम वाल्मीकेश्वर महादेव रहन गएको लोककथन रहेको छ ।

***

For Library Purpose

वाँचुत्व शिखरनारायण



For Library Purpose

भक्तपुर नगरपालिका वडा नम्वर ७ मा शिखरनारायणको मन्दिर रहेको छ । वांचुत्वमा रहेको शिखरनारायण भनीए पनि वास्तविकता झण्डै घण्टकार शैलीमा रहेको छ ।

एउटा परम्परागत प्रकारमा ढुङ्गा छापिएको चोक, पाटी, फल्चा, इनार, लगायत मानविय आवश्यक्ताका सम्पूर्ण संरचनायुक्त यो देवस्थल

मानव वस्ती भएको टोलको बीचमा अवस्थित छ । वाँचुत्व शिखरनारायण मन्दिर र त्यस क्षेत्रको सम्पदालाई त्यस क्षेत्रका स्थानीयले भक्तपुर दरवारसँग प्रतिस्पर्धाका रूपमा निर्माण गरिएको सम्पदाको रूपमा लिइन्छ ।

भक्तपुरमा हुने मुख्यजात्रा नगर परिक्रमा गर्दा त्यस क्षेत्रमा नपरेकाले त्यहाँका स्थानीयकै जागरूकतामा सम्पदा स्थापना गरी त्यही जात्रा मनाउने प्रचलन थालेको मानिन्छ । सम्पदामा समेत आत्मनिर्भरता कायम राख्न भक्तपुर दरवारसँग प्रतिस्पर्धा गरी निर्माण गरिएको सम्पदा नै वाँचुत्व नारायण मन्दिर हो भनिन्छ । भक्तपुर दरवार क्षेत्रमा पाइने सबै सम्पदाको प्रतीक त्यहाँ पाइन्छ ।

***

For Library Purpose

गोल्मढी गणेश



For Library Purpose

मल्लकालको समय मञ्जुश्रीका वंशज मानिएको एक जना रन्जितकार काभ्रे नमोबुद्धका अनन्य भक्त थिए । एकदिन उनले भगवान नमोबुद्ध प्रति भक्तिभाव दर्शाउँदै भक्तपुरको गोल्मढी देखि काभ्रे दाप्चाको नमोबुद्धस्थलसम्म आ नै शरीरले नापेर आ नो कठिन व्रत पुरा गरेछन् । यस्तो महान पुण्य कार्य पूरा गरेको खुसियालीमा ति रन्जितकार खलकले भक्तपुरको गोल्मढीस्थित आ नै टोल सडकछेउ एउटा नमोबुद्ध चैत्यको स्थापना गराएका थिए । उक्त नमोबुद्ध चैत्य स्थापना गरेकैदिन प्रत्येक वर्ष धनधान्य अर्थात् योमरी पूर्णिमाको दिन भव्य पूजा समारोहको

आयोजना गरी योमरी (नेवारी परम्परा अनुसार बनाइने चामलको पीठो भित्र चाकु र तिल फरक प्रकारको कुनैमा खुवा, कुनैमा मसला घोलेर राखी बफाएर पकाउने एक प्रकारको रोटी) चढाउने परम्परा बसाएको बताइन्छ । योमरी पूर्णिमा प्रत्येक वर्ष पौष पूर्णिमाको दिन पर्ने गर्दछ । धान्यपूर्णिमा पनि भनीने योमरी पूर्णिमाको दिन चामलको पीठोको गोलो रोटी बनाई त्यस भित्र चाकु, तिल, खुवा, मसला घोलेर हालेर बन्द गरी वफाएर देवतालाई चढाएर खाने र खुवाउने नेवारी संस्कृति रहेको छ । सोही रोटी (गोलो रोटी) लाई अर्थात् गोलागु मरी भनीयो भने पछि अपभ्रंश भएर उक्त स्थानलाई गोलमढी नामले चिनिएको जनविश्वास छ । वडा नम्वर ७ स्थित गोल्मढी नमोबुद्ध चैत्य सानो भए पनि आकर्षक शैलीमा



For Library purpose

रहेको छ । चैत्यसँगै नजिकै तीन तले मण्डपशैलीको गोल्मढी गणेशको मन्दिर अवस्थित छ । होचो आकारमा तीन खुड्किलो उक्लिएपछि पूजास्थल पस्ने प्रवेशद्वारको दायाँ-बाँयाँ ढुङ्गाको सिंहको जोडी रहेको गणेश मन्दिरमा पूर्णत धातुका छाना छाइएको छ । टुँडालमा गणेश भैरव र भैरवीका मूर्तिकला कुँदिएको गोल्मढी गणेश नेपाल संवत्को सातौं शताब्दीको अन्तको समयमा निर्माण भएको बताइन्छ । विस्केट जात्रामा विशेष पूजा हुने गोल्मढी गणेश क्षेत्रको अर्को प्रख्यात देवस्थल रामभोपडी

पनि एक हो ।

राणाकालमा ल्हासासँग युद्ध हुँदा आ नो चातुर्यका कारण युद्ध जितेपछि खुसीयाली स्वरूप राम कप्तान भन्ने व्यक्तिले रामझोपडी निर्माण गराएको इतिहास पाइन्छ । राम सीता र लक्ष्मणका मूर्ति सहित भजनघर शैलीमा सडक नजिकै निर्माण गरिएको रामझोपडी गोल्मढी शिखरनारायण मन्दिरसँगै रहेको छ । जहाँ प्रत्यक वर्ष राम नवमीको दिन विशेष पूजा समारोहको आयोजना हुने गरेको छ । नमोबुद्ध गणेश रामझोपडी नारायण लगायतका अनेक लोकोक्ति इतिहास र साँस्कृतिक विविध सम्पदा माझ गोलमढी टोलमा एउटै धार्मिक एकता पनि कायम छ । नेवार सँस्कृतिको जहाँ एक अर्काको पूजापर्वमा बिना भेदभाव सहभागिता जनाउने धार्मिक सहिष्णुता कायम भएको पाइन्छ ।

***

For Library Purpose

सुकुल ढोका

For Library Purpose

सुकुलढोका भक्तपुरको प्रमुख केन्द्र हो । शैवमतलाई कसरी उत्थान गर्न सकिन्छ भन्ने राजा यक्ष मल्लमा ठूलो चिन्ता थियो । त्यसैले उनले नेपाल संवत् ५०० मा भक्तपुर दरवार अगाडि यक्षेश्वर महादेवको दुई तले मण्डपशैलीयुक्त मन्दिर स्थापना गराए । उनले दक्षिण भारतका काशि विश्वनाथका पुजारी लिंगायत सम्प्रदायका जङ्गम ब्राम्हणलाई नेपालका शिवालयहरूमा पुजारी राख्न घर खेतको समेत व्यवस्था गरीदिए ।

भादगाउँका मल्ल राजाहरूसँगको प्रत्यक्ष सम्वन्धमा रहेर जङ्गमजातिले नेपालमा शैवसम्प्रदाय सँस्कृतिको विकास र विस्तारका साथै नेपाल

भारतबीच आवतजावतको प्रक्रिया सुरूवात गराए । सो परम्परालाई निरन्तरता दिँदै नेपाल संवत् ६९२ मा भक्तपुरका राजा विश्व मल्लले राज दरवारछेउ तौमढी टोलमा जङ्गमहरूको लागि स्थायी मठ स्थापना गराउनुकासाथै कुल देवता वीरभद्र समेत स्थापना गराए । इतिहास अनुसार मुगलवादशाहले काशी नरेशलाई कब्जामा लिई विश्वनाथको मन्दिर ध्वस्त बनाउँदा देवलभित्रको मूर्ति जङ्गमजातिका पुजारीले भक्तपुरमा ल्याई न्यातपोल मन्दिरसँगै भैरव मन्दिरमा स्थापना गराएका थिए ।

त्यसैले तौमढी टोलको तीन तले आयाताकार भैरव मन्दिरलाई काशि विश्वनाथको मन्दिरको रूपमा प्रसिद्ध रहेका छन् । काशि विश्वनाथसँगै भक्तपुरमा स्थापित वीरशैव लिंगायत सम्प्रदाय जङ्गम मठहरूमध्ये सुकुलढोकामठ पनि प्रख्यात बन्न पुग्यो । वनलिंगेश्वर शिव प्रति समर्पित सुकुलढोका मठ नेपाल संवत्को आठौं शताब्दीमा राजा रणजीत मल्लले निर्माण गराएका हुन् । नेवारी वास्तुकलायुक्त काष्ठकलाले सिंगारिएको तीन तले सुन्दर घर शैलीको सुकुलढोका मठ अगाडि प्रत्येक वर्ष नेपाल संवत्, दशैं तिहार र विशेष पर्वहरूमा सुकुलको कलात्मक ढोका निर्माण गरी स्वागत द्वार बनाउने परम्परा रहीआएको थियो । अझ यो परम्परालाई कायम राख्न सके सुकुलढोकाको अस्तित्वले निरन्तरता पाउन सकिन्थ्यो भने यसले पर्यटकलाई आकर्षण गर्न मद्वत मिल्ने थियो ।

***

For Library Purpose

सुकुल ढोका मठ :

For Library Purpose

सुकुलढोका मठ भन्ने बितिकै उपत्यकाबासी नेवार समुदायमा प्रचलित परालको गुन्द्रीको ढोकाको मठ होला भन्ने लाग्न सक्छ । वास्तवमा सुकुलको ढोका जङ्गम मठ अगाडि प्रत्येक वर्ष दशैं तिहार र नेपाल संवत्‌को प्रथम दिन विशेष पर्व समारोहका अवशरमा मात्रै मनाइन्छ । वीरशैव जङ्गमजातिका नेवारी कलायुक्त सुकुलढोका मठ परम्परागत मठ परालको गलैचा सहित बनाइन्छ । भक्तपुर नगरपालिका ५ लाई भक्तपुरको प्रमुख ऐतिहासिक र साँस्कृतिक बजारको रूपमा लिइन्छ । तौमढी न्याटापोल र दत्तात्रेय तचपाल टोल बीचको सुकुलढोका मठ क्षेत्रमा जीवन निर्वाह र विधिव्यवहार कर्मकाण्डका सम्पूर्णसामग्री एकै

ठाउँमा पाइने हुनाले यस ठाउँलाई काठमाडौंको असन जस्तै भक्तपुरको असन समेत भन्ने पनि गरिन्छ । यस वडाभित्र सुकुलढोका मठ, लुवही, सुवर्ण भीमसेन बिहार, तीन तले चण्डेश्वरी जगन्नाथ देगल र त्रिपुरासुन्दरी द्योछें लगायतका सम्पदाहरू रहेका छन् ।

***

For Library Purpose

त्रिपुरासुन्दरी तुलाछें



त्रिपुरासुन्दरी तुलाछे अर्थात् तलेजुघर रहेको त्रिपुरासुन्दरीस्थल वृत्ताकार खोपाका रूपमा अवस्थित छ । सादा ढुङ्गाको रूपमा पुजिने त्रिपुरासुन्दरीको पीठको तोरणमा सर्प खाइरहेको कलात्मक छेपुले देवस्थलको गरिमा बढाएको छ ।

देवस्थलनजिक आकर्षक शैलियुक्त सानो आकृतिको आगछें (आगनघर) छ । यही आगछेंलाई तुलाछें अर्थात् तलेजु घर भनीएको हो । त्रिपुरासुन्दरी क्षेत्र सुकुल ढोकाबाट भक्तपुर दरवार क्षेत्रतर्फ लाग्दा बीचमा अरनिको सभा भवन सहित प्राचीन दरवार खण्डहरको रूपमा रहेको छ । यही त्रिपुरासुन्दरी क्षेत्रनै लिच्छविकालीन राजदरवार युथुनियम हो पनि भनिन्छ । तर लिच्छविकालीन

राज शिवदेव र अंशुवर्माकालीन शिलापत्र ढुङ्गेधारामा रहेको युथुनियम राजदरवारको निर्माणको तिथिमीति भने स्पष्ट भेटिएको छैन । यो दरवार नजिकै रहेको जगन्नाथ मन्दिर भने प्रचलनमा रहि आएको छ



त्रिपुराजबास भवन जयरूद्रदेव मल्लले नेपाल संवत् ४३९ आश्विन कृष्ण सप्तमीको दिनमा तयार परेको गोपाल राजा वंशावलीमा उल्लेख छ ।

नेपाल संवत् ४४१ मा कर्णाली प्रदेशका खस आक्रमणकारीहरूले त्रिपुराजबास ध्वस्त बनाई राजा रूद्र मल्लको हत्या गराएका थिए । त्रिपुरको अर्थ पूर्वमा चनिगाल, चासखेल उत्तरमा चोछें र दक्षिणमा तौमढी बीचको दरवार सहितको त्रिपुरासुन्दरीलाई तिनपुरबाट त्रिपुर भनीएको हो । तीनपुरका भाइभारदारहरूलाई समेत नियन्त्रणमा लिई खस आक्रमणकारीहरूले राजा रूद्र मल्लको हत्या गरेपछि निजकी बहिनी देवलदेवीको नेतृत्वमा सिंजाली खसहरूलाई युद्धमा हराएर लखेटेका थिए ।

कर्णाटकवंशी सिम्रौनगढका राजा हरिसिंह देवका साथ देवलदेवी त्यतिखेर अर्थात् नेपाल संवत् ४५१ मा मुस्लिम आक्रमणकारी समसुद्दिन तुगलकबाट बच्न भक्तपुरमा दाजुको शरणमा थिइन् । मुस्लिम आक्रमणकारीहरू सिम्रौनगढ छाडेर गैसक्यो भन्ने खबर पाएकोले मन्त्री चण्डेश्वरका साथ राजा हरि सिंहदेव सिम्रौनगढतर्फ जाँदै गर्दा बीचबाटामा मृत्यु भएपछि देवलदेवीले युथुनियम दरवारमानै बसि दाजुको राज्य सम्हालेको लोकोक्ति

रहेका छन् । यी र यस्तै अनगिन्ती लोकोक्ति जडित युथुनियम दरवारको भग्नाबशेष सहितको त्रिपुरासुन्दरी क्षेत्रमा मल्लकालीन चासुख्यो नारायण, उमामहेश्वर, जगन्नाथ मन्दिर लगायतका ढुङ्गेशिखर शैलीका मन्दिरहरू रहेका छन् ।

***

For Library Purpose

छुंमा गणेश

For Library Purpose

भक्तपुरको प्रमुख गणेश मन्दिरहरूमध्ये छुंमा गणेशलाई विशेष रूपमा पुजिन्छ । नेपालभाषामा छुं भन्नाले मुसा र मा को अर्थ बोट अथवा बिरूवा हो । त्यही ठाउँ जहाँ बिरालो भन्दा मुसा शक्तिशाली रहेको चर्तिकलामा आधारित छुंमा गणेश मन्दिरका रूपमा प्रख्यात छ । लोकोक्ति अनुसार बोधिसत्व मन्जुश्रीले ह्रासिकाप चोभारका डाँडा काटेर नेपाल उपत्यकाको पानी बाहिर निकास दिए । उपत्यकाको खाल्टोमा मानव वस्ती बस्न सकेको थिएन । नेपाल मण्डल (काठमाडौं उपत्यका) बाट पानी बाहिर निकास भएपछि जङ्गल नै जङ्गलले भरिएको भक्तपुरमा विषालु नाग नागिनिले राज्य गरिरहेका थिए । तर भक्तपुरकै डाँडावारीपारी नगरकोट,

ल्हासापाच्व, छालिङ, जीतपुर जस्ता पहाडी क्षेत्रमा भने मानव वस्ती रहेको थियो । जुन बेला भक्तपुरको राजधानी छालिङ् मानिन्थ्यो । त्यतिबेला त्यहाँ एक सूर्यवंशी राजाले राज गरिरहेका थिए । एक समय राजा शिकार खेल्दै जाँदा जङ्गलको बीचमा एउटा विशाल पोखरीको दिलमा कहिले मुसाले बिरालोलाई त कहिले बिरालोले मुसालाई पछार्दै लाप्पा खेलिरहेको दृश्य देखेछन् । अचम्म मानी राजाले हेर्दैजाँदा प्राकृतिक

प्रक्रिया विपरीत मुसाले बिरालोको गर्धन समातेर घिसार्दै अलिपरसम्म पुऱ्याएर एउटा ठूलो रूखको टोड्का (प्वाल) मा छिराएछन् ।

आश्चर्यचकित परेका राजालाई अझै चकित तुल्याउँदै मुसा र बिरालो अलप भएछन् र त्यही ठाउँबाट भगवान गणेश उत्पन्न भई भनेछन् । हे राजन अचम्म मान्नुपर्ने कुनै कारण छैन । मैले तिमीलाई यहाँसम्म ल्याउन नै मुसाले बिरालोको घिच्रो तान्दै लगिरहेको अचम्मको दृश्य देखाउनु परेको हो । राजन, यस जङ्गलमा विषालु नागनागिनीको कारण मानव वस्ती बस्न सकिरहेको छैन । ती नाग नागिनीलाई मारेर तिमीलेमात्रै यहाँ वस्ती बसाल्न सक्दछौ त्यसैले राजन तिमीले यो काम गरिहाल र यो क्षेत्रमा मानव वस्ती बसाल भनी अलप भएछन् । गणेशको आज्ञा मुताविक ती नाग नागिनीलाई बध गरी सूर्यवंशी राजाले सर्वप्रथम उक्त स्थानमा मानव वस्तीको सुरूवात गरे भन्ने लोककथन अझै ताजै छ । त्यही घटनाको स्मरण स्वरूप प्रत्येक वर्ष बैशाख महिनाको १ गतेदेखि भक्तपुरको लेसिङ्ख्यो भद्रकाली पीठमा मृत्त नाग नागिनीको लासको प्रतीक पताका लिङ्गो ठड्याउने विस्केट जात्रा परम्परा चलेको हो भन्ने लोककथन रहेको छ । मुसाले बिरालोलाई गर्धन समातेर प्वालभित्र प्रवेश गराएको रूख भएको स्थानमा हाल छुमा गणेशको मन्दिर छ । घण्टाकार शैलीको छुंमा मन्दिरभित्र सादा दुङ्गामात्रै पुजिन्छ । मुसा र बिरालो जुधिरहेको पोखरीलाई भौल्वा पुखु र टोललाई भोलाछें नामले चिनिन्छ । भक्तपुरबासीका पुजनीय गणेश मन्दिर छुट्टै कलात्मक छ । धातु छानाले छाएको मन्दिर मल्लकालमा निर्माण भएको कुरा नेपाल संवत् ७६९, ८१६र ८६० का शिलापत्रबाट स्पष्ट हुन्छ । नेपाल संवत् १०५४ को भूकम्पपछि पुनर्निर्माण गरिएको छुमा गणेश मन्दिर अगाडि भजन गर्ने पाटी र पछाडि शीतलमा बस्ने फल्चा रहेको छ । इट्टा छापेको चोक सडक छेउ सार्वजनिक डबली पनि रहेको छ । छुमा गणेश भक्तपुर नगरपालिका वडा नं ६ मा अवस्थित छ ।

***

चण्डेश्वरी अजिमा

चण्डेश्वरी अजिमा मन्दिरलाई जीवितदेवी कुमारीको पीठ स्वरूप पुज्ने चलन छ । भक्तपुरको टिबुक्छे टोलको गल्ली भित्र घरैघर बीच एक कुनामा यो मन्दिर स्थापित छ । नेपाल संवत् ८३३ र ८५४ को अभिलेख रहेको चण्डेश्वरी अजिमा मन्दिरलाई राजा रणजीत मल्ल

जनता मिलेर स्थापना गराइएको हो । मन्दिर तीनतल्ले मण्डपशैलीमा अवस्थित छ ।

दुङ्गाको साडा मूर्तिका रूपमा पुजिने चण्डेश्वरी अजिमास्थल वरिपरि दुङ्गेधारा पुस्तकालय, भजनगृह, फल्चा पाटी व्यवस्थित तरिकाबाट स्थापितगरिएको छ । भुइँमा ढुँगा इट्टा छापेको र झिंगटी छानो आकर्षक रूपमा रहेको छ । चण्डेश्वरी मन्दिर अष्टमातृका पछि एक अर्को मातृका थपेर भक्तपुरको रक्षक मानिने नौ वटा दुर्गा अर्थात् नवदुर्गाको रूपमा लिइन्छ । विजया दशमी र नवदुर्गा जात्राको बेला विशेष पर्व पर्ने चण्डेश्वरी अजिमा बनेपाको चण्डेश्वरीकै प्रतीकृतिमा स्थापित छ ।

कलात्मक चण्डेश्वरी मन्दिर मण्डप शैलीमा निर्मित छ । यो मन्दिर ३ तल्लाको रहेको छ । सुनको मोलम्वा कुँडिएको यो मन्दिरको छाना आकर्षक रहेको छ । मन्दिरको द्वारमा सुवर्ण मयूरको स्तम्भले चण्डेश्वरी मन्दिरलाई थप आकर्षक बनाएको छ । मन्दिरभित्र चण्डेश्वरी देवीको मूर्ति विराजमान छ । चण्डेश्वरीलाई शक्तिशाली देवीको रूपमा पुज्ने परम्परा कायम छ ।

लोकोक्ति अनुसार मल्लकालीन समयमा भक्तपुरको टिबुक्छेमा रहेको

For Library Purpose

यही चण्डेश्वरी मन्दिरको प्रसाद भक्तपुरका राजाले घोडामा सवार भई वनेपा स्थित चण्डेश्वरी मन्दिरमा पुऱ्याएपछि मात्र त्यहाँको जात्रा सुरू हुने परम्परा थियो । त्यो चण्डेश्वरी मन्दिरको निर्माण सम्बन्धी एउटा लोककथन प्रख्यात छ । भक्तपुरका राजा दिनहुँ घोडा चढेर वनेपामा चण्डेश्वरीको दर्शन गर्न जाने गर्दथे । एकदिन सपनीमा चण्डेश्वरीले दर्शन दिएर भनीछन्, "मेरो कारण तिमीलाई धेरै दुख भयो । तिमी आफ्नो दरवारको पूर्व क्षेत्रमा जाऊ जहाँ थुप्रै झिंगाहरू भुनभुनाइरहनेछन् । तिमी त्यही गएर मन्दिर स्थापना गरी मेरो पूजाआजा गर्नु म त्यही दर्शन दिन आउनेछु ।" सपनामा चण्डेश्वरीले दिएको आदेश मुताविक राजा दरवार क्षेत्रबाट पूर्व जाँदा त्यहाँ एउटा जमीनको ढिस्कोमा माहुरी जस्तै झिंगाहरू भुनभुनाइरहेको देखे । त्यहीँ राजाले सपनामा देखे वमोजिम चण्डेश्वरीको मन्दिर स्थापना भएको लोककथन अहिलेपनि स्थानीयमाझ प्रख्यात छ ।

***

For Library Purpose

च्वछेँ वहाः
(सुन्दरी गोपाल शिखरनारायण)



काठमाडौ र ललितपुरमा बहाः भन्नासाथ त्यहाँ बुद्ध बिहार अनिवार्य हुने गर्दछ । तर भक्तपुर मात्र एउटा यस्तो स्थान छ जहाँ बहाः भनीएको घरै घरको बीचमा खाली चोकको रूपमा मानिने चलन छ । च्वयछें अर्थात् नेवारी भाषामा माथिल्लो घर र वहाः भन्नाले बिहार अर्थात् वरिपरि घरैघर बीचको खाली चोक भन्ने वुझिन्छ । भक्तपुर नगरपालिका वडा नम्वर ३ को स्वामलाबहाः जस्तै छुमा गणेश मन्दिर नजिकै रहेको यस च्वछेंबहाः पनि बिहार रहित बहाः मात्र हो ।

भक्तपुर नगरपालिका

For Library Purpose

भित्रको सर्वाधिक सानो वडा मानिने च्वछेंबहा:भित्र सुन्दरी गोपाल शिखरनारायणको आकर्षक मन्दिर रहेको छ । मल्लकालीन शिखर शैलियुक्त शिखरनारायण मन्दिरभित्र कृष्ण, विष्णु र नारायणका तीन स्वरूपलाई एकै आकार दिएर मूर्ति स्थापित गरिएको छ । इट्टैइट्टा छापिएको चोकबाट मन्दिर उक्लन पाँचवटा प्रदक्षिणा उक्लिएर जानुपर्ने शिखरनारायणको मन्दिर रहेको छ । तर मन्दिर कस्को पालामा कस्ले निर्माण गराएको हो भन्ने कुनै अभिलेख भेटिएको छैन ।

***

For Library Purpose

गणेद्यो द्योछें (गणेशको देवघर)

For Library Purpose

भक्तपुर नगरपालिका वडा नम्वर ६ मा अवस्थित चारतल्ले नेवारी वास्तुकलायुक्त आँगछें अर्थात् गणेश द्योछें मण्डप शैलीको संरचना आकर्षक शैलीमा गजुर सहित ठडिएको छ । द्योछेंभित्र राखिएको मूल देवता पुज्नाले मुसाले घरमा दुःख नदिने भन्ने जनविश्वास रहेको छ ।

कलात्मक झ्याल ढोकाका तोरण टुँडालयुक्त द्योछें (घर अड्काउने भुँइ तल्ला) मठ, पाहुना आउँदा राख्ने कोठा, जहाँ हाल देवताको जात्रा गर्दा देवता निकाल्नु अघि पूजा पश्चात् भोज खाने परम्परा छ ।

देवघरको माथिल्लो तल्लामा सुत्ने ठाउँ हुन्छ । तर सोही देवघरको द्योछेंमा भने देवता गहना र देवताका बहुमूल्य सामग्री राख्ने परम्परा छ । वैग (वैग:वैकुण्ठ देगल वै+गल=वैगल अर्थात् खाना पकाउने कोठाको रूपमा रहेको भान्छामा प्रसाद र भोज बनाइन्छ) वैग संरचनामा बनेको नेवारी वास्तुकलायुक्त यो द्योछेंबाट प्रत्येक वर्ष वैशाख १ गते विस्केट जात्राको बेला खत निकाली भव्य पूजा गर्ने परम्परा छ ।

***

For Library Purpose

भक्तपुरको प्राचीन पुस्तकालय सफु कोठा



For Library Purpose

भक्तपुरको सफुकोठा (साकोठा) मा भक्तपुरकै सबैभन्दा पुरानो पुस्तकालय रहेको छ । यो पुस्तकालय नेपालकै सबैभन्दा पुरानो र पहिलो पुस्तकालयका रूपमा पनि लिइन्छ । भक्तपुरको साकोठामा हाल रत्नभवनको दक्षिणतर्फ एउटा पुरानो घर छ । त्यहीँ मल्लकालीन पुस्तकालय थियो । नेवारी भाषामा 'सफु कोठा' अर्थात् 'पुस्तकालय' बाटै यो ठाउँको नाम अहिले साकोठा रहन गएको हो ।

सफु कोठाको स्थापना कहिले भयो भन्ने प्रामाणिक तथ्य नभए पनि यो मल्ल राजा भूपतिन्द्र मल्लको पालामा उनकै सक्रियतामा बनेको थियो भन्ने इतिहासमा उल्लेख छ । यक्ष मल्लदेखि रणजीत मल्लसम्मका राजाहरू

आफैं विद्वान एवम् विद्वानहरूको कदर गर्ने हुँदा थुप्रै विधामा असंख्य पुस्तकहरू यो समयमा लेखिएको पाइन्छ । थुप्रै विषयका पुस्तकहरूको उर्वर भूमि भक्तपुर थियो । मल्लकालको उत्तरार्धकालमा पुस्तकको लागि भक्तपुर उर्वर जिल्ला मानिन्थ्यो । लिच्छवि राजा आनन्द देवदेखि यक्ष मल्लसम्मको करिब तीन सय ६७ वर्षसम्म नेपालमण्डलको राजधानी भक्तपुर हुँदा प्रायः विद्वानहरूको अध्ययन केन्द्र सफुकोठा अर्थात् साकोठा नै थियो ।

भक्तपुरका राजा भूपतीन्द्र मल्लले त सानाठूला अवसरमा समेत सयौं पुस्तकहरू लेख्न लगाएको पाइन्छ । उनले पुस्तकमात्र लेख्न लगाएनन् सङ्ग्रह समेत गरेको पाइन्छ । सोही क्रममा तत्कालीन युथुनियम दरवारको दक्षिण भागको एक भवनमा साफू कोठा (अर्थात् पुस्तकालय) बनाएको भनाइ पाइन्छ । वास्तवमा तुलाछें वरपर त्रिपुर दरवार अनि हालको विद्यार्थी निकेतन वरपर युथनिमम दरवार रहेकोमा साफु कोठा बनाएको ठाउँ दरवार नजिकको ठाउँ हो । जुनसुकै बेला सजिलै आउनजान सकिने गरी पुरानो दरवारको एक भागमा यसरी पुस्तकालय बनाइएको थियो । यही साफु कोठाबाट तत्कालीन दरवारको एक भागको नाम 'साकोठा' रहन गएको विश्वास गरिन्छ ।

भूपतीन्द्र मल्लको पुस्तक ग्रन्थ प्रति निकै रूची रहेको प्रमाण छ । राजा जितामित्र मल्ल जिवित छँदै उनले आफूलाई राजोचित व्यवहार गरी महाराजधिराज शब्द उपयोग गरी 'योगावली' नामको पुस्तक लेखेका (लेख्न लगाएका) थिए । जसमा स्पष्टसँग 'यो पुस्तक भूपतीन्द्र मल्लको हो' भनी लेखिएको छ । आफू राजा भइसकेपछि आ नो राजकालमा कुनै पनि खालका धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक कार्यहरू गर्दा होस् वा कुनै सानाठूला घटना हुँदा त्यसमाथि पुस्तक लेख्ने/लेखाउने गरेर अभिलेखिकरण गर्ने गरेको पाइन्छ । त्यसो त उनले ने.स. ८३४ मा कान्तिपुरबाट ङाता भैल प्याखँ भक्तपुरमा देखाउन ल्याउँदा भएका सबै खर्च विवरण उल्लेख भएको 'नृत्य पञ्जर पञ्जिका' नामक पुस्तक समेत लेखेको पाइन्छ । बनेपामा किल्ला बनाएको उपलक्ष्यमा 'प्रसाद प्रतिस्था विधि' नामको पुस्तक पनि लेखेका थिए । वाभुँको किल्ला बनाउँदा, थिमी, बनेपा, पनौती, कोल्पाकोट लगायतको किल्ला मर्मत गर्दा, टौमढी नजिक चुपीघाटको पुल बनाउँदा, बाराहि मन्दिरमा महादिप प्रज्जवलन गर्दा, लायकुस्थित बत्सला मन्दिरमा घण्टा (खिचा ख्वः गंः) चढाउँदादेखि हरेक सानाठूला कार्य गर्दा थुप्रै पुस्तकहरू लखेको पाइएको छ । राजा भूपतीन्द्र मल्लको नाममा मात्र

For Library Purpose

११९ वटा पुस्तक छन् ।

त्यस्तै ने.स. ८२९ देखि ८३७ (वि सं. १७६६ देखि १७७४) सम्मको अवधिमा भूपतीन्द्र मल्लले विभिन्न व्यक्ति, विभिन्न ठाउँबाट गरी समय-समयमा गरी विविध विषयका ११९० वटा पुस्तकहरू संग्रह गरेको प्रमाण छ । जुन काठमाडौं स्थित राष्ट्रिय अभिलेखालयमा रहेको सूचीपत्र 'थ्यासफु'मा उल्लेख छ । विद्वान डा. जनकलाल वैद्यले यसलाई प्रकाशमा ल्याएका थिए । उनले पत्ता लगाएको 'थ्यासफु' मा भूपतीन्द्र मल्ल पुस्तक संग्रहमा कतिको रूची राख्थ्यो भन्ने प्रमाण मिल्छ ।

भूपतीन्द्र मल्लले ने.स. ८२९ मा भोला ओझासँग विभिन्न विषयका ६९ वटा पुस्तक सफुकोठाको लागि लिएको देखिन्छ । यहीं ब्रम्हपुरका कवि गणेश झालाई भूपतीन्द्र मल्लले 'हितैषी मित्र' भनी ठाउँ ठाउँमा सम्बोधन गरेबाट विद्वानहरू प्रति उनको सुदृष्टी स्पष्ट हुन्छ । यता क्वाछेंका जगतसिंह वैद्यले ने.स. ८३४ मा विभिन्न १३ विषयका करिब ६८ वटा जति पुस्तक संग्रहका लागि दिएका थिए । सुकुलढोकास्थित त्रिपुर विद्यापीठका भीम कर्माचार्यबाट राजाले विभिन्न विषयका ११ ग्रन्थ पुस्तक लिएका थिए । ने.स. ८३१ मा क्वाँछेका कस्त भारदारबाट २२ पुस्तक र भार्वाचोका कुम्हरबाट १३ ग्रन्थ पुस्तक संग्रह गरेको प्रमाण छ । त्यस्तै, नगर बाहिरका विभिन्न भारदारहरूबाट पुस्तक संग्रह गर्ने क्रममा ने.स. ८३४ मै खम्पु (श्रीखण्डपुर) का बादे (बज्राचार्य) बाट १७६ वटा पुस्तक संग्रह गरेका थिए । यसबाट भूपतीन्द्र मल्लले आ नो जीवनकालमा थुप्रै पुस्तकहरू संग्रह गरेको देखाउँछ र ती पुस्तकहरू सबै सफु कोठामा संग्रहित गरेका थिए ।

गोर्खाली आक्रमणमा भक्तपुरको विभिन्न ठाउँहरूमा आगो लगाउने क्रममा साफुकोठामा पनि आगो लगाइएको भनाइ पाइन्छ । पृथ्वीनारायण शाहले भक्तपुरबाट जितेर लगेको सामानको टिपोटमा एउटा पनि पुस्तकको नाम नहुनुले यसलाई पुष्टि गर्छ । बचेखुचेका पुस्तकहरू पछि राणाकालमा वीर शम्शेरले दरवारमा लगी वीर पुस्तकालय बनाए । जुन अहिलको राष्ट्रिय अभिलेखालय हो । त्यसैले, राष्ट्रिय अभिलेखालयमा अहिले पनि भक्तपुरकै सबभन्दा बढी पुस्तकहरू भेटिन्छन् । त्यतिमात्र हैन, राणाकालपछि भक्तपुर सफु कोठाका कयौं महत्वपुर्ण पुस्तकहरू संसार भरिका प्रमुख सङ्ग्रहालय र पुस्तकालयमा पुगिसकेका छन् ।

***

For Library Purpose

पशुपति

वत्सला मन्दिर नजिकै रहेको लायकु अर्थाथ दरवार क्षेत्रको ठूलो मन्दिर नै भक्तपुरको पशुपतिनाथको मन्दिर हो । लोककथन अनुसार राजा यक्ष मल्ल पशुपतिनाथको परम् भक्त थिए । उनी प्रत्येक दिन भक्तपुर देखि काठमाडौंमा पुगेर पशुपतिनाथको दर्शन गरेर मात्र खाना खान्थे । एक दिन मनोहरा खोलामा बाढी आएका कारण पशुपतिनाथको दर्शन गर्न नपाउँदा राजा दरवार फर्केर निराहार बसे । एकदिन पानी बढेका कारण पशुपति पुग्न नसकी चिन्तै चिन्तामा निदाउन पुगेछन् ।

सोही समय राजा यक्षमल्ललाई सपनामा पशुपति नाथले दर्शन दिएर

भनेछन् 'हे राजन अब दुःख सहेर दिनहुँ यहाँसम्म आइरहनु पर्दैन दरवार अगाडि नै पशुपतिनाथ देवताको स्थापना गर्नु' देवताको आज्ञा मुताविक काठमाडौको पशुपतिनाथ जत्रै उस्तै झिंगटीछाना युक्त मण्डपशैलीको मन्दिर बनाउन लगाइयो । जुन मन्दिरलाई यक्षश्वर महादेव भन्ने प्रचलन छ । मन्दिर अगाडि शिखर शैलीको सानो गुह्येश्वरी देवल रहेको छ । त्यहाँ जङ्गम जातिका वीर शैव मतावलम्बी पुजारी रहने परम्परा छ । प्रत्येक वर्ष शिवरात्रीको र तिजको दिन विशेष मेला लाग्ने गर्दछ । यक्षश्वर महादेव भक्तपुर नगरपालिका वडा नं २ लायकु दरबार अवस्थित छ ।

यो मन्दिरको टुँडालहरू अति आकर्षक र कलात्मक रहेको छ । मन्दिरको टुँडाल परापूर्वकालमा यौन शिक्षाको रूपमा पनि ग्रहण गरिन्थ्यो भन्ने विश्वास गरिन्छ । टुँडालमा कुँदेका काष्ठकलाहरूले भक्तपुरका हरेक सम्पदा स्थल पुग्ने आगन्तुकहरूलाई मोहित बनाउँदछ ।

***

For Library Purpose

बंशीनारायण कृष्ण मन्दिर



For Library Purpose

भक्तपुरको लायकु अर्थात् मुख्य दरवार क्षेत्र ढोकाबाट दायाँतर्फ दुईतल्ले मण्डपशैलीमा निर्मित झिंगटीको छानोमा बंशीनारायण कृष्ण मन्दिर रहेको छ । कलात्मक र जटिल काष्ठकलायुक्त तोरण टुंडाल सहितको कृष्ण नारायण मन्दिर नेपाल संवत् ७८९ मा राजा जगत ज्योति मल्लले निर्माण गर्न लगाइएको हो । त्यसै लहरमा ईँट्टा नै ईँट्टाले बनेको सानो शिखरशैलीयुक्त शिवशक्ति स्वरूप देवस्थल पनि रहेको छ । भक्तपुर नगरपालिका वडा नं २ मा अवस्थित यो मन्दिर भने राजा रणजीत मल्लले नेपाल संवत् ८७७ मा निर्माण गर्न लगाइएको शिलापत्रमा उल्लेख छ ।

***

भैरव भगवती

y Purpose



भक्तपुरको लायकु दरवार प्रवेश गर्ने परम्परागत ढोका (२०७२ साल बैशाख १२ गतेको भूकम्पले भत्किएर पुर्ननिर्माण भएको) बाट छिर्नासाथ पद्म हाइस्कुलको ढोका दायाँबायाँ १८ हाते भैरव भगवतीका ढुङ्गे मूर्ति अवस्थित छ ।

राजा यक्ष मल्लले राज दरवार प्रवेश गर्न आठ दिशामा आठ ओटा हाँती छिर्ने ढोका (ध्वाखाः) र दरवारको चारैतिर पर्खालले घेरी पर्खाल



छेउ शत्रु भित्र प्रवेश गर्न नसकोस भनी खाडल खनाएका थिए । यो देवस्थल भक्तपुर नगरपालिका वडा नं २ मा अवस्थित छ । नेपाल संवत्को आठौं शताब्दीमा राजा भूपतीन्द्र मल्लले निर्माण गराएको भैरव भगवती मन्दिर दैवी शक्तिका रूपमा दरवार रक्षार्थ स्थापना गराएको विश्वास गरिन्छ ।

***

For Library Purpose

समयसूचक घण्ट

गोल्डेन गेट अर्थात् स्वर्ण ढोका नजिकै रहेको सानो घण्टीलाई समय सूचक घण्ट पनि भनिन्छ । यो घण्ट राजा भूपतीन्द्र मल्लले निर्माण गर्न लगाइएको हो । हाल दरवार सुरक्षार्थ खटिएका सुरक्षाकर्मी ले घण्टा-घण्टामा जति बजेको त्यति पटक र प्रत्येक घण्टाको आधा घण्टामा एक पटकमात्र यो घण्ट बजाउने प्रचलन छ । परापूर्वकालमा सबैको हातहातमा घडी नहुने हुनाले दरवार क्षेत्रका स्थानीय र भारदारहरूलाई समय सूचित गराउन पनि यो घण्ट बजाउने प्रचलन रहेको बताइन्छ ।

***

तलेजु घण्ट (पूजापाठ सूचक)

यक्षेश्वर, पशुपति र तलेजुको पूजा गर्दा वा सङ्कटकालीन स्थितिमा बजाइने ठूलो घन्टी अहिले साङ्लोमा ताल्चा लगाएर बन्द अवस्थामा छ । गोल्डेन गेट अर्थात् स्वर्ण ध्वाखाको विपरीत दिशामा दुई ढुङ्गाको खम्वामा झुण्डाइएको ठूलो घण्ट नै पूजापाठ सूचक तलेजु घण्टको रूपमा परिचित छ । विहान तलेजु भवानीको पूजापाठ सुरू हुँदा र साँझ पूजापाठ सम्पन्न हुँदा यो घण्ट बजाउने परम्परा रहेको बताइन्छ ।

***

खिचाखो गं र वत्सलादेवी मन्दिर



ढुङ्गै ढुङ्गाको शिखर शैलीको वत्सलादेवी मन्दिर अष्टभुजाकार शैलीमा पाटनको कृष्ण मन्दिर जस्तै आकारमा बनाइएको यो मन्दिर भित्र ढुङ्गाकै पूर्ण कलश र खड्ग मूर्ति रहेका छन् ।

विशाल शिरख शैलीमा निर्माण गरिएको यो मन्दिरको चारै तिर विभिन्न देवी देवतको आकृतिका प्रतिमा रहेका छन् । मन्दिरसँगै जोडिएको

वत्सला देवीको पहिलो खुट्किलामा रहेको घण्टीलाई नै खिचाखों गं भनिन्छ । खिचाखो गं (घण्टी बजाउँदा कुकुर पनि रूने) घण्टी पछिल्लो समय डक बार्किङ बेलका रूपमा पर्यटकमाझ प्रख्यात छ । लोकोक्ति अनुसार राजा भूपतीन्द्र मल्लले नराम्रो सपना देखेकाले उक्त सपना छल्नका लागि यो घण्टी बनाएर वत्सला मन्दिर अगाडि प्रतिस्थापन गरेको जनविश्वास पाइन्छ । घण्ट तत्कालीन राजा भूपतीन्द्र मल्लले वि.सं. १७७८ मा निर्माण गरेको मानिन्छ । यो मन्दिर भक्तपुर दरवार क्षेत्र लायकुमा अवस्थित छ । यो मन्दिर २०७२ साल बैशाख १२ को भूकम्पले पूर्ण क्षति पुऱ्यायो ।

***

For Library Purpose

ङ्यङापा झ्याः (पचपन्न झ्याले दरवार)

भक्तपुरका सर्वाधिक महत्वकाङ्क्षी चर्चित राजा भूपतीन्द्र मल्लका पालामा थुप्रै सम्पदाको निर्माण भएका थिए । अनगिन्ती सम्पदामध्ये पचपन्न झ्याले दरवार नेपाल संवत् ८२२ बैशाख महिनामा निर्माण सम्पन्न गरेको थियो । राजा यक्षमल्लले जग हाली अधुरै छाडेको पचपन्ने झ्याले दरवारलाई राजा भूपतीन्द्र मल्लले पूर्णता दिएको थियो । राजा भूपतीन्द्र

मल्लले दरवार अगाडि अन्य ढुङ्गे शालिक स्तम्भ पनि राख्न लगाए ।

दरवार अगाडि उनले च्यासी फल्चा आठकुने दुई तल्ले मण्डप शैलीयुक्त कलात्मक पाटी निर्माण गर्न लगाए । साथै विभिन्न मल्ल राजाले दरवार भित्र बनाइएका ९९ वटा चोकलाई व्यवस्थित गर्नुका साथै विभिन्न चोकमा अवस्थित देवी देवताका मन्दिरसमेत निर्माण गरे । तर हाल दरवार भित्र मुस्किलले १ दर्जन चोकमात्रै बाँकी छन् । मल्लकाकालीन यो दरवार भित्र प्रवेश गर्दा पौराणिक शैलीको अनुभूति दिलाउँछ । यो दरवार भक्तपुर दरवार क्षेत्र लायकुमा अवस्थित छ ।

***

For Library Purpose

सुवर्णद्वार (लुँ ध्वाका)

भक्तपुर ऐतिहासिक सङ्ग्रहालय र पचपन्ने झ्यालेदरवार बीचको लुँ ध्वाखा अर्थात् सुवर्ण द्वार भक्तपुरकै प्रख्यात सम्पदास्थल मध्य प्रमुख मानिन्छ । यो दरबार प्रवेश गर्ने प्रमुख द्वार हो । वि.सं १८१० मा राजा रन्जित मल्लले निर्माण गराइएको सुवर्ण द्वारमा ३ वटा गजुर नेपालको झण्डा कलात्मक तान्त्रिक देवी र वैष्णवी, सिंह, हात्ती तथा झल्लर तोरण कलाकृति मार्मिक तरिकाले कुडिएका छन् । सुवर्णद्वार अर्थात् लुँध्वाखा बाट भित्र छिर्दा राजा यक्षमल्ल द्वारा निर्माण गरिएको मूल चोकमा सुन्धारा र तलेजु भवानी अवस्थित छन् । यो सुवर्णद्वार भक्तपुर दरवार क्षेत्र लायकुमा अवस्थित छ ।

***

तलेजु क्षेत्र

भक्तपुरको प्रमुख सम्पदा तलेजु क्षेत्र हो । सुवर्णद्वारबाट भित्र प्रवेश गरेपछि तलेजु क्षेत्र पुगिन्छ । सुवर्णद्वारबाट प्रवेश गर्नेबित्तिकै भित्री द्वारको दायाँवायाँ विशाल आकारको दुई दमाहा आँखी झ्यालले बारेर राखेको अवस्थामा संरक्षण गरी राखिएको छ । १८० डिग्री गोलाकार धातुमा छालाले मोडेर बनाइएको बाजा समाजमा पञ्चे बाजा बजाउँदा प्रयोग गर्ने सानो दमाहा आकारको दुई विशाल बाजा रहेका छन् । यो बाजा मल्लकालीन शाषणकालमा युद्धहुनु पूर्व सतर्कताको लागि बजाउने गरिन्थ्यो भनिन्छ । यो बाजा बजाउँदा मल्लकालीन समयमा भक्तपुरका

अधिकाँश टोलमा सुनिन्थ्यो र युद्धकालीन समयमा सतर्कता अपनाइन्थ्यो भन्ने कथन रहि आएको छ ।

यही पौराणिक द्वारबाट भित्र प्रवेश गरीसकेपछि भित्र सुरक्षाकर्मी सहित संरक्षित रहेको तलेजु भगवतीको मन्दिर र दरवार ऐतिहासिक दरवार रहेका छन् । यो चोकलाई स्नेह चोकको रूपमा पनि व्याख्या गरिन्छ । भित्र प्रवेश गरेपछि दक्षिणमा तलेजु भगवतीको मन्दिर र पश्चिममा कुमारी ढोका रहेको छ । मन्दिरको छानामा राजा भूपतीन्द्रमल्लले चढाएको ११ वटा गजुर रहेका छन् । लहरै देखिने ११ वटा गजुरले यो क्षेत्र भ्रमणमा पुग्ने जो कोहिलाई साँस्कृतिक धरोहरको स्वर्ण हिमशृङ्खलाझैं प्रतीत गराउँछ ।

तलेजु क्षेत्र भित्रमात्रै ६ वटा पीत्तल धातुको र २७ वटा काठको कलात्मक टुँडाल रहेका छन् । टुँडालमा तलेजु देवीको र महादेवका आकृति कुँडिएका छन् । त्यस्तै स साना आँखीझ्यालहरू, आखीझ्याल भित्रको दरवार अति मनमोह अवस्थामा संरक्षित रहेका छन् । तलेजु क्षेत्र प्रवेश गर्ने फरक फरक चोक र मार्गहरूले यो क्षेत्र प्रवेश र भ्रमण गर्दा जो कसैलाई वास्तविक मल्लकालीन युगमै छौं कि भन्ने आभाष गराउँछ । आँखी झ्यालहरू बाट मल्लकालीन राजा र महारानीहरूले चिहाइरहेको छ की भन्ने भान गराउने कला र कौशलले भरिपूर्ण तलेजु क्षेत्रले यहाँ

For Library Purpose

प्रवेश गर्ने सबैको मन प्रफुल्ल बनाइदिन्छ । पहिलो पटक यो क्षेत्र प्रवेश गर्ने पर्यटकहरू यहाँका कला र कौशलले अति नतमष्तक नै बन्छन् ।

तलेजु क्षेत्र मा ३२ वटा कलसको चित्र र विभिन्न सम्पदा क्षेत्रमा प्रवेश गर्ने चौधवटा द्वार रहेका छन् । त्यसमध्ये प्रमुख द्वारहरूमा सुवर्ण द्वार, प्रमुख द्वार, कुमारी द्वार,रून्चेपोखरी द्वार रहेका छन् । प्रमुखद्वारको दायाँ वायाँ गङ्गा र जमुनाको मूर्ति रहेका छन् । तलेजुको निकै प्राचीन मानिने तलेजु दायाँ क्षेत्रको तेस्रो ढोकामा अझै पनि प्वाल र गोली देख्न सकिन्छ । यस्लाई मल्लका राजालाई गोलि हान्दा छल्ने क्रममा ढोकामा गोली लागेको चिनोको रूपमा संरक्षित रहेको छ । तलेजुमा प्रवेश गर्ने



भने हिन्दु धर्मावलम्वी बाहेक अन्यलाई प्रवेश निषेध गरिएको छ ।

तलेजु चोकको दायाँ भैरव चोक रहेको छ । जहाँ विभिन्न आकृतिका भैरवका मूर्ति स्थापित गरिएका छन् । चोकको दायाँ कुमारी चोकमा जीवित देवी कुमारीको कलात्मक ढुङ्गे आसन नाग सहित कलात्मक रूपमा अवस्थित छ । गयासुद्दिन तुगलकले सिम्रोन नगर आक्रमण गर्दा राजा हरिसिंहदेवले नेपालको शरणमा आउँदा ल्याएको तुलजा (तलेजु) भवाणी भक्तपुरको दरवार क्षेत्रभित्र सर्वाधिक सम्मानका साथ स्थापित गराइएको छ । तत्कालीन भक्तपुरका राजा रूद्रमल्लकी बहिनी

देवलदेवी सिम्रौनगढ (हाल पर्सा वीरगञ्ज) का नायरवंशी राजा हरिसिंह देवको श्रीमती थिइन् । नेपालको शरणमा आउँदा उनले ल्याएका कुल देवतालाई ढुङ्गा छापेको चोक बीच भुइँतल्ले १३ वटा गजूरयुक्त मन्दिर बनाई दरवारभित्रै स्थापना गराएका थिए । राजा जितामित्र मल्ल लगायत अन्य राजाहरूले पनि तलेजु चोकमा नै भैरव चोक र कुमारी चोक लगायतका चोकहको व्यवस्थापन गरेका थिए । यो सम्पदा भक्तपुर दरवार क्षेत्र लायकुमा अवस्थित छ ।

For Library Purpose



***

तलेजु भवानी

स्वर्गका राजा इन्द्रको कुलदेवताको रूपमा तलेजु भवानीलाई लिइन्छ । लोकोक्ति अनुसार रावणका छोरा इन्द्रजीतले लडाईमा इन्द्रलाई हराएपछि तलेजुलाई पनि साथमा लिएर आएको धार्मिक विश्वास रहिआएको छ । वि.सं.१३७९ मा सिम्रौनगढका राजा हरिसिंहदेवले नेपाल शरणमा आउँदा तलेजुलाई पनि साथमा ल्याएको भनाइ पनि पाइन्छ । त्यस्तै पन्ध्रौं शताव्दिमा मल्लकालीन राजाले नेपालको सिम्रौनगढबाट सर्वप्रथम श्री यन्त्र भक्तपुर ल्याएका थिए । पछि राजा यक्ष मल्लका पालामा

राज्य विभाजन भएपछि क्रमिक रूपमा आ–आ ना राज्यमा तलेजुको स्थापना गर्न थालिएको थियो । अहिले पनि मल्लकालीन शाषणकालका नेवार वस्तीहरूमा उपत्यकाका विभिन्न स्थानमा तलेजुको स्थापना भएको पाइन्छ । तलेजु भवानीमा हिन्दुहरूको महान चाड दशैंमा भव्य मेला लाग्ने गर्दछ । यहाँ २७ राँगा र थुप्रै बोका र हाँस को बलि दिने प्रचलन रहिआएको छ ।

लोकोक्ति अनुसार तलेजु भवानी राजा त्रैलोक्य मल्लसँग पासा खेल्थिन् । एक दिन पासा खेल्ने क्रममा त्रैलोक्य मल्लका छोरीले देखेपछि राजाले प्रत्यक्ष रूपमा दर्शन नपाएको र तलेजुले बौद्धकन्या अर्थात् नेवार समुदायका शाक्यकी कान्छी छोरीमा कुमारीको रूपमा राजाहरूले दर्शन पाउने बताएर अन्तरध्यान भएको मानिन्छ । त्यसैले राजा जगतप्रकाश मल्लले काठमाडौंस्थित कुमारीघर स्थापना गरेको मानिन्छ । साथै तलेजु चोकमा अवस्थित तलेजु भवानीलाई हरेक दिन साँझ र विहान नित्यकर्म गर्ने गराउने परम्परा रहिआएको छ । यो सम्पदा भक्तपुर दरवार क्षेत्र लायकुमा अवस्थित छ ।

***

For Library Purpose

लुँहिति (सुनधारा)

For Library Purpose

सुवर्ण द्वारबाट भित्र प्रवेश गरेपछि तलेजु मन्दिर प्रवेश गर्नुपूर्व दायाँ चोकमा लुंहिति अर्थात सुनधारा रहेको छ । तलेजु भवानी क्षेत्रमा तस्वीर लिन मनाही भए पनि सुनधारा क्षेत्रमा भने तस्वीर लिन निषेध छैन । सुनधारा लाई वरिपरि ढुङ्गाको नागले घेरिएको छ भने धारामाथि धातुको नाग स्थापित छ । त्यस्तै सुन्धारा अगाडि आकर्षक अग्लो स्तम्भमा नागको प्रतिमा स्थापित छ ।

यो धारा वि.सं १७३५ मा राजा जितामित्रको पालामा निर्माण गरिएको मानिन्छ । तलेजु भवानीलाई नित्य स्नानका लागि नगरकोटको महादेव पोखरीबाट कुलो खनेर उक्त धारामा पानी ल्याउने प्रवन्ध मिलाइएको जन विश्वास पाइन्छ । तर अहिले सुनधारामा पानी बग्दैन । सहरीकरणको विकाससँगै कुलो लोप भइसकेको मानिन्छ । यो सम्पदा भक्तपुर दरवार क्षेत्र लायकुमा अवस्थित छ ।



For Library Purpose

तलेजुभित्रको रून्चेपोखरी

तलेजु क्षेत्रमा रहेको रून्चेपोखरी पनि यो क्षेत्रको सम्पदाको रूपमा महत्व दिइन्छ । कुनै पनि बाल बालिकालाई रून्चे लागेमा वा रोइरहने भएमा रून्चे पोखरीमा लगेर मुख धोई दिएमा बच्चा नरूने जनविश्वास रहिआएको छ । भक्तपुरलगायत विभिन्न जिल्लाका मानिसहरू अझै पनि यो पोखरीमा रून्चे बच्चा लिएर मुख धुन ल्याउने परम्परा कायम छ । यो सम्पदा भक्तपुर दरवार क्षेत्र लायकुमा अवस्थित छ ।

***

भूपतिन्द्र मल्लको शालिक



भक्तपुरको तलेजु मन्दिर प्रवेश गर्ने स्वर्णढोका अगाडि रहेको भूपतीन्द्र मल्लको शालिकले पनि भक्तपुर दरवार परिसरलाई शोभायमान बनाउन मद्दत पुऱ्याएको छ । बसेर नमस्कार गरिरहेको मुद्रामा रहेको भूपतीन्द्र मल्लको शालिक विक्रम संवत् १७५६ मा स्थापन गरिएको हो ।

मल्ल राजा भूपतीन्द्र स्वयंले यो शालिक स्थापन गराएको हो । तलेजु भवानी प्रति आफ्नो आस्था जगाउन ढुङ्गाको अग्लो स्तम्भमाथि आफ्नै शालिक राखी आफूलाई युग-युगसम्म जीवन्त राख्ने काम मल्ल राजा भूपतीन्द्र मल्लले गरेको पाइन्छ । यो सम्पदा भक्तपुर दरवार क्षेत्र लायकुमा अवस्थित छ ।

***

For Library Purpose

शिखर भगवती सिलु महादेव मन्दिर (फसिदेग)

लायकु अर्थात् दरवार स्क्वायर च्यासीदेवल नजिक रहेको शिखर भगवती मन्दिर (फसिदेग) निर्माणकाल स्पष्ट नभएता पनि जितामित्र मल्ल र भूपतिन्द्र मल्लको राज्यकालमा निर्माण भएको अनुमान गरिन्छ । मन्दिर पुग्ने प्रदक्षिणाको सिँदीपिच्छे मानिस तथा जनावर गैंडा हाँत्तीका ढुङ्गेमूर्ति कुँदी मन्दिरको सजावट गरिएको छ । त्यसै गरी दरवार क्षेत्रभित्र अनौठो फर्सीजस्तै आकृतिमा निर्मित देवस्थल हो फर्सीदेग । नेपाल संवत् १०५४ मा जिर्णोद्धार भएको फसिदेग (२०७२ सालको भूकम्पले पूर्ण क्षति पुऱ्यायो) फसिदेग कहिले कस्ले निर्माण गराएका हुन् भन्ने खुल्न सकेको छैन ।

५ तल्ले आधारमाथि निर्मित मन्दिरको सिँढीमा ३ जोडी जनावरका ढुङ्गेमूर्ति रहेका छन् । फसिदेग रहेको स्थललाई तल्लो लायकु अर्थात् तल्लो दरवार क्षेत्र पनि भनिन्छ । यो फसिदेग वि.सं. १९९० सालमा गएको विनासकारी भूकम्पले क्षति पुऱ्याएपछि राणाहरूले गुम्बजशैलीमा बनाएको मन्दिर फर्सीको जस्तै आकार भएकाले फसिदेग भनीन थालिएको हो । यो देवस्थलललाई शिलु महादेव अर्थात् गोसाइँकुण्ड महादेवको रूपमा पुजिने परम्परा छ । यो सम्पदा भक्तपुर दरवार क्षेत्र लायकुमा अवस्थित छ ।

***

For Library Purpose

सिद्धिलक्ष्मी



For Library Purpose

भक्तपुरको दरवार क्षेत्रमा मल्लकालीन राजा जितामित्रको पालामा निर्माण गरिएको यन्त्र वत्सलाको मूर्ति रहेको एक तल्लाको मन्दिरलाई सिद्धिलक्ष्मी नामले पुकारिन्छ । फसिदेव नजिकै रहेको शिखरशैलीमा निर्माण गरिएको यो मन्दिर वि.सं १९९० को भूकम्पले भत्किएपछि पुननिर्माणको क्रममा एकतल्लामात्र बनाइएको बताइन्छ ।

त्यस्तै सिद्धिलक्ष्मी नजिकै च्यासिलिङ मण्डप छेउमै ढुङ्गै ढुङ्गाको शिखरशैलीमा निर्मित अर्को कलात्मक मन्दिर रहेको छ । जस्लाई नेवारी भाषामा लोँहदेग पनि भनिन्छ । राजा जगतप्रकाश मल्लले १८औं शताब्दीमा यो मन्दिर निर्माण गरिएको मानिन्छ । मन्दिरको गजुर देखी आधारसम्म कलात्मक मूर्ति कुँदिएको छ । सिद्धिलक्ष्मी मन्दिर उग्लने सिंढी दायाँवायाँ माला लगाएको गैंडा, मानवको अनुहारमा सिंह, उँट, कुकुरको शालिक, मानिसलगायतका चित्र र मूर्ति कुँदिएका छन् । यो सम्पदा भक्तपुर दरवार क्षेत्र लायकुमा अवस्थित छ ।

***

For Library Purpose

बालाखु गणेश

भक्तपुरको दरबार क्षेत्र हुँदै फसिदेगबाट प्राचीन युथिनियम दरवारको भग्नावशेष त्रिपुरासुन्दरी तर्फ लाग्दा बाटैमा बालखु गणेश मन्दिर पनि अवस्थित छ । भक्तपुर नगरपालिका २ र ५ वडाको सिमानामा रहेको बालाखु गणेशको पूजा विस्केट जात्रामा विशेष तरिकाले गरिन्छ । बालाखु गणेशलाई पुज्दा कार्यसिद्धि हुने जनविश्वास अझै रहिआएको छ । कुनै पनि सामग्री हराएमा बालाखु गणेशको पूजा आराधना गरेमा सामग्री भेटिने जनविश्वास रहँदै आएको छ ।

***

च्यासी मण्डप

पचपन्न झ्याले दरवार र ढुङ्गेधारा नजिकै रहेको एक तल्ले सम्पदालाई नै च्यासिलिङ मण्डप नामले चिनिन्छ । यो मण्डप अठारौं शताब्दीमा राजा जगतप्रकाश मल्लका पालामा निर्माण गरेको विश्वास गरिन्छ । दरवार वरपरका क्रियाकलाप अवलोकन गर्ने प्रायोजनका लागि यो मण्डपको निर्माण गरिएको हो भन्ने गरिन्छ ।

वि.सं. १९९० सालको भूकम्पले भत्किएको यो मण्डप जर्मन सरकारको सहयोगमा पुर्ननिर्माण गरिएको बताइन्छ । २०७२ सालको भूकम्पले भने यो मण्डपमा क्षति पुऱ्याएको छैन । संरक्षणको लागि मण्डपमाथि जान भने निषेध गरिएको छ ।

***

राष्ट्रिय कला (लायकु) संङ्ग्रहालय

भक्तपुर सङ्ग्रहालयमा ११ देखी २० औं शताब्दीका पुरातात्विक सम्पदा थांका, चित्र, लिपि लगायतका काष्ठधातु कलाका सामग्री सङ्गहालयमा सङ्ग्रहित छन् । यो संग्राहालय मल्लकालीन कला कृतिले पूर्ण छ । राणाकालमा बनाइएको यो सङ्ग्राहलय भवन नेपाल संवत् ८१८ मा निर्माण गराइएको बताइन्छ ।

For Library Purpose

वि.सं. २००९ सालमा सँस्कृति विभाग (हालको पुरातत्व विभाग) स्थापना भएपछि राजा महेन्द्रको शासनकालमा संस्कृतीविद् सत्यमोहन जोशिलाई सरकारले विभागको पहिलो निर्देशक बनाइयो । सोही समय देशकै सङ्ग्रहालयका रूपमा भक्तपुरमा जोशीको निर्देशनमा राष्ट्रिय कला सङ्ग्रहालय स्थापना गरी व्यवस्थापन गरीयो । यो सङ्ग्रहालयमा राजाका पुष्ताहरूको तस्वीर लगायत विभिन्न मल्लकालीन सामग्रीको सङ्ग्रहित रहेका छन् । वि.सं. १९९० सालको विनासकारी भूकम्पले आधा भत्किएको यो संङ्ग्रहालय राणाकालीन समयमै पुर्नर्निर्माण गरी सेतो पोतिएको थियो । यो सम्पदा भक्तपुर दरवार क्षेत्र लायकुमा अवस्थित छ । १९९० को भूकम्पपछि पुनर्निर्माणको क्रममा यो सङ्ग्रहालयको स्वरूप केही फेरिएको छ ।

***

For Library Purpose

भक्तपुरको चारधाम



भक्तपुर लायकु (दरवार) प्रवेश गर्ने प्रमुख द्वार नजिकै चारधाम तीर्थ रहेको छ । टाढा टाढा तीर्थ यात्रा जान नसक्नेहरूलाई लक्षित गरी चारधामको स्थापना गरिएको जनविश्वास पाइन्छ । यो क्षेत्रमा दोळखा भीमसेन, रामेश्वरनाथ, बद्रीनाथ, केदारनाथ, विश्वनाथ, द्वारिका, गङ्गोत्री,यमुनोत्री, लगायतका देवी देवताका मूर्तिहरू स्थापित छन् ।

टाढा रहेका तीर्थयात्रामा जान नसकेपनि चारधाममा दर्शन गर्नाले सोही ठाउँको देवताको दर्शन पाउने विश्वास गरिन्छ । चारधाममा निर्मित द्वारिकानाथमा प्रयोग गरिएका तोरण निकै कलात्मक रहेको छ । त्यस्तै केदारनाथ तेराकोटाका शैलीमा, रामेश्वर, बद्रीनाथ, गङ्गोत्री र यमुनोत्री सामान्य स्वरूपमा निर्मित छन् ।

भक्तपुरको टौमढी नेपाल अधिराज्यकै सर्वाधिक चर्चित र सबै भन्दा अग्लो न्यातपोल अर्थात् पाँचतल्ले छाना भएको पाँचतले मन्दिर अवस्थित छ । सोही परिसरमा काशी विश्वनाथ चर्तुब्रह्मा महाबिहार (तधिछेंबहा:) तीलमाधवनारायण लेसिंद्यो चुपीघाट र जगन्नाथ जस्ता ऐतिहासिक धार्मिक सम्पदा रहेका छन् ।

नयाँ बर्ष (विक्रम संवत्) सुरू हुनु ४ दिन अघि टौमढी चोकबाट निकालिएको रथ आरोहण गराई विस्केट जात्रा मनाइन्छ र एक दिन अघि उठाइएको नाग नागिनी हलिपतासहित ५५ हाते लिङ्गो वैशाख १ गते ढालेर मनाइने जात्रा नै भक्तपुरमा विस्केट जात्राको रूपमा प्रख्यात छ । भक्तपुर नगरपालिका वडा नम्वर ५ स्थित लेसिंखेलमा लेसिंद्यो (लिङ्गो) विस्केट जात्रा प्रत्येक वर्ष मनाइन्छ । विस्केट जात्रा भक्तपुरावासीको मुख्य ठूलो पर्व र जात्रा हो ।

***

पाँचतल्ले मन्दिर (न्यातपोल देवल)



For Library Purpose

'दि' दिव्य 'गु' गुह्य अर्थात् दिव्य गुह्यतन्त्र पद्धतिअनुसार १८ औं शताब्दीका भक्तपुरका कला मर्मज्ञ राजा भूपतिन्द्र मल्लले स्थापना गरेको पाँचतल्ले मन्दिरलाई नै न्यातपोल भनिन्छ । ईँट्टा काठ र झिँगटीको प्रयोगबाट बनेको न्यातपोल मन्दिर वि.सं. १९९० सालको भूकम्पमा नजिकैको भैरवनाथको मन्दिर भत्किँदासमेत पाँचौं तल्लाको छानामा थोरै

क्षति पुग्यो भने २०७२ सालको विनासकारी भूकम्पले समेत मन्दिरलाई क्षती नपुर्‍याएको देशकै सबैभन्दा अग्लो र मजबुत मन्दिर हो ।

विशाल न्यातपोल मन्दिरको कलात्मकताले विश्वकै मानिसहरूलाइ मोहित बनाउने गरेको छ । यो मन्दिर जति भव्य रहेको छ त्यति मजबुद छ भन्ने कुराको पुष्टिसमेत भइसकेको छ । लोकोक्तिअनुसार नजिकै रहेको भैरव देवताले निकै उग्रता देखाएपछि उनलाई संयमता र बस मा राख्न तान्त्रिकविधिअनुरूप सिद्धिलक्ष्मीको स्थापना गरिएको हो । सिद्धिलक्ष्मीलाई भैरवको समेत देवी मानिन्छ । मन्दिरको निर्माणकार्य निश्चित समयावधिमै निर्माण सक्नुपर्ने भएकाले राजा भूपतीन्द्र मल्लले समेत स्वयम्ले इट्टा बोकेर मन्दिर निर्माण सम्पन्न गरेको भक्तपुरकै गौरवको मन्दिरको रूपमा (पाँचतल्ले) न्यातपोल मन्दिरलाई लिइन्छ ।

न्यातपोल मन्दिरभित्र ६ फिट अग्लो बेतालमाथि वीराजमान रहेकी सिद्धिलक्ष्मीदेवीको भव्य आकर्षक मूर्ति रहेको छ । अष्टभुजाकार अठार हातयुक्त ९ वटा टाउकोको स्वरूपमा रहेको सिद्धिलक्ष्मी प्रतिमाको दायाँवायाँ मसान भैरव र महाकाल भैरव रहेका छन् । देवीको माथिल्लो टाउको चण्डी भद्रकाली बीचमा तीन टाउको त्रिवस्त्रा प्रत्यांगिरा र तल्लो पाँच ओटा टाउकोसहित सिद्धिलक्ष्मीको स्वरूपमा रहेको छ ।

पाँचतल्ले न्यातपोलका छाना र पेटी पनि पाँचतह नै रहेकाले न्यातपोललाई पाँच कर्मेन्द्रीय ५ ज्ञानेन्द्रीय गरी जम्मा दश इन्द्रीयले युक्त मानवीय स्वभावलेपूर्ण बनाइएको विश्वास गरिन्छ । तेत्तिसकोटी देवी देवताको प्रतीक, तेत्तिस ओटा सिद्धि १ सय आठ सगुनको प्रतीकृति १ सय आठ ओटा फ्येगं (हावा घण्टी) सहित टुंडालले सजिएको छ । मन्दिरको ढुङ्गेसिंढीको दायाँवायाँ ढुङ्गाकै अजङ्गका दुई हाँती र शार्दुल, सिंहिनी र व्याघ्रिनी जोडा अजङ्ग स्वरूपमा स्थापितछन् । पाँचजोडी जीव जनावरले पाँचौं तहको आधारसम्म पहरेदारको काम गरेको छ । हरेक पक्ष पन्च संयोजनयुक्त मिलाएर निर्माण भएको न्यातपोल अर्थात् पाँचतले मन्दिर वरिपरि चारवटा गणेश पनि स्थापितरहेका छन् । यहाँ हरेक वर्ष दशैंमा विशेष पूजाआजा गरिन्छ ।

***

For Library Purpose

काशी भैरवनाथ मन्दिर

Purpose

यस मन्दिरको ऐतिहासिक प्रमाण अनुसार नेपाल संवत् ६६७ मा भक्तपुरका मलेपति परिवारका जीवराजले भैरवको १ तल्ले मन्दिर निर्माण गरेका थिए । नेपाल संवत् ८३७-८३८ सम्म आइपुग्दा यो भैरवको प्रसिद्धि देशव्यापी भइसकेको थियो । त्यसैले राजा भूपतिन्द्र मल्लले यो मन्दिरमा ३ तल्ला थपेर शिलापत्र समेत टाँसी आ नो कृति तुल्याई दिएको इतिहास छ । यस मन्दिरभित्र बेताल भैरव देवताको मूर्ति स्थापितरहेको छ ।

काशी विश्वनाथ भैरवको विषयमा एउटा लोकोक्ति खुव चर्चित

छ । लोककथनअनुसार एक समय काशी विश्वनाथ मान्छेको भेषमा प्राचीनकालमै प्रसिद्ध लिङ्गो उभ्याउने जात्रा हेर्न भक्तपुरको लेसिंखेल पुगेछन् । त्यो कुरा भक्तपुरका तान्त्रिकले थाहा पाएर राजालाई खबर गरेछन् । राजाले विश्वनाथलाई जसरी हुन्छ भक्तपुरमै राख्न निर्देशन दिएपछि तान्त्रिकहरूले काशी भैरवनाथ कहाँ र कुन भेषमा छन् भनी ध्यानदृष्टिले हेरेछन् । सबै मानिसभन्दा बढी उँचाई भएको अग्लो मान्छे बनेर जात्रा हेरिरहेको पत्ता लागेपछि तान्त्रिकले पासुका (तान्त्रिक धागोले) बाँधेछन् । तर काशी विश्वनाथ तान्त्रिकको नियन्त्रणबाट फुत्किएर जमीनमा अलप हुन खोज्दा तान्त्रिकले उनको टाउको मात्र भेटेछन् र हत्तपत्त टाउको छेदन गरी भक्तपुरमै राखिएको लोककथन छ । पछि तान्त्रिक आचाजुले भैरवको टाउको काटेकोमा प्रायश्चित गरी तान्त्रिक विधिद्वारा भैरवको आराधना गर्दा उक्त भैरवको टाउकोलाई मन्दिरमै राखी पूजापाठ गर्न आदेश दिएको मानिन्छ । त्यसैले अहिले पनि भैरवको शरीर भारतको काशीमा र शिर नेपालको भक्तपुरमा यही मन्दिरमा रहेको जनविश्वास रहिआएको छ । प्रत्येक वर्षको चैत्र मसान्तको चार दिन अघि भैरवको प्रतिमालाई (भैल ख) भैरवको भव्य रथमा राखेर रथारोहण शुरू गर्ने परम्परा छ । यो जात्रा भक्तपुरकै निकै ठूलो र महत्वपूर्ण जात्रा हो ।

काशी विश्वनाथ भैरवलाई तान्त्रिकले जितेर भक्तपुरमै राख्न सफल भएपछि हिन्दुस्तानका हिन्दु काशी जगन्नाथ बद्री केदार चारधाम मात्र होइन चौरासी अड्डा तिर्थाटन गरीसकेपछि पनि शिरधाम पशुपतिनाथ र भक्तपुरको काशी विश्वनाथ भैरवको दर्शन नगरेसम्म तीर्थ पूरा भएको मानिदैन । काशी जगन्नाथ दर्शनपश्चात् जबसम्म भक्तपुरको विश्वनाथ भैरवको दर्शन गर्दैन तवसम्म तीर्थालुले मनले चिताएको पूरा नहुने जनविश्वास पाइन्छ ।

***

For Library Purpose

कुमाले टोल (पटरी क्षेत्र)

भक्तपुरको सम्पदासँग सम्बन्धित माटोका सामग्री निर्माण गर्ने क्षेत्रलाई पछिल्लो समय पटरी क्षेत्रको नामले प्रसिद्ध छ । भक्तपुरको ऐतिहासिक पाँचतल्ले (न्यातपोल) मन्दिर नजिकै रहेको तालाको अर्थात् पटरी क्षेत्रमा विशेष गरी प्रजापती समुदायले माटोका विभिन्न कलात्मक मूर्ति, भाँडाकुँडा सम्पदा र संस्कृतिको लागि प्रयोग हुने सामग्रीहरू सृजना गर्ने गर्दछन् ।

मल्लकालीन समयदेखि यो पेसा निरन्तर कायम छ । लोककथनअनुसार यस तालाको क्षेत्र मानववस्तीको लागि अपवित्र र मानव वस्तीको लागि अनुपयुक्त मानिन्थ्यो । मल्लाकालिन समयमा आचाजुद्वारा ताालकोमा गोरखानाथको मन्दिर स्थापना गरिएपछि मन्दिर र संस्कृतिलाई आवश्यक माटोका भाँडाकुँडा उत्पादनमा जोाड दिइएको थियो ।

अहिले पनि पर्यटकहरू माटोको भाँडा बनाएको हेर्न र अनुभव लिन

For Library Purpose

तालाको पुग्ने गर्दछन् । काँचो माटोलाई हातले मुछेर वा पछिल्लो समय मेसिनले पेलेर कुम्हालेको चक्र अर्थात् ह्विलमा राखी हातको सहायतामा कलात्मक भाँडाकुँडा बनाइन्छ । यो दृश्य निकै मनमोहक देखिने र प्रजापती समुदायको सीप झल्काउने भएकोले पनि तालाको अर्थात् पटरी क्षेत्र आन्तरिक र बाह्य पर्यटक माझ प्रख्यात रहेको छ ।

माटाका भाँडाहरू पाला, सुराई, कलस, हाँडी, पतासी, डुब्ली, विभिन्न जनावरको मूर्ति, देवी देवताको मूर्ति गमलालगायतका सम्पदासँग नङ र मासुको सम्वन्ध राख्ने माटोको सृजना स्थल भएकोले यो क्षेत्र विशेष रहेको छ । चक्र घुमाउने भएकाले कुमालेलाई चक्रधर पनि भन्ने गरिन्छ ।

For Library Purpose

***

भक्तपुरसँग जङ्गमजातिको सम्बन्ध

भक्तपुरको मल्लकालीन समयमा शैवमतलाई प्रवर्द्धन गर्न राजा यक्ष मल्ल साह्रै चिन्तित थिए । राजा यक्षमल्लको उद्देश्यलाई साकार पार्दै ने.सं.को छैटौं शताब्दीमा राजा विश्वमल्ले भक्तपुरको टौमढी टोलमा जङ्गमजातिलाई हिन्दुस्तान काशीको विश्वनाथबाट ल्याएर स्थायी बसोबास गराएको भनाइ पाइन्छ । सोही समयदेखी भक्तपुरको टौमढीमा जङ्गमजातिका कुलदेवता वीरभद्र र आगमदेवता गुठीको समेत व्यवस्था गरिएको मानिन्छ ।

गंगा महारानी, जगज्योती मल्ल, जितामित्र मल्ल, राजा रणजीत मल्ललगायत शासकले वीरशैवमत् जगमजातिलाई नेपालमा स्थायी बसोबास गराउन जङ्गमजातिलाई मल्ल राजाको कुलगुरू स्वीकार गरी रावल पदवी

दिई दरवार नजिक जङ्गम मठसमेत खडा गरेको इतिहास पाइन्छ । जुन मठ अहिले भक्तपुर नगरपालिका-९ दत्तात्रेय देवस्थल देखि सकुलढोकासम्म फैलिएको छ ।



भक्तपुरको प्रख्यात दत्तात्रेय मठ वरिपरि रहेका वीरशैव मठहरूमा पुजारी मठ (काष्ठकला सङ्ग्रहालय) चिकंअपा मठ (धातुकला सङ् ग्रहालय), बाल्दरी मठ (प्रहरी कार्यालय) जङ्गम मठ र सिलिंग मठ प्रख्यात रहेका छन् । ढुङ्गाले छापिएको चोकबीच स्थापित दत्तात्रेय मन्दिर र तचपाल भीमसेन विशेष सम्पदास्थलको रूपमा विश्वभर प्रख्यात छ ।

***

For Library Purpose

जङ्गम जाति ,भैरवनाथ र विस्केटजात्राको सम्वन्ध

त्यसो त भक्तपुरका धार्मिक सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका महत्वपूर्ण मानिन्छ । 'मुगलद्वारा काशी नरेशलाई आ नो कब्जामा लिई विश्वनाथ मन्दिरको ठाउँमा मस्जिद बनाउन लागेपछि लिंङ्गायत मतका जङ्गमले काशी शिवलिङ्गलाई संरक्षण गर्न नेपाल ल्याई भक्तपुरको जङ्गममादीमा स्थापना गराइएका हुन् ।

राजा यक्षमल्लले आ नो राज्यकालमा बढ्दो बौद्ध धर्मको प्रभावलाई

कसरी निस्तेज गरी शैव मतको उत्थान गर्ने भन्ने सोच अनुरूप काशी नरेशसँग कुरा गरी भक्तपुरको तौमढीमा जङ्गम जातिलाई बसोबास गराई प्रत्येक वर्ष विस्केट जात्राको बेला भैरवको रथारोहन जात्रा चलाइएको दावी जङ्गमहरूको छ।

राजा विश्व मल्लले आ नै दरवार अगाडि तौमढीमा कुल देवता वीरभद्र र आगम स्थापना गराई लिंङ्गायत सम्प्रदायक जङ्गम जातिलाई विश्वनाथको शिवलिङ्ग सहित बसोबास गराउनुले पनि भरत जङ्गमको भनाइलाई प्रमाणित गर्दछ।

राजा जगतज्योति मल्लले भूँइतल्ले आकृतिमा निर्माण गराएको काशी विश्वनाथको मन्दिरलाई राजा भूपतिन्द्र मल्लले हाल देखिएको तीनतल्ले आयाताकार म्ण्डपशैलीयुक्त मन्दिर बनाएका थिए भनिन्छ। सम्पूर्ण व्यवस्था जङ्गम मथबाटै हुँदै आइरहेको विश्वनाथ जात्रा राजा जगतज्योति मल्लले तीन तल्ले र दुई तल्ले भद्रकालीको रथ निर्माण गरी व्यवस्थित रूपमा संचालन गराएका बताइन्छ।

***

For Library Purpose

जङ्गम प्रतिष्ठान र जङ्गमजातिको योगदान

राजा यक्ष मल्लले नेपाल संवत् ५६० समयकालमा आ नै दरवार अगाडि यक्षेश्वर पशुपति महादेवको मन्दिर स्थापना गरे । तर नेपालमा शिव पुजारी बस्न चाहने कोही पनि भेटिएनन् । शैवस्थलमा पुजारी राख्न राजाले काशी नरेशसँग आग्रह गरी दक्षिण भारत विश्वनाथका पुजारी जङ्गम कुलका ब्राम्हणलाई नेपाल भित्र्याइएका थिए । अर्को कथन अनुसार शैव सम्प्रदायलई नेपालमा नेपाल संवत् ६९९ मा कान्तिपुरका

For Library Purpose

राजा महेन्द्र मल्लकी रानी जयन्तीकाले भित्र्याएको पनि मानिन्छ । तर, नेपाल संवत् ६९२ मा भक्तपुरका राजा विश्व मल्लले नेपालमा वीरशैव गुठी समेत स्थापना गरिएको पनि कथन पाइन्छ । त्यस्तै राजा विश्व मल्लले लिंङ्गयत जगम जातिकोमात्र अस्तित्व स्विकारी गुरूको मान पदवीसहित रावल पदसमेत दिइसकेपछि उनीहरू यहाँ स्थायी रूपमा बसोबास गरेको भनाइ छ ।

जङ्गम जातिका कुल देवता वीरभद्र स्थापना गर्ने गंगा महारानी, जगज्योति मल्ल, जयजीतामित्र मल्ल र रणजीत मल्लले ठूलो सहयोग गरेका थिए । त्यसैले मुगल बादशाहले काशी नरेशलाई आ नो कब्जामा लिई विश्वनाथको मन्दिरमा मस्जिद बनाउन लागेपछि तत्कालीन विश्वनाथका पुजारी जङ्गम ब्राम्हणले देवताको मूर्तिलाई नेपाल ल्याई भक्तपुरको टौमढीस्थित भैरव मन्दिरमा स्थापना गरिएको मानिन्छ । असली विश्वनाथ भक्तपुरमा रहेको हुँदा अनेक लोकोक्ति जडित कथा मार्फत् काशी विश्वनाथको शिर भक्तपुरको विश्वनाथ भनी व्याख्या हुने गरेको पनि पाइन्छ । भक्तपुरको अनेकौं संस्कृति श्रीवृद्धि गर्ने कार्यमा यिनै मूल्य र मान्यताका कारण उक्त समय भादगाउँ अर्थात् भक्तपुर अन्तर्गत स्थापित शिवालयमा जङ्गमजातिकै पुजारी राख्ने परम्परा कायम हुन गयो ।

भक्तपुर बाहिर रहेका शिवालयमा समेत जङ्गम जातिको पुजारीको प्रभाव थियो । जसको कारण धुलिखेलको गोखुरेश्वर, पनौतीको इन्द्रेश्वर, भक्तपुरभित्र सिपाडोलको डोलेश्वर, गुण्डुको अनन्तलिङ्गेश्वर, बागेश्वरीको बागेश्वर, चाँगुको मिलेश्वर, नासमनाको मंगलेश्वर र तचपालको रूद्रेश्वर महादेवस्थलमा जङ्गम बाहेक अरू पुजारी बस्न नपाइने प्रचलन छ ।

त्यसो त गोपाली, किराँती र मल्ल केही मात्रामा लिच्छवि र शैव भनीए पनि वस्तवमा शिवस्थलमा एकजना पनि नेपाली पुजारी पाइँदैन । किनकि नेपालीले मान्ने शिव तान्त्रिक पञ्च ओमकार वलि पूजा लिने शिव हुन् भने वैदिक शाकाहारी शिव भित्र्याउने कार्य भट्ट, झा, जङ्गम र उपाध्याय ब्राम्हणले भारत वा मिथिला संस्कृतिबाट भित्र्याएका हुन् ।

For Library Purpose

जङ्गम जातिको इतिहास सम्पदा संस्कृतिबारे अनुगमन अनुसन्धान गर्ने गराउने हो भने र जङ्गम जातिको पहुँच राजखान्दानसँग कस्तो थियो भन्ने बारे उल्लेख गर्ने हो भने तव्याखुसी (हनुमन्ते खोला) मा राजा भूपतीन्द्र मल्ल र रावल डम्वरलिङ्ग जङ्गमले एकै ठाउँमा उस्ताउस्तै दुई ओटा विशाल शिवलिङ्ग स्थापना गराउनुले पनि स्पष्ट पार्दछ । हाल नेपाल अधिराज्यकै सर्वाधिक विशाल आकृतिको तव्याखुसीको शिवलिङ्ग रावल, जङ्गम र मल्ल राजासँगको सम्बन्ध रहेको छ ।

***

For Library Purpose

तीलमाधवनारायण मन्दिर

न्यातपोल (पाँचतल्ले मन्दिर) र काशी विश्वनाथ मन्दिर छेउको यो तिल माधवनारायण प्रख्यात वैष्णव सम्पदाको रूपमा भक्तपुरको टौमढीमा अवस्थित छ । यो मन्दिर एघारौं शताब्दी कालिन मल्ल राजा द्वारा स्थापना गरेका हुन् । तिल माधवनारायण मन्दिर दुई तल्ले धातुको छाना सहित मण्डपशैलीमा बनेको छ ।

लोकोक्तिअनुसार यस मन्दिर उत्पतीको रोचक लोककथन रहेको छ । परापूर्वकालमा धर्मदत्त बानियाँ नाम गरेका इमान्दार व्यापारी थिए ।

व्यापारी माघ महिनाको ठण्डी जाडोमा हनुमन्ते खोलामा नुहाएर यही ठाउँमा तिल बेच्न आएका थिए । जति तिल ल्याएको थियो त्यो तिल बराबरको पैसा उठिसक्दा पनि तिल सकिएन । जति वेच्यो त्यति नै तिल बढ्दै गयो । दिनभरी तिल बेच्दा पनि नसकिएपछि तिल व्यापारी धर्मदत्तले अचम्म मानी तिल पन्छाउनेक्रममा नारायणको दर्शन पाएको र नारायणको दर्शन पाएपछि सोही ठाउँमा तिल बेचेको पैसाले नारायणको मन्दिर स्थापना गरेकाले यो मन्दिरको नामनै तिल माधवनारायण रहन गएको हो भनिन्छ । यहाँ प्रत्येक वर्षको माघ १ गतेदेखि ४ गतेसम्म मेला लाग्ने गर्दछ । उक्त दिन नारायणको मुख र आँखा बाहेक पैतालादेखी टाउकोसम्म शुद्ध घिउ र तेल लगाउने परम्परा रहि आएको छ । उक्त नारायणको मूर्तिमा दलेको घिउ खाएमा निःसन्तानको सन्तान हुने र विशेष गरी नाइटो क्षेत्रमा दलेको घिउ खाएमा पुत्र लाभ हुने जन विश्वास छ ।

हिन्दुस्तानी सिंगमर्मरयुक्त तीन वटा हात रहेको विष्णुमूर्तिले सजिएको यो तिल माधवनारायण मन्दिर अगाडि शङ्ख, चक्र, गरूड मानव सहितको ढुङ्गे स्तम्भ रहेको छ । मन्दिर आकर्षक शैलीमा रहेका छन् ।

***

For Library Purpose

नरसिंह मन्दिर

For Library Purpose

तिलमाधव नारायण मन्दिर नजिकै रहेको टौमढीकै ग:हिटीमा नरसिंह मन्दिर अवस्थित छ । सुरुमा ३ तल्ला रहेको नरसिंह मन्दिर वि.सं. १९९० को भूकम्पले भत्किएपछि एकतल्लाको बनाइएको बताइन्छ ।

१४औं शताब्दीका मल्ल राजा जयस्थिति मल्लको समयमा यो मन्दिरको स्थापना गरिएको विश्वास गरिन्छ । मन्दिरभित्र १० ओटा हातमा विभिन्न तान्त्रिक हतियार सहित बायाँ हातले लक्ष्मी देवीलाई काखीमा च्यापेको करिब ३ फिटको मूर्ति नै नरसिंहको मूर्ति हो ।

***

योसिङ्ख्यो

For Library Purpose

मल्लकालीन समयमा भक्तपुर देश रक्षार्थका लागि राजा आनन्ददेव मल्लले स्थापना गराएको अष्टमातृका पीठ मध्ये भद्रकाली पीठ योसिङ्ख्यो नामबाट प्रख्यात छ ।

यहाँ प्रत्येक वर्ष विक्रम संवत्को नयाँ वर्षको एकदिन अगाडि नाग नागिनीको प्रतीकृति पतका सहित ५५ हाते योसिं लिङ्गो उठाई बैशाख

१ गते ढाल्ने गरिन्छ । झिंगटीको छानो र चारै तिर ढुङ्गा छापिएको चोक क्षेत्रमा लिङ्गो उठाइने र ढाल्ने परम्परासँगै विस्केट जात्रा पनि सम्वन्धित रहेको छ ।

जहाँ छुमा गणेशको आज्ञा मुताविका छालिंगबासी सूर्यवंशी राजाले जङ्गलमा बसोबास गर्ने नाग नागिनीको हत्या गरी खुसीयाली स्वरूप नागको प्रतीकृती स्वरूप लिंङ्गो उठाउने पर्व चलाइएको कथन पाइन्छ । यही पर्वलाई विस्केट जात्राको रूपमा भक्तपुरवासीले च्याचागुन्हु अर्थात् ८ रात ९ दिन मनाउने प्रचलन छ । योसिङ्ख्यो भक्तपुर नगरपालिका वडा नं ५ मा अवस्थित छ ।

***

For Library Purpos

चुपीघाट र शाहवंशिय षडयन्त्र

For Library Purpose

राजा रणजीत मल्लका विवाहिता रानी जयलक्ष्मी तर्फका छोरा वीर नरसिंह र भित्रीनी मनमैजुपट्टीका देवेन्द्रसिंह, मनोरथसिंह, धनसिंह, उपेन्द्रसिंह, अच्युतसिंह, अवदुतसिंह, लक्ष्मीनरसिंह र जयनारायण मल्ल सहित ७ छोरा थिए । ल्याइटे र व्याइटे रानी बीच आ नो छोरालाई राजा बनाउने विबाद चलिरहेको कुरा थाहा पाएका गोरखाका राजा नरभूपाल शाहले रणजीत मल्लका व्याइटेपट्टीका राज कुमार वीरनरसिंहसँग पृथ्वीनारायणको मित लगाइदिए । उता नरभूपाल शाहकै निर्देशनमा शरदार रामकृष्ण कुँवरले भने ल्याइटेतर्फका ७ भाई राजकुमारलाई राजा बन्न उकास्न थाले । भाइ फुटे गँवार लुटे भन्ने उखानलाई चरितार्थ गर्दै गोप्यनिमन्त्रणा अनूरूप एक दिन गोरखाका सरदार रामकृष्ण कुँवरको

योजना मुताविक ल्याइटे र व्याइटे दुबै तर्फका राजकुमार चूपीघाटमा पौडि खेल्न जान राजी गराइए ।

निमन्त्रणा अनुरूप अवदुतसिंह सहितका आठ भाइले जेठा दाजु वीरनरसिंहलाई योसिङ्ख्यो स्थित हनुमानघाटको चुपीघाटमा पहिले हामफाल्न उकासे जब वीरनरसिंह लुगा फुकाली नदीमा हामफाले अफसोच नदीभित्र पहिलेनै गाडीराखेको चुपीको धरापमा परेर उनको मृत्यु हुन पुग्यो । जब त्यो कुरा राजा रणजीत मल्लको कानमा पुग्यो उनीहोस हराएर पागलभैं बन्न पुगे । तुरून्त नदीमा हेर्न लगाउँदा नदीको पींधमा चुपीहरू यत्रतत्र बीचछ्याइएका पाए । राजाको बुढेशकालको साहारा र उत्तराधिकारीको षडयन्त्रमुलक ढङ्गबाट हत्या भएको स्मरणमा प्रत्येक वर्ष विजयादशमीको चौठीका दिन चुपीघाटमा शाह वंशिय कुकृत्यको दुहाई दिंदै भक्तपुरेले नुहाउने मेला भर्ने गर्दछन् ।

कोने अर्थात् तल्लो क्षेत्रको भक्तपुरवासीको निधन हुँदा लास जलाउने मसानघाट समेत रहेका योसिङ्ख्यो क्षेत्रको चुपीघाट नें.सं. १०५२ मा देवी शंकर मानान्धरद्वारा निर्माण गरिएको मानिन्छ । उक्त परिसरमा एकतल्ले राम सिता र लक्ष्मणको मन्दिर प्रतिस्थापित छ भने नें.सं ९९९ मा हर्ष नारायण धौभडेलले निर्माण गराइएको मिश्रीत शैलीको शिव र तीन तल्ले मण्डपशैलीको मन्दिर स्थापित छ । चुपीघाट क्षेत्र पर अठारौं र उन्नाइसौं शताब्दीमा स्थापित भीमसेन.को मन्दिर खुल्ला स्थानमा रहेको स्थापितछ । जस्लाई राँगा, हाँस, कुखुरा, रक्सी जाँड सहितको पूजा सामग्री राखी पुज्ने परम्परा छ । चुपी भनेको एकप्रकारको भाला जस्तै हतियार हो । हनुमानघाटको गहिरो त्रिवेणीमा राजकुमारको हत्या भएकोले नै उक्त त्रिवेणीको नाम चुपीघाट रहन गएको हो ।

***

For Library Purpose

चुपीघाट भीमसेन मन्दिर

For ... Purpose

भक्तपुरको चुपीघाट अर्थात् भेलुखेलमा ऐतिहासिक भीमसेनको मन्दिर स्थापितछ । यो भीमसेनको पूजा गरेमा संकटमोचन हुने, पराक्रम वृद्धि हुने, सन्तान प्राप्ति हुने, व्यापारमा उन्नति, र मनोकामना पूरा हुने जन विश्वास गरिन्छ । यो भीमसेनलाई स्थानीयले परदेशी भीमसेन पनि भन्ने गरिन्छ । भीमसेन मन्दिर पछाडि यस क्षेत्रका नेवार समुदायको कुल पूजा गर्ने मन्दिर दिगु द्यौ समेतस्थापित रहेको छ । प्रत्येक मङ्गलबार र शनिवार यो भीमसेनको मन्दिरमा दर्शनार्थीको भीड लाग्ने गर्दछ । परापूर्वकाल देखी नै अस्तित्वमा रहेको यो मन्दिर क्षेत्रमा राम सिता, सरस्वती, नारायण, पशुपती, वराह आदि मूर्ति स्थापित छन् ।

***

क्वाछें चण्डी भगवती

भक्तपुरमा प्रत्येक वर्ष होलि पूर्णिमाका दिन सोह्रहाते चिर गाडेर फागुपर्व मनाउने प्रसिद्ध सम्पदा क्षेत्रलाई नै क्वछें (तल्लो घर) चण्डी भगवतीको रूपमा पुजिने परम्परा छ । विशुद्ध तान्त्रिक देवीको रूपमा पुजिने चण्डी भगवतीथानमा प्रत्येक वर्ष होली पूर्णिमाका दिन मेला लाग्ने गर्दछ ।

जमिनभन्दा उच्च आधारमाथि रहेको १८ हाते महिषमर्दिनी भगवती मन्दिर नें.सं. ८४३ र ८५४ समयकालमा राजा रणजीत मल्लले स्थापना गराएका थिए । उमा

For Library Purpose

महेश्वरको कलात्मक मूर्ति समेत रहेको क्वछें चण्डी भगवती स्थानमा नेवार समुदायले मनाउने सिठी नखः पर्वको दिन विशेष पूजाआजा हुने गर्दछ । यी र यस्ता अनगीन्ति लोकोक्ति इतिहास बोकेको क्वछें चण्डी भगवती भक्तपुर वडा नम्वर ५ मा अवस्थित छ । यो क्षेत्र विश्व प्रख्यात विस्केट जात्राको लागि चर्चित छ । क्वछे (तल्लो घर) अप्रभंस भई क्वाछे उच्चारण भई क्वाछेचण्डी भगवती भन्न थालिएको वुभिन्छ ।

***

For Library Purpose

पृथ्वी देगल

भक्तपुर नगरपालिका वडा नं ४ अखुंबहाः जङ्गम प्रतिष्ठान नजिक सडकको छेउ तीन दोबाटोको बीचमा पृथ्वी देगल रहेको छ । भुइँतल्ले चौपाट शैलीको पृथ्वी देगललाई त्रिमाताप्रति समर्पित देवस्थल मान्न सकिन्छ ।

यहाँ पनि शिवकै मूर्ति रहेको छ । मन्दिर कसले कहिले निर्माण गरेको हो भन्ने नखुले पनि वास्तुकलाको दृष्टिकोणबाट मल्लकालीन समयमा निर्माण भएको मान्न सकिन्छ । यो देगल तिलमाधव नारायण मन्दिर नजिकै रहेको छ । यो देगलको स्वरूप अध्ययन गरी किन र कुन प्रयोजनको लागि निर्माण गरिएको हो भनी अनुसन्धान गर्न सके यसको ऐतिहासिक महत्व प्रष्ट हुने देखिन्छ ।

***

ज्योर्तिलिङ्ग शिवालय नासःमल्लाः

नासः भन्नाले नेपाल भाषामा अत्यधिक हिस्सी परेकी राम्री र मेला भन्नाले स्थान भन्ने अर्थ लाग्दछ । त्यसै गरी नासःद्यो भन्ने बितिकै नेवार समाजमा देवाधिदेव महादेव भन्ने वुभिन्छ । यही मान्यतालाई मूर्त रूपदिँदै नासःमल्ला अर्थात् हाल प्रचलित नाम नासमन्ना टोलमा सेतो रङको शिखरशैलीयुक्त शिवालयमा ठडिएको छ ।

काठमाडौ उपत्यकाका ६४ शिवलिङ्ग मध्य एक नासःमल्ला शिवालय नेपाल संवत् १०५४ मा निर्माण भएको हो । तर मन्दिर वरिपरि थुप्रै मल्लकालीन देवी देवताको मूर्ति, मंगलकुण्ड, ढुङ्गेधारा, आदि देवीदेवताको मूर्ति छरपष्ट छन् । नासद्यो देगल सँगसगै कृष्ण, विष्णु लगायतका प्राचीन मूर्ति पनि छन् । यहाँ भदौ महिनाको सुदी ७ का दिन भव्य मेला लाग्ने परम्परा छ । महादेवको पुजारी भने काशी विश्वनाथ लिङ्गायत शैव सम्प्रदायका जगम पुजारी रहने गरेका छन् ।

***

भोटेबहाः स्वाँमलाः

भक्तपुरको स्वाँमला गल्लिभित्र रहेको भोटेबहाः घरै घरबीचको खुल्ला चोकको रूपमा मात्र अवस्थित रहेको छ । नाम बहाः भएपनि खासमा भोटेवाहाः बुद्ध बिहार भने होइन । श्रेष्ठ नेवार समुदायको मठ स्वाँमलाको भोटबहाः चोकमा नासद्यो नृत्यनाथ र भजन गर्ने फल्चा छिंडी छ ।

लोककथन अनुसार मल्लकालमा तिब्वतबाट आएका वा नेपालकै पहाडी क्षेत्रका तामाङ् समुदाय यहाँ बास बस्ने गर्दथे । नेपाल भाषामा तामाङलाई सयँ भन्न गरिन्छ । सयं आएर बास बस्ने अखडा भएकाले

यसस्थानको नाम सयँमला रहन गएको थियो । कालान्तरमा संयमला नै अपभ्रंश भई स्वाँमला हुन पुग्यो ।



नेपाल एकीकरण सँगसँगै खस ब्राम्हणले शेर्पा, तामाङ, तिव्वतीलाई भोटे भन्ने गर्नाले उनीहरूकै नाममा यस ठाउँको नाम रहन गएको हो भन्ने कथन पाइन्छ । यो भनपा वडा नं ३ मा अवस्थित छ ।

***

For Library Purpose

इन्द्रायणी द्योछें (इन्द्रायणी देवघर)

For Library Purpose

द्योछें भन्नाले देवता घर हो । द्योछेंको अर्थ मन्दिर पनि हुन्छ भने यसको मुख्य भाव चाहिं देवता राख्ने जुन कुनै घरलाई मानिन्छ । भक्तपुर दरवार प्रवेश गर्ने मूल ढोका प्रवेशद्वार बाहिरै रहेको तीनतल्ले खौमा छें नै इन्द्रायणी द्यो छें हो । यो द्यौ छैं मा गोप्य रूपमा तान्त्रिक पूजा गर्ने परम्परा कायमै छ । नेवारी वास्तुकलाले सजिएको खौमाछेंको तल्लोभागमा रहेको यो द्यो छें मुनी वृद्धवृद्धाका लागि भजन गर्ने, गफ

गर्ने आदी प्रायोजनका लागि व्यवस्थित कोठाहरू रहेका छन् ।

इन्द्रायणी द्योछेंमा मूर्ति स्थापितछन् । द्योछे नजिकै राधा कृष्णको मन्दिर रहेको छ । उक्त मन्दिर दायाँ वायाँ ढुङ्गाले बनेको अजङ्गको सिंहको मूर्ति, हाती, घोंडा भक्तपुरको पहिचान झल्कने गरी प्रतिस्थापित छन् । कलानै कलाको सहर भक्तपुरमा इन्द्रायणी द्योछेंको विशेष महत्व छ ।

***

For Library Purpose

इन्द्रायणी पीठ

भक्तपुर नगरलाई राजा आनान्ददेवले व्यवस्थित तरिकाले निर्माण गर्दा स्थापित अष्टमातृका पीठमध्ये इन्द्रायणी पीठ एक हो । भक्तपुर खौमा टोलबाट उत्तर व्याँसी टोलमा जाने ओरालो बाटो लागेपछि पश्चिम छेउमा ठूलो रूखमुनि इन्द्रायणी देवीको पीठ अवस्थित छ ।

इन्द्रायणी देवीको ग्रन्थमा तताएको सुनको जस्तो वर्षा भएकी पग्लिएको पारो जस्तै तेज युक्त मुहार भएकी अष्टमातृका देवी मध्येकी एक देवीको रूपमा इन्द्रायणी देवीको वर्णन गरिएको छ । मुर्दाको कपाल उनेर माला लगाएकी, (नरमुन्दमाला पहिरेकी), मुखबाट दाह्रा निस्केकी इन्द्रायणी

देवी हेर्दै डरलाग्दी देवीको रूपमा पनि व्याख्या गरिन्छ ।

मुहारमा चन्द्रमा सहित तीन आँखा भएकी, शिरमा अनेक ज्वाहारात जडिएको स्वर्ण मुकुट लगाएकी, शरिरमा किसिम किसिमका गहना लगाई शोभायमान रहेकी, घाँटीमा श्रीयन्त्र र कण्ठहारको माला लगाएकी, मृगको शरिरमाथि आसन बनाई वीराजमान देवीको रूपमा इन्द्रायणी देवीलाई पुजिन्छ । आ नो भक्तको भक्तीदेखी तुरुन्तै खुसी भई तत्काल भक्तको मनोकामना पुरा गर्ने देवीका रूपमा भक्तजनले इन्द्रायणीलाई पुज्ने परम्परा छ ।

लोकोक्ति अनुसार स्वर्गका राजा इन्द्र आ नो आमाको पूजाव्रतको लागि पारिजातको फूल धर्तीमा खोज्ने क्रममा परिको रूपधारण गरी भक्तपुरमा पनि आइपुगेका रहेछन् । पारिजातको फूल थाहा पाउन भक्तपुरवासी महिलाहरूसँग मित्रता गाँसे । पछि भक्तपुरका तान्त्रिक महिलाहरूले थाहापाई आफूहरूलाई पनि इन्द्रलोक लान अड्डी कसे । देवराज इन्द्रले बनाइएका इष्टहरू गलोपासो जस्तै भयो । पछि इन्द्रले जाउँ न त भन्दै आ ना भक्तपुरे महिला सखीहरूलाई लिएर गए ।

काठमाडौंको चोभारको डाँडामा पुगेपछि सखीहरूलाई छल गर्न बादलको सृजना गरी इन्द्र अन्तर्ध्यान भएर गएको लोकोक्ति प्रचलित छ ।

त्यसपछि इन्द्रका भक्तपुरे सखी र तान्त्रिक हरूले इन्द्र देवीको रूपमा दर्शन दिएकोले इन्द्रायणी पीठ स्थापना गरेको लोककथन पाइन्छ । त्यहाँबाट अन्तरध्यान भएका ईन्द्र सामान्य मान्छेको भेषमा पारिजातको फूल टिप्न काठमाडौंको मरूगणेश क्षेत्रको पुगेको जनविश्वास गरिन्छ । त्यहाँ भने फूल चोर्न आएको आरोपमा इन्द्रलाई नचिनेर पाता कसेर बजार डुलाएको जनविश्वास पाइन्छ । संयोगले ईन्द्रलाई चोरको रूपमा सहर परिक्रमा गराएको दिन उपत्यकामा नेवार समुदायको ठूलो जात्रा परेछ ।   पाता कसेको मान्छे ईन्द्र भएको थाहापाए सोही दिनदेखि उक्त जात्रालाई इन्द्रजात्राको रूपमा मनाइएको लोककथन पाइन्छ ।

इन्द्रायणी मन्दिरमा ढुंगा र इट्टाले छापेको परिसर बीच मञ्जुश्रीको ढुङ्गे खड्गमाथि छेपु आकृतिमा इन्द्रायणी पीठ वीराजमान छ । सादा ढुङ्गा आकृतिमा रहेको इन्द्रायणीलाई नै मूल देवताको रूपमा यहाँका स्थानीयले पुज्ने चलन छ । ने.सं. ७ सय ९० अभिलेख रहेको इन्द्रायणी पीठ वरिपरि भजनस्थल, पाटीफल्चा रहेका छन् । यहाँ प्रत्येक वर्ष विजयादशमीको सातौं दिन सप्तमीमा, इन्द्रजात्रामा र विस्केट जात्रामा इन्द्रायणी दर्शन गर्न आउने भक्तजनको ठूलै भिड लाग्ने गर्दछ । स्वाँटिकी तानेगु पूजा समेत हुने गर्दछ ।

***

For Library Purpose

मिबा गणेश

सम्पदा समयकाल बितेसँगै त्यो समयको समाजको चित्रण गर्ने माध्यम पनि हो सम्पदा । भक्तपुरको अर्को महत्वपूर्ण सम्पदामध्ये पछिल्लो समय निर्मित मिबा गणेश पनि हो । खेतै खेत रहेको क्षेत्रमा नयाँ वस्ती विस्तारका क्रममा सबैभन्दा पछिल्लो समय बनेको मन्दिर मिवाछें गणेश भक्तपुरको वडा नम्बर २ स्थित मिवाछें टोलमा अवस्थित छ । मेथीलाई नेवारी भाषामा मि भनिन्छ भने मेथी फल्ने खेतलाई मिबा भनिन्छ । मेथी फल्ने बारी भएका कारण नेवारी भाषाबाट मिबाछें नाम रहन गएको उक्त स्थानमा



For Library Purpose

मिबा गणेस स्थापना भएको हो । उपत्यका बाहिरबाट भक्तपुर आएर बसोबास गर्ने क्रममा काभ्रे जिल्ला होक्सेका लक्ष्मी पोटेको संयोजनमा उक्त मन्दिरको निर्माण भएको हो । भक्तपुरकै विभिन्न स्थान, सिन्धुपाल्चोक काभ्रे लगायतका विभिन्न जिल्लाबाट आएर मिवाछेंमा स्थायी बसोबास गर्दै आएका स्थानीहरूको सक्रियतामा मिवाछें गणेसको मन्दिर निर्माण गरिएको हो । नेपाल संवत् ११३१ मा निर्माण गरिएको उक्त मन्दिरमा फागु पूर्णिमाका दिन दशैमा विशेष पूजाआजा हुने गर्छ । यहाँको



गणेसको पूजाआजा गर्दा चिताएको पूर्ण हुने सिद्धी प्राप्त गर्ने विश्वास गरिन्छ । त्यसैले हरेक विहान र वेलुकी नित्य पूजा गर्ने भक्तजनहरू यो मन्दिरमा पुग्ने गर्छन् । यहाँको गणेश मूर्तिकार सानुभाइ दियाली ऋक्षश्रीको सीपले सृजित छ ।

***

तालाक्व भैरव, जेठ गणेश



भक्तपुर नगरपालिका ४ वडास्थित तालाक्व टोलको बीचमा एउटा सानो ढिस्को छ । ढिस्को माथि बज्र बुद्ध चैत्य र गणेशका स-साना छुट्टाछुट्टै मन्दिर रहेका छन् । स्थानीय बासिन्दा प्रजापतिको दिगुद्यो पूजाआजा यही ढिस्कोमा हुने गर्दछ । जस्लाई बज्र भैरवको रूपमा पुज्ने चलन छ । बज्रभैरव ढिस्कोमा अन्य कुनै शिलापत्र प्राप्त हुन सकेको छैन । त्यही ढिस्को अर्थात् डाँडाको तल्लो क्षेत्रमा दुई तल्ले मण्डपशैलीको 'जेठ गणेश' छुट्टै सानो 'भीमसेन' र गणेश द्योछें अवस्थित





छ । जसले उक्त क्षेत्रलाई सम्पदामय कायम राखेर छुट्टै रौनक प्रदान गरेको छ । नेपाल संवत् ७६६ मा स्थानीय कुम्हाले प्रजापति जातिले जेठ गणेश निर्माण गराएका हुन् भन्ने मान्यता छ ।

टुंडालमा अष्टमातृका र भैरव कुँडिएका छन् । ललितपुरको पाटनमा रातो मछिन्द्रनाथको रथाहोरण हुँदा भक्तपुरको जेठ गणेशको खट जात्रा पनि सँगसँगै हुने परम्परा कायम छ । त्यस्तै तालाक्व जेठ गणेश भीमसेन मन्दिर अगाडि र बज्रभैरव डाँडासँग जोडिएको दुईतल्ले गणेश द्योछें नेवारी वास्तुकलाले पूर्ण रहेको छ । द्योछेंमाथि मण्डपशैलीको छत्रले यस्लाई देवस्थलको स्वरूप प्रदान गरेको छ । साथै तालाच्व गणेश रहेको ढिस्को नजिकै गोरखनाथ मन्दिर समेत अवस्थित छ ।

***

रामघाट मन्दिर

भक्तपुरको तालाक्व टोलबाट दक्षिणतर्फ हनुमन्ते खोला किनारमा रामघाट मन्दिर अवस्थित छ । यो मन्दिर वरिपरि शिवलिङ्ग र बीचमा शिखरशैलीको राम मन्दिर रहेको छ । यो मन्दिर विक्रम सम्वत १९१९ मा स्थापना भएको शिलापत्रमा उल्लेख छ ।

इँट्टा छापेको चोक, आकर्षक पौराणिक छाना देख्दा जो कसैले पनि दक्षिण भारतको पाइनल गोपुरम् पुगेको अनुभूति गर्न सक्छन् ।

मन्दिरको सबैभन्दा माथिल्लो भागमा आलङ्कारिक चन्द्राकारमुनि तीन वटा कलश राखिएका छन् । सिताराम तथा लक्ष्मणका सिंहमर्मरको मूर्ति सहित स्थानीय कृष्णमान प्रजापतिले गुठी र महन्तको व्यवस्था गराएको मानिएको पाइन्छ ।

***

बाराहि पीठ

सृष्टी गाथा श्लोक अनुसार -प्रथम अवतारमा प्रभु मत्स्य रूप धारणम्, द्वितिय अवतार प्रभु कच्छप रूप धारणम, तृतीय अवतार प्रभ् वराह रूप धारणम । सृष्टीको पहिलो जीव माछा, दोस्रो जीव कछुवा र तेस्रो जीव वराह अर्थात् जल, थर र चरमा बास गर्ने जीव भन्ने जीव विकासको मान्यता बनेको छ । यस अर्थमा पनि भक्तपुरमा देश रक्षार्थ स्थापित अष्टमातृकापीठ मध्य एक मुख्य पीठ बराहि पीठ रहेको हो ।

बराहि पीठलाई भक्तपुर क्षेत्रकै प्रख्यात सम्पदास्थलको रूपमा लिइन्छ । यो सम्पदा भक्तपुर नगरपालिका वडा नम्वर ४ मा अवस्थित छ । हनुमन्ते नदी पारी सूर्यविनायक गणेशस्थान नजिक रहेको बराहि पीठ आयातकार र मण्डपशैलीमा निर्मित छ । नेपाल सम्वतको दोस्रो शताब्दीमा बाराहि पीठ (याकती अजिमा) को मन्दिर बनेको अनुमान गरिन्छ तर ७९२ को चैत्रको अभिलेख बाहेक त्यसभन्दा अघिको अभिलेख भेट्न सकेको छैन । यही अभिलेखको आधारमा बराही पीठ ने.सं.को सातौं शताब्दीमा पुनर्निर्माण भएको मानिएको छ ।

निर्माणकालको प्रारम्भमा यो पीठको ३ वटा गजुर रहेको थियो भन्ने मान्यता पाइन्छ तर हाल एउटै मात्र गजुर यो पीठमा रहेको छ । पीठ वरीपरि धर्मशाला र देवालय, धारा कुवाहरू देख्न सकिन्छ । यो पीठलाई भक्तपुरको बाराहि पीठ, दक्षिण बाराहिको पीठ, दक्षिण मसान बराही पीठ, याकती अजिमा द्यो आदी नामले पुजिन्छ ।

बाराहि आजिमाको क्षेत्रलाई न्हेसत्वा भन्ने प्रचलन पनि छ । न्हस अर्थात् सातसय त्वा अर्थात् टोल (७ सय टोल) को इष्ट देवटाको रूपमा पुज्ने परम्परा छ । पूर्व-पश्चिम १२ फिट २ इन्च लम्वाई र उत्तर दक्षिण १० फिट चौडाई भएको दक्षिण तर्फ भित्ता भई तीन तिर खुल्ला रहेको बाराहि पीठको शिलापत्रमा उल्लेख छ ।



बाराहि अजिमा बारे एक प्रख्यात लोककथन जनजिव्रोमा झुण्डिएको छ । एक समय बाराहि अजिमा एउटी सुन्दरी

For Library Purpose

युवतीको भेषमा बाराहि पीठमा प्रकट भएछन् । उनी खुट्टा झुण्डाएर पीठमा एक्लै बसिरहने गर्दथिन् । सामान्य युवती थानी यूवाहरू जिस्काउँथे । बाराहि आजिमा पनि यूवाहरूसँग नजिक बस्न जाने गर्दथिन् ।

ख्याल ठट्टा गर्दागर्दै वलिष्ठ युवाहरूलाई आ नो मनमोहकताको बसमा पार्थिन् र मौका मिल्नासाथ युवकको शरिरमा चुम्वन गर्थे । चुम्वन गर्दागर्दै उनले विस्तारै ब्वाँसोले जस्तै गरी टनटनी रगत पिउने गर्दथिन् । र आ नो सिकार बनाउँथिन् । कुदृष्टिले सामु आउने युवाहरूलाई बराहि आजीमाले यसरी नै सिकार गर्ने गर्दथिन् भन्ने लोककथन पाइन्छ ।

त्यस्तै बराहि अजिमाकै बारे अर्को रोमान्चक लोकोक्ति पनि छ । बराही आजिमाको पीठ सुरूमा भक्तपुरबासीको मूर्दा पोल्ने तव्याखुसी अर्थात् हनुमन्ते नदी किनार नजिकै थियो । मूर्दा पोली मलामी घर फर्कदा हरेक पटक एकजना मलामी गायव हुने गर्दथ्यो । त्यो समयमा अहिलेजस्तो उक्त क्षेत्रमा ठूलो मानव वस्ती रहेका थिएनन् । जङ्गल बीच नदी किनारमा प्रत्येक पटक एकजना मलामी गायव हुन थाल्यो । यस्तो घटना प्रत्येक पटक चिहान पुग्ने मलामीमाथि हुन थालेपछि भक्तपुर भरि त्रास फैलियो ।

यो समस्या भक्तपुरका तान्त्रिकसम्म पुग्यो । तान्त्रिकले मलामी हराउने गरेको थाहा पाएपछि आफूभन्दा जान्ने काठमाडौं र ललितपुरका तान्त्रिकसँग सल्लाह गरे । तान्त्रिकहरूको सल्लाह बमोजिम उक्त पीठलाई नदीपारी सारेको भनाइ पनि पाइन्छ । पछिल्लो समय श्री बाराहि पीठ विकास समितिले बाराहि मन्दिरहरूको संरक्षण गर्दै आएको छ ।

***

For Library Purpose

बाराहि देवघर (बाराहि द्योछें)



भक्तपुरको बाराहि देवघर बंशगोपाल टेखाचो टोलमा अवस्थित छ । जय बराहि चार तल्ले नेवारी वास्तुकलायुक्त कलात्मक रूपमा निर्मित छ ।

घरको छानामाथि एक तल्ले मण्डपशैलीको धातु छानायुक्त आकर्षक शैलिमा निर्मित छ । बाराहि द्योछें लाई जय बाराहि भनेर चिनिन्छ । जय बाराहिमा विशेषगरी साउन पूर्णिमा, गाइजात्रा र विस्केटमो विशेष पूजा हुने गर्दछ ।

जय बाराहितन्त्र पद्दती अनुसार देश रक्षार्थ स्थापित अष्टमातृका पीठ मध्यमा जय वराहि पनि एक हो । जय वराहिलाई बाराहि मान्यता अनुसार मत्स्य, कुर्म, बराह, नृसिंह, बामन, रामो, रामोत्स्य, कृष्ण, बुद्ध, कल्की दश

For Library Purpose

अवतार मध्य तेस्रो स्थानको बराह अवतारका रूपमा पनि लिइन्छ ।

बाराहिलाई मातृशक्तिको रूपमा विशुद्ध नेवारी परम्परा अनुरूप पुजिने प्रचलन छ । बाराहिलाई राँगा बोका, हाँस, कुखुरा लगायतका पञ्चवलि सहित पूजा गर्ने परम्परा छ ।   राजा आनान्ददेव मल्लले नेपाल संवत्को दोस्रो शताब्दीमा भक्तपुर नगरलाई व्यवस्थित ढङ्गले निर्माण गराउँदा तव्याखुसी अर्थात् हनुमन्ते नदी पारि दक्षिण क्षेत्रमा बाराहि पीठ र देशभित्र बाराहिको द्योछें स्थापितगरेका थिए भन्ने मान्यता पाइन्छ ।

***

For Library Purpose

सिद्धपोखरी



For Library Purpose

भक्तपुरको सल्लाघारी क्षेत्र हुँदै उकालो सडक लागेपछि दरवार प्रवेश गर्ने द्वार भन्दा वर टुंडिखेलको दायाँवायाँ सिद्धपुखु (सिद्धपोखरी) र भाजुपुखु (भाजुपोखरी) नामक दुई विशाल ऐतिहासिक पोखरी अवस्थित रहेका छन् । यो पोखरी भनपा १ मा अवस्थित छ । यो पोखरी भक्तपुरको मुख्य पोखरीको रूपमा प्रख्यात छ ।

सिद्धपोखरी निर्माण कसरी भए भन्ने एक रोचक लोकोक्ति छ । लोकोक्ति अनुसार नेपाल संवत् ३६४ मा अरिमल्ल देवको राज्यकालमा

पानी नपरि ठूलो अनिकाल परेछ । तान्त्रिकको सल्लाह अनुरूप राजाले चारैतिर पाटी, हाँती छिर्नसक्ने ढोका, पर्खाल र नाग सहितको विशाल पोखरी निर्माण गराए । त्यसपछि ठूलो वर्षाभई सहकाल प्रारम्भ भयो । २७ सय वर्गफिट अर्थात् ३७ रोपनी क्षेत्रफलमा फैलिएको सिद्धपोखरी क्षेत्र ने. सं. १११७ मंसिर ३० गते भक्तपुर नगरापालिकाको पहलमा तत्कालीन मेयर ज्ञान बहादुर न्याइच्याइको नेतृत्वमा पुननिर्माण गरिएको थियो ।

सिद्धपोखरी गोपाल राजवंशावलीका राजा इन्द्रदेवद्वारा निर्माण गरेको मानिन्छ । सिद्धपोखरीबारे प्रचलित लोकोक्ति अनुसार एकजना तान्त्रिक पोखरी छेउ वसि नागलाई जिस्काउन थालेछन् । नागको पालो दिलमा बसेर जिस्काउने होइन पोखरीमा नै आऊ लडौं भनी हाँक दिएछन् । नागको धम्की स्विकार्दै ठीमीले व्यापारी साथीलाई म नाग भएर पोखरीभित्र प्रवेश गर्छु र पोखरीभित्रको नागलाई मारेर बाहिर आएपछि यो मन्त्र फुकेको चामलले हान्नु भनी अह्राएछन् । साथीले स्विकारोक्ती दिएपछि तान्त्रिक पोखरीभित्रको नागको हत्या गर्न सिद्धपोखरीमा पसेछन् । तान्त्रिक आ नो काम फत्तेपारी नागको स्वरूपमा बाहिर साथी भएको ठाउँमा आए । नाग बाहिर आएको देख्नसाथ थिमीले व्यापारी डराएर भाग्न थाले । नाग बनेको तान्त्रिकले साथीले चामलले हानिदेओस र मान्छेकै स्वरूपमा फर्कने आसामा पछिपछि लागेछन् । तर थिमीका साथी नागले लखेटेको ठानेर डराएर ठीमीतिरै भागे । जति पिच्छा गरे पनि ठीमीले साथीले अक्षता चामलले नहानेपछि फर्किएर तान्त्रिक नाग सिद्धपोखरीमै प्रवेश गरी बस्न थाले । नागको डरले आजसम्म पनि थिमीका मानिसहरू सिद्ध पोखरी जाँदैनन् भन्ने प्रचलन पाइन्छ । प्रत्येक वर्ष भदौ पूर्णिमामा भव्य मेला लाग्ने सिद्धपोखरीमा वडा दशैंको छैटौं दिन इन्द्रायणीको दर्शन गर्न जानेको भिड लाग्ने गर्दछ । पोखरीको पूर्वमा बुद्ध चैत्य, लक्ष्मीनारायण, विष्णुगोपालका प्रतिमामा जगतज्योति मल्ल नेपाल संवत् ७५०, जितामित्र मल्ल नेपाल संवत् ७९८ र ढोकाको पूर्वि छेउ जनरल भीमसेन थापा द्वारा नेपाल संवत् १००० मा जिर्णोद्वार गराईएको शिलापत्रमा उल्लेख छ ।

For Library Purpose

यो पोखरीको पूर्वमा नवपोखरी, दक्षिणमा भाजु पुखु पोखरी, पश्चिममा न्हु पुखु पोखरी र उत्तरमा अचाँ पुखु (कालीदह) पोखरी छन् ।

पोखरीको २०५२ साल फागुनदेखि सुरू गरिएको मर्मतसुधार गर्ने काम २०५४ साल वैशाखमा सकिएको थियो । विक्रम संवत् १९३६ को शिलापत्र अनुसार उक्त पोखरी वि.सं. १८२१ मा भीमसेन थापाबाट जीर्णोद्वार गरिएको थियो भने वि. सं. १९३५ सालमा रणोद्दीप सिंहबाट उक्त तलाउको पर्खालगायत घाँसहरू सफा गरिएको उल्लेख छ ।

***

For Library Purpose

भाजुपोखरी

For Library Purpose

सिद्धपोखरीको ठिक विपरीत भक्तपुर बहुमुखी क्याम्पस नजिकै भाजुपुखु अर्थात् भाजुपोखरी रहेको छ । राजा जितामित्र मल्लकी कान्छी रानी र मन्त्री भाजु कसाः बीचको अनैतिक सम्वन्धको कसीको रूपमा यो पोखरीलाई लिइन्छ ।

नेपाल संवत् ७९३ देखि ८०८ सम्म राज्य गरेका राजा जितामित्रको मृत्युपछि कान्छी रानीकी प्रेमिका भाजु कसाःले आफूलाई राजा घोषणा गरी जेठी रानी लिलावतीलाई कैद गरे । नाबालक १३ वर्षीय राजकुमार भूपतिन्द्र मल्लको हत्या गराउन जङ्गल पठाइदिए । राजकुमारलाई मार्न भनी गएका जल्लादको मनमा दया जागी राजकुमार भूपतिन्द्रको हत्या नगरी जङ्गलमा नै छाडेर आए । राजकुमारको हत्याको प्रमाणको रूपमा मृगको मुटु कलेजो भाजु कसाःको हातमा दिए । भाजु कसाः र कान्छी रानीले आफूहरूलाई

राजा रानी घोषणा गरी नेपाल संवत् ८११ मा भाजुपोखरी निर्माण गराएको भन्ने भनिन्छ ।

जेठी रानीलाई जेल र राजकुमार भूपतिन्द्र मल्ललाई हत्या गर्न पठाए पनि जल्लादले जङ्गलमा छाडेका राजकुमार भूपतिन्द्र मल्ल हुर्के पछि उनी बदला लिएर राजकाज आफूमा फर्काउन निपुणताका साथ दरवार प्रवेश गरे र आफूलाई जङ्गल पठाउने कान्छीरानी र स्वघोषित राजा भाजु कसाःलाई उमेर पुगेका निपुण भूपतिन्द्र मल्लले यही पोखरीमा हत्या गरी राजा भएका थिए । हाल जीर्ण र सुकेको अवस्थामा भाजुपोखरीको भग्नावशेष मात्र बाँकी छ ।

***

For Library Purpose

च्वङ्गा गणेश

काठमाडौं नयाँबाटो हुँदै भक्तपुर प्रवेश गर्नेबेला सल्लाघारीभित्र रहेको डाँडामाथिको एकान्त जङ्गलमाथि च्वङ्गा गणेशको मन्दिर अवस्थित छ । डाँडा माथिको गणेश मन्दिर वरपर ठूलो खुल्ला प्राकृतिक स्थान रहेको छ । नमोबुद्ध चैत्य, सरस्वती मन्दिर, ढुङ्गेधारा, कलात्मक द्वार, भञ्ज्याङ, पाँचओटा भोज वा पीकनिक मनाउने फल्चा र पाटीले सल्लाघारीको सम्पदालाई सोभायमान तुल्याएको छ । लोकोक्ति अनुसार भक्तपुर सुरक्षाको लागि चार वटा गणेश स्थापना गरिएको थियो । ती मध्ये च्वङ्गा गणेश पश्चिम दिशाको महत्वपूर्ण गणेशस्थानको रूपमा पुजिन्छ । च्वङ्गा गणेशलाई साक्षी राखी कुनै धार्मिक कार्य गरेमा सिद्ध हुने जनविश्वास अझै कायम छ । साथै जाँड रक्सी बनाउनु अघि च्वङ्गा गणेशको पूजा गर्नाले

जाँड रक्सी मिठो हुने नबिग्रने जनविश्वास पाइन्छ ।

यहाँ मानिसहरू विभिन्न अवसर पारेर विवाह, व्रतवन्ध जस्ता शुभ कार्य गर्न पुग्छन् । पूजा, पीकनिक जस्ता कार्यका लागि यो मन्दिर उपयुक्त भएकाले भक्तपुरका स्थानीय र अन्य जिल्लाका मानिसहरू पनि विभिन्न कार्यक्रम लिएर यहाँ पुग्ने गर्छन् । एकान्त, उच्च भाग र प्राकृतिक सौन्दर्यका कारण यो स्थान पछिल्लो समय प्रेमी प्रेमिकाहरूको लागि पनि लोकप्रिय बन्ने गरेको छ । यहाँ भक्तपुर नगरपालिकाले कलात्मकद्वार निर्माण गरेर सम्पदा संरक्षण गरेको छ । द्वार प्रवेश क्षेत्रबाट सवारी प्रवेश गर्नमिल्ने पक्की सडक रहेको छ । पछिल्ले समय यो सम्पदाको पछिल्लो भागमा सिंढी सहितको मनमोहक छोटो पदयात्राको बाटो समेत निर्माण भएको छ । यो बाटोले च्वङ्गा गणेश सम्पदास्थलको आकर्षण समेत बढाएको अनुभूती गर्न सकिन्छ ।

***

For Library Purpose

सूर्य विनायक (इनाय गणेद्यो)

उपत्यकाका चार प्रमुख गणेशमध्ये प्रमुख एक मानिएको मनोरम प्राकृतिक स्वरूपले धनी भक्तपुरको सूर्य विनायक मन्दिर पनि हो । यो मन्दिर काठमाडौंबाट पूर्व र भक्तपुर नगरबाट दक्षिण सिपाडोल गाविसको डाँडामा अवस्थित छ । यो सूर्यविनायको मन्दिर सत्रौं सताब्दीमा बनेको बताइन्छ ।

सूर्यविनायकलाई नेपाल भाषामा इनाय गणेद्यो पनि भनिन्छ । काठमाडौं उपत्यकामा सुर्योदय हुँदा सर्वप्रथम सूर्यको किरण जुन ढुङ्गारुपी देवतामा पर्छ । त्यस ढुङ्गाले बनाएको छायाँलाई इनाय भनीएको कथन छ ।

नेपालभाषामा छायाँ गणेश वा सर्वसाधारणबिच सूर्यविनायक नाउँले प्रख्यात इनाय गणेशबारे अनेक अलौकिक लोकोक्तिहरू रहेका छन् । यिनै आख्यान मध्ये एउटा लोकोक्ति गुणनिधी ब्राह्मणकी पत्नी लीलावती र निजका एक छोरासँग सम्वन्धित रहेको छ ।

गुणनिधी ब्राह्मण र उनकी पत्नी दिनहुँ बिहान उठी पशुपतिनाथको दर्शन गर्न जाने गर्दथे । एकदीन पशुपतिबाट घर फर्कदा उनीहरूको सात बर्षिय छोरा मृत्त अवस्थामा देखे । यस्तो हृदयविधारक दृष्य देखी ब्राह्मण र ब्राह्मीणी अनेकौं विलौना गर्न थाले । बिलौनाबाट प्रभावित पशुपतिनाथले ब्राह्मण-ब्राह्मीणी लाई भनेछन्, 'बिहान सबेरै सर्वप्रथम जहाँ सुर्योदय हुन्छ त्यहीँ मृत्त बालकलाई सुताऊ तिम्रो बालक जिवित हुनेछ ।'

नभन्दै लासलाई पहिलो सूर्यको किरण आउने ठाउँमा सुताउदाँ बालक लेजिवन पाएछ । त्यसै समयदेखी ढुङ्गाको त्यो प्राकृतिक देवतालाई सूर्यविनायक भन्न थालिएको भन्ने लोककथन पाइन्छ । शिखर शैलिमा निर्मित सूर्यविनायक मन्दिर क्षेत्रमा ने. सं. ६०३, ९१३, ९९६, १०१०, १०१६ को शिलालेख प्राप्त छ । सूर्यविनायक क्षेत्रको गुठीयार राजथला, द्योपाला, धोला र मुलपुजारी कर्मचार्य रहने परम्परा छ भने यहाँ प्रत्येक हप्ता मंगलबार र शनिबार भत्तजनको ठूलो भिड लाग्ने गर्दछ ।

मन्दिरपरिसरमा आकर्षक फल्चापाटी, भजनस्थल, गणेशको बहान मुसा, स्तम्भ, ढुङ्गेधारा र अनेकौं देवीदेवताका मूर्ति पनि छन् । प्रत्येक बिहान छ बजे धल्चा गुठीका राजथला सुवाल, ज्यापु, द्योला, आचाजु, कार्मचार्य र नेवार समुदायद्वारा श्री अखण्ड नित्य पूजा चलाउने सूर्यविनायक विशुद्व तान्त्रीक पद्वतिमा आधारीत देवता हुन् । यहाँ हप्ताको दुई दिन घोडेजात्राको भोलिपल्ट, बैशाखको बिस्केट जात्रा, जनैपूर्णिमाको बेला खटजात्रा गरी भव्य रूपमा नगरपरिक्रमा गरिन्छ । गुठी जग्गाको आयस्रोतबाट नित्यपूजा, जात्रा, पर्व गुठी चलाईन्छ । पाँच बर्षसम्म पनि शिशुको बोली नफुटेमा यस मन्दिरमा शिशुलाई लगे बोली फुट्छ भन्ने मान्यता पाइन्छ । देवताको पूजापश्चात् ति शिशुलाई मन्दिरमा एक्लै

For Library Purpose

छाडी आमाबाबु लुक्न जाँदा अत्तालिएर बोल्छन् भन्ने मान्यता अझै रहि आएको छ । डा. सत्यमोहन जोशी पनि आफ्नो बोली नफुटेको भन्दै आफ्ना बाबुआमाले सूर्यविनायक मन्दिर लगेर एक्लै छाडिदिएको र एक्लै हुँदा अत्तालिएर बोलेको र आफ्नो बोली खुलेको बताउँछन् ।

मन्दिर वरपर मनोरम जङ्गल रहेको छ । उच्च भागमा रहेको यो मिन्दर प्रवेशद्वारबाट सिंढी चढ्दै उकालो लागेपछि पुग्न सकिन्छ । मन्दिर भन्दा केही माथि जङ्गल प्रवेश गर्ने हो भने अलौकिक प्राकृतिक मनमोहकताले मानिसलाई आकर्षित गर्दछ । पछिल्लो समय प्राकृतिक रस्वादन गर्न पनि मानिसहरू सूर्यविनायक मन्दिर पुग्ने गर्छन् ।

***

For Library Purpose

लेखानारायण देवस्थल

सूर्यविनायक परिसर भन्दा केही माथि रहेको ऐतिहासिक एवम् प्रख्यात सम्पदास्थल लेखानारायण हो । कान्तिपुर नगरका राजा गुणकामदेव र निजकी छोरीकी कथासँग यो सम्पदा सम्बन्धीत छ ।

लोकोक्ति अनुसार राजा गुणकाकदेवकी छोरीलाई डर देखाउन तिमीलाई स्यालसँग विहे गरेर पठाइदिउँला है भनी डर देखाउने गर्दथे । क्रमिक रूपले बढ्दै गइरहेको राजकुमारी विवाहयोग्य भएपछि एउटा सेतो स्याल देखाएको ढोका छेउमा आएर बस्न थाले । पशुपंक्षीको कुरा बुझ्ने राजा गुणकामदेव स्वयं दरवार छेउ आएर बसेको स्याललाई भेट्न जाँदा स्यालले छोरी लिन आएको बताए । समस्यामा परेका राजाले वचन मुताविक स्याललाई दाइजो सहित छोरीको विहे गरेर पठाए । राजाका छोरी र स्याल ज्वाइँ सँग-सँगै दाइजो बोकी गएका नेवार समुदायमा के ही ज्यापु पनि पछि पछि गए ।

ती मानिसहरूले स्याललाई के को दाइजो नि, भन्दै बोकेको दाइजो सबै आ-आ नो घरमा लगे । तर दुई ज्यापु भने राजकुमारी र स्यालसँगै सूर्यविनायक पछाडिको जङ्गल लेखनारायणमा रहेको गुफासम्मै पुगे । ज्यापुले भारी विसाउँदा स्यालले साक्षात नारायण र राजकुमारीले लक्ष्मीको रूपमा दर्शन दिए । यो देखेर दाइजो बोकेर गएका ज्यापु छक्क परे । त्यही दिनको स्मरणमा राजा गुणकामदेवले भक्तपुरमा वाकुपति नारायणको

For Library Purpose

मन्दिर स्थापना गराइएको कथन पाइन्छ । अहिले पनि भक्तपुरवासीले स्याललाई नारायण देवताको रूपमा लिन्छन् । खेत वा घर वरपर स्याल आएमा लखेट्न् हुन्न स्याललाई दुख दिनु हुन्न भन्ने मान्यता कायम छ ।

उक्त लेखनारायण क्षेत्रमा प्राकृतिक गुफा बाहेक कुनै मानव निर्मित मठ मन्दिर रहेको छैन । यसबाट के बुझ्न सकिन्छ भने उपत्यकाको पानीले जलायमान रहेको बेला सूर्यविनायक लेखनारायण क्षेत्रमा बसोबास गर्ने आदिवासी नेवार विस्तारै पानी सुक्दै गएपछि बसाइँ सराई गरी हालको भक्तपुर नगरमा बस्न गएको मानिन्छ ।

***

For Library Purpose

लुंचुं महादेवस्थान (सुवर्णेश्वर कटुन्जे)



For Library Purpose

भक्तपुरको सूर्यविनायक र गुण्डु क्षेत्रको बीच करिब दुईसय रोपनीमा फैलिएको दुईवटा स-साना वासुकीडाँडानै लुंचु महादेवस्थान हो । लुंचु

महादेवस्थानलाई सुवर्णेश्वर महादेव पनि भनिन्छ । दुईवटा बासुकी डाडाँ मध्ये पहिलो डाडाँ सर्बोच्च नेता पार्कका रूपमा विकास गएिको छ भने दोस्रोडाँडा करिब सयवटा सिमेन्टजडिट भऱ्याङ चढेर उक्लिएपछि घण्टाघर शैलीको लुंचु महादेवस्थान पुग्न सकिन्छ ।

सत्ययुगमा वासुकीस्थान डाँडामा अवस्थित शिलारूपी महादेवलाई तामाको पैसा चढाए पनि भोलिपल्ट पुजारीको हातमा सुनको दाम पर्ने गर्दथ्यो भनिन्छ । यो कुरा एक कान दुई कान, मैडान हुँदै जानथालेपछि पाप मन लिएर पैसा चढाउन जाने र पुजारीलाई डर देखाई धम्क्याएर सुनको पैसा आफै लिएर जान थालेपछि महादेवले सुनको पैसा दिन छाडे भन्ने लोककथन पाइन्छ । नाम भने अहिलेसम्म लुँचु अर्थात् सुन बनाउने देवतानै रहेको कथन छ ।

यो मन्दिर भित्र एउटा विशाल आकृतिको करिब ५ फिट अग्लो ३ फिट मोटो सादा ढुङ्गाको मूर्ति तामाले वेरिएको अवस्थामा ठडिएको छ । मन्दिर अगाडि ढुङ्गाकै नन्दी र ढुङ्गाले छापेको चोक देवस्थल आकर्षणयुक्त छ । जहाँबाट भक्तपुर लगायत काठमाडौ उपत्यकाको सम्पूर्ण दृश्यअवलोकन गर्न सकिन्छ । प्राकृतिक छटाले भरिपूर्ण यो मन्दिर आकर्षक छ । हरियाली वनजङ्गलले घेरिएको सुवर्णेश्वर क्षेत्र प्राकृतिक रूपमा हराभरा रहेको छ ।

***

For Library Purpose

सुसिला भैरवस्थान



प्रख्यात कवि चक्रपाणी चालिसेको जन्मस्थल भक्तपुरको कटुन्जेमा सुसिला भैरवस्थान रहेको छ । सु अर्थात् असल र शिला अर्थात् ढुङ्गालाई समास गर्दा सुशिला हुन गएको बताइन्छ । भक्तपुरको मुख्य जात्रा वैशाख १ गते हुने विस्केट जात्राको भोलिपल्ट सुशिला भैरवको जात्रा भव्य रूपमा मनाइन्छ ।

देवताका रूपमा सादा ढुङ्गा बाहेक खासै अन्य संरचना छैन । यो भैरवस्थानमा गुण्डु र कटुन्जे क्षेत्रका वासिन्दा उपत्यकामा पानी नपरी ठूलो खडेरी लागे पशुपंक्षी वलि दिई पानी माग्न जाने प्रचलन छ । सुशिला भैरव र लुँचु महादेवस्थानको एकसाथ पूजा गरे वर्षा भई सहकाल सुरु हुन्छ भन्ने जनविश्वास अझै रहि आएको छ । मन्दिरभित्र गहिरो खाडलमा सुशिला भैरवको ढुङ्गे आकृतिको मूर्ति अवस्थित छ ।

***

अनन्त लिङ्गेश्वर

For Library Purpose

अनन्त लिङ्गेश्वर महादेवको मन्दिर भक्तपुरको सूर्यविनायक नगरपालिका अन्तर्गत रहेको दधिकोटमा अवस्थित छ । यो मन्दिर भक्तपुर नगरपालिकाबाट ठिक दक्षिण र मध्यपुर थिमी नगरपालिकाबाट दक्षिण पूर्वमा अवस्थित छ । जङ्गलको एकान्त स्थलमा रहेको मूल मन्दिरको मध्य भागमा शिव लिङ्ग स्थापितछ । अनन्त लिङ्गेश्वर

महादेव बारे दुईवटा लोककथन जनमानसमा प्रचलित छन् ।

लोकोक्ति अनुसार परापूर्व कालमा एक ऋषि यस जङ्गलमा आई तपस्या गर्न थाले । ऋषिलाई पानीको अभाव महशुष भयो र उनले पानी निकाल्न त्रिशुल जमिनमा गाढे । तर जमीनबाट पानीको सट्टा आगोको ज्वाला निस्के । यो देखेर ऋषि आश्चर्यमा परे । जमीनबाट आगो निस्कनुको कारण थाहा पाउन उनले जमीन खन्न थाले । जमीन खन्दै जाँदा ऋषिले ज्योर्तिमय शिवलिङ्ग भेट्टाए । त्यसपछि ऋषिले सोही स्थानमा शिवलिङ्ग प्रतिस्थापन गरी पूजा आराधना गर्न थाले । ऋषिको आराधनाबाट प्रशन्न भई शिवलिङ्गबाट साक्षत महादेव प्रकट भए । ऋषिलाई महादेवले बरदान माग्न भने । ऋषिले महादेव समक्ष आफूले गरेको कामको लागि क्षमा मागे । प्रतिउत्तरमा महादेवले आ नो बासस्थान रहेको ठाउमा त्रिशुल गाडेकोले आगोको ज्वाला उत्पती भएको बताउँदै उक्त शिवलिङ्गको पूजाआराधना गरे दुखमा परेका जो कसैको उद्वार हुने बताए । सोही बेलादेखि अनन्त लिङ्गेश्वर महादेवको स्थापना भएको जनविश्वास पाइन्छ ।

त्यस्तै अर्को लोककथन अनुसार स्वर्गका राजा इन्द्रको अगाडि नृत्य गरिरहेको बेला ताल छुट्न गएपछि राजा इन्द्रले अप्सरालाई लाटोकोशेरा हुने श्राप दिए । त्यही श्रापबाट मुक्त हुन लाटोकेशेरारूपी अप्सराले अनन्त नाम गरेको स्थानमा आई महादेव खोलाबाट जल ल्याई महादेवको नित्य पूजा आराधना गर्न थाले । महादेव प्रसन्न भई लाटोकोशेरा रूपी अप्सरालाई इन्द्रको श्रापबाट मुक्त गरी स्वर्ग पठाए । यसरी महादेव र यो अनन्त भन्ने स्थानको महादेवको अनन्त सम्वन्ध रहेकाले पनि यो मन्दिरलाई अनन्त लिङ्गेश्वर भनीएको जन विश्वास पाइन्छ ।

मन्दिर परिसरमा शिवलिङ्ग सहितका स साना देवालयहरू, आकर्षक तीन वटा घण्ट र लाटोकेशेराको आकर्षक प्रतिमूर्ति पनि रहेका छन् । मन्दिरको पछाडी भागमा एउटा पधेँरो पनि छ । पधेराको शिरोभागमा बाशुकी नागको प्रतिमूर्ति स्थापित छन । मन्दिरको दायाँ भागमा जलकुण्ड रहेको छ । खेतीपातीको बेला होस वा खडेरी पर्दा अनन्त लिङ्गेश्वर

For Library Purpose

महादेवको पूजा आराधना कुण्डमा स्नान गरी पानी माग्ने प्रचलन पनि छ । कुण्डमा स्नान गरी पानी माग्दा महादेवले पानी वर्षा गराई खडेरी हट्छ भन्ने जनविश्वास पनि रहिआएको छ । कुण्डको भित्तामा नेपाल संवत् १११५ को शिलालेख रहेको छ । कुण्ड स्थानीयले जिर्णोद्धार गरिएको उल्लेख छ । बाला चर्तुदशी, शिवरात्री, श्रीपञ्चमी, जनै पूर्णिमा र गाइजात्राका दिन भक्तजनको भीड लाग्ने गरेको छ ।

जमिनबाट आगो निस्केको भन्ने लोकोक्ति र वर्तमान विज्ञानअनुसार उक्त क्षेत्रमा अझै पनि जमिनमुनि मिथेन ग्याँस हुन सक्ने अनुमान गर्न सकिन्छ । उपत्यकाका विभिन्न स्थानमा पछिल्लो समय मिथेन ग्याँस रहिआएको पुष्टिसमेत हुँदै आएको छ ।

***

For Library Purpose

डोलेश्वर महादेव (सिपार माद्यो)



काठमाडौं उपत्यकाको भक्तपुर नगरको आग्नय कोणमा रहेको डोलेश्वर महादेवलाई नेवारीमा सिपार माद्यो पनि भनिन्छ । भक्तपुर नगरदेखि दक्षिण क्षेत्र करिब ४ किलोमिटर दूरीमा रहेको धार्मिक र सांस्कृतिक इतिहास बोकेको डालेश्वर मन्दिर आफैमा महत्वपूर्ण सम्पदास्थल हो ।

For Library Purpose



प्राकृतिक र मनोरम हरियाली डाँडाहरूको फेदीमा र डोल परेको ठाउँमा महादेवलाई पुजिँदै आएकाले यहाँ स्थित मन्दिरलाई डोलेश्वर मन्दिर भनीएको हो भनिन्छ । डोलेश्वरको प्राचीन नाम विमलेश्वर थियो । यहाँका विमला र तमसा नामका दुई नदीको संगमस्थलमा महादेवको मन्दिर स्थापित छ । उक्त त्रिवेणी संगमस्थललाई विमलेश्वर भन्ने गरिएको इतिहास छ ।

विमलेश्वरमा रहेको महादेव भएकाले पूर्ववत समयमा विमलेश्वर महादेवको रूपमा डोलेश्वरलाई पुजिन्थ्यो । स्कण्द पुराणको हिमवत्खण्डमा पनि यो महादेवलाई विमलेश्वर महादेव भनी सम्वोधन गरेको पाइन्छ । ग्रन्थअनुसार पूर्वजन्मको पापले शिर हल्लने रोग लागेका एकजना विमलनामका ब्राह्मणले यसै विमलोदक तीर्थको जलले शिवलिङ्गलाई स्नान गराई पूजा गरेको र रोग निको भएकाले ब्राम्हण शिवको भक्तनै बनेका थिए । यी महादेव र उक्त नदीको संगमस्थल उनै ब्राम्हणको नामले विमलेश्वर र विमलोदक तीर्थ भनी प्रख्यात भएको वर्णन गरिएको पाइन्छ । वंशावलीको चौसट्टी लिङ्ग वर्णनमा पनि यस विमलोदक गंगातीर्थ विमलेश्वरको उल्लेख भएको छ । जसको कारणले डोलेश्वर पौराणिक कालदेखि नै विभिन्न नामले तीर्थस्थलको रूपमा रहेको थियो भन्ने पुष्टि गर्दछ । मल्लकालीन समय पनि डोलेश्वर पवित्र तीर्थस्थलको रूपमा प्रख्यात थियो ।

For Library Purpose

डोलेश्वर महादेवसँग भक्तपुरको विश्व प्रसिद्ध पाँचतल्ले मन्दिर सम्बन्ध पनि जोडिएको छ । मल्लकालीन राजा भूपतीन्द्र मल्लले पाँचतल्ले मन्दिर बनाउँदा जति पटक बनाए पनि भत्किने गरेपछि राजा चिन्तित थिए । एक रात सपनीमा महादेवले राजालाई दर्शन दिएर डोलेश्वर महादेवको पूजा आराधना गरी आफैं इट्टा बोकी जग हालेमा निर्माण कार्य पूरा हुने बताए । राजाले पनि सोही गरे । पाँच तल्ले मन्दिरको निर्माणपछि राजा भूपतीन्द्र मल्लले नेपाल संवत् ८२८ मा डोलेश्वर महादेवको मन्दिर जिर्णोद्वार गरी छानामाथि सुनको गजुर चढाए । उनले मन्दिर आउने भक्तजनको सुविधाको लागि ढुङ्गेधारा, पाटीपौवा र बगैंचा बनाइदिए । साथै राजा भूपतीन्द्रले संस्कृत स्तोत्र पनि चढाएका थिए यी प्रमाणहरू भूपतीन्द्र मल्लले नेपाल संवत् ८२८ मा मन्दिरमा चढाएको अभिलेखमा उल्लेख छ ।

पौराणिक जनश्रुति अनुसार डोलेश्वर महादेवको उत्पत्ति कसरी भयो भन्ने बारे अनेकथरि वर्णन पाइन्छन् । एउटा रोचक लोकोक्तिअनुसार महाभारतमा पञ्चपाण्डवहरूले अनेक तिर्थाटन पश्चात् आ नो जीवनको उत्तरार्द्धमा स्वर्ग जाने क्रममा हरिद्वारमा गएर केदारनाथको दर्शन गर्न खोज्दा केदारनाथले बन्धुघाती भनेर पाण्डवहरूलाई दर्शन दिएनन् । पाण्डवहरूको पाप नष्ट नभएकाले केदारनाथले पाण्डवलाई दर्शन दिनु पर्ला भनेर भैंसीको रूप धारण गरे । पाण्डवले केदारनाथलाई नदेखेपछि यताउति हेर्दा भीमले नजिकै एउटा भैंसी देखे । भीमले भैंसी नै केदारनाथ हुनसक्छ भनी समाउँदा केदारनाथले आ नो टाउको जमीनमुनी गाडेको र सोही समय मेरो दर्शन गर्ने भए नेपालको पाशुपत क्षेत्र जानु भनी आकाशवाणी भए । (यो वर्णन शिव महापुराणको केदारेश्वर ज्योतिलिङ्ग महात्म्यको १७ श्लोकमा उल्लेख छ ।) त्यसपछि भीमको हातले समाएको भैंसीको शरिर शिलामा परिणत भयो । त्यहाँ केदारनाथको मन्दिर स्थापना गरी पूजाआजा गरे । तत्पश्चात पाण्डवहरू नेपालको पाशुपत (हालको काठमाडौंको पशुपति) क्षेत्रमा आई डोलेश्वर महादेवको पूजाआजा गरी केदारनाथको पूर्ण दर्शन पाई स्वर्गतिर लागे भन्ने उल्लेख छ । यसरी

For Library Purpose



पौराणिक उल्लेखित वर्णन अनुसार केदारनाथको शिरोभाग नेपालमा छ भन्ने ज्ञात हुन्छ । तर कहाँ छ भन्ने कसैलाई थाहा थिएन ।

हजारौं वर्षदेखि हिन्दु धर्मावलम्वीहरूको मानसपटलमा यही प्रश्न थियो । तर २०६६ साल भदौ ६ गतेका दिन भक्तपुरको पाँचतल्ले मन्दिर प्राँगनमा एउटा अनौठो घटना घट्यो । भारतका केदारवैराग्य पीठाधीश्वर रावल जगत्गुरू श्री श्री श्री १००८ भीमाशंकर लिङ्ग शिवाचार्य महास्वामीजीले केदारनाथको शिरोभाग डोलेश्वर भएको घोषणा गरे । यो घोषणासँगै डोलेश्वरमा नेपाल र भारत दुबै देशका हिन्दु तीर्थयात्री आउनेक्रम बढेको छ । डोलेश्वर मन्दिरका पुजारी वच्चुराम जङ्गमले पनि पाँचपाण्डवहरूको आकृतियुक्त शिला रहेको हुँदा पाण्डवहरूले भारतको उत्तराञ्चलस्थित केदारनाथको दर्शनपछि डोलेश्वरको दर्शन गरेको पुष्टि हुने बताएका थिए । डोलेश्वरको मन्दिर २०७२ सालको भूकम्पले पूर्ण रूपमा क्षति भयो । यद्यपि यो मन्दिर नयाँ ढाँचामा निर्माण गर्ने गुरू योजना अनुरूपन निर्माण हुँदैछ ।

***

For Library Purpose

रानीकोट गढी

रानीकोट भक्तपुर जिल्लाको दक्षिण क्षेत्रमा अवस्थित छ । रानीकोटबाट भक्तपुर जिल्लाको दृश्यावलोकन गर्न सकिन्छ साथै काठमाडौं तथा ललितपुरको पनि दृश्यावलोकन गर्न सकिन्छ । यहाँबाट सुन्दर हिमशृङ्खला, सूर्योदय तथा सूर्याष्त पनि अवलोकन गर्न सकिन्छ । प्रकृतिप्रेमी पर्यटक तथा नेपालीहरूकै लागि पनि रानीकोट महत्वपूर्ण गन्तव्य बन्ने गरेको छ । भक्तपुरको सूर्यविनायकबाट करिब ७ किलोमिटर यात्रापछि रानीकोट पुग्न सकिन्छ । जिप तथा मोटरसाइकलको प्रयोग गर्दा यात्रा अझ रमाइलो हुन्छ । यात्राको समयमा विभिन्न खालका चराचुरुङ्गीका साथै वन्यजन्तुहरू पनि देख्न सकिन्छ ।

भक्तपुर जिल्लाको गुण्डुमा अवस्थित लिच्छविकालिन रानीकोट दरबार क्षेत्र भक्तपुरका राजा नरेन्द्रदेवको पालामा निर्माण गरिएको मानिन्छ । रानीकोट दरबार भग्नावशेष अवस्थामा छ । राजा पृथ्वीनारायण शाहको पालामा नुवाकोट दरबार निर्माण भएकै समयमा भक्तपुरमा पनि रानीकोट दरबार निर्माण भएको भनाइ पाइन्छ । दरबारनजिकै बाघभैरव, विभिन्न कलात्मक वस्तुहरू भेटिएकाले यो क्षेत्र पुरातात्विक महत्वको भएको बताइन्छ । दधिकोटस्थित अनन्तलिङ्गेश्वर मन्दिरमा लिच्छविकालीन शिलालेख फेला पर्नुले पनि रानीकोट दरबार लिच्छविकालीन भएको पुष्टि भएको छ ।

For Library Purpose

रानीकोटमा करिब चार सयवटा सिँढीं निर्माण भएका छन् । यो दरवार संरक्षणमा रानीकोट दरवार समिति नै बनेको छ । तत्कालीन समयमा रानीले नुहाउने कुवा, पुराना ढिकी, जाँतो,विभिन्न देवी देवताको मूर्ति र दरबारको वरीपरि ९ फिट गहिरो सुरूङ रहेको छ । सूर्यविनायकबाट सात किलोमिटर दूरीमा रहेको ललितपुर, भक्तपुर र काभ्रे बीचको थुम्को डाँडामा रहेको दरबारबाट उपत्यकाको मनोरम दृश्यावलोकन गर्न सकिन्छ ।

***

For Library Purpose

चाँगुनारायण

चाँगुनारायण नाम कसरी रहन गयो भन्ने जान्न आवश्यक छ । चाँ को दुईवटा अर्थ छ । पहिलो चाँ भन्नाले नेपाल भाषामा माटो अर्को चाँ भन्नाले चापको रूख जनाउँछ र गुँ कोअर्थ जङ्गल हुन्छ । माटोको पहाड माथिको जङ्गल नै पछि चाँगु कहलिएको मानिन्छ । परापूर्वकालमा चाँगुडाँडा चाँपका रूखैरूखले ढाकिएको थियो । डाँडामाथि सुदर्शन नामक ऋषि एउटा गाई पालेर ईश्वरको ध्यान गरेर बस्ने गर्दथे । तर एकदिन राति गाईको कल्चौंडामा मुख जोडेर दूध पिइरहेका एक युवकलाई ऋषिले देखे । रिसको झोंकमा ऋषिले युवकलाई खड्गले काटिदिए । टाउका काटिएका ती युवकले चर्तुभूज विष्णुका रूपमा दर्शन

दिँदै भनेछन्, 'हे ऋषि डराउनु पर्दैन पर्शुरामसँग धनुर्विद्या र शुक्राचार्यसँग शाष्त्र विद्या सिकेका सुमति नामक ब्राम्हणलाई चन्द्रसँगको युद्धमा मैले हत्या गरेको थिएँ । जुन पापको श्रापबाट आज म मुक्त भएको छु । 'यसरी आकाशवाणी भएपछि ऋषिले चाँपको रूखमूनि विष्णुको मूर्ति स्थापना गराई चाँपानारायणको मन्दिर स्थापना गराएको कथन छ । त्यसैले पनि आजसम्म चाँगु नामको महत्व उतिकै महत्वपूर्ण रहेको छ ।

चाँगुनारायणको जङ्गलको एउटा छुट्टै अनौठो लोकोक्ति पनि अझै प्रचलित छ । तात्कालिन राजा मानदेव प्रथमका पिताको राज्यकालसम्म पनि नेपालमा शैव र बौद्ध मतालम्वीमात्रै थिए । स्वयं राजा मानदेव प्रथमका पिता वृषदेव बौद्धमार्गी थिए । उनै वृषदेवकालीन राज्य व्यवस्थाको एउटा अनौठो कथा छ । चाँगु नारायणको जङ्गलस्थित बौद्ध चैत्यमा लिच्छिविकालसम्म पनि सामूहिक भोजनको आयोजना गर्ने प्रचलन थियो । यसरी भोजन गर्दा जति भिक्षु रहेपनि चाँगु जङ्गलमा एक गेडा चामल पकाउँदा सबैलाई पुग्दथ्यो । तर एक भिक्षुले लोभ गरेर तीन गेडा चामल पकाउँदा तीन गेडाको तीन गेडामात्रै चामलको भात रहन गएको कथन पाइन्छ । त्यसैबेलादेखि एकजनालाई पनि धेरै चामल राखेर भात पकाउनुपर्ने गरी अनिकाल शुरू भएको लोककथन छ । संघ भोजनमा प्रयोग गरिएको चामलको शिलाप्रति गेडा भने आज पनि चाँगुनारायणको मूल ढोकामा झुण्डाइएको छ ।

त्यस्तै चाँगु नारायणमा राजा मानदेवले वैष्णव सम्प्रदायमा आधारित नारायणको मन्दिर स्थापना गरिएको थियो । यस सम्वन्धी पनि एउटा लोकोक्ति छ । जो अझै प्रचलित रहेको पाइन्छ । लोकोक्तिअनुसार नेपाल मण्डल अर्थात् काठमाडौं उपत्यकाको पानी महामञ्जुश्रीद्वारा आ नो चन्द्राहास खड्गले चोभारको कोटुवाल पर्वत छेदन गरी बाहिर पठाएपछि नाग यत्रतत्र छरिन थाले ।

उचित बासको व्यवस्था नहुँदा तक्षक नागराजाको शरीरमा कुष्ठ रोगले आक्रमण गरेछ । सोही रोग मुक्तिको कामना गर्दै अमोघपास लोकेश्वर व्रत बसिरहेका नागराजा तक्षकलाई अचानक आकाशमार्गबाट गरूड आई समातेर आकाशतर्फ लगेर खान खोजेछन् । त्यसै त रोगी

त्यसमाथि गरूडको पखेटाले प्रहार गरी घाँइते बनाइएछन् । घाइते नागराजाले भएभरको शक्ति प्रयोग गरी गरूडलाई पुच्छरले बेरी पानीमा डुबाउँदै विष वमन गरेछन् ।

शक्तिविहीन बन्दै गएको गरूडले प्राण रक्षार्थ इष्टदेवता नारायणलाई पुकारेछन् । नारायणको डरले तक्षक नागले पनि आ ना इष्टदेवता अमोघपास लोकेश्वरको आह्वान गर्दा सबै एकआपसमा चिनेजानेको इष्टमित्र रहेको थाहा पाएछन् । त्यसपछि सबै मिलेर चाँगुनारायणलाई सबैभन्दा माथि लोकेश्वर अनि नारायण त्यसपछि गरूड र सिंह, सिंहमुनि नाग भएको हरिहर हरिवाहन लोकेश्वरको नाममा पुकार्न थालिएको हो भन्ने गरिन्छ ।

चाँगुनारायणलाई चम्पकनारायण, चाँगुनारायण, गरूडनारायण आदि नामले पनि चिनिन्छ । परापूर्वकालमा यो मन्दिरको नाम के थियो भन्ने कुनै आधार छैन । लिच्छविकालमा यस मन्दिरको नाम डोलाशिखर स्वामी थियो । चाँगुनारायण मन्दिर अवस्थित डाँडोको नाम डोलागिरि र यसको शिखरको स्वामीको रूपमा यिनलाई डोलाशिखर स्वामी भनीएको हो । मल्लकालमा यिनको नाम नेपाल भाषामा कथिन पुग्यो । नेपाल भाषामा'चाँप' लाई' 'च'र 'बन'लाई 'गुँ' भनिन्छ । संस्कृतमा यो मन्दिरलाई चम्पकनारायण भनिन्छ ।

For Library Purpose

चाँगुनारायणको राजकीय इतिहास

चाँगुनारायण मन्दिरको निर्माण लिच्छविकालमा राजा हरिदत्त बर्माले गरेका भए पनि लिच्छविकालमै अर्का राजा मानदेवले चाँगुनारायण मन्दिरमा गरूडको मूर्ति स्थापना गराई अभिलेख राख्न लगाएका थिए । सोही समयमा राजा मानदेवले चाँगुनारायण मन्दिरको गुठीको लागि जमिन चढाएको कुरा उक्त अभिलेखमा अंकित छ । राजा मानदेवले चाँगुनारायण मन्दिरमा आ नो र आ नी श्रीमतीको मूर्तिसमेत प्रतिस्थापन गर्न लगाएका थिए ।

चाँगु सङ्ग्रहालय

चाँगुनारायणका वैष्णवराज श्रेष्ठले त्यहाँको सम्पदा जीवित राख्न व्यक्तिगत प्रयासबाट चाँगु क्षेत्रको प्राचीन सम्पदा संरक्षण गर्ने लक्ष्य लिए । उनले आ नै घरमा चाँगु सङ्ग्रहालय खोले । श्रेष्ठले नेपाल संवत् ११२० जेष्ठ १९ मा चाँगु सङ्ग्रहालय खोलेपछि त्यहाँ उनले गोपालकालीनदेखि करिब ५ सय प्रकारका प्राचीन पुरातात्विक सामग्री संकलन गरेर राखे । उक्त संग्राहलय नै चाँगुनारायणका इतिहास र सम्पदाबारे जान्न चाहनेलाई सहयोगी बन्ने गरेको छ ।

For Library Purpose

छालाको सिक्का

सङ्ग्रहालयमा सयौं वर्ष पुरानो कालो धान र मार्सी धानसमेत देख्न सकिन्छ । नेपाल भाषाका प्राचीन ग्रन्थ, लिपि, मानापाथी, कपडा, थाङ्काचित्र, बाजा, नेवारी जात्रा, कलात्मक ध्वन धारा, भाँडाकुँडा, ढुङ्गा, धागो काट्ने चर्खा, डालो, नाङ्लो, सुकुल, गुन्द्री, ओखल, ढिकीजाँतो रहेका छन् ।

***

चाँगुनारायण मन्दिर

काठमाडौ उपत्यकाका चार नारायण चाँगु, इचंगु, शेष र विसंखुमध्ये सर्वाधिक विशाल आकृतियुक्त चर्चित चाँगुनारायण मन्दिर भक्तपुरबाट ६ किलोमिटर दक्षिणमा चाँगुनारायण नगरपालिकामा अवस्थित छ । काठमाडौंबाट १६ किलोमिटर पूर्व १५४१ मिटर अग्लो डाँडा माथि बनाइएको दुईतल्ले मण्डपशैलीको छ । गोपालराज वंशावलीमा उल्लेख भएअनुसार इस्वीको १४ औंशताब्दीमा चार नारायण स्थापना भएका हुन् ।

विश्व सम्पदामा सुचीकृत चाँगुनारायण मानदेवकालीन सम्वत ३८६ नै नेपालको सर्व प्रचलित शिलापत्र मानिन्छ । उक्त शिलापत्रमा ब्राम्हीलिपिमा

आ नी आमालाई सती नजान गरेको आग्रह रहेको उल्लेख गरिएको छ । सम्वत ६०८ मा अंशुवर्माले जिर्णोद्वार गराएको चाँगुनारायणको गजुर सुनको र ढोका तोरण टुँडाल काष्ठ, सुन चाँदीको कलाले युक्त छ । मन्दिर अगाडि शङ्ख, चक्र, स्तम्भ, हात जाडेर बसिरहेका गरूडमानव आकृतिको बसाहा र मन्दिरको चारकुनामा चार भेंडा आकृतिका सिंह सजिएका छन् । जुन सिंह देशमा संकट आइपर्दा अहिले पनि कराउँछन् भन्ने जनविश्वास रहँदै आएको छ । चाँगुको सुवर्ण कलशमा उल्लेखित संवत् ३१, ललितपुरको एउटा बुद्ध मूर्तिको संवत् ५१३ ले अनेक आधार खुलाउन सक्ने बताइएको छ । मन्दिरको मूलढोका दायाँपट्टी गरूडासन विष्णुको मूर्ति रहेको छ भने सोही मूर्ति मुलुकमा प्रचलनमा रहेको दश रूँपैयाको नोटमा अङ्कित छ ।

चाँगुनारायण मन्दिरको वास्तुकला

चाँगुनारायण नगरपालिकामा रहेको चाँगुनारायणको मन्दिर नेपालको मौलिक मण्डपशैलीको एक प्रतिनिधि वास्तुकलाको नमूना हो । यो लिच्छविकालीन वास्तुकलाको नमूना मानिन्छ । समय समयमा यसको जीर्णोद्वार हुदैं आएको छ । मध्यकालमा राजा शिव सिंहकी रानी गंगारानी र १८औं शताब्दीको शुरूमा कान्तिपुरका शासक भास्कर मल्लको शासनकालमा भएको थियो पछिल्लो समयमा केही दशक अगाडि पनि यसको जीर्णोद्वार भएको थियो ।

अहिले भने २०७२ साल वैशाख महिनामा गएको भूकम्पका कारण आंशिक क्षति पुगेपछि पनि यस्लाई जिर्णोद्वार गर्ने कार्य भएको छ । मन्दिर चातुष्कोण आकारको छ । मन्दिरको पेटी एक तल्लाको मात्र छ । तर मन्दिर भने दुई तल्लाको रहेको छ । मन्दिरको तल्लो तलाको छानो टायलको र माथिल्लो छानो पित्तलको पाताबाट बनेका छन् । दुवै तलामा मझौला आकारका झ्यालहरू रहेका छन् । दुवै तल्लामा चालीस टुँडालहरू रहेका छन् । प्रत्येक टुँडालमा तीन तहका मूर्तिहरू कुँदिएका छन् । माथिल्लो तहमा रूख (लहरा, बीचमा मुख्य देवता मुख्यतः विष्णु र शिवका अनेक स्वरूपहरू), र तल्लो तहमा मानिस, पशुपंक्षीका मूर्तिहरू कुँदिएका छन् ।

For Library Purpose

तल्लो तलामा गरूडबाहन विष्णुको प्रस्तर मूर्ति रहेको छ । यो तल्लामा चार दिशामा चार मुख्य ढोकाहरू रहेका छन् । प्रत्येक मूल ढोकाको दायाँ-बायाँ नखुल्ने ढोकाहरू बनाइएका छन् । पश्चिम पट्टिको ढोका प्राय खुला राखिन्छ । बेला बेलामा अन्य ढोकाहरू पनि खुला गरिन्छ । ढोकाका दायाँ-बायाँ गंगा, यमुना, तथा अन्य देवीदेवताका मूर्तिहरू राखिएका छन् । ढोकाहरूको माथि धातुबाट बनेका तोरणहरूमा विभिन्न कलाकृतिहरू कुँदिएका छन् । यस मन्दिरको निर्माणमा काठ र इँटाको बढी र प्रस्तर तथा धातुको कम प्रयोग भएको पाइन्छ । धातुको प्रयोग मूलढोका, तोरण, गजुरमा भएको छ ।

राजा योग नरेन्द्र र चाँगु दरवार

आ ना पिता राजा श्री निवास मल्लसँग झगडा गरी नेपाल संवत् ८०५ पौष कृष्ण पञ्चमीका दिन १८ वर्षकै उमेरमा राजा बनेका योगनरेन्द्र मल्लले आ नो राज्यकालमा पिताका विश्वास पात्र भगिरथमैयाको हत्या गरेका थिए । त्यसपछि उनले दरवार अगाडि भीमसेन मन्दिर स्थापना गरेका थिए ।

उनले जीवित अवस्थामै आफू र आ नो छोराको शिलास्तम्भ नेसं ८१३ मा खडा गराउनुका साथै दरवार छेउ निःसन्तानेश्वर महादेव मन्दिर स्थापना गराएका थिए । यसरी अनेक अशुभ कार्य गरेका योगनरेन्द्र मल्ल आ ना अत्याधिक प्रिय छोरा सिद्धिनरसिंह मल्ल द्वितीयको मृत्यु हुँदा एकतिसओटी रानीकासाथ चाँगुमन्दिरमा दरवार निर्माण गरी राजकाजबाट सन्यास लिए ।

ने. सं ८२६ मा सन्यास लिँदा राजा योगनरेन्द्र मल्लले भनेका थिए ' जबसम्म मैले निर्माण गराएको आ नो शिला मूर्तिमाथिको चरा उडेर जाँदैन तबसम्म म मरेको छैन भनेको सम्झिनु' राजा योग नरेन्द्र मल्लको नेपाल संवत् ८२६ कार्तिक एकादशीका दिन विष खाएर मृत्यु भए पनि चाँगुको त्यो दरवारमा आज पनि राजा जीवित छन् भन्ने विश्वास गरिन्छ । चाँगुनारायण मन्दिर परिसरमा रहेको राजाको खाटको ओच्छ्यान अझै तातो रहने जनविश्वास पाइन्छ । त्यसो त चाँगुनारायण भण्डार अभिलेख संवत् ६४६, ६५५, ६६८ सुवर्ण ताम्रमपत्रले चाँगुनारायण परिसर र गरूड नारायणबारे स्पष्ट पारेको छ ।

***

For Library Purpose

त्रिशूल डाँडा



भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका मुलाकोटगढीमा त्रिशूल डाँडा रहेको छ । उच्च स्थानमा रहेको यो स्थलबाट उपत्यकाका साँखु काठमाडौं ललितपुर र भक्तपुरलाई फरक फरक दृश्यमा अवलोकन गर्न सकिन्छ ।

यहाँ नेपालकै ठूलो त्रिशूल स्थापित रहेकाले यो स्थानलाई त्रिशूल डाँडाको नामले चिनिन्छ । त्रिशूल डाँडामा पञ्चमुखी हनुमानको मूर्ति, प्राचीन महाकाली मन्दिर र सन्तोषीमाताको मन्दिर अवस्थित छ ।

***

नगरकोट (नः क्वाथ)



स्थानीय तह पुर्नसंरचनाअन्तर्गत नगरकोट नगरपालिका चाँगुनारायण नगरपालिकामा समाहित भयो । चाँगुनारायण र नगरकोट भक्तपुर जिल्लाको ऐतिहासिक साँस्कृतिक तथ पर्यटकीय गन्तव्य पनि हो । आन्तरिक पर्यटक होस वा विदेशी पर्यटक माझ चाँगुनारायण नगरपालिका पर्यटकीयको लागि प्रमुख गन्तव्यस्थल बन्दै आएको छ । चाँगुनारायण नगरपालिकाको नगरकोटको नाम कसरी रहन गयो भन्ने त्यहाँ पुग्ने हरेक मानिसलाई चासोको विषय बन्न सक्छ । नगरकोटको नाम शुरूमा

नेपाल भाषाको 'नः क्वाथ' नामले चिनिन्थ्यो ।

'नः क्वाथ' भन्नाले नेपालभाषामा फलामको खानी भन्ने अर्थ लाग्दछ । पछि ल्हासा:पाच्व सुँडाल डाँडामा राजा पृथ्वीनारायण शाहको राज्यकालमा दश रक्षार्थ कोट (किल्ला) स्थापना गराइएपछि सोही नःक्वाथलाई नगरकोट भन्न थालिएको हो ।

राजा पृथ्वीनारायण शाहको सेना परशुराम थापाको नेतृत्वमा बि.सं. १८०१ असोजमा नाल्दुम महादेवपोखरी (हालको नगरकोट) माथि विजय प्राप्त गरी यसलाई भक्तपुरलाई हस्तान्तरण गरिएको कुरा इतिहासमा उल्लेख छ । नगरकोटमा राणाकालीन पुतली, भँगेरीलगायतका दरबारहरू पनि रहेका छन । नगरकोटलाई राणा शासकहरूको मनोरञ्जन गर्ने स्थानको रूपमा प्रयोग गर्ने गरेको इतिहास पाइन्छ । यहाँ रहेको पुतली दरवार, भँगेरी दरवार अहिलेसम्म पनि प्रसिद्ध रहँदै आएको छ ।

सबै दरबारहरू २०१८ सालमा नेपाली सेना नगरकोटमा राखिएपछि दरबारहरू सेनाको अधीनमा पऱ्यो र जीर्ण रहेका दरवार भत्काई सरकारी प्रायोजनका लागि प्रयोग भए । प्रकृतिले नेपालीलाई दिएको अनगिन्ति प्राकृतिक छटाको उपहार मध्य अग्रणी नगरकोट हाल सूर्यदय हेर्न र आन्तरिक तथा बाह्य पर्यटकीय गन्तव्यको रूपमा प्रख्यात छ ।

बोधिसत्व मञ्जुश्री नेपाल आउँदा उनकी पत्नी सरस्वती (बरदा) लाई समेत लिएर आएका थिए । नगरकोटको प्राकृतिक दृश्यले बरादा मोहित भई लामो समय नगरकोट क्षेत्रमै बसोबास गरेको इतिहास पाइन्छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण नगरकोट हाल विश्व प्रसिद्ध पर्यटकिय गन्तव्यस्थलको रूपमा चर्चित छ । नगरकोट टावरबाट उत्तरपूर्वी दिशामा वातावरण सफा भएको बेला विश्वको सर्वोच्च शिखर सगरमाथा लाङ्टाङ, मकालु, गौरीशंकरलगायत हिमश्रृङ्खला स्पष्ट देख्न सकिन्छ । नगरकोटमाथि टावरसम्म पुग्न बस विसौनीबाट करिब ४५ मिनेटको उकालोको यात्रा तय गर्नुपर्छ । प्राकृतिक छटा नै यहाँको विशेषता हो ।

नगरकोट जङ्गलबीच सेनाद्वारा निर्मित कच्ची बाटो हुँदै उक्लिएपछि

For Library Purpose

टावर पुग्नु अघि प्राकृतिक पोखरी रहेको छ । जहाँ शिवलिङ्ग सहितको मूर्तिहरू छरपष्ट देख्न सकिन्छ । नगरकोट काठमाडौं उपत्यका नजीकको सबैभन्दा प्रसिद्ध रमणीय स्थल हो । यो स्थान काठमाडौंबाट ३२ किलोमिटर उत्तरपूर्वमा रहेको छ । भक्तपुर नगरबाट भने २१ कि.मि. पूर्वमा अवस्थित रहेको छ । समुद्री सतहदेखि २ हजार ७५ मिटर उचाइमा रहेको नगरकोट विछट्टै प्रकृतिमय छ । गर्मी मौसममा पनि चिसो वातावरण हुने नगरकोटबाट मौसम सफा भएको बेला उत्तरमा मनमोहक हिमालयका चुचुराहरूका साथै विश्वको सर्वोच्च शिखर सगरमाथाको रोमाञ्चक दृश्य देख्न सकिन्छ ।

यहाँवाट देखिने अन्य हिमाल चुचुराहरूमा धौलागिरी हिमश्रृंखलादेखि कञ्चनजंघा हिमश्रृंखलासम्मको मनास्लु, गणेश हिमाल, लाङटाङ्ग हिमाल, गौरी शङ्खर, चावु, ल्होत्से, मकालु नेम्बुल इत्यादि हुन् । नगरकोट क्षेत्र हिमालको काखबाट निस्कने सूर्योदयको दृश्यावलोकन लागि पनि प्रसिद्ध छ ।

नगरकोटमा खानपिन तथा बसोबासका लागि सामान्यदेखि स्तरीय होटल तथा रिसोर्टहरू उपलब्ध छन् । नगरकोटबाट देखिने उत्तरका चाँदीका शिखरले बिहान र बेलुकी सुनौलो रङ्ग फेर्दाको मनोहारितामा जो कोही दङ्ग नहुने कुरै आउँदैन । नगरकोट उच्च पहाडी भेगमा पर्दछ भने चारैतिरबाट वन तथा जङ्गलले घेरिएर रहेको छ । यहाँको वन जङ्गलले काठमाडौं उपत्यकाको लागि केही मात्रामा जलाधारको काम पनि गरेको छ । नगरकोटमा पनि स्थानीय स्तरका सम्पदाहरू रहेका छन् । महादेव कुण्ड, महाकाली मन्दिर, काली देवी मन्दिर, जालपादेवी मन्दिर, गीता मन्दिर यहाँका सम्पदाहरू हुन् ।

***

For Library Purpose

महाकाली मन्दिर

चाँगुनारायण नगरपालिकाको नगरकोटमा महाकाली मन्दिर पनि अवस्थित छ । यो मन्दिर तान्त्रिक साधकहरूको लागि महत्वपूर्ण रहेको मानिन्छ । काठमाडौको महाकाली मन्दिर यिनै देवलाई स्थानान्तरण गरी निर्माण गरिएको जनविश्वास रहिआएको छ । यो मन्दिर भक्तपुर जिल्लाको नगरकोट र काभ्रेको बालुवापाटी देउपुरको दोसाँधमा रहेको छ ।

कालीदेवी मन्दिर

चाँगुनारायण नगरपालिका नगरकोट स्थित कालीदेवी मन्दिरलाई स्थानीयले ग्रामदेवीको रूपमा पुजिँदै आएको छ । प्रत्येक वर्ष पौष पूर्णिमाको दिन यहाँ ठूलो मेला लाग्ने गर्दछ । यसै मन्दिरमा नगरकोट हत्याकाण्ड घटेको थियो

***

For Library Purpose

महादेव कुण्ड

चाँगुनारायण नगरपालिकाको नगरकोटमा विशेष सम्पदास्थलको रूपमा महादेव कुण्ड पनि रहेका छन् । प्रत्येक वर्ष रक्षा बन्धनको दिनमा महादेव कुण्डमा ठूलो मेला लाग्ने गर्दछ । यहाँ काठमाडौ, भक्तपुर, साँखु र बनेपादेखिका भक्तजनहरूको भीड लाग्ने गर्दछ । यो महादेवकुण्ड नगरकोट र काभ्रेको टुकुचाको दोसाधमा रहेको छ ।

जालपादेवी मन्दिर

चाँगुनारायण नगरपालिकाको तेलकोटमा अवस्थित जालपादेवी मन्दिर एक महत्वपूर्ण तीर्थस्थलका रूपमा पुजिने गरिएको छ । यो मन्दिरमा पूजाआजा गरे देवी प्रसन्न भै मनोकाँक्षा पुरा गरिदिन्छन् भन्ने जनविश्वास रहिआएको छ ।

गीता मन्दिर

यो मन्दिर चाँगुनारायण नगरपालिकाको नगरकोट फेदीस्थित नयाँबस्तीमा अवस्थित छ । गीतानगरमा रहेकाले यो मन्दिरको नाम नै गीतादेवी रहन गएको हो । यो ठाउँ नगरकोट, छालिङ र वागेश्वरीको बीचमा पर्दछ । यहाँ गीतामाता, सप्तऋषि, नागराज, बुढानीलकण्ठ, गणेश, कुमार तथा शिवको मन्दिर पनि रहेको छ । यहाँ बिषेशगरी हरितालिका तिज, दशै, तिहार जस्ता पर्वहरूमा मेला लाग्ने गर्दछ । यो मन्दिर भक्तपुर सहरबाट ५ किलोमिटरको दूरीमा अबस्थित छ । अरनिको राजमार्ग खुल्नु पूर्व नगरकोट काठमाडौं उपत्यका पूर्वी जिल्लाहरू जोड्ने एक प्रसिद्ध नाकाको रूपमा रहेको थियो । दोलखा, ओखलढुंङ्गा, सिन्धुपाल्चोक साथै गोसाईकुण्ड जाने सजिलो बाटोको रूपमा पनि लिइन्थ्यो । हाल पनि यसलाई हेलम्बु राजमार्गको वैकल्पिक रूपमा पनि प्रयोग गरिदै आएको छ । नगरकोट एक शान्त र प्राकृतिक विविधताले भरिपूर्ण त छँदै छ साथै ग्रामीण जीवन शैली र बहुधार्मिक र बहुभाषिक केन्द्रका रूपमा पनि लिइन्छ । तामाङ, ब्राम्हण, क्षेत्री, गुरूङ र नेवारहरूको बसोबास हुँदै आएको नगरकोटमा धार्मिक, भाषिक र सांस्कृतिक विविधता पनि रहेको छ ।

***

For Library Purpose

नगरकोट भ्यू टावर



चाँगुनारायण नगरपालिका स्थित नगरकोटको भ्यू टावर हिमाल हेर्न, सूर्योदय र सूर्यास्त अवलोकन गर्न प्रसिद्ध छ । त्यतिमात्र होइन यहाँबाट

For Library Purpose

आसपासका जिल्लाको मनमोहक दृश्य पनि अवलोकन गर्न सकिन्छ । यो टावरबाट जुगल हिमाल अति मनमोहक देखिन्छ । समुन्द्र सतह देखि २ हजार १ सय मिटर उँचाईमा रहेको यो भ्युटावरबाट विशेष गरी सिन्धुपाल्चोकका अधिकाँश भूभाग, काभ्रे र उपत्यकाका दृश्यहरू नियाल्न सकिन्छ । फलाम प्रयोग गरेर बनाइएको करिब ३० फिट उँचाई भएको यो भ्युटावर नजिकै महादेवको मन्दिर रहेको छ । जहाँ हरेक वर्षको जनैपूर्णिमाको दिन ठूलो मेला लाग्ने गर्दछ ।

***

For Library Purpose

प्राचीन महामञ्जुश्री स्थान
(ल्हासाः पाच्व)

ry Purpose



महामञ्जुश्री स्थान भक्तपुर जिल्लाको पूर्व भेगको महामञ्जुश्री चाँगुनारायण नगरपालिकाको वडानं ८ थाकलमाठ, ल्हासापाच्वःमा अवस्थित छ । पाच्व भन्नाले खस भाषामा गुफा भन्ने बुझिन्छ । महामञ्जुश्री स्थानको ऐतिहासिक एवं पौराणिक नाम महामण्डप रहेको छ । उक्त स्थानमा परापूर्वकालमा काठमाडौं उपत्यका नागदह हुँदा महाचीन (हालको चीन) को पञ्चशीर्ष पर्वतबाट महामञ्जुश्री गुरू स्वयम्भूज्योति दर्शन गर्न आ ना दुई श्रीमती केशनी बरदा (सरस्वती) र उपकेशनी (मोक्षदा)का साथ श्रीपञ्चमीको अघिल्लो दिन आई रात बिताएको बौद्ध लोककथन छ ।

भक्तपुर बेखाल टोलवासी एवम् नगर र उपत्यकावासीहरू श्रीपञ्चमीको अघिल्लो दिनमै रातमा त्यहीँ बस्न र भोलिपल्ट श्रीपञ्चमीको दिनमा दर्शन गर्न महामञ्जुश्री अर्थात् ल्हासा पाच्व पुग्ने परम्परा छ । ल्हासा पाच्वमा विशेष गरी धनधान्य पूर्णिमाका दिन अर्थात् मंसिर शुल्क पूर्णिमा (योमरी पूर्णिमा) पश्चात्का दिनहरूमा विशेषतः आइतवार बिहीबार गरी श्रीपञ्चमीको दिनसम्म मेला लाग्ने गर्दछ । अचेल समय अनुकुल मिलाएर शनिवारका दिन पनि भक्तजनहरू दर्शनार्थ वा वनभोज मनाउन त्यहाँ पुग्ने गरेका छन् । ललितपुरका भक्तजनहरू भने विक्रमसम्वतको अन्तिम दिनमा र नयाँ वर्षको दिन पारी भक्तपुरको विस्केट जात्रा हेर्नसमेत समय मिलाएर त्यहाँ मेला भर्न जान्छन् । देशका विभिन्न स्थानका र देश बाहिरका भुटान, चीन लगायतका पर्यटक पनि महामञ्जूश्री पुग्ने गरेका छन् ।

लोकोक्तिअनुसार प्राचीन समयमा भारतको वाराणसीका प्रकाण्ड पण्डित धर्मश्रीमित्रले आ ना श्रोतालाई कथा वाचन गर्दै गर्दा द्वादशाक्षरको अर्थ बताउन सकेनन् । त्यस विषयमा अर्थ स्पष्ट बताउन सक्ने महामञ्जुश्री गूरूमात्र भएको जानकारी उनले पाए । त्यसैले उनी महाचीनतिर प्रस्थान गर्न भनी उत्तरतिर प्रस्थान गरे । जाँदाजाँदा रात पर्न थाल्यो । त्यही समय उनले एक कृषक खेत जोतिरहेको देखे । महामञ्जुश्रीले ध्यानदृष्टिले हेरेर उक्त पण्डित आफूकहाँ आएर द्वादशाक्षरबारे सोध्न आउन लागेको थाहा पाइसकेका थिए ।

धर्मश्रीमित्र बास बस्न ठाउँ खोज्दै खेत जोतिरहेका कृषककहाँ पुगे । आफू जान लागेको महाचीनको बारे बताउँदै सोधे । महामञ्जुश्रीले पण्डित धर्मश्रीमित्रलाई महाचीन टाढा भएकाले आजको रात आफू बस्ने गुफा बाहिर बस्न भनीयो । महामञ्जुश्रीका २ पत्नी थिए ।

महामञ्जुश्रीका दुई पत्नीमध्ये एकले त्यसरी गुफा बाहिर सुत्न आउने व्यक्तिको विषयमा कोट्याएर सोधिन् । जसको जवाफमा उक्त पण्डित व्यक्ति आफैकहाँ आई द्वादशाक्षरको अर्थ बुझ्न आएको बताए । जुन कुरा

For Library Purpose

गुफा बाहिर सुत्ने पण्डितले चाल पाए भोलिपल्ट बिहानै पण्डितलाई आ नै गुफा बाहिर शाष्टाङ्ग दण्डवत गरिबसेको महामञ्जुश्री गुरूका एक पत्नीले देखिन् । उनको दण्डवतबाट महामञ्जुश्री प्रभावित भए । त्यसैले महामञ्जुश्रीले द्वादशाक्षरको सम्पूर्ण अर्थ बताई दिए ।

महामञ्जुश्रीले पनि उनेको कथा वाचन गर्ने तरिका असाध्यै राम्रो भएकाले एकपटक आफू पनि सुन्न आउने इच्छा भएको बताए । महामञ्जुश्रीले आफू कथा श्रवणको लागि आउँदा एउटा हातमा टेक्ने लौरो र अर्को हातमा उफोस्वाँ (नेपालभाषामा एक प्रकारको कमलजस्तै दहमा फल्ने फूलको नाम) लिएर आउनेछु भनी संकेत गरे । पण्डितले पनि हवस् भनी स्विाकारोक्ती दिए । समय वित्दै गयो । एकदिन महामञ्जुश्री एक हातमा उफोस्वाँ र अर्को हातमा लौरो लिएर सिँगाने भै झुत्रो लुगा लगाएर प्रकाण्ड पण्डित धर्मश्रीमित्र सामुन्ने पुगे । तर धर्मश्रीमित्रले महामञ्जुश्रीलाई नदेखेझैं गरी अर्को दिशामा फर्के । त्यता

पनि महामञ्जुश्री देखा परे । त्यस बेला पनि नदेखेझैं गरे । श्रोतागणका अगाडि अनादर गरे । तत्पश्चात महामञ्जुश्री फर्कन लागेका थिए । पण्डितले नदेखेको बहाना गरी झुठो बोली अन्तिममा महामञ्जुश्रीलाई दर्शन गरे ।

झुठो बोलेको परिणामस्वरूप महामञ्जुश्रीको पैतालामा पण्डितको दुबै आँखा झरे । आँखा गुमेपछि धर्मश्रीमित्रले अत्यन्तै विलौना गरे । तर महामञ्जुश्रीले अब आँखा दिलाउन नसक्ने बताए । तर दया गरेर उनलाई ज्ञानको चक्षु दिए । त्यसबेलादेखि धर्मश्रीमित्रको नाम ज्ञानश्रीमित्र भयो । त्यसैको प्रतीक स्वरूप अहिले पनि ठाउँठाउँका चैत्य अगाडि कुँडिएको आँखा चिन्ह धर्मश्रीमित्रको झरेको आँखाको रूपमा लिइन्छ । जहाँ आँखा कुँदिएको शिला देख्न सकिन्छ ।

महामञ्जुश्री नेपाल उपत्यका नागदह हुँदा स्वयम्भूज्योति दर्शन गर्न महाचीन बाट आएको बौद्ध लोककथन एवं प्राचीन इतिहास रहेको पाइन्छ । उनै मञ्जुश्रीले गुह्येश्वरी, चोभार, कटवालको डाँडा (गल्छी) चन्द्रहास खड्गले छेदन गरी नागदहको पानी निष्काशन गरे र नेपाल उपत्यकामा पहिलो पटक मञ्जुपाटन नामक सहर बसाली धर्माकरलाई राजा बनाए ।

महामञ्जुश्री मन्दिर गुफालाई घेरेर बनेको छ । मन्दिर भित्र गुफाको मुखैमा पञ्च बुद्ध र आसन सहितको शिलाको प्रभामण्डल (चौकोस) रहेको छ । त्यसै आसनमा सेतो मार्वलको महामञ्जुश्रीको मूर्ति विद्यमान रहेको छ । जुन काठमाडौंका ठहिटीका मानन्धर दाताहरूले वि.सं. २०२५ सालमा स्थापित गरिएको भन्ने उल्लेख छ । सोही स्थानमा वि.सं. १९१८ राणकालीन समयमा महामञ्जुश्रीको स्थानबारे लालमोहोरले प्रकाश पारेको थियो । त्यसैको दायाँबायाँ अगाडिपट्टि पित्तलका दुई सिंह पनि रहेका छन् । जुन ललितपुरका शाक्य दाताहरूले चढाएका थिए । त्यही माथि सिलिंगमा पित्तलको कलात्मक मण्डल पनि रहेको छ ।

रञ्जना लिपिमा कुँदेर राखेको ॐ माने पद्मे हुँ 'माने' पनि रहेको

For Library Purpose

छ । भित्तामा दुई शिलालेख रहेको छ भने ने.सं. ९७८ को शिलालेखमा जोगमुनि बुद्धाचार्य, अमृतमुनि बुद्धाचार्य, श्री इन्द्रवर्त महाबिहार इनाचो टोल उल्लेख गरिएको छ ।

त्यस्तै मन्दिरको गजुर शिलाको र दायाँबायाँ सिन्हमु ज्वालान्हायकं लगायत नेवार समुदायको संस्कृतिको प्रतीक रहेको छ । यहाँ विशेषत अक्षराम्भ गराउन र नयाँनयाँ कार्यआरम्भ गर्नु अगाडि दर्शन र पूजा गर्न आउने परम्परा रहिआएको छ ।

वाक्‌का ईश्वरका रूपमा पुजेर 'नमोबागीश्वराय' घोक्न लगाउने र लेख्न लगाउने पनि परम्परा यहाँ छ । त्यस्तै धागोको चौका बनाएर काम थालनी स्वरूप पुज्ने प्रचलन अद्यावधि विशेषत नेवार समुदायमा कायमै छ । मञ्जुश्रीकै एउटी श्रीमती बरदा (सरस्वती) को नाममा स्थापना भएको यहाँको सरस्वती मन्दिर लाई पछिल्लो समय हिन्दु धर्मावलम्वीहरूले पनि विद्याकी देवी सरस्वतीको रूपमा पुज्दै आएपछि महामञ्जुश्री स्थानमा धार्मिक सहिष्णुता कायम हुँदै गएको पाइन्छ ।

यो मन्दिरमा बौद्धमार्गी र हिन्दु धर्मावलम्वी दुबैले विशेष महत्वका साथ पूजाआजा गर्ने गर्छन् । मञ्जुश्रीस्थान भक्तपुरको कमल विनायकबाट करिब २० किलोमिटर उत्तरपूर्वमा ५ हजार ९ सय ३३ फिट अग्लो प्राकृतिक भू-बनोट सहितको पहाडि क्षेत्रमा पूर्णत बनले ढाकिएको डाँडा छेउमा अवस्थित छ ।

***

For Library Purpose

साँगा भञ्ज्याङ

साँगा काभ्रे जिल्ला र भक्तपुर जिल्लाको सीमा क्षेत्र हो । साँगाको पूर्वतर्फ बनेपा सहर अवस्थित छ भने पश्चिममा काठमाडौं उपत्यका र बीच भागमा भक्तपुर जिल्ला अवस्थित छ । चार भञ्ज्याङ मध्ये ललिता, निर्मला, र वसुन्धरा तीन नदीको संगम नजिक रहेको साँगा भञ्ज्याङ स्वस्थानीमा वर्णित विकटेश्वर महादेवको प्रसिद्ध देवस्थलको रूपमा यो क्षेत्रको महत्व रहेको छ । मन्दिरको उत्तरतर्फ पुष्पमती त्यो भन्दा पारि रहेको अंशुवर्मा नै यहाँ भेटिएको सर्वाधिक प्राचीन शिलालेख मानिन्छ । साँगामा अधिकांश नेवार समुदायका वस्ती रहेका छन् ।

पाटनजलको हरिसिद्ध देवीको माइतको रूपमा मानिने साँगामा अहिले पनि प्रत्येक १२ वर्षको एकपल्ट हरिसिद्धि देवीको खटजात्रा बाजागाजासहित मनाउने परम्परा छ । जलमी अर्थात् ललितपुरको हरि

सिद्धी गुठी मार्फत ३ वटा राँगा बाह्र बोका, तीन भेंडा, ६ हाँस र एकसय गोटा हाँसका अण्डा यो मेलामा देवतालाई चढाउने परम्परा छ । २००७ सालको परिवर्तनसँगै साँगाली भनीने पूजा र जात्रा भने बन्द भैसकेको छ । प्राचीन ढुङ्गेधारा, पोखरी पाटी भजनगृह, मठमन्दिरसमेत रहेको यो क्षेत्र संरक्षण हुन सके पर्यटन प्रवर्द्धनमा सघाउन पुग्ने देखिन्छ ।

For Library Purpose

पुराणमा उल्लेख भएअनुसार काठमाडौ उपत्यका नागदह तलाउ छँदा दोलखा भीमसेनले साँगाबाटै डुंगा खियाउने र यहीँ ल्याएर डुंगा अड्याउने गर्दथे । दोलखा भीमसेनको जलबिहारको लागि प्रख्यात लोकोक्तिबाट काठमाडौ उपत्यका भन्दा साँगा प्राचीन मानव वस्तीको रूपमा रहेको पुष्टि हुन्छ । लिच्छविकालीन राजा आनान्ददेवले व्यवस्थापन गरेको साँगा प्रमुख पूर्वीमार्गबाट उपत्यका छिर्ने प्रमुख द्वार हो । गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय गर्नु अघि साँगा कब्जा गरेका थिए । साँगा कब्जापछिको नाकाबन्दीले उपत्यका विजय गर्न समेत निकै सघाउ पुगेको इतिहासमा उल्लेख छ ।

***

संकटनाशिनी भगवती

For Library Purpose

साँगा भञ्ज्याङबाट नजिकै रहेको नासिका भगवतिको मन्दिर सांगाबासीको प्रमुख पीठ हो । यो मन्दिर मध्यमाकार तीनतले पेगोडा शैलीमा निर्मित छ । देवताको नाममा सादा ढुङ्गामात्र पुजिने संकटनाङ् नी भगवति मन्दिरको पूर्वी तोरणमा नेपाल संवत् ९४४ लेखिएको छ ।

यो मन्दिर ईश्वीको १७ औं शताब्दीमा बनेको हो । सत्तलको पूर्वीतर्फको शिलालेखअनुसार मन्दिर नेपाल संवत् १०१२ मा जिर्णोद्धार भएको थियो । प्रत्येक शनिबार विशेष भीड हुने नासिका भगवति मन्दिरमा धान्यपूर्णिमा अर्थात् योमरी पूर्णिमाका दिन राँगा, बोका, हाँस, कुखुरा, तीनसय बिमिरो,

७५ लाका उखु र फलफुल राखी भव्य बुंसादं (जन्मोत्सव) पूजा गर्ने परम्परा छ भने दशैंको अष्टमीका दिन ५० देखी ६० ओटा बोका वलि दिने प्रचलन कायम छ ।

विकटेश्वर महादेव



भक्तपुरभित्र पर्ने साँगा क्षेत्रमा विकटेश्वर महादेव स्थापित छ । ६ आनाको क्षेत्रफलभित्र रहेको जग्गामा अवस्थित विकटेश्वर महादेवलाई स्वस्थानीमा आधारित प्रमुख तीर्थस्थल मानिन्छ । स्वस्थानीमा उल्लेखित नवराज शर्मालाई महादेवले राजा हुने वरदान दिएको पवित्रस्थलको रूपमा विकटेश्वर महादेवलाई पुज्ने परम्परा छ । विकटेश्वर महादेवस्थललाई हरिहरक्षेत्रको उपनामबाट पनि चिनिन्छ । नवराज राजा हुने वरदान प्राप्त गरेको ठाउँ विकटेश्वर महादेवबाट गोमा ब्राम्हणी ढिकी जाँतो गरेको गुफा बुढाथोकी गाउँ, चन्द्रज्योति नगर, साँगा ब्रम्हपुर क्षेत्र, बुद्धवल आदि तीर्थस्थलले यस क्षेत्रलाई सम्पदामय तुल्याएको छ ।

***

For Library Purpose

छिन्नमस्ता नारायण

भक्तपुरभित्र पर्ने साँगा क्षेत्रमा विकटेश्वर महादेव मन्दिर नजिकै छिन्नमस्ता नारायणको मन्दिर अवस्थित छ । यो मन्दिर एक रोपनी बाह्र आनाको क्षेत्रफलमा रहेको छ । छिन्नमस्ता नारायणको मन्दिर क्षेत्रमा काठ, झिँगटीले निर्मित पाटी, फल्चा, वज्र, चाकु, र मासले बनेको गुम्बजकार महादेव तथा नारायणको मन्दिर रहेका थिए । जहाँ मन्दिर, भजनगृह, पाटी, जोगीघर पुनर्निर्माण भएपछि तीर्थस्थलले आधुनिक स्वरूप पाएको छ । यही क्षेत्रमा साँगाबासीको निधन हुँदा लास जलाउने घाटसमेत रहेको छ ।

***

For Library Purpose

आशापुरी महादेव



For Library Purpose

साँगाबाट दक्षिण अवस्थित तथा भक्तपुरको डोलेश्वरबाट करिब ६ किलोमिटरको दूरीमा रहेको प्रसिद्ध आशापुरी महादेव क्षेत्र प्राकृतिक मनोराम तीर्थस्थलको रूपमा प्रख्यात छ । भौतिक संरचनाको हिसावबाट त्यति सम्पन्न नभए पनि धार्मिक महत्वको रूपमा आशापुरी देवस्थल प्रसिद्ध छ । यहाँ प्रत्येक वर्ष माघ १ गते माघे संक्रान्तिका दिन र जनै पूर्णिमाका दिन धामी झाँक्री सहितको ठूलो मेला लाग्ने गर्दछ ।

विश्वकै अग्लो महादेवमूर्ति

विश्वकै अग्लो मानिने शिवको मूर्ति साँगामा स्थापना भएपछि यो महादेव पछिल्लो समय धार्मिक गन्तव्यस्थलको रूपमा प्रसिद्ध बन्दै आएको छ । १ सय ८ फिट अग्लो कैलाशनाथ मानिने शिव मूर्तिको अनावरण ने. सं. ११३० जेठ २९ गते नेपालको पहिलो राष्ट्रपति डाक्टर रामवरण यादवको हातबाट अनावरण गरिएको थियो । मरिसस र भारतको विभिन्न सहरमा मूर्ति बनाउने प्रसिद्ध मूर्तिकार मातुराम वर्माको निर्देशनमा साँगा महादेवको निर्माण सम्पन्न गरिएको थियो ।

यो मूर्ति नजिकै महादेवको वाहनको रूपमा साँढे, पत्नी

For Library Purpose

पार्वती, र महादेवका छोराहरू गणेश, कुमारको प्रतिमा र वरिपरि मानसरोवरका रूपमा सुन्दर बगैंचा र पार्कहरू रहेका छन् । काभ्रे जिल्लाको सिमानामा रहेको उक्त महादेवथानबाट उपत्यकाका अधिकांश भूभाग नियाल्न सकिन्छ । उक्त मूर्ति अवलोकनका लागि यहाँ आन्तरिक तथा वाह्य पर्यटकहरूको आगमन हुने गरेको छ । भक्तपुरको पूर्विभागमा अवस्थित साँगा भञ्ज्याङ कैलाशनाथ महादेवको मूर्तिकै कारण उक्त क्षेत्र धार्मिक गन्तव्यको रूपमा विकास भएको छ । यस मूर्ति व्यवसायी कमल जयनले निर्माण गराएका हुन् । यो सम्पदास्थलमा पुग्न काठमाडौंबाट करिब २२ किलोमिटरको यात्रापछि र भक्तपुरबाट ७ किलोमिटरको दूरी पार गरेपछि पुग्न सकिन्छ । अहिले यो क्षेत्र निजी तवरले शुल्क लिएर सञ्चालनमा रहेको छ ।

***

मध्यपुर थिमी र बालकुमारी

नेपालभाषामा औंठी वा गहनाको बीचमा राखिने एक विशेष प्रसाधनको मुँगालाई थि भनिन्छ । त्यसैले काठमाडौ ललितपुर र भक्तपुरको बीचमा अवस्थित पुरातात्विक नगरलाई उपत्यकाकै गहना स्वरूप थि अर्थात् थिमी भनीएको हो । लिच्छविकालीन मध्यपुर नगर नेपाल संवत् ६७० पछिमात्र अस्तित्वमा आएको मानिन्छ । नेपाल संवत् ६३३ मा राजा सुवर्ण मल्लले नगर व्यवस्थित गराए । हाल मध्यपुर थिमी नगरपालिकाका रूपमा स्थानीय तहका रूपमा पुर्नसंरचना हुँदासम्म यो क्षेत्रको क्षेत्रफल ११ दशमलव ४७ वर्ग किलोमिटर रहेको छ ।

For Library Purpose

समुन्द्री सतहबाट १ हजार २ सय ३६ मिटर उचाइमा रहेको काठमाडौबाट १० किलोमिटर पूर्व अवस्थित थिमीलाई भक्तपुरको तव्याखुसी र उत्तरमनोहरा नदीले थिमीको सिमाना निर्धारण गरेको छ ।

बालकुमारी, चपाचो, नगदेश, बोडे र लोहकिन्थली ५ गाविसलाई १९

वटा वडा बनाई निर्धारण गरिएको मध्यपुर नगरपालिका पछिल्लो समय स्थानीय तह पुर्नसंरचनाका क्रममा ९ वडा कायम गरिएको छ । बाछु, तछु, इनाय, ब्वथा, इथु, पमा, इनाम, झाम, नामको टोलमा विभक्त थिमीको बालकुमारी प्रवेश गर्नु अघि नेपाल संवत्का संस्थापक राष्ट्रिय विभूति शङ्खधर साख्वाचोक पुग्नुपर्दछ । थिमी प्रवेश गर्न चाहनेहरूको सहजताको लागि मुख्य सडकबाट शङ्खधरको पूर्णकदको सालिक र नगर प्रवेश गर्ने द्वार सजिलो बाटो हो ।

***

For Library Purpose

शङ्खधर साख्वा र नेपाल सम्वत्

For Library Purpose

नेपाल सम्वत ११३८ वर्ष पहिले भक्तपुरका राजा राघब देवको आज्ञामा नेपालको कार्यालयहरूमा चलाइएको थियो । नेपालमा औपचारिक रूपले यो संवत् चन्द्र शमशेरको कार्यकालसम्म प्रचलनमा रह्यो । यो संवत्को पहिलो दिन विक्रम संवत्को कार्तिक शुक्ल पक्षको दिनमा हुन्छ । यसमा एक औंसीबाट अर्को औंसीलाई एक चन्द्रमास भनिन्छ । हरेक वर्षको गोवर्धन पूजाकै दिन नेपाल संवत्को क्यालेण्डर परिवर्तन हुन्छ । यहि दिनलाई नेवार समुदायले नयाँ वर्षका रूपमा मनाइन्छ भने नयाँ बर्षकै दिन शरीर शुद्धि गरी आत्मादेवलाई पूजा गरि म्ह पूजा गर्ने चलन छ ।

नेपाल संवत् कसरी सुरू भयो भन्ने पनि रोचक कथन छ । कथन अनुसार भक्तपुरका शङ्खधर भन्ने एक व्यापारीले घरमा ल्याएको बालुवा चार दिनपछि सुनमा परिणत भएको थियो । त्यो सुन उनले ऋणमा डुबेका गरिब जनतालाई बाँडेका थिए । अनि जनताले आफ्नो ऋण तिरेको भनाइ छ । अर्को किंवदन्ती अनुसार शङ्खधर भन्ने एक व्यापारी थिए । उनी धेरै धनी थिए । शङ्खधरका साथीहरू पनि व्यापारी थिए । तर शङ्खधरको जस्तो व्यापार उनीहरूको हुँदैनथ्यो । ती साथीलाई शङ्खधरको व्यापारप्रति डाह भयो । उनीहरूले जालसाझी गरेर राजालाई यसले अनैतिक व्यापार गरेको छ भनी पोल लगाइदिए । यो उजुरीपछि राजाले शङ्खधरको सम्पत्तिमाथि अतिक्रमण गरे । यसबाट विचलित शङ्खधर जोगीजस्तै भएर हिँड्न थाले । पछि राजाले खोजतलास गर्दा अनैतिक नभएको पत्ता लाग्यो । राजाले पश्चताप गर्दै तिमी इमान्दार रहेछौ, तिम्रो सम्पत्ति फिर्ता लैजाऊ भने । गुमिसकेको पैसा र सम्पत्ति फिर्ता पाएका शङ्खधरले ऋणमा डुबेका जनतालाई सहयोग गरे । सबै जनताको ऋण मोचन भयो । त्यस आधारमा पनि नेपाल सवंत् चलेको भनाइ छ । नेपाल संवत् युनेस्कोमा समेत आधिकारिक रूपमा दर्ता रहेको नेपालको पहिलो क्यालेण्डर हो । रञ्जना लीपीमा दर्तामा रहेका कारण पनि सरकारले नेपाल संवत्लाई राष्ट्रिय संवत्का रूपमा क्यालेण्डरमा स्थान दिएको छ । यो संवत् केवल नेवार समुदायको मात्र नभई मुलुककै संवत्का भएकाले नेपाल संवत्लाई सबै नेपालीले मान्न आवश्यक छ । पूर्वकालमा नेपाल संवत् नै उपत्यकाको सरकारी कामकाजको लागि प्रचलनमा थियो । पछी गोरखापत्रमा सम्वत्का रूपमा विक्रम सम्वत्लाई सम्वत् भनी प्रचलनमा ल्याउन खोजिएको देखिन्छ । गोरखापत्रमा सम्वत् १९५९ भनी प्रयोग गरेको पाइन्छ । यसरी नेपाल संवत्लाई विस्थापित गर्दै विक्रम संवत् प्रचलनमा आएको हो र पछि विक्रम संवत् प्रचलनमा आएको पाइन्छ ।

***

For Library Purpose

दक्षिण बराही

किराँतकालमा थिमीलाई थेमृङ पनि भनीन्थ्यो । सोही थिमी देशको रक्षार्थ नेपाल संवत् ६३३ मा राजा सुवर्णमल्लले देश व्यवस्थित गर्ने क्रममा बाराहि पीठ स्थापना गरेका थिए । तव्याखुसी हनुमन्ते नदीपारि स्थापित दक्षिण बाराहि अष्टमातृका पीठमध्येको एक प्रमुख पीठ हो । बाराहि पीठमा भोज र भजन गर्ने पाटी नेपाल संवत् ९२५ को अभिलेखसहितको मन्दिर रहेको छ । ढुङ्गे सिंहको पहरेदार, मञ्जुश्रीको खड्ग रहेको उक्त मन्दिरमा वज्राचार्य पुजारीरहने परम्परा छ । यस पीठमा प्रत्येक वर्ष बैशाख २ गते बालकुमारी जात्रा मनाउने प्रचलन छ । यो विशेष जात्रा हेर्न आन्तरिक तथा बाह्य पर्यटकहरूका भीड लाग्ने गर्दछ ।

विष्णुवीर वैष्णवी पीठ

विष्णुवीर वैष्णवी पीठ अष्टमातृका मध्य एक हो । यो सम्पदा पनि मध्यपुर थिमीमा अवस्थित छ । घण्टाकार चतुष्कोण मन्दिर अगाडि मानवआकृतिको गरूड ढुङ्गे मूर्ति, छेपु, शार्दुलतोरण र वरिपरि फल्चा पाटीले सजिएको विष्णुवीर यस क्षेत्रकै सर्वाधिक खतरनाक प्रेतको वासस्थान पीठको रूपमा लिइन्छ । यहाँ ३२ खटको जात्रामा सहभागी हुँदा मृत्यु बाजा (सिबाजं) बजाएर देवखट उठाइने परम्परा छ ।

लोकोक्ति अनुसार विष्णुवीरमन्दिरको ढोका पश्चिम अर्थात् काठमाडौं फर्किएका बेला भक्तपुरेले युद्धको बेला काठमाडौंलाई कहिल्यै हराउन सकेनन् । तान्त्रिकको सल्लाह मुताविक जब ढोका भक्तपुरतर्फ फर्काइयो काठमाडौंवासीले भक्तपुरलाई युद्धमा कहिले हराउन नसकेको बताइन्छ । लीपिविद् धनवज्र बज्रचार्यले यही विष्णुवीर मन्दिर नजिक लिच्छविकालीन शिलापत्र भेटाएका थिए । लिच्छविकालीन शिलापत्र भेटिएकाले यो मन्दिरको स्थापना लिच्छविकालमा भएको हो भन्ने आधार मिलेको छ ।

***

For Library Purpose

थिमीको बालकुमारी मन्दिर

बालकुमारी मन्दिर मध्यपुर थिमीमा अवस्थित छ । राजा यक्षमल्लको राज्यकालमा नेपाल संवत् ५३६ देखि ५४० भित्र तीनतल्ले धातु छानामा बालकुमारीको मन्दिर बन्यो । सादा ढुङ्गालाई पुजिने बालकुमारी देवीको प्रत्येक वर्ष बैशाख १ गते पञ्चवलिसहित विष्णुवीर, दक्षिण बाराहि, हिचोद्यो (हरिसिद्धी), पिथुं गणेश, थासमा गणेस, दथु गणेश, वामुने गणेश, राज गणेश, पतसिको गणेशलगायत ३२ खटको भव्य रूपमा सिन्दुर जात्रा गरी जात्रा मनाउने परम्परा छ ।

अगाडि मयूरसहित ढुङ्गे स्तम्भ सजिएको छ भने मन्दिर वरिपरि कोंचा

भैरव र पोखरीले सिंगारिएको छ । मध्यपुरको महालक्ष्मी, नासिन्कोमा ब्रह्मायणी, युथमा कुमारी, सुगाँमा वैष्णवी (विष्णु देवीवीर) सुनायमा इन्द्रायणी, इनाकोमा चामुण्डा, (सिद्धकाली) क्वाछेंमा बाराहि, जलांमा रूद्रायणी भनीने पीठसँगै आठ द्वार थिए । ती आठ द्वारमा तापा, जलाखु, इकुडोल, केकुतां, इनायको, लाभाहिटी, नासननी, र फाकुडोल रहेका छन् । यिनै ढोका अर्थात् द्वारसँगै अष्टमातृका पीठमध्य यो पीठलाई महापीठको रूपमा पुज्ने परम्परा छ ।

लोकोक्तिअनुसार सिद्धिपुर पाटन थसिगाउँको एउटी स्त्री बिहे गरी थिमी पुगेकी थिइन् । माइतीमा आफन्त कोही नभएको कारण उनले माइतीबाट ल्याएको आ ना कुलदेवतालाई धान सुकाउने खलान बालामा स्थापितगराइन् । कालान्तरमा सबैले वला (धान सुकाउने खलान) मा स्थापित कुमारीलाई बालकुमारी भन्न थालेको लोकोक्ति जनजिव्रोमा पाइन्छ ।

***

For Library Purpose

बालकुमारी खटयात्रा (सिन्दुर जात्रा)

भक्तपुर जिल्लाको मध्यपुर ठिमीको बाल कुमारीमा हरेक वर्षको बैशाख २ गते जिब्रो छेड्ने जात्राकै दिन सिन्दुर जात्रा मनाउने परम्परा छ । चोडे टोल, भुलाखेल, दुई पोखरीहुँदै बालकुमारी क्षेत्रमा सिद्धकाली गण सहित बालकुमारी मन्दिरमा भेला भएर स्थानीयले जात्रा मनाउँछन् । कायाबाजा, भुस्याबाजा र धिमे बाजा बजाएर बालकुमारी मन्दिर क्षेत्रमा १९ वटा खट तथा देवगणको जात्रा सहित एकआपसमा सिन्दुर घसेर यो जात्रा मनाइन्छ । देवता लायकु दरवारभित्र पस्न नपाउन् भन्नका लागि लायकुको मुख्य प्रवेश द्वारमा पेखाँ मुस्या, बालकुमारी बालखुचा द्यो, सिद्धिकाली र

अन्य देवगणहरू बाटो छेकेर बस्ने अनौठो परम्परा सहितको जात्रा सिन्दुरे जात्राको दिन हुने गर्दछ । यही जात्रासँगै थिमीको बोडेमा भने जिब्रो छेड्ने अनौठो रोमाञ्चक र ऐतिहासिक जात्रा हुने गर्दछ ।

यो जात्रालाई विस्केट जात्रा पनि भनिन्छ भने विशेष गरी सिन्दुरे जात्राको रूपमा प्रख्यात छ । बैशाख २ गतेका दिन थिमीका विभिन्न स्थानबाट देवी देवतालाई खटमा राखी सामूहिक रूपमा नगर परिक्रमा गर्ने र उत्सव मनाउने परम्परा छ । यो जात्रामा सामूहिक रूपमा धिमे बाजा बजाई सडक नै राताम्मे हुने गरी अवीर छर्केर हजारौं नगरवासी भेला भई मनाइन्छ । विभिन्न देवीदेवताको ३२ खट(रथ) जम्मा गरी सहर परिक्रमा गराइन्छ ।

***

For Library Purpose

थिमीको लायकु दरवार

दरवार क्षेत्रलाई नेपाल भाषामा लायकु भनिन्छ । यसर्थ काठमाठौ दरवारस्क्वायर क्षेत्र, भक्तपुर दरवार स्क्वायर क्षेत्रलाई लायकु भनेझै थिमी दरवारस्वायर क्षेत्रलाई पनि लायकु भन्ने गरिएको छ । थिमी दथु टोलमा अवस्थित लायकु दरवार हात्ती छिर्ने विशाल काठको ढोका दायाँवायाँ सिंकुचा र फिकुचा बलवान अंकित चित्र कोरिएका छन् । दरवार भित्र तलेजु बाहेक कुनै पनि दरवारको अस्तित्व बाँकी छैन ।

जहाँ परापूर्व कालमा एकपैसाको चार भाग मध्ये एक भाग पैसाबाट खरिद गर्दा आउने बराबर अर्थात् चारपाउ राँगाको मासु र आठपाथी चामल दरवारसँग सम्वन्धित प्रधान जातलाई थिमीले व्यापारीले गठामुंगलका दिन

कर तिर्नुपर्ने परम्परा थियो । मध्यपुरअन्तर्गत संचालित प्रशासनिक क्षेत्रका रूपमा रहेको लायकुमा लिच्छवि राजा नरेन्द्रदेवका चारभाइ छोरा मध्य कान्छा छोराले राज्य गर्दथे । जेठा छोरा बन्धुदत्त बिहार तेबहालमा, माइला छोरा हिरण्यवर्ण महाबिहार पाटनमा, साइँला छोरा क्वाथण्डौ बिहार भक्तपुरमा राखी नरेन्द्रदेवले बाँकी जीवन नाला बिहारमा ध्यान गरेर विताएका थिए ।

***

For Library Purpose

नुगुदेचु (निगुपुखु)

नेपाल संवत् ६७९ मा थिमीको बीच एउटा पोखरी निर्माण भयो । उक्त पोखरी इलाननिको कन्या गंगा भुलाईले भक्तपुरका राजा विश्व मल्लसँग विवाहको प्रमाणस्वरूप निर्माण गरेका थिए । पोखरी विशाल थियो । थिमीको दिगरली ताहाननी र चोयरे बस्तीमा जनघनत्व बढ्दै गयो । त्यहाँका वासिन्दाको मृत्यु हुँदा लास लान, मलामी हिंड्न र मानिस ओहोर-दोहोर गर्न अप्ठ्यारो महसुस गरीयो । त्यसपछि नुगुदेचु पोखरीलाई दुई टुक्रा हुने गरी बीचमा बाटो बनाए । एउटै पोखरी टुक्रिएर दुइटा बन्यो र नेपालभाषामा निगुपुखु भन्न थालियो । नुगुपुखु अर्थात् निगुपुखु भन्नाले नेपाल भाषामा २ ओटा पोखरी भनीएको हो । पानीबिहीन पोखरी नगरपालिकाले पुनर्निर्माण गरी हरियाली र जलासयपूर्ण बनाएको थियो । हाल पोखरी सम्बर्द्धनमा ध्यान पुगेको देखिदैन । यसको सम्वर्द्धन गर्न सरोकारवालले ध्यान दिन आवश्यक छ ।

***

For Library Purpose

भैरव तथा दिगुद्योः

थिमीको राज गणेश नारायण मन्दिर २२ खटको जात्राको लागि चर्चित छ । सोही मन्दिर पार गर्दै अगाडि बढ्ने क्रममा सडक छेवैमा भैरव र दिगुद्यो मन्दिर अवस्थित छ । मन्दिरको मण्डपशैलीयुक्त धातुयुक्त छाना रहेको छ । नेपाल संवत् ९९३ र १०१० ताम्रपात्र मन्दिरमा रहेको छ । यो मन्दिरमा भैरव र श्रेष्ठ नेवार समुदायको कुल देवताको मन्दिर जोडिएर रहेको छ । अक्षयतृतीयबाट यो मन्दिरमा कुल देवताको पूजा गर्न ठिमी पुर्ख्यौली भई देश विदेशमा छरिएर रहेका नेवार समुदाय कुल पूजा गर्न दिगु द्यो मन्दिर आइपुग्छन् । सिठी नखमा विशेष कुल पूजा हुने यो मन्दिर थिमीमा संस्कृतिको धरोहरको रूपमा स्थापित छ ।

***

चपाचो र चपाचो गणेश

मध्यपुर थिमीका पाँच प्राचीन गाविसमध्ये एक 'चपाचो' नेवार समुदाय मध्ये प्रजापति जातिको मुख्य वस्ती हो । राजधानीको माटोको भाँडाकुँडा उत्पादन गर्ने ठाउँ भक्तपुरको तालाक्व जस्तै मध्यपुर थिमीमाचाहिँ चपाचो माटाका भाँडाकुँडा निर्माणको लागि प्रख्यात छ । यहाँ चपाचो गणेश पनि अवस्थित छ । गणेशस्थानमा दैनिक बिहान पूजाआजा गर्ने प्रचलन छ ।

चपाचो बालकुमारी पछिको ऐतिहासिक वस्ती हो । चपाचो वरपरको वस्तीहरूको तुलनामा उच्च र समतल भागमा रहेको छ । भाँडा बनाउने खुल्ला ठाउँ भएको हुँदा स्थानीय भाषामा यस्लाई चंग:पाचो अर्थात् चपाचो भनीएको हो ।

***

सिद्धकाली देवस्थल

नेपाल संवत् ६३३ मा मध्यपुर थिमीमा राजा सुवर्ण मल्लद्वारा देश रक्षार्थ स्थापना गरेका अष्टमातृका पीठमध्य प्रमुख एक पीठ हो सिद्धकाली । दुई तल्ले धातुयुक्त छाना भएको मण्डपशैलीयुक्त यो देवस्थलमा गणेशलाई मूल देवताका रूपमा पुजिन्छ ।

एक समय भूत, प्रेत, पिसाच, यक्ष, योगिनी, देवगण, गन्धर्व, किन्नर्व, आदि अदृश्य शक्तिले अनेक लीला देखाउने गाउँका रूपमा सिद्धकाली क्षेत्र प्रचलित थियो । एक रात केही युवाहरू मिलेर देवगण नाचिरहेको ठाउँमा गई भाले बासेको स्वर निकालेछन् । अवेर भएछ भन्दै फर्कन नपाई देवगण सबै ढुङ्गामा परिणत भइ अलप हुन पुगेछन् । भनिन्छ भालेको स्वर निकाली देवगणलाई समेत छक्याउन सकेकाले ती युवाहरूको वंश भाले अर्थात् ग्वंग श्रेष्ठ भएका हुन् भन्ने कथन पाइन्छ । तर, पीठ वरपर भने खड्की र देउला वस्ती रहेका छन् ।

सिद्धकाली मन्दिरमा नेपाल संवत् १०११ मा टुँडाल र नेपाल संवत् १०८६ मा देवस्थलको छाना पुननिर्माण भएको थियो । मध्यपुर थिमी प्रवेश गर्ने परम्परागत ८ वटा द्वारहरू सबैभन्दा प्रचलित पुरातात्विक द्वार भएको दावी गरिन्छ । इनाचो प्रकारेश्व, भालेश्वर, पशुपति, नौ वटा ढुङ्गेधारा, ६ वटा पाटीलगायत अनेकौं मठ मन्दिरको धनीका रूपमा यस क्षेत्रलाई लिइन्छ । सिद्धकालीमा वैशाख सङ्क्रान्तिका दिन २२ खटको जात्रा, विस्केटजात्रा र धान्य पूर्णिमा (योमरी पूर्णे) को दिन भव्य पूजा तथा जात्रा मनाउने प्रचलन रहिआएको छ ।

***

For Library Purpose

नगदेश (नागदेश)



For Library Purpose

नागसँग सम्बन्धित उपत्यकामा प्रचलित अनेकौं लोकोक्ति पाइन्छन् । नागलाई आगंद्यो मुलदेवता पुर्खा मान्ने आदिवासी नागवंशी हुन् । ऐतिहासिक नगर नगदेशलाई सिद्धगणेशको देश भनेर पनि चिनिन्छ । यहाँ नगदेश बुद्धबिहार बाँसुकीहो फाँट लगायत टोलैपिच्छे नाग ओढाएको चैत्य स्थापितछन् ।

नगदेशको दक्षिणतिर प्रख्यात बाँसुकिहो फाँट रहेको छ । यसस्थानको रोचक लोकोक्ति छ । भनिन्छ बाँसुकिहो फाँटमा अनेक नागले बास बस्ने गर्दथे । त्यतिखेर मान्छे नदीमा माछा नपाए बाँसुकीहो फाँटमा नाग पूजा

गरी खोलामा माछा मार्न गए प्रशस्त माछा पाइन्छ भन्ने मान्यता राख्दथे । उक्त अवधारणा अहिले पनि कायमै छ । यही फाँटमा नागराजाले एउटा विशाल बस्ती बसाली यो देशको नाम नै नागदेश राखिदिएको थियो । पछि यो अपभ्रंश भएर नगदेश हुन पुगेको हो भनिन्छ ।

बौद्धग्रन्थमा उल्लेख भएअनुसार नगदेशमा सर्वप्रथम महायानीको बज्रयान परम्पराअनुसार बहाननी टोलमा बिहार निर्माण गराएको थियो । उपत्यकाको सर्वप्राचीन थेरवादी बौद्धबिहार साँखुको गुँ बिहार (बज्रयोगिनी) भनीएझैँ बज्रयानी परम्पराअनुसार उपत्यकामा निर्मित प्रथम बिहार नगदेशको बहाननी हो । तर हाल यहाँ बिहारको अस्तित्व बाँकी छैन । बासुकी हो फाँटमा ढुङ्गेधारा र खेत, घरबाहेक ऐतिहासिक अस्तित्व बाँकी छैन ।

***

For Library Purpose

नगदेशको सिद्धिगणेश

For Library Purpose

थिमीको पुरानो बाटो भीमसेन चोकबाट बोडेतर्फ लाग्दा उत्तर देब्रेपट्टि गणेश द्योछैँ र एउटा परम्परागत नगदेश छिर्ने द्वार छ । द्वार नजिकै इँट्टा छापेको विशाल चोकबीच तिनतल्ले नगदेश सिद्धिगणेशको धातुयुक्त छाना भएको मन्दिर छ ।

द्वारबाट भित्र प्रवेश गरेपछि विभिन्न आकारका बौद्ध चैत्य नागको छत्र ओढाएर राखिएको देख्न सकिन्छ । प्रत्येक वर्ष बैशाख २ गते मध्यपुर थिमीमा आयोजना हुने ३२ खतको बिस्केट जात्रामा यो मन्दिरको खट पनि सहभागी गराइन्छ ।

सिद्धिगणेशको मन्दिर मण्डपशैलीयुक्त धातुछानाले युक्त र कलात्मक

छ । मन्दिर वरिपरि परम्परागत चोक, पाटी, पोखरी, नागकन्या, सरस्वती आदि देवताका मूर्ति रहेका छन् । हैजा जस्तो महामारी रोगबाट बचाउने देवताका रूपमा सिद्धिगणेशलाई पुजिन्छ ।

धर्मपुर (बोडे)

जिव्रो छेड्ने जात्राका कारण प्रख्यात भक्तपुर जिल्लाको मध्यपुर थिमी नगरको ऐतिहासिक वस्तीलाई बोडेको नामले चिनिन्छ । बोडेलाई धर्मपुर पनि भनिन्छ । बोडे पौराणिक सहर महालक्ष्मी देवीले सपनामा दिएको आदेश मुताविक नेपाल संवत् ६३२ मा बसाइएको वस्तीको रूपमा चित्रित छ । बोडे देश स्थापनाका सम्बन्धमा अनेक अलौकिक लोकोक्ति जोडिएका छन् । ती लोकोक्ति हरेक वर्ष वैशाख २ गते बोडेमा मनाइने जिव्रो छेड्ने पर्वसँग सम्वन्धित छ ।

लोकोक्तिअनुसार वर्तमानको नीलबाराहि जङ्गलको तल्लो भागमा शङ्खकोट नामको वस्ती थियो । (जहाँ अहिले पनि इनार, पाटी, ढुङ्गेधारालगायतका भग्नावशेषहरू बाँकी नै छन् ।) जङ्गल छेउको वस्तीमा जङ्गली जनावर, भूतप्रेत आदिले दुःख दिन थालेपछि मानिस त्यहाँबाट बसाइ सर्न बाध्य भए ।

दिनमा जनावरले र राति भूतप्रेतले मान्छे मार्ने गर्न थालेपछि स्थानीय वासिन्दाले शङ्खकोट छाडी खेतको बीचमा वस्ती बसालेछन् । बुँ भन्नाले खेत र दे भन्नाले वस्ती अथवा देश हो । खेतको बीचमा वस्ती बसाएको हुँदा उक्त नयाँ वस्तीलाई बुँदे भनीएको थियो । विस्तारै यो नाम अपभ्रश हुँदै बोडे भन्न थालियो । (नीलबाराहिको दायाँ भागको पाटीमा नेपाल संवत् ९५७ को शिलापत्रमा समेत उल्लेख गरिएको छ ।) शङ्खकोट छाडी बोडेमा बस्ती बसाई सर्दा समेत भूतप्रेत र ख्याँकले दुख दिन नछाडेपछि पीडित बोडेवासीले देवपतन अर्थात् पशुपतिका प्रख्यात तान्त्रिक बन्धुदत्त कर्माचार्यका छोरा भीमदत्त समक्ष चिन्ता व्यक्त गरे । भीमदत्तको पालो बोडेवासीलाई एक महिनासम्म खेतमा काम गर्न नजाने उर्दी लगाई चारैतिर तारण (जाल) छाडिदिए । एकदिन मनहरा

For Library Purpose

नदीको किनारैकिनार बोडे पसेका पिसाच तारणमा फसेछ । केरकार गर्दा आफू नीलबाराहिको दाहिने ख्याँक भएको बताउँदै प्रमाणको लागि सक्कली स्वरूप देखाए ।

पिसाचले रूप फेर्दा लामो जिङ्रिङ्ग सुइरो जस्तो कपाल, रातो लामो मोटो जिब्रो, ठूलाठूला आँखा, डर लाग्दो स्वरूप देखेर स्थानीय वासिन्दा भागाभाग गर्न थालेछन् । भीमदत्तले तारणले बाधिएको ख्याँकको कपाल काटिदिए र ख्याँकको लुगा फुकालेर जबरजस्ती जिब्रोमा फलामको मोटो सियोले घोचेर जिब्रो चलाउनै नमिल्ने र मुख खोल्नै नमिल्ने सजायँ दिए । ख्याँक भागेर जाला भनी खुट्टामा घुंगरू लगाइदिए । त्यसपछि महादिपकाठको गह्रुङ्गो भारी बोकाएर देश परिक्रमा गराए । वेइज्जत र वेदना सहन नसकी ख्याँकले अव उप्रान्त बोडेवासीलाई कुनै कुरामा पनि दुःख नदीने बाचा गरे । बरू सजायँ स्वरूप बोडेवासी सामु प्रत्येक वर्ष ७ दिन सम्म जिब्रो छेड्न आउने प्रतिवद्धता व्यक्त गरे ।

वोडेवासीलाई रोग अनिकाल अनावृष्टि, अतिवृष्टि, महाभूकम्पजस्तो प्राकृतिक प्रकोप नपर्ने र बाहिरबाट बोडेमा बस्न आउनेलाई पनि एक छाक खान कहिल्यै दुःख नहुने स्थितिको सृजना गरीदिने वाचा गरेछ । यसरी बाचा गराई छाडिदिएपछि तान्त्रिक भीमदत्तलाई सपनामा निलवाराही रिसाउँदै भने, 'तिमीले मेरो ख्याँक सँगीनीलाई अपमान गऱ्यौ । म तिमीलाई बाँकी राख्ने छैन' तान्त्रिकले सपनाको प्रकोप नपरोस भनी क्षमा पूजा गरे । त्यसपछि हरेक वर्ष ख्याक जिव्रो छेडाउन आउँदा क्षमा पूजा गरेर मात्र ख्याकलाई जिव्रो छेडेर सहर परिक्रमा गर्न थाले । समयकाल वित्दै जाँदा ख्याक जिव्रो छेडाउन आउन नसकेपछि यो परम्परा जीवित राख्न सोही ख्याक वंसजका परिवारका पुरूष सदस्यले जिब्रो छेडेर परम्परा धान्दै आएको उक्त परम्परा हालसम्म कायम छ । हालसम्म भीमदत्त (भिन्दवा) श्रेष्ठका वंशजले जिव्रो छेडाउनु अघि नीलबाराहीमा क्षमा पूजा गर्न जाने र महालक्ष्मी देवस्थल महापूजा लगाउने चलन छ ।

***

For Library Purpose

महालक्ष्मी देवस्थल

बोडेमा अवस्थित महलक्ष्मीलाई यहाँको प्रमुख देवीको रूपमा पुज्ने परम्परा छ । मण्डपशैलीयुक्त महालक्ष्मी मन्दिर पुर्ननिर्माण गरी धातुको छानासहित निर्माण गरिएको छ ।

मन्दिरको तोरणमा महालक्ष्मी, टुँडालमा अष्टमातृका कुँदिएका छन् । मन्दिर परिसरमा बुद्ध चैत्य महाकाल गणेश आदि देवी देवताका मूर्ति रहेका छन् । यस मन्दिरमा बज्राचार्य बौद्ध पुजारी रहने परम्परा छ । महालक्ष्मी देवस्थलको तोरणमा नेपाल संवत् ६८८ समयकाल अंकित रहेको छ ।

महालक्ष्मी मन्दिर बोडेको अष्टमातृका पीठमध्य एक हो । यही महालक्ष्मीस्थानबाटै बोडेको प्रसिद्ध जिब्रो छेड्ने जात्रालाई पाँचौं गणेश हाँसीमिला खि, प्वाँ खा, न्हुम्ह बाराहि, पुलाम्ह बाराहि, कालिका र महालक्ष्मी सहित प्जाआजा गरी सातओटा खटसहित भव्य रूपमा जात्रा मनाउने प्रचलन छ । बोडे देशका अन्य मठ मन्दिरमा दलांछी टोलको शिखर गरूड नारायण मन्दिर, कालिका, चामुण्डा र विष्णुघाटको दुइतल्ले नारायण मन्दिर रहेका छन् ।

***

निलवाराहि देवस्थल



बुँदे अर्थात् बोडे मूल वस्तीबाट २ किलोमिटर पर पचास हेक्टर क्षेत्रफलमा फैलिएको जङ्गल र थुम्काथुम्की डाँडाका बीचमा निल बाराहि मन्दिर अवस्थित छ । मन्दिर कहिले बनेको हो भन्ने पुष्टि हुन सकेको छैन ।

मन्दिरमा नेपाल संवत् ७६० को शिलालेख पुरानो अभिलेख भेटिएको छैन । बलौटे डाँडा थुम्का थुम्की जङ्गल र मनोहर नदी छेउ रहेको यो मन्दिर प्रवेश गर्दा मनमोहक दृश्यले जो कसैको मन जित्छ । निल बाराहि वर्तमानमा पिकनिक स्थल तथा युवायुवती घुम्न जाने पार्ककका

रूपमा विकास हुँदै गैरहेको छ । ठाउँ ठाउँमा पिकनिक पार्क र पानीको प्रसस्त व्यवस्था रहेको नीलवाराहीमा निर्मित देवस्थल छाना विहिन सामान्य पर्खालले घेरिएर रहेको छ ।

***

For Library Purpose

बोडेमा पोखरीमा राँगाको खुट्टा चढाउने परम्परा

भक्तपुर जिल्लाको बोडेस्थित लाछी टोलमा एउटा पोखरी छ । जहाँ गाइजात्रा आरम्भ गर्नु अघि नाइके प्रधानसहित ४ जनाले राँगाका ४ वटा खुट्टा पोखरीमा चढाउने (प्याक्ने) परम्परा छ । लोककथन अनुसार उक्त पोखरीमा एउटा गुफा रहेको छ । जस्लाई नेपाल भाषामा तःखा भनिन्छ । पोखरीको उत्तर क्षेत्रमा करिब ६० फिटको अग्लो नारायणको मन्दिर रहेको छ । नारायणको अर्धाङ्गीनी सिद्धिलक्ष्मी मासिकधर्म हुँदा उक्त पोखरी स्थित गुफामा गई बस्ने गर्दथिन् । गुफाको द्वारपालेका रूपमा दुई ख्याक सोही गुफाको रेखदेख गर्ने गर्दथे । उक्त गुफामा हरेक वर्षको गाइजात्रामा मृत आत्मा पनि आ ना आफन्त र परिवार के कति शोकमा ड्बेका रहेछन् भनी हेर्न आउने गर्दथे । तर त्यहाँ आएका मृत आत्मालाई ख्याकले त्यहाँ बसिखान नदिएको तान्त्रिकहरूले थाहा पाएर गाइजात्राको दिन ख्याकलाई राँगाको खुट्टा दिन थालेको भनाइ पाइन्छ । ख्याँक राँगाको खुट्टाको भोजन गरेर मस्त सुतेपछि मृतआत्मा आएको मौकापारी त्यसै दिन बोडेका जनताहरूले साँज्या छोयगु अर्थात् वैतरणी तर्नको लागि गाईलाई नगर परिक्रमा गराई रामायण पाठसहित नाचगान सुरू गरेको हो भन्ने लोककथन रहिआएको छ ।

***

For Library Purpose

लोहकिंलथली



नेपाल भाषामा लोहकिंल्थली भन्नाले ढुङ्गाको किल्ला भएको स्थल भन्ने अर्थ लाग्दछ । मध्यपुर थिमी नगरमा अवस्थित प्राचीन ऐतिहासिक वस्ती हो लोहंकिन्थली । काठमाडौको कोटेश्वरबाट थिमी तर्फ लाग्दा बीचबाटोमा पर्ने लोहंकिन्थलि पुरानो थिमीसँगै निकट रहेको छ ।

लोहंकिन्थलीमा रहेको शिलाको स्फटीक खम्बाका विषयमा रोचक आख्यान छ । लोककथन अनुसार लोहंकिन्थलीमा वस्ती र सडक पूर्वाधार नहुँदै परापूर्व कालमा यो क्षेत्र काठ नजिकको घना जङ्गल र खोल्सी थियो । खोल्की नजिकै ठूलो छाँगा थियो । जहाँ सरस्वतीले मध्यरातमा तान लगाएर कपडा बुन्ने गर्दथे ।

***

For Library Purpose

लोहकिंलथलि र सरस्वती

For Library Purpose

प्रख्यात दिव्यश्वरी भगवती मन्दिर नजिक पश्चिमपट्टी दुई ठूलाठूला ढुङ्गाको किल्ला रहेका छन् । वस्तीबीच रहेको किल्लालाई स्थानीय वासिन्दा विद्याकी देवी सरस्वतीका रूपमा पुज्ने गर्दछन् । यही ढुङ्गे सरस्वतीका कारण यसक्षेत्रको नाम लोहंकिलथलि अपभ्रंश हुँदै लोहकिन्थली हुँदै लोकन्थलि बन्न गएको हो भनिन्छ । प्रत्येक वर्ष श्रीपञ्चमीका दिन यस देवस्थलमा भक्तजनको ठूलो भिड लाग्ने गर्दछ ।

***

दिव्यश्वरी भगवती मन्दिर

For Library Purpose

नेपाल संवत् १०५३ अघि राणाकालमा स्थानीय दिव्यदेव सुव्वाले निर्माण गराएको लोहंकिन्थली दिव्यश्वरी भगवती मन्दिर यस क्षेत्रको सम्पन्न सम्पदा हो । गुम्बजकार दिव्यश्वरी भगवती मन्दिरमा पाँचवटा गजुर पूर्णत:बज्रलेपन गरी निर्माण भएको छ । दिव्यदेवले निर्माण

गरेकाले भगवतीको मन्दिर भएकाले यस मन्दिरको नाम दिव्यश्वरी भगवती रहन गएको हो ।

मन्दिरको दायाँतर्फ दुइतल्ले मण्डपशैलीको पंभो गणेशको मन्दिर छ । परापूर्वकालमा **पंभो अर्थात्** बाँसघारी भएकाले उक्त स्थानमा रहेको गणेश नेवारी भाषामा **पंभो गणेश** मन्दिर अर्थात् बाँसघारी गणेस्थान भन्ने गरेको पाइन्छ ।

***

For Library Purpose

भक्तपुरका बिहारहरू




किराँतकाल भन्दा अघि उपत्यकाको कुनै पनि स्थानमा बुद्ध बिहारहरू निर्माण भएको पाइँदैन । उपत्यकामा बौद्धधर्मावलम्वी हरूको उपस्थिती इसाको दोस्रो शताब्दीमा भएको पाइन्छ । बुद्धको जीवनकालमै बौद्ध धर्मको प्रचार भएको देखिए पनि उपत्यका अर्थात् नेपाल मण्डलमा पहिलो बिहार 'गुँ बिहार' अर्थात् जङ्गल बिहार लाई नै मानिएको छ । भक्तपुरमा पनि किरातकालमै बौद्धधर्मालम्वीको प्रवेश भएको लिच्छविकालिन अभिलेखहरूले पुष्टि गर्दछ ।

भक्तपुरको उत्तर क्षेत्र साँखुलाई 'सक्व ख्वप' भनेर चिनिन्थ्यो ।

मुलुकमा प्रजातन्त्र आएपछि राष्ट्रिय सिमाङ्कनको क्रममा साँखु काठमाडौ जिल्लामा गाभिएको थियो। अहिले पनि साँखुका बुढापाकाहरू साँखुलाई सक्व ख्वप नै भनेर चिन्दछन्। जुन 'गुँ बिहार' साँखुमा अवस्थित छ। महासाँघिक भिक्षु संघ स्पष्ट रूपमा उल्लेख भएको लिच्छविकालिन अभिलेख पनि साँखुमा भेटिएको थियो। त्यसैले उपत्यका (नेपाल मण्डल) मा बिहारको स्थापना भक्तपुरबाटै भएको मानिन्छ।

***

For Library Purpose

आदिपद्म महाबिहार (तोंमवहाः)

आदिमपद्म महाबिहार अर्थात् तोमवहाः भक्तपुरमा स्थापित प्राचीन बुद्ध बिहार मध्य एक प्रमुख बिहार हो । यो बिहार भक्तपुरको नगरपालिकाको तौलाछें टोलमा अवस्थित छ । भक्तपुरका २५ वटा उल्लेख्य बिहारहरूमध्ये प्रमुख तोमवाहाःको चोकमा ससाना चैत्य र बहालको ढोका दायाँवायाँ सारिपुत्र मौद्गल्यान बुद्धका ब्राम्हण र शिष्यको प्रतिमा रहेका छन् । नेपाल संवत् १०१ को सबै भन्दा पुरानो अभिलेख अनुसार आदिमपद्म महाबिहार भनीएको यो बिहारलाई तों बाहा, तुं (तुनं) बिहार भनी उल्लेख गरिएको सम्यकरत्न उपासक (बज्राचार्य) द्वारा ख्वपदेया बहाबहिया संक्षिप्त परिचय पृष्ठ १९ मा उल्लेख गरिएको छ । त्यस्तै गोपालराज बंसावलीमा 'नेपाल संवत् ५०३ यम्व तुनं' भनी उल्लेख गरिएको छ । त्यस्तै यहाँका शाक्यमुनीलाई प्रजापति समुदायले गहना चढाएकोले एउटा ताम्रपत्रमा 'तोंबहा' भनी उल्लेख गरिएको छ ।

वि.सं. १९९० को भूकम्पले भत्किएको यो बिहार ३० देखी ३५ वर्षपछि मात्र जिर्णोद्वार भएको मानिन्छ । भक्तपुरको कलात्मक पूर्वि ढोका द्वार च्यामासिंह द्वारबाट भक्तपुर नगर प्रवेश गरेपछि सूर्यमढी टोलको दबु बाट दक्षिणक्षेत्रबाट आदिपद्म महाबिहार पुग्न सकिन्छ । विविध साँस्कृतिक कार्यक्रम देखाइने सार्वजनिक तोलाछेंचोक स्वयम्भूकृत बौद्ध चैत्य वरिपरि भजन वा बृद्धवृद्धालाई आराम गर्नै फल्चा पाटी हुँदै भित्र गल्लीमा

For Library Purpose

तोमवहाः अर्थात् आदिपद्म महाबिहार अवस्थित छ । बुद्धाचार्य शाक्यको संघमा आधारित आदिपद्म महाबिहार तोमवहाः गौतमबुद्ध प्रति समर्पित छ । यो बिहारमा विशेष गरी विधिपूर्वक चुडाकर्म सम्पन्न गर्ने प्रचलन छ ।

बिहार २ तल्ले रहेको छ । बिहार चोक भित्र चार वटा चैत्य स्थापितरहेको छ । ति चार चैत्यहरू असोक चैत्य, धर्मधातु चैत्य, गुम्बज शैलीको पद्म चैत्य र महाकाली चैत्य हुन् । यो बिहारको मूल ढोका विभिन्न बौद्ध सम्पदा झल्कीने आकर्षक बुट्टाले सुसज्जित रहेको छ ।

***

For Library Purpose

धर्मकीर्ति महाबिहार (याबाहाः)

भक्तपुरको बिहारहरू मध्ये धर्मकीर्तिबिहार पनि भक्तपुरको महत्वपूर्ण बिहारको रूपमा लिइन्छ । यो बिहार भक्तपुर नगरपालिका वडा नं १० को क्वाठण्डौ टोलमा अवस्थित छ । यो बिहारलाई भक्तपुरवासीमा याबाहाकोको नाममा पनि परिचत छ । यो बिहार कहिले स्थापना भयो भन्ने कुनै पनि अभिलेख भेटिएको छैन । तर पशुपति बिहारको दीपङ्करको भण्डारमा रहेको एउटा निमन्त्रणा कार्डमा यो बिहार स्थापना गर्ने दाता बारे केही उल्लेख भएको पाइन्छ । ने.सं. ६९४ मा किर्तिपुरको क्वाथनायक जयकिर्तिराजले दिशादि संघ महाभोज्यको लागि पठाएको उक्त निमन्त्रणा कार्डमा श्री भूवनाकर धर्म संस्कारित श्री धर्मकीर्ति बिहारसँगै पशुपति बिहारका संघ सदस्यहरू र क्वाःपाःद्यो (खोपी भित्रको देवता) सहित भन्ने सम्वोधन गरिएको छ ।

भूवनाकर धर्म संस्कारित उल्लेख गरेको कारण भक्तपुरको धर्म कीर्तिबिहार निर्माण गर्ने भूवनाकार हो भन्ने ठहर गरिएको छ । तर यो बिहार कहिले निर्माण भयो भन्ने कुनै अभिलेख भने पाइएको छैन । भूवनाकारले यो बिहार नेपाल संवत्को पहिलो शताब्दीको अन्तिम समयकालमा निर्माण गरिएको हुनसक्ने अनुमान गरिन्छ । यो बिहारलाई भक्तपुरकै पुरानो बिहारको रूपमा पनि लिइन्छ । यो बिहारमा हाल संघ र सदस्यहरू समेत नरहेकाले बिहार शाक्यहरूको हो वा वज्रचार्य

For Library Purpose

समुदायको हो भन्ने एकिन समेत हुन सकेको छैन । पुरानो अभिलेख नभएपनि शाह कालिन समयमा राखिएका ढुङ्गे अभिलेखहरू मा ने.सं. ९०४ मा राजा रणबहादुर शाहको पालाको ढुङ्गाको अभिलेखमा वज्राचार्य तवधिक न थः परिवार सहितले बिहारको जिर्णोद्वार गरेको उल्लेख छ । त्यस्तै ने.सं. ९११ सालको शिलालेखमा सोही वज्राचार्य परिवारले मर्मत गरेको उल्लेख गरिएको छ । वि.सं. १९९० सालको विनासकारी भूकम्पले यो बिहार भत्कियो त्यसपछि उत्तः जग्गा महायानी गुम्वा निर्माण गर्न समर्पण गरेको बुझिन्छ ।

***

For Library Purpose

पशुपति महाबिहार (प्रशन्नशिल महाबिहार - अजाजुद्यः बाहाः)

भक्तपुरको १० नं वडाको क्याठण्डौ बौद्ध सम्पदामा धनी क्षेत्रको रूपमा लिन सकिन्छ । यो क्षेत्रमा धर्मकृति महाबिहार, कुलरत्न महाबिहारमात्र होइन पशुपति महाबिहार पनि अवस्थित छ । नेपाल संवत् ५२७ को एउटा तमसुक पत्रमा यो बिहारलाई पशुपति बिहार भनी उल्लेख गरिएको छ । वर्तमान थालाछें स्थित नाग पोखरीको दक्षिणतिर रहेको चैत्यको अभिलेखमा नेपाल संवत् ६९६ सालमा उक्त चैत्य पशुपति बिहारको गुभाजुले स्थापित गरेको हो भनी उल्लेख गरिएको छ । यसरी भक्त:पुरको

विभिन्न सम्पदा कृतिमा रहेका अभिलेख अनुसार यो बिहार पुशपति बिहार हो भनी यकिन गर्न सकिन्छ । यो बिहारलाई पशन्नशिल महाबिहार पनि भन्ने गरिन्छ । त्यस्तै स्थानीयले अजाजुद्य बाहाः पनि भन्ने गरेको पाइन्छ ।

अजाजुद्यः अर्थात् पूर्खा देवता रहेको आदि बुद्धबिहार भक्तपुरको सर्वप्राचीन र महाबुद्धस्थलको रूपमा लिइन्छ । भक्तपुरको प्रसिद्ध सम्पदा दत्तात्रेय मन्दिरबाट यो क्षेत्र नजिकै रहेको छ । बुद्धबिहार क्वाठण्डौ टोलमा दिपङ्कर बुद्धप्रति समर्पित अजाजु द्यःबहा र प्रशन्नशील महाबिहार पनि भनीने यो बिहार पशुपति बिहार हो । यो बिहार तिव्वत, भारत, भुटान र बर्मासम्मको बौद्ध धर्मावलम्वीमाझ प्रख्यात रहेको छ ।

तीनतल्ले आवास घरमाथि नै मण्डपशैलीमा बनाइएको यो बिहारको विशेष महत्व छ । यो बिहार प्राचीन बिहार हो भन्ने यहाँ अवस्थित बिहारको भण्डारमा सुरक्षित रहेको भूजिंमोल लिपिमा लेखिएको तमसुकपत्रमा स्पष्ट रूपमा लेखिएको छ । नेपाल संवत् ५२७ मा राजा धर्म मल्लको पालामा जग्गा खरिद विक्रीको साक्षीको रूपमा यो तमसुकपत्रमा अभयज्यूलाई श्री भुवन धर्म संस्कारित श्री पशुपति महाबिहारको एक बज्रचार्य भनी उल्लेख गरिएको छ । त्यस्तै नेपाल संवत् ६६८ सालमा भाष्कर देव संस्कारित हिरण्यवर्ण महाबिहारको दानपति कसराज भारोले पठाएको दिशादि संघ महाभोज्यको निमन्त्रणा पत्रमा 'नं श्री भूवनाकार संस्कारित पशुपति महाबिहार' भन्ने उल्लेख सम्वोधन गरिएको छ ।

स-साना बुद्ध चैत्यहरू, बहालचोकमा स-साना ढुङ्गे धारा, भजनगृहले सजिएको पशुपति महाबिहार को तोरण र टुँडालमा पञ्चराक्षदेवी भैरव, पञ्चबुद्ध, चर्तुमहाराजा, सप्ताक्षरी, कुटाक्षर, अष्टसिद्धि कलाकृतिसहित निर्माण भएको छ । यो बिहारमा बोडेजात्रा र माघेसंक्रान्तिका दिन विशेष पूजाआजा हुनेगर्दछ । उक्त दिन यो बिहारमा ठूलो सुंख्यामा देश विदेशका भक्तजन मेला भर्न पुग्ने गर्दछन् । यो बिहार र भक्तपुरवासीको सम्वन्ध परम रहेको छ । पन्चदान र पाँच दिपङ्कर बुद्धको पूजा गरी घरपरिवार जम्मा भएर क्वाँटी खाने परम्परा रहिआएको छ ।

For Library Purpose

यो बिहारमा दिपङ्कर बुद्धको श्रद्धा गर्दै भक्तजनले विभिन्न देव गरगहना चढाउने परम्परा कायम छ। यो बिहारको संघमा वज्राचार्यहरू छन्। अरू बिहारको झैं यो यो बिहारमा पनि दिपङ्कर बुद्ध प्रति गरिने धार्मिक क्रियाकलापको लागि आ नै मौलिक परम्परा रहिआएको छ।

***

For Library Purpose

कुलरत्न बिहार

भक्तपुरको महत्वपूर्ण बौद्ध सम्पदाहरू मध्ये कुलरत्न बिहारलाई पनि महत्वपूर्ण बिहार मानिन्छ । यो बिहार भक्तपुरकै सबै भन्दा सानो बिहारको रूपमा चिनिन्छ । स्थानीय भाषामा यो बिहारलाई विखु बाहाः पनि भनिन्छ । यो बिहार भक्तपुरको क्वाठण्डौ पोखरी डिलमा रहेको बज्रधातु चैत्यको उत्तरदिशामा अवस्थित छ । ने.सं. ९९१ मा राजा सुरेन्द्र विक्रम शाहका पालामा यो बिहारको निर्माण भएको हो । बिहारको स्तम्भ चैत्यमा यो अभिलेख सुरक्षित रहेको छ ।

खासा व्यापार गर्ने भक्तपुरका क्वाठण्डौ टोलका जुजुधनले यो बिहार निर्माण गरेको अभिलेखमा उल्लेख छ । बिहारमा आर्यावलोकितेश्वर सहित स्तम्भ, चैत्य, गणेश, हनुमान र महाकाल देवता आदिको मूर्ति स्थापना भएको पाइन्छ ।

यो बिहारमा प्रवेश गर्न निजी घरको गल्ली मुनिबाट प्रवेश गर्नुपर्छ ।

***

For Library Purpose

भ्रौंरवही (मंगल धर्मदिप बिहार)

भगवाण गौतमबुद्ध, दिपङ्कर बुद्धप्रति समर्पित भ्रौरवही भक्तपुर ७ गोल्मढी टोलमा अवस्थित छ । यो बिहारलाई मंगल धर्मदिप बिहारको नामले चिनिन्छ । भक्तपुरमा हुने दिपङ्कर जात्राको पाँच दिपङ्कर बुद्ध मध्ये भ्रौरवहिको बुद्ध पनि एक हो । यो बिहार कहिले निर्माण भयो भन्ने कुनै अभिलेख पाउन सकेको छैन । यो बिहारको संघ सदस्यहरू चुर्तव्रम्हा महाबिहारको वज्राचार्यहरू भएकाले जीब वज्राचार्यको सन्तानहरूले यो बिहार बनाइएको हो भन्ने जनविश्वास रहिआएको छ । मेटिएको मधुरो अक्षरमा २३ हरफ अक्षर कुँडिएको शिलालेख मा भक्तपुरको राजा विश्वमल्लको पालामा ने.सं. ६७६ को फागुन महिना उल्लेख भएको उक्त शिलालेखमा चुर्तव्रम्ह महाबिहारका जीब वज्राचार्यको परिवारहरूले भग्नावशेष अवस्थामा रहेको भ्रौरवहि पुन जिर्णोद्धार गरिएको उल्लेख



गरिएको छ ।

झौरवही परिसरभित्र आँगनदेवता, बिहारको पूजा गर्ने स्थान, पन्चदान जात्राको व्यवस्था गरिएको बारे अभिलेखमा उल्लेख छ । यो बिहारमा परापूर्व कालदेखि नै इन्द्रवर्ण महाबिहार संघले बिहारको देवता प्रदर्शन गर्न झौरवहिमा ल्याउनु पर्ने परम्परा थियो । तर विगतको केही दशकदेखि नै यो परम्परा समेत लोप भइसकेको छ ।

यो बिहार दुई तले बार्दली र मटान सहित नेवारी वास्तुकला निर्मित छ । बिहारको क्षेत्रफल १२ आना दुई दाम देखाइएको छ । बिहारको दक्षिण तर्फ दिपङ्कर बुद्ध स्थापितछ । माथिल्लो तल्लामा पहिले मंगल धर्मद्धीप गुम्वा थियो भन्ने गरिन्छ । बिहारको पूर्वि भागमा गन्धुरी देवताको मन्दिर छ । पछिल्लो समय भक्तपुर नगरपालिकाले पुननिर्माण गरेको यो बिहार २०७२ सालको भूकम्पले सामान्यमात्र क्षति पुगेको थियो । बिहारको मूलद्धारमा दुई वटा सिंहको मूर्ति स्थापितछ । यो बिहारको संघ चर्तुव्रम्ह महाबिहार संघको (तधिछें) खल का सदस्यहरू हुन् । यो संघले झौरवहि सँगै दिपङ्करको परम्परागत कार्य गर्दै आएको छ । साउन महिनाको कृष्ण त्रयोदशिमा पन्चदानका दिन यहाँको दीपङ्कर बुद्धलाई नगर परिक्रम गराइन्छ । त्यस्तै माघे सक्रान्तीका दिन पनि सम्यक पन्चदान गर्ने परम्परा यहाँ छ । यहाँ हरेक दिन साँझ विहान नित्य पूजा हुने गर्दछ ।

For Library Purpose

मञ्जुश्री महाबिहार (वाउँ बाहाः)

भक्तपुरको प्रमुख बिहार मध्ये मञ्जुश्री महाबिहार (वाउँ बाहाः) पनि एक प्रमुख बिहार हो । यो भक्तपुर नगरपालिका वडा नं १० थालाछेँ स्थित वेखाल पोखरी हुँदै पूर्व दिशामा अवस्थित रहेको छ । यो बिहारमा प्रवेश गर्न निजी घरको मुनीबाट प्रवेश गर्नुपर्छ । नेपाल संवत् ९८६ मा भाजुमन को पुस्तकमा यो बिहारको नाम मञ्जुवज्र बिहार भनी उल्लेख गरिएको छ । त्यस्तै नेपाल संवत् १००५ मा बज्राचार्य महावीरको पुस्तकमा यो बिहारलाई सुगत श्री मञ्जुरत्न बिहार भनी उल्लेख गरिएको पाइएको छ । तर स्थानीयमाझ यो बिहार वाउँ बाहाः को नाममा प्रख्यात छ । यो बज्राचार्यहरू प्रति समर्पित बिहार हो । बिहारको पूर्वतर्फ चार तल्ले एउटा देवल रहेको छ । देवलको मुख्य द्वारमा दुई सिंहलाई पहरेदारको रूपमा स्थापित गरेको छ । स्वर्णअङ्कित ढोकाले देवलको गरीमा बढाएको छ । यो बिहारमा बज्राचार्यहरूको चूडाकर्म गर्ने गरिन्छ

***

For Library Purpose

मुनि बिहार (धर्मोत्तर महाबिहार)



मुनिसंघ बिहारको नामले चिनिने धर्मोत्तर महाबिहार भक्तपुरको अर्को महत्वपूर्ण बौद्ध सम्पदा हो । यो बिहार हनुमानघाटबाट इनाचो क्षेत्रतर्फ जाँदा उकालोबिच पँभो गणेश मन्दिर नजिकै गहिरो स्थानमा धर्मोत्तर महाबिहार अर्थात् मुनि बिहार अवस्थित छ । नेपाल संम्वत ७७६ मा मुनि बुद्धाचार्यले निर्माण गरेको यो बिहार भित्र रहेको अभिलेखमा उल्लखे

गरिएको छ । शिलालेखमा उल्लेख गरिएको अभिलेख अनुसार मुनि बुद्धाचार्य भन्नाले ल्हासा देशमा जाने व्यापारी हो । मुनि बुद्धाचार्य नै योबिहारको सदस्यको रूपमा देखिएको छ । ल्हासाबाट पैसा कमाएर फर्कने क्रममा मुनि वुद्धाचार्यको मनमा धर्मचित्त उत्पन्न भई उत्तरखण्डको नाम लिएर धर्मउत्तरको नाममा यो बिहार स्थापना गरेको देखिन्छ ।

त्यस्तै बिहार भित्र ने.सं. ७८७ मा शाक्यमुनि बुद्ध, दिपङ्कर तथागत, धर्मधातु चैत्य, गणेश, महाकाली, चक्रसम्बर स्थापना गरी पञ्चरक्षा पुस्तक सहित यो बिहारलाई धर्मकीर्तिका रूपमा स्थापना गरिएको पाइन्छ । शिलालेखमा उल्लेख गरे अनुसार बिहार भित्र नित्य कर्म गर्न र जिर्णोद्वार गर्न ४० रोपनी जग्गा बिहारको लागि राखिएको पनि उल्लेख गरिएको छ । मुनि बुद्धचार्य उल्लेख भएको २ वटाा तमसुक पत्र समेत इन्दुवर्ण महाबिहारको संघसँग सुरक्षित रहेको छ । एक तमसुकमा नें. ७६३ श्रावण वदि १० गते इन्द्रवर्ण बिहारमा कुलदेवता स्थापना गरेको उल्लेख छ भने अर्को पत्रमा इन्द्रवर्ण संघहरूले गर्नुपर्ने श्राद्ध, गुठी, दिवंगत भैसकेका हरूको संस्कार चलाउनु पर्ने उल्लेख छ । यो बिहारमा चुडाकर्म गर्नुपर्ने परम्परा भने स्पष्ट छैन । भक्तपुरमा सबैभन्दा पहिले यो बिहार थेरावादी बिहारको रूपमा स्थापना हुन पुग्यो । यो बिहारबाट स्थानीय जनसमुदायलाई बुद्ध उपदेस प्रचार प्रसारको कार्य गर्दै आएको छ ।

For Library Purpose

इन्द्रवर्ण महाबिहार

भक्तपुरको इनाचो टोलको चोकमा रहेको इन्द्रवर्ण महाबिहारलाई इन्द्रवर्त महाबिहार भन्ने नामले पनि चिनिन्छ । नेपाल भाषामा इनाचोबाहाः पनि भनिन्छ । भगवाण गौतमबुद्ध प्रति समर्पित इनाचोबाहाःमा दुई ओटा अस्पष्ट शिला अभिलेख रहेका छन् ।

नेपाल संवत् को सातौं शताब्दीमा राजा जगज्योर्तिमल्लको पालामा देवसिंह वुद्धाचार्य, श्री जयसिंह बुद्धाचार्य र मेलुसिंह बुद्धचार्यले यो इन्द्रवर्ण महाबिहारको निर्माण गरेको हो । देवसिंह बुद्धाचार्य वर्तमान इन्द्रवर्ण महाबिहारको महाबिहार संघका पुर्खाहरू हुन् भनिन्छ । तत्कालीन एक

अभिलेख अनुसार राजा जगज्ज्योति मल्लको शासनकालमा ४२ हातको चौडाई र ३६ हातको क्षेत्रफलको जग्गा देवसिं बुद्धाचार्यले ने.सं. ७४१ मा खरिद गरी यो बिहार स्थापना गरेको देखिन्छ । नेपाल संवत् ७४१ भन्दा अघिको कुनै पनि अभिलेख भेटिएको छैन ।

बिहार अगाडि मल्लकालीन ढुङ्गेधारा, पाटी, र बिहारको पुरातात्विक संरचना रहेको छ । त्यस्तै बिहारको मूल ढोका प्रवेश गरेपछि महाकाली मूर्ति र गणेश मूर्ति देख्न सकिन्छ । बिहार परिसरमा चैत्यहरू पनि स्थापितछन् । तीन तल्ले यो बिहारको टुँडालमा पञ्चबुद्ध अङ्कित बिहार पासुका झ्याल सहित कार्निसका भित्तेचित्र हातमा फूलमाला लिएका देवी देवता ज्यादै आकर्षक रूपमा स्थापित छन् । यो बिहार शाक्यमुनिहरू प्रति समर्पित रहेको छ । वर्षमा एक पटक दिवंकत हुनेहरूको नाममा पिण्ड चढाउने परम्परा पनि यो बिहारमा रहि आएको छ । बिहारमा ने.सं. ७४६ मा देव बुद्धाचार्यले गुठी चलाएको पाइन्छ । यहाँ अहिले सम्म पनि गुठी संचालनमा छ । गुलाँधर्म, र दशैंमा मोनी (कालो टिका) थापेर पूजा गर्ने परम्परा यो बिहारमा रहि आएको छ ।

***

For Library Purpose

सुवर्ण महाबिहार (लुँबाहाः -सुकुलध्वाका वहि)

भक्तपुर नगरपालिकाको अति व्यस्त सहर भनेर चिनिने सुकुलढोकामा सुवर्ण महाबिहार अवस्थित छ । सुकुलढोको मुख्य बाटोहुँदै गोल्मढी मठ नजिक रहेको सुवर्ण बिहारलाई श्री रूद्वार वहाल पनि भन्ने गरिन्छ । स्थानीयभाषमा यस्लाई लुँवहा पनि भनिन्छ । यो बिहारको पनि अहिले सम्म स्पष्ट हुने अभिलेखहरू भेटिएका छैनन् । यो बिहारको भौतिक स्वरूपले प्राचीनकालको बिहार हो भन्ने अनुमान सम्म गर्न सकिन्छ ।

यहाँ सुरक्षित रहेको पन्चरक्षा पुस्तकमा ज्योति मल्ल देवको नाम देखिएकाले यो बिहार प्राचीन हो भन्ने अनुमान गर्न सकिन्छ । यो बिहार परिसरमा रहेको शिलालेखमा

'सम्वत ७०० अश्विनि शुक्ल नवमि ।।

तुपलाछस चेत भारदयका दिन सम्वत ७०३ माघ शुक्ल श्री पञ्चमि ।।

लिवि दथुस चेटभाङ द्विगि वज्रजोगिनि दयका दिन सम्वत ७०९ कार्तिक एकादशि ।। यंथ लिस चेतभाङ दयका दिनसम्वत ७१२ माघ शुक्ल श्री पंचमि ।। श्री दुई भीमसेन दूर्प्यती थापना दिन सम्वत ७१२ अश्विनि शुक्ल पंचमि ।। सद्धम दयका दिन सम्वत ७२३ श्रावण शुक्ल द्वादशि ।। थ्व त्य देवस्तं टुटं

उल्लेख छ । यो अभिलेख हेर्दा सुवर्ण बिहारको ऐतिहासिक अस्तित्व त्रैलोक्यमल्ल त्रिभूवन मल्लको शाषणकालसम्म पुग्दछ । पञ्चपाण्डवको

For Library Purpose

भीमसेन क्रोधित हुँदा शान्त गराउन बुद्धको धर्म चैत्य स्थापना गराएको कथन पनि पाइन्छ । यो शिलालेखको अभिलेख अनुसार यहाँ पछि भीमसेनको मूर्ति प्रतिस्थापन गरेको पाइन्छ । देवलभित्र भीमसेन, द्रौपदी लगायत हिन्दुधर्मसँग सम्वन्धित देव देवता पाइनुले यो बिहार प्राङ्गनमा बौद्धधर्मालम्वीमात्र नभई अन्य धर्मालम्वीको पनि बसोबास थियो भन्ने अनुमान लगाइन्छ । यो बिहार पछिल्लो समय सुवर्ण बिहारको नाममा भन्दा बढी सुवर्ण भीमसेनको रूपमा प्रख्यात हुँदै गएको छ । यो बिहारको संघमा को थिए र को हुन् भन्ने एकिन भएको छैन । पछिल्लो कालमा यो बिहारको संघमा सुद्धकारहरू देखिएका छन् । उनीहरूले नै यहाँको भीमसेन मन्दिरको पुजारीको काम पनि गर्दै आएका छन् भने शिलालेखमा उल्लेख भए अनुसारको कर्मकाण्ड पनि गर्दै आएका छन् ।

***

For Library Purpose

चर्तुब्रह्मा महाबिहार (तःधंछेंबाहाः)

For Library Purpose

भक्तपुरे राजाको कर्मकाण्ड र गुरूजु बज्राचार्यको बसोबास रहेको पद्मपानी लोकेश्वर प्रति समर्पित भएको हुँदा चुर्तब्रह्मा महाबिहारलाई लायकुबहा तधीःछें (ठूलो घरे) बाहाः पनि भनिन्छ। यो बिहार भक्तपुरको सबै बिहारहरू मध्येकै अनुपम कलाले भरिपूर्ण बिहार मानिन्छ। सिद्धपोखरीको गुह्येश्वरी पाटीमा राखिएको शिलालेखमा महाबिहारलाई तधिछेँबाहा, बाहाछेँ आदि विभिन्न नाममा चिनाइएको छ। तर स्थानीयमाझ भने यो बिहार वहालछेँ नाममा प्रख्यात छ।

नेपाल सम्वत ६७१ मा राजा मल्लकालीन शाषण कालमा लेखिएको

तमसुक पत्रमा 'तल मडिंत्वाः वहालछेँ' भनी उल्लेख गरिएको छ । चुर्तब्रह्मा महाबिहार नेपाल संवत् ६११ मा मल्ल राजा राय मल्लको शाषणकालमा निर्माण भएको मानिन्छ । कुमारीको विधिवत पाठपूजा गर्न कान्तिपुर देशको तछेंबहाको तान्त्रिक सुरतवज्र वज्राचार्यको छोरा जीब वज्राचार्यलाई भक्तपुरमा आमन्त्रण गरेको र उनैलाई भक्तपुरमा स्थायी बसोबास गराउने यो बिहारको निर्माण भएको बिहारमा रहेको पुस्तकमा उल्लेख छ ।

यो बिहार भक्तपुर नगरपालिका वडा नं ५ मा अवस्थित छ । भक्तपुरको जीवितदेवी कुमारी समेत रहने यस बिहारमा प्रत्येक वर्ष मंसिर कृष्ण पञ्चमीका दिन दिपङ्करबुद्धको जात्रा निकाली सहर परिक्रमा गर्ने परम्परा कायम छ । ने.सं. ८७२ मा यो बिहारको जिर्णोद्वार भएको पाइन्छ । शिलालेख सहित रहेको चर्तुव्रम्हा महाबिहारको प्रवेशद्वारमा तोरण र लोकेश्वरयुक्त कलात्मक टुंडालहरू सजिएका छन् ।

बौद्ध धर्ममा दीपङ्कर बुद्धलाई लुम्बिनीमा जन्मेका गौतमबुद्ध भन्दा पहिलेको बुद्धको रूपमा मानिन्छ । चर्तुब्रम्ह महाबिहारभित्र रहेका लोकेश्वरलाई भने मानीस लगायत प्राणीमा सद्बुद्धिको विकास गरीदिने देवताको रूपमा पुज्ने परम्परा रहिआएको छ । यो बिहार वज्रचार्यहरू प्रति समर्पित बिहार हो । बिहारमा चुडाकर्म भइसकेका संघका सदस्यहरूलाई बौद्ध शिक्षा र अभिशेक गर्ने गरिन्छ । त्यस्ते दशैंको अष्टमी र दशमीका दिन आगंपूजा गरिन्छ । भजन लगायतका समय समयमा हुने कर्मकाण्डको काम बिहारमा गर्ने प्रचलन छ ।

***

For Library Purpose

अखण्डशिल महाबिहार (अखुंबाहाः)

लिच्छविकालीन राजा नरेन्द्रदेवसँग लोकोक्ति जोडिएको अखुंबाहाः अर्थात् अखण्डशील महाबिहार आधुनिक आवासीय घरहरूले घेरिएको अवस्थामा भक्तपुर नगरपालिका वडा नं ४ मा अवस्थित छ । ललितपुरको मछिन्द्रनाथसँग गहिरो सम्वन्ध राख्ने यो बिहार भक्तपुरको तालाक्वसँगै जोडिएको 'बुलुचाहिटी' नजिकै रहेको छ । यो बिहार लिच्छविकालिन राजा नरेन्द्रदेवको पालमा स्थापना भएको

वंशावलीमा उल्लेख गरिएको छ ।

यो बिहारको पनि रोचक लोकोक्ति रहेको छ । लिच्छविकालमा गोरखनाथका कारण उपत्यकामा १२ वर्ष सम्म पानी परेन । खडेरीले हाहाकार मच्चियो । मानिसहरू भोकभोकै मर्न थाले । जलवृष्टिका लागि लोकनाथ स्थापना गर्न भक्तपुरका राजा नरेन्द्रदेव काठमाडौंका वन्धुदत्त र ललितपुरका ललित नामको किसान बोलाई कामरूकामक्ष स्थापना गर्न यो बिहार निर्माण गरिएको जनविश्वास छ । तर पुष्टि हुने अभिलेख भने भेटिएको छैन ।

खडेरी हटाउन र जलवृष्टि हुने विश्वासका साथ भारतको आसामबाट कामरूपकामक्षा रातो मछिन्द्रनाथ भित्र्याएका थिए । उक्त देवतालाई वीराजमान गराउन भक्तपुरमा अखण्डशिल महाबिहार निर्माण गराए । तर तिन पुर भक्तपुर, कान्तिपुर र ललितपुरका वासिन्दा बीच विबाद हुँदा रातो मछिन्द्रनाथलाई ललितपुरको बुङ्गमतीमा स्थापना गराइएको लोककथन छ । अहिले पनि रातो मछिन्द्रनाथको रथारोहण अघि भक्तपुरको अखण्डशील महाबिहार (अखुंःबाहाः) मा पूजा गर्नुपर्ने परम्परा कायम छ । कारणवश रातोमछिन्द्रनाथको रथारोहण अश्विन कृष्ण अष्टमीको दिनसम्म पनि बुंगमति पुऱ्याउन सकिएन भने भक्तपुरको यही अखण्डशील महाबिहारबाट जात्रा निकाल्नुपर्ने परम्परा छ । महावैरोचन मूल देवता रहेको यस बिहारका बज्राचार्य साँखु स्थित सुरती बिहारबाट यहाँ बसाँइँ सरेको हुन भन्ने विश्वास गरिन्छ । यो बिहार सम्वन्धि लोकोक्ति इतिहास लिच्छविकालीन भएतापनि यस बिहारमा प्राप्त सर्वाधिक प्राचीन शिलपत्र नें.सं. ७७७ पाइएको छ । यो अभिलेखमा बिहारको जिर्णोद्वार ने.सं. ७७५ मा सुरू गरी ने.सं. ७७७ मा सम्पन्न गरिएको उल्लेख गरिएको छ । बिहारको बीचमा तेराकोटा वज्रधातुको चैत्य स्थापित छ । यो बिहारको क्वाःपाःछेंः (खोपी भएको देवघर) बाहेक अरू सबै निजीकरण भइसकेको छ । क्वापाछेँको मूलद्वारमा ४ वटा सिंहको मूर्ति स्थापितछ ।

भक्तपुर क्षेत्रको ५ प्रमुख दिपङ्कर मध्ये अखण्डशील महाबिहार पनि एक प्रमुख बिहारको रूपमा प्रसिद्ध छ । यो बिहारमा बजाचार्यगुरूज्यूको

For Library Purpose

मुख्य आद्यो साँखुको बज्रयोगिनी, भएतापनि त्यहाँ पुग्न टाढा भएकाले देवतालाई भूतीपाखा भन्ने स्थानमा प्रतिस्थापन गरी भक्तपुरबासीले देवाली मनाउँदै आएको छ । चैत्र पुर्णिमाका दिन विशेष पर्वका रूपमा मनाउने प्रचलन भएको अखण्डशील महाबिहार चारतल्ले नेवारी वास्तुकलायुक्त रहेको छ। चोकमा दुईओटा धर्मधातु चैत्य मण्डला रहेका छन् भने बिहार बाहिर परम्परागत ढुङ्गेधारा, भजनस्थल, पाटी रहेका छन् यस बिहार ले काठमाडौ, ललितपुर र भक्तपुरको तान्त्रिक पहिचानलई जीवन्त राख्नमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। यो बिहारको संघमा बज्राचार्यहरू रहेका छन्। यो संघका पूर्व सदस्यहरू पोखरा र पाल्पामा स्थायी बसोबास गर्न थाले पछि संघका सदस्यहरू पहिलेको तुलनामा न्युन हुँदै गएको छ। संघका सदस्यहरू ले वर्षको एक पटक पालैपालो नित्य पूजा गर्दै आएको छ।

***

लोकेश्वर महाबिहार (लस्कद्यो)

भक्तपुरको प्रमुख बिहारहरू मध्ये लोकेश्वर बिहार पनि एक हो । यो बिहार कहिले स्थापना भयो भन्ने कुनै अभिलेख भेटिएको छैन । यो बिहारको देगलमा रहेको तामाको छानामा ने.सं. ९५० उल्लेख गरिएको अभिलेख पाइएको छ । उक्त अभिलेखमा भक्तपुरका राजा नरेन्द्र देव काठमाडौंका बन्धुदत्त बज्राचार्य र ललितपुरका रथचक्र ललित ज्यापु (तण्डुकार) तीनजना मिली कामरूपकामाक्ष आसामबाट कलिगत संवत् ३७०० मा आर्यावलोकितेश्वर करूणामय रातो मछिन्द्रनाथलाई नेपाल भित्र्याएको उल्लेख गरिएको छ ।

आर्यावलोकितेश्वर करूणामय रातो मछिन्द्रनाथलाई नेपाल भित्र्याएपछि भक्तपुरका राजा नरेन्द्र देवलाई भने मछिन्द्रनाथलाई भक्तपुरमै राख्ने ठूलो इच्छा थियो । तर तिन सहरका थकालीको निर्णय अनुसार

आर्यावलोकितेश्वर रातो मछिन्द्रनाथलाई ललितपुरमा नै राख्ने घोषणाले राजा नरेन्द्र देवलाई चित्त बुझेन । राजा रातो मछिन्द्रनाथलाईलाई भक्तपुरमा स्थापना गर्न नपाएको दुःखी थिए ।

एकरात राजा नरेन्द्र देवलाई आर्यावलोकितेश्वरले सपनामा भक्तपुरमा पनि बिहार स्थापना गर्नु भन्ने आज्ञा दिएछन् । सोही अनुसार नरेन्द्र देवले कलिगत संवत् ३७०१ मा लोकेश्वर बिहार स्थापना गरेको मानिन्छ । भक्तपुर नगरपालिका वडा नम्वर २ को इताछें टोलमा स्थापित ३ तल्ले मण्डपशैलीको मन्दिर नै लोकेश्वर बिहार हो । यो बिहार बज्राचार्यहरूसँग सम्वन्धित छ ।

भक्तपुर बसपार्कस्थित मूल प्रवेशद्वारबाट ऐतिहासिक दरवारक्षेत्र तर्फ जाँदा इताछें बजार हुँदै गल्लि भित्र चोकमा यो बिहार अवस्थित छ । लोकेश्वर बाहाः जस्लाई स्थानीयबासिन्दाले लस्कद्योको नामबाट पुकार्दछन् ।

लोकेश्वरबाहाः को छोटकरी कथनबाट लस्कद्यो रहन गएको बताइन्छ । बिहारका क्षेत्र भित्र भेटिएका सर्वाधिक प्राचीन शिलापत्र मन्दिरको छानामा उल्लेखित अभिलेख नै लोकेश्वर बिहारको इतिहास हो । पद्मपानी लोकेश्वरप्रति समर्पित लस्कद्योको मूल ढोकामा शङ्ख पद्मासन र अंकुश समातेर बसेका देवता छन् । आर्यतारायुक्त कलात्मक तोरण रहेका छन् । दोस्रो तल्लामा तीनवटा झ्याल, हरिहरि वाहान, लोकेश्वर, सृष्टीकान्ता लोकेश्वरका चित्राँकित गरिएको छ । ने.सं १०४५ तोरणयुक्त मञ्जुश्री लोकनाथ बज्रसत्व काष्ठकलायुक्त लोकेश्वर बिहार अगाडि टाइजस्तै गरी झुण्डाइएको हलं पतिइमा अक्षोम्यबुद्ध अंकित गरिएको छ । स्वर्णलेपन धातु छानायुक्त लस्कद्यो 'बिहार' जस्तो नभै मन्दिरशैलीमा स्थापितछ । यो देवस्थल बज्रयानी परम्पराले ओतप्रोत छ ।

यहाँ नेपाल संवत्को नवौं महिना अर्थात् 'गुँला' महिनाको कृष्णपक्ष द्धितियाका दिन पद्मापनी लोकेश्वर खट जात्रा गर्ने परम्परा छ । यहाँ नेपाल संवत् नेपाल संवत्को नवौं शताब्दीताका देखिस्थानीय मानन्धर

For Library Purpose

समुदायबाट जात्रा प्रारम्भ गरेको मानिएको छ । भक्तपुरको इष्टदेवी नवदुर्गा देवीको गणनृत्य सिकाउने गूरूको बासस्थान पनि लोकेश्वर बिहारलाई मानिन्छ । लोकेश्वरलाई अन्नको प्रतीक बसुन्धरा वा अन्नपूर्ण देवीको रूपमा पनि पुजिने परम्परा छ । बाह्र महिनामा बाह्र लोकेश्वर पुज्ने क्रममा अष्टमी व्रत बस्दा भक्तपुरको लोकेश्वरको पनि विशेष व्रत बस्ने गरिन्छ । त्यसैले यहाँ नवदुर्गा, गणनृत्य गर्दा गूरू दक्षिणा स्वरूप एकपल्ट यस बिहारमा ल्याउनुपर्ने प्रचलन छ ।

***

For Library Purpos

जयकिर्ती बिहार (नपुखु र थथुवहि)



भक्तपुर दुधपाटीको बसपार्क नजिकै नपुखु अगाडिको प्राचीन संरचनायुक्त थथुवही (जयकिर्ती बिहार) लाई शुक्रवर्ण बिहार पनि भनिन्छ । तर स्थानीय बीचमा भने थथुवहिका रूपमा यो बिहार प्रख्यात छ । यो बिहार कस्ले बनाएको हो भन्ने कुनै अभिलेख भेटिएको छैन । नपुखु निर्माणका क्रममा भक्तपुरका भारदारले कुथुवहि र थथुवहिका भिक्षुसँग ऋण लिएको लोकोक्तिले नेपाल संवत् २८९ भन्दा अघि अर्थात् नपुखु निर्माण हुनुअघिनै यो बिहारको निर्माण भएको देखिन्छ ।

बिहारमा रहेको लिच्छविकालीन कलात्मक कृतिहरू हेर्दा यो बिहार

नेपाल संवत् २८९ भन्दा धेरै अघि निर्माण भएको मान्न सकिन्छ । बिहारमा नागफणा ओढाइएको करिब २ फिटको मुचलिन्द बुद्धको मूर्ति स्थापित छ । यहाँको आगम परिसरमा रहेको शिलालेखमा प्राचीन शैलीमा बज्र खोपेर राखिएको आकृति स्पष्ट देखिन्छ । अन्य शिलालेखको बज्र र यहाँ रहेको वज्रको आकारमा फरक-फरक भएकाले यस शिलालेखमा कुँदिएको बज्र मल्लकालको भन्दा अघिको हुनसक्ने अनुमान गरिएको छ । यहाँ प्रत्येक वर्ष माघेसंक्रान्तिका दिन भक्तपुरको नपुखुसँगैको यो बिहार अगाडि शान्ति, मैत्री र सामाजिक सद्भावको कामना गर्दै पन्चदान सम्यक् महादान कार्य गर्ने प्रचलन कायम छ ।

लोकोक्तिअनुसार भक्तपुरका भाइभारद्वारले थथुवहिका भिक्षु इलुनायँ र कुथुवहीका भिक्षु विलुनायसँग आर्थिक ऋण सहयोग लिए । तर, ऋण लिँदा यो जुनीमा त तिर्न सकिन्न होला अर्को जुनीमा तिर्छु है भनी ऋण लिएका थिए । थथुवहिका भिक्षु इलुनायँ र कुथुवहीका भिक्षु विलुनाय पनि त्यही सर्तमा ऋण दिए । तर संयोगले भिक्षुसँग ऋण लिएका भाइभारदारलाई ठूलो आम्दानी भयो । अर्को जुनीमा तिर्छु भनेको ऋण यसै जुनीमा तिर्न सक्ने भएछन् । भाइभारदारहरू ऋण तिर्न गएछन् । तर इलुनाय र विलुनायले अर्को जुनीमा मात्र ऋण फिर्ता लिने वचनवद्धता अनुरूप यसै जुनीमा ऋण फिर्ता लिन चाहेनन् र ऋण फिर्ता लिन समेत मानेनन् । भारदारले भने जसरी हुन्छ यही जुनीमा ऋण तिर्न चाहान्थे । तर कसरी ऋण तिर्ने भन्ने बारे भाइभारदारले एउटा जुक्ती निकाले ।

भाइभारदारले बिहार अगाडि ९ ओटा कुण्डको पानी ल्याई नव पोखरी निर्माण गराइदिने र उक्त पोखरीको पानी भिक्षुहरूले जति जति प्रयोग गर्दै जान्छ त्यति यो जन्मको ऋण काटिंदै जाने भन्ने सोच राखेर नवपुखु निर्माण गरिएको लोकोक्ति छ । सिद्धपोखरी वा भाजु पोखरीकै आकारमा रहेको यो नवपोखरी हाल नपुखु नामले प्रख्यात छ । नौवटा कुण्डको पानी ल्याएर पोखरी निर्माण गरेको कारण यस पोखरीको नाम नपुखु रहन गएको भनाइ पाइन्छ । यो पोखरीलाई दिपङ्कर बुद्धप्रति चढाएको पोखरी हो पनि भन्ने गरिन्छ ।

For Library Purpose

भक्तपुरको चर्तुवर्ण महाबिहारका वज्रचार्य र जेष्ठवर्ण महाबिहारका शाक्य भिक्षु बीच यो बिहारको सम्वन्ध छ। थथुवहिका बज्रचार्यहरूले जीब बज्रचार्य (ने.सं. ६११) को छोराहरू न्हुरासिंह, भ्यासिंह र अभ्यासिंहहरूले झौरवहि, कुथुवहि यालाछेंवहि निर्माण गरेको हो भन्ने पनि गरिएको छ। तर हेलसिंह (ने.सं. ७३७) अभयसिंह बज्राचार्य(ने.सं. ७१२) र भारसिंहदेवहरूको नाम बाहेक अहिलेसम्म अरू अभिलेख भेटिएको छैन।

अहिलेसम्म प्राप्त प्रमुख अभिलेख मध्ये तिथिमीति सहित भएको गन्धुरी देवताको आसनमा सम्वत ६६६ बैशाख कृष्ण वदी १२ भनी उल्लेख गरिएको अभिलेख सबैभन्दा पुरानो मानिन्छ। यो बिहारमा चारवटा दिपङ्कर स्थापितरहेको छ। थथुवहीमा राजा विश्व मल्लको (नेपाल संवत् ६७६) सालमा पाँच वटा दिपङ्कर स्थापित गराइएको पाइन्छ।

यो बिहार नेपाल संवत् ७९४ मा जयकिर्ति बिहारको नाममा जिर्णोद्वार भएको बिहारमा रहेको शिलालेखमा उल्लेख गरिएको छ। थथुवही भित्र नेपाल संवत् ८०७ गन्धुरी देवतायुक्त 'क्वापाःद्यो' सँग अष्टमण्डलाकार लोकेश्वर चैत्य, पञ्चबुद्ध मूर्ति, पद्म चैत्यदिपङ्कर मूर्ति सहित निर्माण भएको छ। गुठी चलाउन २६० रोपनी रहेको थथुवहीको सम्पती हाल

For Library Purpose

२० रोपनीमात्र बाँकी रहेको छ । काठमाडौंको स्वयम्भुमा नेपाल संवत्को गुँला महिनाको मेला लाग्दा थथुवहीमा भने 'वहीद्यो व्ययगु' अर्थात् बिहारको देवता प्रदर्शनी पर्व मनाइने गरिन्छ । अक्षयतृतियाको दिन थथुवहीमा विशेष पूजा समारोहको आयोजना गर्ने गरिन्छ ।

***

For Library Purpose

बौद्ध समकृत बिहार (कुथुवहि) :

For Library Purpose

भक्तपुर बसपार्क वा भक्तपुर दरवार प्रवेश गर्ने परम्परागत दुई द्वार बीच नागछत्र ओढाएको लिच्छवीकालिन बुद्ध रहेको छ। थथुवहीसँगै बनेको हुन सक्ने बौद्ध समकृत बिहार नेपाल संवत् ८६८ मा पूर्णराजा बज्राचार्यले जिर्णोद्वार गराएको मानिन्छ। भनिन्छ त्यसबेलाको यज्ञ उत्सवमा राजा रणजीत मल्लको सहभागिता थियो।

त्यसो त भक्तपुरको इटाछें टोलमा रहेको थथुबहि अगाडि रहेको नपुखु बनाउनु अघि नै यो बिहार बनिसकेको पनि मानिन्छ। गोपालराज वंशावली ने.सं.२८९ को बैशाख कृष्ण चर्तुदशी आमावस्या रोहिणी नक्षत्रका दिन

एकजना भारदारले नकपुखु बनाएर स्थापित गरेको भन्ने उल्लेख छ । त्यसकारणले पनि यो बिहार ने.सं.२८९ भन्दा अघि नै बनेको देखिन्छ । किन पनि भने लोकोक्तिअनुसार भक्तपुरका भाइभारद्वारले थथुवहिका भिक्षु इलुनायँ र कुथुवहीका भिक्षु विलुनायसँग आर्थिक ऋण सहयोग लिएर नपुखु बनाएको पाइन्छ ।



हाल पनि इलुनाय र विलुनायका सन्ततीले चुडाकर्म गर्न आउने यो बिहारलाई स्थानीयमाझ कुथुवहिको रूपमा परिचित छ । कुथुवहीमा बज्रवीर, महाकाल, दिपङ्कर बुद्ध थेरवादी परम्परा अनुरूप विकास हुँदै गइरहेकाले हाल शाक्यमुनी बुद्धको मूर्ति स्थापितरहेको छ । जहाँ भिक्षु, उपासक-उपासिकालाई व्यवस्थित तरिकाले बस्ने धर्मदेशना गर्ने लगायत व्यवस्था मिलाइएको छ ।

For Library Purpose

चर्तुब्रम्हा बिहारका वज्राचार्य र जेतवर्ण बिहारका शाक्य भिक्षुको आवद्धता रहेको कुथुवहीमा नेपाल संवत् ७३७ र ९६५ मा चैत्य बिहार जिर्णोद्वार भएको शिला अभिलेख रहेको छ । माघे सक्रान्तीमा हुने सम्यक महादान समारोहमा भक्तपुरका स्थानीयले थथुवहीमा आएर दान दिने गर्दछन् । यहाँ स्थानीय घ्यू चाकु, मासु चिउरा, लगायत विभिन्न परिकारसहित भोज खाने परम्परा छ । जस्तोसुकै मनमुताव भई दाजुभाई

अलग भएर बसेको भएता पनि यस दिन आपसी मनमुताव विर्सिएर एकै ठाउँमा बसी भोज खाने परम्परा पनि यहाँको विशेषता हो ।

यो बिहारको पुरानो स्वरूपको अवशेषमात्र बाँकी छ भने हाल संघहरूको प्रयासमा यहाँको जग्गा जमीन भने संरक्षित छ । पहिले यो बिहार परिक्रमा गर्न मिल्ने गरी बनेको थियो । बिहारको पूर्वि भागमा मुल ढोका रहेको छ । भित्र प्रवेश गर्दा पर्खालमा वजैवीर महाकाली मूर्ति देखिन सकिन्छ । यो मूर्तिलाई भक्तपुरको अरू महाकाली मूर्ति भन्दा उत्कृष्ट शैलीको मूर्तिको रूपमा व्याख्या पनि गरिन्छ ।

बिहारको उत्तर लागाया दलाममा बिहारको देवता प्रदर्शनी गर्ने ठाउँ रहेको छ । थेरवादी परम्परामा बनाएको यस स्थलमा पछिल्लो समय शाक्यमुनी बुद्धको मूर्ति स्थापितछ । यहाँ विक्रस संवत् २०३२ सालमा सबै उपासक र उपासिकाहरूको मेहेनतमा स्ववीरवादी भिक्षु अनागरिकाहरूले बस्नको लागि स्थान निर्माण गरेको शिलालेख यस बिहारमा रहेको छ । यहाँ गुँलाधर्म बिहार देवताको प्रदर्शनी गर्ने गरीए पनि पछिल्लो समय बौद्ध धर्ममा आधारित विभिन्न कार्यक्रम हुने गर्दै आएको छ ।

यो बिहारको संघमा चर्तुव्रम्ह महाबिहारका बज्रचार्य र जेतवर्ण महाबिहारका शाक्य भिक्षुहरू आवद्ध रहेका छन् । यो बिहारमा चर्तुव्रम्ह महाबिहारका बज्रचार्यहरूले ६ महिना र जेतवर्ण महाबिहारका शाक्यहरूले ५ महिना नित्यपूजा गर्ने व्यवस्था रहि आएको छ । नेपाल संवत् ७४३ मा राजा जगज्योति मल्लको शासनकाल देखि क्वाठण्डौ टोलको गुणसिंह निवा:बन्देलाई यो बिहारको आधा अधिकार दिएको पाइन्छ । त्यतिबेला देखि नै उनीहरूले यो बिहारको पूजा गर्ने परम्परा चलाउँदै आएको मानिन्छ । त्यसै गरी गुलाँपर्वमा चार दिन चर्तुव्रम्ह महाबिहारका बज्राचार्य र चार दिन जेतवर्ण महाबिहारका शाक्यहरूले पूजा गर्ने र बिहारको देवता प्रदर्शनी गर्ने परम्परा रहिआएको छ ।

***

For Library Purpose

जेष्ठवर्ण महाबिहार (तंचाकोने वहाः)

भक्तपुरको प्रमुख बिहारहरू मध्ये जेष्ठवर्ण महाबिहार पनि एक प्रमुख बिहार हो । यो भक्तपुरको बुद्धाचार्य शाक्यहरूको बिहार हो । यो बिहार भक्तपुर नगरपालिका वडा नं १ इताछेंटोलमा अवस्थित छ । स्थापनाकाल कहिले हो भन्ने थाहा नभए पनि ने.सं ८२० मार्गकृष्ण पञ्चमी भनी बिहारमा रहेका चैत्यमा उल्लेख छ ।

त्यस्तै २००३ /६/४ उल्लेख गरिएको बिहारको चैत्यमा रहेको एउटा घण्टमा यो बिहारलाई जेतवर्ण महाबिहार भनी उल्लेख गरिएको छ । यस बिहार गणेश, महाकाल, जलकुण्ड, क्षेत्रपाल, यक्षकुण्ड र

क्वापाद्योछें सहित रहेको छ । यो बिहारको स्वरूप आयातकार स्वरूपमा रहेको छ । बिहारको प्राङ्गन बीचमा ने.सं. ८२० साल मार्ग कृष्ण पञ्चमी उल्लेख गरिएको चैत्य प्रतिस्थापित छ । चैत्यको वरिपरि चारैतर्फ ढलोटको दल्लुचा राखिएको छ । बिहारको उत्तरतर्फ जलकुण्ड, क्षेत्रपाल र यज्ञकुण्ड रहेका छन् । यो बिहार तीनतल्लेमा अवस्थित रहेको छ । बिहारको प्रवेशद्वारमा शिलाको सिंहको मूर्तिहरू स्थापितछन् । अन्य बिहारमा जस्तै यो बिहारमा पनि शाक्य वा बुद्धचार्य संघले बौद्ध संस्कार र संस्कृति अनुसार पूजा गर्ने परम्परा छ । यो बिहारमा सात वर्षको एक पटक थथुवहिमा दिपङ्कर बुद्धको प्रदर्शनी गर्ने विशेष परम्परा छ ।

***

For Library Purpose

सम्यक दान

नेपालका बौद्ध धर्मावलम्बीहरूले लिच्छविकालदेखि मनाइँदै आइएको सम्यक दान पर्व उपत्यका विभिन्न स्थानमा मनाउने प्रचलन छ । भक्तपुरमा पनि सम्यक दान पर्व मनाउने प्रचलन छ । यो पर्वमा दान गर्ने दाताले बौद्ध बिहारमा दीक्षित भएका शाक्य र बज्राचार्यहरूलाई भोजन र अन्न दान दिने गर्छन् ।

सम्यक दानपर्व गौतम बुद्धको पालादेखि चल्दै आएको बौद्ध धर्मालवम्बीहरूको विश्वास रहेता पनि ऐतिहासिक प्रमाणको रूपमा लिच्छविकालीन धार्मिक राजा वृषदेवको पालादेखि चलेको बताइन्छ । काठमाडौंमा प्रत्येक १२ वर्षमा एकपटक स्वयम्भूको

For Library Purpose

भुइखेलमा, प्रत्येक पाँच वर्षमा एकपटक ललितपुरको नागबहालमा र भक्तपुरमा भने प्रत्येक वर्ष माघ १ गते नियमित रूपमा यो सांस्कृतिक पर्व मनाउने चलन छ ।

भक्तपुरमा सम्यक भोजन दानपर्व नेसं ७८७ मा भक्तपुर चतुर्ब्रम्ह महाबिहारका बज्राचार्य जयरत्नले भक्तपुरको थथुबही (जयकीर्ति महाबिहार) बाट सुरू गरेको जनश्रुति पाइन्छ । जयरत्नपछि उनका छोराहरू जयमुनि, जयधर्म, जयचन्द्र र नाति पूर्णराजले भव्य रूपमा सम्यक दानपर्व आयोजना गरी सुवर्ण दीपङ्कर स्थापना गरिएको इतिहास छ ।



भक्तपुरमा प्रत्येक वर्ष न:पुखु को पश्चिम जयकीर्ति महाबिहार, थथुबहीको परिसर भुइखेलमा सम्यक भोजन दान गरिन्छ । भुइखेल क्षेत्र नेसं १०४४ मा भक्तपुर क्वाठण्डौ विश्वकर्मार्छें टोलका शाक्यभिक्षु जुजुरत्नले ऐच्छिक सम्यक दान आयोजना गर्दा भक्तपुरका प्रमुख पाँच दीपङ्करहरू, सुवर्ण देवतासहित लोकेश्वर देवता, स्वयम्भू तथागत, साँखुको बज्रजोगिनी, नमोबुद्ध, जनबहाद्य, बनेपा, पनौती, श्रीखण्डपुरू, नाला, थिमी आदि ठाउँमा रहेका दीपङ्कर समेत उपस्थित गराई पूजा एवम् दान दिएको इतिहास छ । अहिले भने भक्तपुरका पाँच दीपङ्करलाई मात्र राखिने गरिएको छ ।

सम्यक दानको दिन भक्तपुर लगायत काठमाडौं, ललितपुर, बनेपा, साँखु, थिमी लगायतका ठाउँका बासिन्दा दानमा सहभागी हुन आउँछन् । यस अवसरमा गुँला बाजं, दाफा भजन, ज्ञानमाला भजन, धा:बाजं बजाइन्छ । यो दिन क्वाठण्डौ प्रशन्नशील महाबिहार, साकोथा चतुर्ब्रम्ह महाबिहार, गोल्मढी मङ्गल धर्मदीप बिहार, इटार्छे जयकीर्ति महाबिहार (थथुबही) र भार्वाचो बौद्ध समकृत बिहारको दीपङ्कर गरी पाँच दीपङ्कर बुद्धहरू राखेर दान दिने गरिन्छ । प्रशन्नशील महाबिहारका क्वाचपाल देवता, सम्यक दान दाताको कुलदेवता, थासंद्यो (सुवर्ण चैत्य), चार लुँद्यो (सुवर्ण दीपङ्करहरू) तथा प्रशन्नशील महाबिहारका स्थवीर आजु, गुणकीर्ति महाबिहार (थिमी)का उपाध्याय गुरूजू एवम् मूल पुरोहित गुरूजुलाई हाम्वजा (तिल भोजन) दान गरिने भएकाले माघे संक्रान्तिको दिनलाई नेपाल भाषामा हाम्व संक्रान्ति (तिल सत्क्रान्ति) को रूपमा मनाइँदै आएको छ । दीपङ्कर बुद्धहरूलाई थथुबही बिहारको मूलद्वारमा सम्यक दानका दाताले स्वागत गर्ने (नेपाल भाषामा लिचायकेगु भनिन्छ), भुइखेल क्षेत्रमा भूमि शोधन गर्ने, पूजा गर्ने लगायत मूलपुरोहित गुरूजुहरूलाई भूमिमा उब्जाउ हुने सबै प्रकारका अन्न, गेडागुडीका साथै फलफूल र मिठाइ दान प्रदान गर्ने परम्परा रहेको छ । साथै धान, चामल, लड्डु (रोटी र सख्खर मिलाइ बनाएको विशेष प्रकारको लड्डु), पुरी र दक्षिणा दान गरिन्छ ।

***

For Library Purpose

थिमी क्षेत्रको बिहारहरू

(हेम वर्ण महाबिहार (त:वहा:))

हेमवर्ण महाबिहार थिमी क्षेत्रको ८ प्रमुखबिहार मध्ये महत्वपूर्ण एक बिहारको रूपमा हेमवर्ण महाबिहार हो । यो बिहार मण्डपशैलीयुक्त मन्दिरको रूपमा थिमीमा अवस्थित छ । लुकुवहाः द्यो नामले प्रख्यात यो बिहार लुकुबाद्यो नामले प्रसिद्ध छ । यो बिहारलाई पद्‌मपाणी लोकेश्वर नामले मात्र होइन १०८ लोकेश्वर महाबिहार पनि भनेर चिनिन्छ । यहाँ हरेक वर्ष जेष्ठ शुल्क पारूको दिन महास्नान मेला लाग्दछ ।

ऐतिहासिक प्रमाण केही पनि नभएकाले यो बिहार कहिले बनेको हो भन्ने यकिन भने हुन सकेको छैन । थिमीमा बसोबास गर्ने सबै बज्रचार्यहरू यो बिहारको सदस्य हुन् । यो बिहारलाई थिमीमा बज्रचार्यहरूको बसोवासपछि सबै भन्दा अघि बनेको बिहारको रूपमा पनि लिइन्छ । बिहारको बीचमा रहेको चैत्यको शिलालेखमा यो बिहारलाई हेमवर्ण महाबिहार भनी उल्लेख गरिएको छ । उक्त चैत्यमा नेपाल संवत् ९८८ मंसिर शुक्ल द्वितिया वृहस्पतीवार भनी उल्लेख गरिएको छ । वास्तुकलाको दृष्टिले यो बिहारलाई पूर्ण रूपको बिहार पनि मानदै आएको छ । नेपाल संवत् ४९६ देखी ८८७ सम्मको भूमी सम्वन्धि ताडपत्रमा बज्रचार्य, वंडे, बुद्धचार्य, भिक्षु व्रम्हाचार्य उल्लेख गरिएको छ । यो अभिलेख हेर्दा थिमीमा मध्यकालको पूर्वाद्धमै बज्रचार्यहरूको बसोबास

For Library Purpose

रहेको अनुमान गरिन्छ ।

यो बिहारमा रहेको चैत्य भने नेपाल संवत् ९८८ मंसिरशुल्क द्वितीया वृहस्पतिबारमा सिमनरसिंह बज्रचार्यको सबै परिवारको सहयोगमा स्थापना भएको मानिन्छ । यस मन्दिरले ओगटेको जग्गा नेपाल संवत् ६८५ मा भक्तपुरका राजा त्रैलोक्य मल्लको शासनकालमा कुण्डलसिंह बाबु नामको एक भक्तजनले लोकनाथ उल्लेख गरी पाँच रोपनी खेत चढाएको ताडपत्रमा उल्लेख छ । त्यस्तै नेपाल संवत् ७०७ को अर्को ताडपत्रमा क्वथुत्वा को मदोस अर्थात् हालको मदुत्वामा देवर लोकेश्वर भनी उल्लेख गरिएको छ ।

यो बिहारमा साउन शुक्ल द्वादशीदेखी ८ दिन सम्म दिपङ्कर बुद्धको प्रदर्शनीमा राखिन्छ । पन्चदानका दिन दिपङ्कर सहित गुणकिर्तिमहाबिहारको दुई दिपङ्कर सहित ३ दिपङ्कर बुद्धलाई थिमी नगर परिक्रमा गरिन्छ । साँझ दिपङ्कर फर्कने बेला बजागाजा सहित स्थानीयले देवता राख्न आएको खुसियालीमा जात्रा मनाउँछन् ।

***

For Library Purpose

गुणकीर्ति महाबिहार

गुणकीर्ति महाबिहार मध्यपुर थिमी नगरपालिकाको वडा नम्वर ७ मा अवस्थित छ । यो बिहार थिमी क्षेत्रको व्यवस्थित बिहारको रूपमा लिइन्छ । यो बिहार कहिले निर्माण भएको हो भन्ने कुनै अभिलेख र प्रमाण भेटिएको छैन । बिहार भित्र कलाकृतिको आधारमा लिच्छविकालमा बनाइएको चैत्य र पद्मसम्भव गूरूको मूर्ति रहेको छ ।

बिहारको कलाकृति हेर्दा नेपाल संवत् ६८४ भन्दा अघि यो बिहार निर्माण भइसकेको पुष्टि गर्ने आधारहरू भेटिन्छन् । नेपाल संवत् ६९६ चैत्र कृष्ण त्रयोदशी विहिवारको दिन काठमाडौंको असन टोलको जीतराज तुलाधरले सम्यक दानको लागि यस बिहारको दिपङ्करलाई निमन्त्रणा

पत्र पठाएको निमन्त्रणा पत्रबाट पुष्टि हुन्छ । बिहारमा नेपाल संवत् ८०८ उल्लेख गरिएको एउटा शिलालेख रहेको छ । यो शिलालेखमा दण्डपाणि बज्रचार्यले बिहार जिर्णोद्वार गरी आ नो शालिक स्थापना गरिएको उल्लेख गरिएको छ ।

यो बिहार प्रवेश गर्ने मूलद्वारमा ठूला-ठूला सिंहका दुई मूर्ति स्थापितछन् । त्यस्तै पर्खालमा महाकालीको मूर्ति स्थापितरहेको छ । नेवारी वास्तुकला युक्त चोक सहितको तीन तल्ले बिहार भित्र अशोक चैत्य, धर्मधातु मण्डला, यज्ञकुण्ड, क्षेत्रपाल र गुरू पद्मसम्भवका मूर्ति रहेका छन् ।

यो बिहार ने.सं. ८८८ मा गोरखाका राजा पृथ्वीनारायण शाहले भक्तपुर आक्रमण गर्दा यो बिहारमा पनि असर पर्न गयो । बिहारका दण्डपानी बज्राचार्यका परिवारहरू गोरखाको राजाको पक्षमा लागिपरेको (लक,पूर्ववत पाद टिप्पणी सं ८० पृष्ठ ४६०) मा उल्लेख छ । भने बिहारका अन्य परिवार राजा रणजीत मल्लको पक्षमा उभिएका थिए । भक्तपुर जितिसकेपछि पृथ्वीनारायण शाहले राजा रणजीत मल्ल पक्षधरलाई बिहारबाट निष्काशित गरे । यहाँबाट निष्काशित भएका बिहारका सदस्यहरू थिमी छाडेर काठमाडौंको नरदेवीको सुन्ता गाउँमा बसोबास गर्न गएको पाइन्छ ।

यो बिहारको संघका सदस्य बज्रचार्यहरू मल्लकालको पूजा कर्मकाण्डका निमित्त प्रख्यात छन् । बिहारका संघका सदस्यहरूले वर्षको एकपटक थकाली बाट पालै पालो देवटाको पालो बोक्नुपर्ने परम्परा छ । वर्षको एक गुँलापर्वको बेला दुई दिपङ्कर र एक भिक्षुको मूर्तिसहित तीनवटा मूर्ति ८ दिनसम्म बौद्ध परम्परा अनुसार प्रर्दशनमा राख्ने परम्परा छ ।

***

For Library Purpose

हेरनिल वर्णमहाबिहार (याचिंवहाः)



हेरनिल वर्णमहाबिहार मध्यपुर थिमी वडा नम्वर ५ को कुतिचिभा टोलमा अवस्थित छ । यो बिहारलाई तान्त्रिक बिहारको रूपमा लिइन्छ । यस्लाई नेपालभाषामा याचिवहाः पनि भनिन्छ । यस क्षेत्रका वासिन्दाले विबाह, व्रतवन्ध, बेलविबाह, छोरीलाई गुफा राख्ने आदि कर्म समेत यही बिहारमा गर्ने परम्परा छ । क्षमा पूजा गर्ने बिहारको रूपमा पनि यो बिहारलाई लिइन्छ । यो बिहारको नाम हिरण्य निलवर्ण बाट अपभ्रंस भई हेरनिल वर्ण हुन गएको अनुमान पनि गरिन्छ ।

यो बिहार कहिले बनेको हो भन्ने अभिलेख हालसम्म भेटिएको छैन । बिहारमा शिर निहुरऐको रातो स्वरूपमा दिपङ्कर बुद्ध स्थापितछ । कुतिचिभाको मूल बाटोको पूर्वतर्फ यो बिहारको

For Library Purpose

मुख्य द्वार रहेको छ । यो बिहारमा थिमी क्षेत्रका बज्राचार्यहरूले आ-आ नो बिहार भए पनि अक्षय तृतियाको एक दिन अघि द्धितियाको दिन पुष्प चढाउने परम्परा छ । आ-आ नो छुट्टै बिहार भए पनि पुष्प चढाउन जाने परम्परा रहेका कारण यो बिहार थिमीकै पुरानो बिहार हुनसक्ने समेत अनुमान गरिन्छ ।

For Library Purpose

मूल दिपङ्कर बुद्धरहेको हेरनिल वर्ण बिहार तीन तल्ले अक्षोम्य बुद्ध आगँ द्यो सहितको बिहार हो । हरेक वर्ष दशैंमा पायो (तान्त्रिक मानव देवता) निकालिने प्रचलन समेत यहाँ रहेको छ । यो बिहारमा दिनहुँ पूजा गर्ने परम्परा छ । गुलाँ पर्वको द्धादशीको दिन दिपङ्कर बुद्ध रहेको मूलद्वार नजिकै रहेको आँगनमा दिपङ्कर बुद्ध प्रदर्शनी गरी पन्चदानका लागि दिनभर फल्चामा दिपङ्कर प्रदर्शनी गर्ने परम्परा छ । यो दिन अन्य बिहारको पनि दिपङ्कर यात्रा हुने गर्दछ । थिमीका स्थानीयहरू गुँला बाजा सहित धिमे, बाँसुरी बजाई नगदेशका स्थानीय दिपङ्करलाई पच्छ्याउँदै जात्रा नै मनाउने गरिन्छ । यो जात्रालाई स्थानीय भाषामा अजाजु द्यो या जात्रा पनि भनिन्छ । यो बिहारमा दशैंमा समेत विशेष पूजा हुने गर्दछ ।

***

हेरसुवर्ण बिहार



भक्तपुर मध्यपुर थिमी वडा नं ६ चपाचो टोलको सडकछेउ भग्नावशेषका रूपमा रहेको गुणवाक्य बिहारसँगै हेरसुवर्ण बिहार अर्थात् न्हूबाहा: अवस्थित छ । यो बिहार नेपाल संवत् ९८३ मा राजा सुरेन्द्रवीरविक्रम शाह र जंगबहादुर राणाको कार्यकालमा दथुबाहालको हिरण्यवर्ण महाबिहारको दानपति चतुरवीरले निर्माण गराएको बिहारमा रहेको शिलालेखमा उल्लेख छ ।

परम्परागत घर चोक बीच एउटा ढुंङ्गे चैत्य रहेको यो बिहारमा 'क्वापा:द्यो' पनि थियो भनिन्छ । तर यो बिहार विस्तारै लोपोन्मुख अवस्थामा पुगेको छ ।

***

For Library Purpose

गुणवाक्य बिहार

For Library Purpose

गुणवाक्य बिहार भक्तपुरको थिमी नगरपालिका वडा नं ६ स्थित चपाचो टोलमा अवस्थित छ । यो बिहार स्थानीयले बाक्य बहाः पनि भनिन्छ । यो बिहारको कहिले र कसले बनाएको हो भन्ने कुनै पनि अभिलेख प्राप्त छैन । यो बिहारमा पनि संरक्षणको अभाव खड्किएको पाइन्छ । बिहारको नाममा अहिले सानो चतुष्कोणको बीचमा एउटा चैत्य रहेको छ । चैत्यको तल्लो भागमा पञ्चबुद्धहरूको मूर्ति राखिएको छ । बिहारको क्वापाछें समेत अति जीर्ण अवस्थामा रहेको छ । बिहारको

बिहारको अक्षोभ्य बुद्धको मूर्ति छेउमै गणेश महाकाली लगायतका मूर्ति पनि रहेका छन् ।



बिहारमा रहेको शिलालेखमा विक्रम संवत् २०५७ सालमा गुणकिर्ति महाबिहारका कान्छि बज्राचार्य र उनका छोराहरू प्रेम वज्र, इन्द्र वज्र, चन्द्र वज्र, अष्ट बज्र र सानु वज्रले बिहार नजिकैको चारैतर्फको पुरानो घर खरिद गरी नयाँ घर बनाउने क्रममा चैत्य र क्वापाछें जिर्णोद्वार गरेको शिलालेखमा उल्लेख छ । शिलालेखमा कान्छीमाया र उनका छोराहरूले दिवङ्गत ससुरा हिरावज्र वज्राचार्य,सासु धनमाया बज्रचार्य र श्रीमान थिरबज्र बज्राचार्यको दिवंगत आत्माको कामना गर्दै उक्त बिहारको चैत्य र क्वापाछें जिर्णोद्वार गरेको पाइन्छ । बिहारको संघ भने लोप भएको पाइन्छ ।

***

For Library Purpose

जेतवन बिहार

जेतवन बिहार स्थानीयमाझ दथु बाहाःको नाममा पनि प्रख्यात रहेको छ । नेपाल संवत् ८३२ कालीन राजा भूपतीन्द्र मल्लको राज्यकालमा दानपति कल्यानसिंह लगायतले निर्माण गराईएको अभिलेखमा उल्लेख छ । यो बिहार जेतवन बिहार थिमीको कास्मातुन्थी टोलमा अवस्थित छ । यो बिहार निर्माणको क्रममा खेतसमेत बिहारको आय आर्जनको लागि समर्पित गरेको बिहारमा रहेको शिलालेखमा उल्लेख छ ।

तीनतले क्वापाद्यो बीच दुङ्गे चैत्य अक्षोभ्य बुद्धप्रति समर्पित बिहार पञ्चबुद्ध

लोकेश्वर मैत्रेय बुद्ध बोधिसत्व कलाकृतिबाट सिँगारिएको छ। शिलालेखमा उल्लेख भए अनुसार यो बिहार नेपाल संवत् ८३२ माघ महिनाको एकादशी मा निर्माण भएको उल्लखे छ। शिलालेखमा बिहार निर्माणमा योगदान पुऱ्याउने मध्यपुर निवासी श्री ३ वारकुमारी चरण सेवीक, कल्याणसिंह बज्राचार्य, पदमसिंह, पद्मराज, जयमुनी, शुशुषा शूमंगरा, लगायतको नाम उल्लेख छ।

यो बिहारको 'क्वापाछें' तीन तल्लामा अवस्थित छ। अति कलात्मक मानिने यो बिहारमा क्वापाछें बीचमा चतुष्कोण रहेको छ। क्वापाछें (खोपा देवालय) अगाडि एउटा चैत्य पनि रहेको छ। चैत्यको मुनि चारैतर्फ बोधिसत्वहरूको मूर्ति रहेको छ। माथिल्लो भागमा पन्च बुद्धको मूर्ति रहेको छ। चैत्य सँगै यज्ञकुन्ड पनि रहेको छ। क्वापाछेंको गर्भ तल्लामा क्वापाद्योको रूपमा अक्षोभ्य बुद्धको शिलामूर्ति स्थापितछ।

बिहारलाई समपर्ण गरेको सबै खेत संरक्षणको अभावमा २०२१ सालमा भूमिसुधारको कार्यक्रम अन्तर्गत बिहारको खेत निजिकरण भएको पाइन्छ। संरक्षण कै अभाव यो बिहारमा पनि देखिन्छ।

***

For Library Purpose

पूर्वस्थित महाबिहार

For Library Purpose

मध्यपुर थिमी नगरपालिकाको गार्चा टोलमा पूर्वस्थित महाबिहार अवस्थित छ । यो बिहार स्थानीय माझ जिस्वाँ बाहाको नाममा प्रख्यात छ । यस बिहार नजिकै शिरिषको फुलको बोट रहेकाले पूर्वस्थित बिहारलाई नेपालभाषामा जिस्वाँ बहा भन्ने गरिएको हो पनि भनिन्छ । नेपाल भाषामा शिरिषको फूललाई जिस्वाँ भनिन्छ ।

यो बिहार राजा भूपतीन्द्र मल्लकै राज्यकालमा नेपाल संवत् ८३४ जेष्ठ शुक्ल १३ गते निर्माण गरिएको शिलालेखमा उल्लेख छ । पूर्वस्थित बिहार अर्थात् जिस्वाँ बाहाको मुख्यद्वार पश्चिमभिमुख रहेको छ भने

क्वापाछें भने उत्तराभिमुख छ ।

बिहार भित्र प्रवेश गर्दा तीनवटा दलान रहेको छ । अर्थात् आँगन द्यो रहेको छ । बिहारको बीचमा चैत्य स्थापितछ । चैत्य नजिक एउटा यज्ञकुन्द पनि रहेको छ । बिहारको क्वापाछेंको गर्भगृहमा अक्षोम्य बुद्धको कलात्मक मूर्ति स्थापितछ । क्वापाछें प्रवेश गर्ने द्वार समेत कलात्मक रहेको यो बिहार आकर्षक देखिन्छ । यो बिहारको पनि आ नै संघ छ । यहाँका बज्राचार्यहरू पुरोहित पनि हुन् । यो बिहारका बज्राचार्यहरू ललितपुर चुकबाहा बाट थिमीमा बसाइँ सरेर आएका हुन् । यो बिहारमा हरेक दिन बिहान नित्य पूजा गर्ने चलन छ ।

***

पाटी बिहार

थिमीका मुख्य बिहारमध्ये पाटी बिहार पनि एक हो । मध्यपुर थिमी नगरपालिकाको पाचो टोलमा यो बिहार अवस्थित छ । यो बिहार कहिले

निर्माण भयो भन्ने कुनै अभिलेख प्राप्त छैन ।

मध्यपुर थिमीको पाटी बिहार सुरूमा पूर्ण भग्नावशेषको रूपमा रहेको थियो । भिक्षु मुनिज्योति र बौद्धऋषि महाप्रज्ञाद्वारा व्यक्त विचारबाट प्रभावित भई स्थानीय उपासक-उपासिकाद्वारा विक्रम संवत् २०२५ सालमा बिहारको पुर्ननिर्माण भएको थियो । स्थानीयको सक्रियतामा पुननिर्माण गरी संरक्षण गरिएको पाटी बिहार ३ सय मानिस अटाउने स्वयम्भु चैत्यकार स्वरूपमा यो बिहारको निर्माण गरिएको हो ।

यो बिहारमा लिच्छविकालीन स्वरूपको चैत्य स्तम्भ पनि निर्माण गरिएको छ । नेपाल सम्वत्को नवौं महिना गुँला पर्वमा यो बिहारमा पनि भक्तजनहरू परिक्रमा गर्न आउँछन् । पाटी बिहारमा करिब १३ फिट अग्लो ढलौतको बुद्ध मूर्ति स्थापितछ । यस बिहारको शिलाको क्वापाद्यो (अक्षोभ्य) स्थापना गरिएको छ ।

For Library Purpose

***

नगदेश बुद्धबिहार


For Library Purpose

विशाल एकान्त र एकलास फाँट छेउ महाखेलमा महांकाल देवताको पीठ रहेको थियो । त्यहीं ने.सं ११९३ असार ९ गते बिहिबार २५७७ औं बुद्ध जयन्तिका दिन स्थानीय जनताको प्रत्यक्ष सहभागितामा नगदेश बुद्धबिहार स्थापना गरिएको हो ।

महांकाल देवताको पीठलाई संरक्षित गर्दै निर्मित बुद्धबिहार नगदेश क्षेत्रको एकमात्र थेरवादी बिहार भएको दावी गर्छन् बौद्धधर्मीहरू । बिहारमा

पुर्णिमापछिको एकादशीको दीन लाछीतोलको ठुलो चैत्यमा बुद्धपूजा गरी प्रत्येक महिना टोल-टोलमा ऱ्याली परिक्रमा गराउने परम्परा चलाइएको छ । नगदेश बुद्ध बिहार तीन तल्ले अत्याधुनिक घरको शैलिमा स्थापित छ । ध्यान, बौद्ध मूर्तिस्थल, परियत्ति कक्ष, सभाहल, भिक्षु कक्ष सहित नगदेश बौद्धबिहार यस क्षेत्रकै लोकप्रिय बिहारको रूपमा रहेको छ ।

***

For Library Purpose

ठाङ्गुशेखर ध्यान केन्द्र


For Library Purpose

चाँगुनारायण नगरपालिकाको पूर्व सुँडाल क्षेत्र मा रहेको ल्हासापाच्व अर्थात् महामञ्जुश्रीस्थान भन्दा करिब २०० मिटरको दूरीमा सात तल्ले अग्लो गुम्वा रहेको छ । यो गुम्वा काभ्रेस्थित नमोबुद्धमा रहेको गुम्वाको अर्को शाखाको रूपमा लिइन्छ । यस गुम्वामा विशेष गरी नियमित रूपमा ध्यान गराइने भएकाले ध्यान केन्द्रको रूपमा परिचित छ । उच्च स्थानमा आकर्षक रूपमा रहेको यो गुम्वा पुग्ने जो कसैको चित्त हरण गर्दछ । शान्त स्थानमा रहेको यो ध्यान केन्द्रले पर्यटकहरूलाई आकर्षण गरेको पाइन्छ ।

***

शान्ति डाँडा बुद्ध

For Library Purpose

शान्ति डाँडा बुद्ध चाँगुनारायण नगरपालिकामा पर्दछ । भक्तपुरको खरिपाटी हुँदै नगरकोट जाने सडक किनारामै रहेको बौद्ध सम्पदामा आधारित सम्पदा नै शान्ति डाँडा हो । यहाँ बुद्धको ठूलो मूर्ति स्थापितछ । सडकबाट उच्च स्थलमा रहेको शान्ति डाँडामा निर्माण गरिएको यो बौद्ध सम्पदाले यहाँ पुग्ने जो कोहि पर्यटकलाई चित्ताकर्षक गर्दछ । बुद्धको मूर्तिरहेको स्थान पुग्न उकालो खुड्कीलो बाटो पार गर्दै जाँदा प्रवेश स्थलमा ढुङ्गे धारा रहेको छ । शान्ति डाँडा पछिल्लो समय बनेको नयाँ बौद्ध सम्पदास्थल हो ।

***

(भक्तपुरको प्रमुख जात्रा)
विस्केट जात्रा

For Library Purpose



भक्तपुरको प्रसिद्ध जात्राहरू मध्ये विस्केट जात्रा प्रमुख जात्रा हो । भैरवनाथको प्रतीक मानिने लिङ्गो तान्त्रिक विधिअनुरूप पूजाअर्चना गरी साँझ ढालिन्छ । विस्केट जात्राको चौथो दिन पुरानो वर्षको बिदाइको पूर्वसन्ध्यामा ठड्याइन्छ। पचपन्न हात लामो उक्त लिङ्गो तान्त्रिक विधिपूर्वक दश कर्म विधान गरी ढालिन्छ। लिङ्गो ठड्याउनुअघि लिङ्गोको

कोखा (टुप्पो)मा नाग र नागिनीको प्रतीकस्वरूप दुईवटा ध्वजा बाँधेर अष्टमातृकाका प्रतीक आठ वटा डोरीले तानेर उक्त लिङ्गो ठड्याइने प्रचलन रहेको छ । त्यही आठ वटा डोरीले आठ कुनामा बसेर लिङ्गो ढालिन्छ।

लिङ्गोको कोखामा झुण्ड्याइएका दुईवटा ध्वजालाई वीरध्वजा, विश्वध्वजा, र आकाशभैरवका ध्वजासमेत भनिन्छ । भक्तपुरको प्रसिद्ध विस्केट जात्राको लिङ्गो हेर्नाले सुख, समृद्धि, सहकाल आउनुका साथै शत्रु नाश हुन्छन् भन्ने धार्मिक मान्यता रहेकाले यस जात्रालाई शत्रुहन्ता जात्रा पनि भन्ने गरिएको छ । लिङ्गो उभ्याइने र ढाल्ने जात्रा नै विस्केटको प्रमुख जात्रा हो। मल्ल राजाहरूले भैरवनाथ र भद्रकालीको रथ जात्रा समावेश गरी तान्त्रिक पूजा विधि विधानसमेत थप गरी आठ रात नौ दिनसम्म जात्रा मनाउने प्रचलन थालिएको हो

लिच्छविकालदेखि सुरू भएको प्रत्येक नयाँ वर्षमा मनाइने भक्तपुरको प्रसिद्ध विस्केट जात्रा भव्यरूपमा मनाइन्छ। जात्रा हेर्न बिहानैदेखि भक्तपुर, ललितपुर, काठमाडौ, काभ्रे, बनेपा र सिन्धुपाल्चोकदेखि मानिसहरू भक्तपुर पुग्ने गर्दछन् । बिहानैदेखि भक्तपुरका बासिन्दाले लिङ्गो उभ्याएको ठाउँमा वलि दिने र पूजा गर्नेको समेत घुइँचो लाग्ने गर्छ ।

इन्द्रायणी पूजा सम्पन्न गरी अपराह्नमा गुठी संस्थान, भक्तपुरबाट आएका व्यक्तिले इन्द्रायणीमा बत्ती बाली दुभाजु चोकमा मूल पुजारीलाई तरबार बुझाएपछि पुजारीले कुसुलेहरूलाई खासापा बुझाई सुनको ढोका अगाडि इन्द्रायणीको प्रसाद लिई साझ भेलुखेलमा गई लिङ्गोमा अन्तिम पूजा गरी लिङ्गो ढाल्ने परम्परा रहेको छ। सांस्कृतिक महत्व बोकेको विस्केट जात्रा हेरेमा शत्रु एवम् दुःख नाश हुने जनविश्वास कायम छ ।

***

For Library Purpose

गाईजात्रा
(भक्तपुरको दोस्रो ठूलो जात्रा)

गिनित्वाङ् गिनित्वाङ् घिन्ताङ् घिसी त्वाक्, ताहामचा गना तय् ग्वाखङ प्वाले तय्, ग्वाखँप्वाले मह्योंसा खुसी चुइका छोय् ।

यस्तै यस्तै गानाबजाना गर्दै भक्तपुरवासीले रौनकताकासाथ मनाउने अर्को दोस्रो ठूलो जात्रा नै गाईजात्रा हो । वर्ष दिनभित्र मृत्यु भएका दिवङ्गत आफन्तको सम्झनामा मनाइने धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको गाईजात्रा पर्व भक्तपुरमा विशेष पर्वका रूपमा मनाइन्छ । विशेष गरी नेवारी समुदायमा यो पर्व लोकप्रिय भए पनि पछिल्लो समय यो पर्वले सबै नेपाली तथा विदेसी पर्यटकहरूको समेत ध्यान खिच्न सफल भएको छ । गाइजात्रा पर्वको पनि अन्य

पर्वकोझैं विशेष महत्व छ । यो पर्वलाई विशेष गरी भक्तपुरका नेवार समुदायले मृतक आफन्तको सम्झनामा विभिन्न कार्यक्रमको रौनकताका साथ मनाइन्छ ।

गाईजात्रालाई नेपाल भाषा (नेवारी) मा सापारू पनि भनिन्छ । विधिवत रूपमा गाईलाई नगर परिक्रमा गराएमा मृतात्माहरू सजिलैसित स्वर्गलोकमा पुग्छन् भन्ने धार्मिक जन विश्वास पाइन्छ । अझै अर्को अचम्मको परम्परा के छ भने गाइजात्राकै दिनमा मरेका मानिसहरू सिधै स्वर्गलोक पुग्ने पनि विश्वास गरिन्छ । तर गाइजात्राको इतिहास खोतल्ने हो भने पुत्रशोकले भाव विह्वल भएकी आ नी रानीलाई मध्ययुगका राजा प्रताप मल्लले दुनियाले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन गाईजात्रा मनाउने चलनको विकास गरेको इतिहास छ । उनै राजाले जनतालाई आ–आ ना परिवारका मृतक व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनु भनी आज्ञा दिए । त्यतिले पनि रानीको मन शान्त हुन नसकेकाले विभिन्न प्रकारका प्रहसन तथा व्यङ्ग्यात्मक कार्यक्रम सहित गाइजात्रा मनाउन राजाद्वारा हुकुम भयो । राजा प्रताप मल्लको आदेश अनुसार नै गाईजात्राको प्रचलन चलेको थियो ! यो जात्रालाई गोपालराज वंशावलीमा पनि साँयाता जात्रा भन्ने उल्लेख गरिएको छ । यो गाईजात्रा पर्व कहिलेदेखि शुरू भयो भन्ने तथ्यगत प्रमाण नभएता पनि विक्रमको १४ औ शताब्दी भन्दा अगाडि लिच्छविकालको अन्त्यमा यो गाईजात्रा शुरू भएको मानिन्छ ।

सापारू भनेर मनाउने यो जात्रा नेवार समुदायको मौलिक पर्व हो । पितृको सम्झनामा नेवार समुदायले यो जात्रा मनाउने गर्दछन । दिवंगत आफन्तको सम्झना र सम्मान तथा आत्माको शान्तिका लागि गाइजात्रा पर्व मनाउने गरिन्छ । हिन्दु धर्म अनुसार यस पर्वका बारेमा पद्मपुराणमा उल्लेख छ । यमलोकको मुख्यढोका वर्षभरि बन्द रहने र पृथ्वीलोकमा गाईजात्रा निकालेपछि यमलोकको ढोका खुल्ने र मृतआत्माहरूले यमलोक प्रवेशपाई मुक्ति पाउने गरूड पुराणमा उल्लेख भएको छ ।

गाईलाई नगरपरिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्तिहरू गाईको

For Library Purpose

पुच्छर समाई वैतरिणी पार हुन्छन् भन्ने धार्मिक विश्वासका कारण पनि गाइजात्रा लोकप्रिय पर्व बन्दै गएको हो । यो पर्व मनाउने क्रममा दिवंगत आफन्तको सम्झनामा गाईजात्राका सहभागीलाई श्रद्धालुले दूध, फलफूल, रोटी, चिउरा, दहिका साथै अन्न र द्रव्य दान गर्ने प्रचलन छ ।

यस पर्वमा विभिन्न झाँकी, प्रहसन, सामाजिक विकृतिप्रति व्यङ्ग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणका करूण रसका गीतहरू पनि गाइने चलन छ ।

गाइजात्राका अवसरमा समाजमा विद्यमान विकृति र विसङ्गति उजागर गर्न सार्वजनिकरूपमा मनोरञ्जनात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले विविध कार्यक्रमको आयोजना गर्ने पनि चलन चलि आएको छ । भक्तपुरमा विशेष रूपमा मनाइने यो जात्रा उपत्यकालगायत बनेपा, धुलिखेल, सिन्धुपाल्चोक, त्रिशूली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, विराटनगर, वीरगन्ज, हेटौँडा, र पोखरा लगायत देशभर रहेका नेवार समुदायले गाइजात्रालाई शोक दहन पर्वको रूपमा मनाइन्छ ।

भक्तपुरमा भने गाईजात्राका दिन सवेरै भक्तपुर तलेजु स्थानबाट भक्तपुरवासीले कुखुरा नबास्दै पहिलो तलेजुको ताहामचा बनाई नगर

परिक्रमा गर्ने प्रचलन रहेको छ । नगर परिक्रमाको क्रममा ताहामचा बोक्ने र मेलामा सहभागि हुने हरूले नेवारी भाषामा ताहाँमचाको वर्णन गर्ने गरिन्छ । 'ताहाँमचा गन तय्, ग्वाखंप्वाले त्‌य' ग्वाखंप्वाले मह्योंसा खुसी चुइका छ्यो' भन्दै भट्याउने गरिन्छ । यसरी मृतात्माहरूको प्रतीक ताहामचा (मृत्तकको प्रतीकको रूपमा रथ) बनाइ नगर परिक्रमा गर्ने गरिन्छ ।

गाईजात्राका दिन वर्ष दिनभित्र मरेका मध्ये मृत्यु संस्कार गर्ने नपर्ने अथवा उमेर नपुगेका बालबालिकाहरूको सांचा (गाई) बनाई नगर परिक्रमा गर्ने गरिन्छ भने उमेर पुगेका व्यक्तिहरूको ताहामचा वनाई देश परिक्रमा गर्ने प्रचलन रहेको छ ।

ताहामचालाई मृतकको घरको मूल ढोका अगाडि पुरोहितले क्रियापुत्रीद्वारा पूजा संकल्प गराई विधि बमोजिम पूजा गरी मृतकको आत्मा सजिलैसित स्वर्गलोकमा पुगोस् भन्ने कामना गरेर नगर परिक्रमा गराइन्छ । भक्तपुरमा मनाइने गाईजात्राको प्रमुख आर्कषण मध्य घिन्ताङ्घिसी नाच प्रमुख हो । ताहामचासंगै घिन्ताङ्घिसी नाच समेत प्रर्दशन गर्ने प्रचलन भक्तपुरमा छ ।

पछिल्लो समय पर्यटकहरू गाइजात्रा मनाउन भक्तपुर पुग्ने गरेका छन् । पर्यटकहरू यो अवशर छुटाउँदैनन् । गाइजात्रामा कसै कसैले कालो माटोको साँढे बनाई शृंगार पटारका साथ खटमा राखी नगर परि क्रमा गराइन्छ भने कसैले केटाकेटीहरूलाई आकर्षक तवरले सिंगार ीवाजागाजाका साथ 'वासा लुइके' गरेर प्रर्दशन गर्ने प्रचलन रहेको छ ।

गाईजात्राको भोलिपल्ट देखि कृष्ण अष्टमीसम्म विभिन्न देवीदेवताको जात्रा सँगै व्यङगग्यात्मक प्रर्हसन, ख्याली, नाटकहरू प्रर्दशन गर्ने पनि गरिन्छ । यहाँको जात्रामा माक प्याखँ (बाँदर नाच) पनि गाइजात्राको प्रमुख आकर्षण हो ।

त्यस्तै साँस्कृतिक बाजा खिन, धिमे, तंभुक्ष्या बाजाका साथ ताहामच्चासगै लठ्ठी नाच प्रदर्शन गरिन्छ । दुई जोडीले बाजाको

For Library Purpose

तालमा लठ्ठी ठोक्काउने नाचलाई घिन्ताङ्घिसी नाच भनिन्छ भने एक जनाले दुई वटा लठ्ठी जुधाई नाच्नेलाई बाँदर नाच भनिन्छ । प्रत्येक वर्ष मनाइने यस पर्व भक्तपुरमा आठ दिनसम्म मनाउने चलन छ । गाइजात्राको बेलुकीपख भैरव र भद्रकालीको ताहाँमचा ल्याएपछि त्यो दिनको मुख्यजात्रा समाप्त हुन्छ । भक्तपुर जिल्लाकै थिमीमा भने गाइजात्रापर्व राँको बालेर मनाइने चलन पनि छ ।

***

For Library Purpose

बोडेको जिब्रो छेड्ने जात्रा

मध्यपुर थिमी नगरपालिकाको बोडेमा हरेक वर्षको बैशाख महिनाको २ गते जिब्रो छेड्ने जात्रा मनाउने प्रचलन छ । यो जात्रा देश विदेशमा प्रख्यात छ । जिब्रो छेड्ने जात्राका कारण प्रख्यात भक्तपुर जिल्लाको मध्यपुर थिमी नगरको ऐतिहासिक वस्तीलाई बोडेको नामले चिनिन्छ । बोडेलाई धर्मपुर पनि भनिन्छ । बोडे पौराणिक सहर महालक्ष्मी देवीले सपनामा दिएको आदेशमुताविक नेपाल संवत् ६३२ मा बसाइएको वस्तीको रूपमा पनि चित्रित छ । बोडे देश स्थापनाका सम्वन्धमा अनेक अलौकिक लोकोक्ति जोडिएका छन् । ती लोकोक्ति

बोडेमा मनाइने जिब्रो छेड्ने पर्वसँग नै सम्वन्धित छ ।

लोकोक्ति अनुसार वर्तमानको नीलबाराही जङ्गलको तल्लो भागमा शङ्खकोट नामको वस्ती थियो । (जहाँ अहिले पनि इनार, पाटी, ढुङ्गेधारा लगायतका भग्नावशेषहरू बाँकी नै छन् ।) जङ्गल छेउको वस्तीमा जङ्गली जनावर, भूतप्रेत आदिले दुःख दिन थालेपछि मानिस त्यहाँबाट बसाइ सर्न बाध्य भए । दिनमा जनावरले र राती भूतप्रेतले मान्छे मार्ने गर्न थालेपछि स्थानीय वासिन्दाले शङ्खकोट छाडी खेतको बीचमा वस्ती बसालेछन् । बुँ भन्नाले खेत र दे भन्नाले वस्ती अथवा देश हो । खेतको बीचमा वस्ती बसाएको हुँदा उक्त नयाँ वस्तीलाई बुँदे भनीएको थियो । विस्तारै यो नाम अपभ्रश हुँदै बोडे भन्न थालियो । (नीलवाराहीको दायाँ भागको पाटीमा नेपाल संवत् ९५७ को शिला पत्रमा समेत उल्लेख गरिएको छ ।) शङ्खकोट छाडी बोडेमा बस्ति बसाई सर्दा समेत भूतप्रेत र ख्याँकले दुख दिन नछाडेपछि पीडित बोडेवासीले देवपतन अर्थात् पशुपतिका प्रख्यात तान्त्रिक बन्धुदत्त कर्माचार्यका छोरा भीमदत्त समक्ष चिन्ता व्यक्त गरेछन् । भीमदत्तको पालो बोडेवासीलाई एक महिनासम्म खेतमा काम गर्न नजाने उर्दि लगाई चारैतिर तारण (जाल) छाडिदिएछन् । एकदिन मनहरा नदीको किनारैकिनार बोडे पसेका पिसाच तारणमा फसेछ । केरकार गर्दा आफू नीलबाराहीको दाहिने ख्याँक भएको

For Library Purpose

बताउँदै प्रमाणको लागि सक्कली स्वरूप देखाएछन् ।

पिसाचले रूप फेर्दा लामो जिङ्रिङ्ग सुइरो जस्तो कपाल, रातो लामो मोटो जिब्रो, ठूलाठूला आँखा, डर लाग्दो स्वरूप देखेर स्थानीय वासिन्दा भागाभाग गर्न थालेछन् । भीमदत्तले तारणले बाँधिएको ख्याँकको कपाल काटिदिए र ख्याँकको लुगा फुकालेर जबरजस्ती जिब्रोमा फलामको मोटो सियोले घोचेर जिब्रो चलाउनै नमिल्ने र मुख खोल्नै नमिल्ने सजायँ दिएछन् । ख्याँक भागेर जालान् भनी खुट्टामा घुङ्गरू लगाइदिए । त्यसपछि महादीपकाठको गह्नुङ्गोभारी बोकाएर देश परिक्रमा गराए । वेइज्जत र वेदना सहन नसकी ख्याकले अव उप्रान्त बोडेवासीलाई कुनै कुरामा पनि दुःख नदीने बाचा गरे । बरू सजायँ स्वरूप बोडेवासी सामु प्रत्येक वर्ष ७ दिन सम्म जिव्रो छेड्न आउने प्रतिवद्धता व्यक्त गरे ।

वोडेवासीलाई रोग अनिकाल अनावृष्टि, अतिवृष्टि, महाभूकम्पजस्तो प्राकृतिक प्रकोप नपर्ने र बाहिरबाट बोडेमा बस्न आउनेलाई पनि एक छाक खान कहिल्यै दुःख नहुने स्थितिको सृजना गरिदिने वाचा गरे । यसरी बाचा गराई छाडिदिएपछि तान्त्रिक भीमदत्तलाई सपनामा नीलवाराही रिसाउँदै भनेछन्, 'तिमीले मेरो ख्याँक सँगीनीलाई अपमान गऱ्यौ । म तिमीलाई बाँकी राख्ने छैन' तान्त्रिकले सपनाको प्रकोप नपरोस भनी क्षमा पूजा गरे ।

त्यसपछि हरेक वर्ष ख्याक जिव्रो छेडाउन आउँदा क्षमा पूजा गरेर मात्र ख्याकलाई जिव्रो छेडेर सहर परिक्रमा गर्न थाले । समयकाल वित्दै जाँदा ख्याक जिव्रो छेडाउन आउन नसकेपछि यो परम्परा जीवित राख्न सोही सोही ख्याक वंशजका परिवारका पुरूष सदस्यले जिव्रो छेडेर परम्परा धान्दै आएको थियो र हालसम्म कायम छ । हालसम्म भीमदत्त (भिन्दवा) श्रेष्ठका वंशजले जिव्रो छेडाउनु अघि नीलवाराहीमा क्षमा पूजा गर्न जाने र महालक्ष्मी देवस्थल महापूजा लगाउने चलन छ ।

***

For Library Purpose

घण्टाकर्ण पर्व
(राक्षस धपाउने मौलिक पर्व)

साउन कृष्णपक्ष चतुर्दशीमा नेवार सुमुदायले मनाउँदै आएको अर्को प्रमुख जात्रा हो घण्टाकर्ण । भक्तपुरमा पनि यो जात्रालाई विशेष रूपमा मनाइन्छ । यस्लाई गठामुंगः पर्व पनि भनिन्छ । यो पर्वलाई नेवार समुदायले आ नो घर गृह शान्तिको कामना गर्दै आ ना परिवारलाई रोगव्याधी नलागोस् भनेर राक्षस धपाउन पूजा गर्ने प्रचलन छ ।

घन्टाकर्णको दिन नेवार समुदायले एका बिहानै महादेवको मन्दिर पुगेर जल ल्याउने र आ नो घरको सम्पूर्ण भागमा

For Library Purpose

सो जलले छर्केर चोखो बनाउने प्रचलन रहेको छ । घन्टाकर्णको दिन घरघरको मूल ढोका र मुख्य निदालमा पञ्चरङ्गी मयूरको प्वाँख र तीन खुट्टे फलामको किला ठोक्ने चलन छ । यसले घरमा भुतप्रेत पस्न सक्दैन भन्ने जन विश्वास रहेको छ । घरका साना केटाकेटीलाई फलाम वा तामाको औँठी लगाइदिने चलन पनि रहेको छ । वयस्क युवतीले यो दिन विशेषगरी खुट्टामा विभिन्न प्रकारका टाटु खोप्ने प्रचलन पनि रहेको छ ।

नेवार समुदायले बौ वाय् ज्या (भुत मन्छाउने कार्य) गरिन्छ । काँचो माटोको सानो दहिको कटारो वा सलीचामा चिउराको ढुटो, जाँडको कट, लसुन, रातो खुर्सानी, कालो भटमास, रङ्गीविरङ्गी ध्वजा, सिन्कामा कपडा बेरेर बनाएको बत्ती बालेर टोल बाहिरको दोबाटो वा चौबाटोमा लगेर राख्ने गरिन्छ ।

त्यसैगरी साँझपख घरघरबाट छ्वाली प्वाः वायगु ज्या (छ्वालीको मुठा फाल्ने कार्य) सम्पन्न गरिन्छ । छ्वालीको मुठामा कर्कलो, सिस्नो, मकैको घोगा, आरूको बोटको हाँगा, धुँ स्वाँ र बौ स्वाँ नामको विशेष प्रकारको फूल समेत राखेर सो छ्वालीको मुठालाई बालेर 'वाय् बौ' नारा सहित घरको माथिल्लो भागदेखि तल्लो भाग छिँडीसम्म परिक्रमा गराई टोल टोलमा परिक्रमा गराई छ्वास (नेवार समुदायको मानिस मर्दा उसको लुगा फाल्ने ठाउँ) मा लगेर सेलाउने गरिन्छ ।

त्यसअघि घरका सम्पूर्ण झ्याल ढोकाको कुनाको माटो झिकेर सो माटो झिकेको सानो प्वालमा जौ, तोरीको गेडा लगायतका वस्तु राखेर गोबरले लिप्ने प्रचलन समेत रहेको छ । सोही दिन टोलवासीले नर्कट र छ्वालीको मानवाकृतियुक्त राक्षसको प्रतीक बनाई बजार परिक्रमा गराई चोक चोकमा ठड्याएर राखिन्छ । सँगसँगै एक व्यक्तिलाई पनि राक्षसको प्रतीक बनाई जगात अर्थात् पैसा उठाउन लगाइन्छ । हातमा बल्दै गरेको छ्वाली बोकेर घण्टाकर्ण राक्षसको प्रतीकको प्रतिमूर्ति बोकेको मान्छेलाई पछ्याउँदै 'वाय् बौं' नारा लगाउने परम्परा छ । साँझपख सो राक्षसको प्रतीक स्वरूपको नर्कट र छ्वालीको मानवाकृतलाई नजिकको

खोलामा वा चोकमा लगेर जलाइन्छ ।

नेवार समुदायमा घन्टाकर्ण पर्व प्राचीन इतिहासकालदेखि प्रचलनमा रहेको छ । यो पर्व भक्तपुरमा करिब दुई हजार वर्ष अघिदेखि प्रचलनमा रहेको भनाइ पाइन्छ । वर्षको चारवटा प्रमुख चतुर्दशी घन्टाकर्ण चतुर्दशी, बाला चतुर्दशी, तिहारको काग चतुर्दशी र शिवरात्रि चतुर्दशीमध्ये घन्टाकर्ण चतुर्दशी नेवार समुदायले मात्र मनाउने मौलिक पर्व हो । यस पर्वलाई किसानको रोपाइँ कार्य सम्पन्न भएको र चाडपर्वको सुरूबाट भएको सङ्केत पर्वको रूपमा पनि लिने गरिएको छ । यस पर्वले मानिसमा भएको नकारात्मक सोच र व्यवहार परिवर्तन गर्न उत्प्रेरणा मिल्ने र व्यक्ति, परिवार, समाज र देशमा शान्तिको कामना गर्ने पर्वको रूपमा समेत लिने गरेको पाइन्छ ।

यही दिनबाट नेवारी समुदायमा परम्परागत नाच तथा बाजागाजा सिकाउन सुरू गरिन्छ । नेवारी समुदायमा सिठी नखःलाई वर्षको अन्तिम पर्वको रूपमा लिने र सो दिनदेखि घन्टाकर्णसम्म धान रोपाइँ सक्नुपर्ने भएकाले कुनै पनि धार्मिक महत्वको कार्य नगर्ने परम्परा रहेको छ । नेवारी समुदायले गाईजात्राका बेला प्रदर्शन गरिने विभिन्न भैरव नाच, व्यङ्ग्यले भरिपूर्ण नाटकको प्रशिक्षण समेत घन्टाकर्ण पर्व पछि सुरू गरिन्छ । त्यस्तै यही दिनदेखि भक्तपुरको प्रसिद्ध नवदुर्गा नाचको लागि मुकुण्डो बनाउने कार्यको शुभारम्भ पनि गरिन्छ ।

***

For Library Purpose

सकिमना पर्व (पुन्ही)

नेवार समुदायले एकमहिने दाफा भजनकीर्तन सम्पन्न गर्दै सकिमना पुन्ही मनाउने गर्छन् । साकिमना पुन्ही भनेको पिँडालु उसिन्ने पूर्णिमा पनि हो । पिंडालु उसिनेर खाने पर्वको रूपमा यो पर्व नेवार सुमदायले धुमधामकासाथ मनाउँछन् । नेवार समुदायले ऋतु अनुसारको उब्जनी आ नो उत्पादन इष्टदेवलाई चढाएर मात्र खाने प्रचलन अनुसार यो दिन पिँडालु, सख्खरखण्ड लगायत कन्दमूल उसिनेर आ ना इष्टदेवलाई चढाएर खाने प्रचलन रहेको छ ।

कण्दमूलले शरीरमा ताकत उत्पन्न हुने र शरीर स्वस्थ हुने जनविश्वास

पाइन्छ । यही पूर्णिमाको दिन कमलविनायक को यातु निश्कलङ्केश्वर महादेव, आशापुरेश्वर (आशापुरी) महादेव, डोलेश्वर महादेव, सुवर्णेश्वर महादेव लगायत महादेव मन्दिरमा विशेष मेला लाग्ने गर्दछ । सकिमना पूर्णिमाका दिन महादेवको पूजा आराधना र दर्शन गरी व्रत बस्नाले पुण्य प्राप्त हुनाका साथै राम्रो वर पाउने धार्मिक विश्वास छ । यो दिन नेवार समुदायले एकमहिने दाफा भजनकीर्तन सम्पन्न गर्ने प्रचलन पनि छ । कोजाग्रत पूर्णिमाको दिनदेखि आआ नो टोलमा रहेका गणेश, महादेव लगायत देवीदेवताको मन्दिरमा प्रत्येक साँझ भजनकीर्तन गाउन सुरू गरेका हुन्छन् भने यो दिन समापन गर्ने प्रचलन छ ।

***

For Library Purpose

कुमारी जात्रा

उपत्यकाको भक्तपुरमा कुमारी जात्रा विशेष महत्वका साथ मनाइन्छ । दशैंमा ११ कुमारीको पूजा गरी भक्तपुर दरवार भित्रको तलेजुमा कुमारीजात्रा मनाउने प्रचलन छ । तलेजुको प्रतिमूर्तिका रूपमा पुजिने कुमारीलाई तलेजुको आगम घरमा ल्याएर विधिवत रूपमा जात्रा मनाइन्छ ।

भक्तपुरकै टिबुक्छेँमा रहेका ११ जना गणकुमारीको समेत तलेजुमा लगेर पूजा गरिन्छ । तलेजुमा ऋग्वेद, यर्जुवेद, अथर्ववेद र सामवेद लगायतको

For Library Purpose

पाठ गरी कुमारीको राजोपाध्याय र कर्माचार्यले पूजा गरिन्छ । कुमारीको चतुर्ब्रह्म महाबिहारमा लगेर पूजा सकेर तलेजुमा विराजमान गराइन्छ । त्यस्तै, तलेजुमा ५४ वटा बोका, ३२ वटा राँगा र २४ वटा हाँसको वली दिई यो जात्रा मनाउने परम्परा छ । मूल पुरोहितले मांसाहुति होम सम्पन्न गरेपछि बली दिइने परम्परा रहेको छ । तलेजुलाई देवगृहबाट स्थानान्तरण गरी आगम घरमा विराजमान गराएपछि जात्रा सम्पन्न हुने परम्परा छ । यो जात्रा हरेक वर्ष दशैंका बेला मनाइन्छ ।

***

चण्डेश्वरी जात्रा

Purpose

भक्तपुरको चासुखेलमा चण्डेश्वरी जात्रा मनाइने परम्परा छ। बर्षेनी वैशाख शुक्ल पूर्णिमामा भक्तपुर नगरपालिका वडा नं ८ टिबुक्छें चासुखेलस्थित चण्डेश्वरी तीनतले मन्दिरमा जात्रा मनाउने परम्परा छ। वैशाख शुक्ल पूर्णिमा र अघिल्लो दिन गरी दुई दिन धुमधामसँग जात्रा मनाउने गरिन्छ। जात्रा क्रममा पूर्णिमाका दिन बिहानदेखि चण्डेश्वरी मन्दिरमा मेला लाग्ने गर्दछ। बोका, कुखुराको वलिसहित पूजाआजा गरी यो जात्रामा स्थानीय सहभागी हुने गर्छन। चेलीबेटी बुहारीले आ नो भाकलअनुसार

चण्डेश्वरी देवीलाई फरिया चढाउने परम्परा पनि छ ।

जात्राका क्रममा साँझपख देवीलाई खटमा राख्नुअघि रित्तो खटको जात्रा गरिन्छ । त्यसपछि देवीलाई खटमा वीराजमान गराई बाजागाजा र लावालश्करसहित जात्रा गरिन्छ । जात्रा चण्डेश्वरी उकालो, टिबुक्छें, साकोठा हुँदै बजार परिक्रमा गराइन्छ । सरकारी पूजा सकिएपछि चण्डेश्वरी जात्रा फेरि त्यही बाटोबाट फर्केर टिबुक्छें पुऱ्याउने परम्परा छ । देवीको खट सुकुलढोका, गोल्मढी, इनाचो हुँदै तचपाल टोल नपुग्दै चौबाटोमा रोकिने परम्परा छ । यस क्रममा खट नबोकी भुइँमा घिसार्दै जात्रा गर्ने परम्परा छ । फेरि खट बोकेर गोल्मढी, याता, गलसा पुखुहुँदै क्वाछें ओरालोमा जात्रा गरिन्छ । त्यसपछि खट फर्काएर चण्डेश्वरी मन्दिर परिसरस्थित डबली पुऱ्याएपछि खटबाट देवीको मूर्ति निकाली पूजा गरिन्छ । भक्तजनले पेटीमा राखेर मूर्ति पूजा गर्छन् । पूजाआजासहित सिंगारिएको खटमा मूर्ति आरोहण गराइन्छ । जात्राको क्रममा टिप्वा (निगालोको मुठ्ठा) पनि बालिन्छ र ठाउँठाउँमा सिलाचा छवयेके भनी धुनी बाल्ने गरिन्छ । जात्रा सकिएपछि चण्डेश्वरीको मूर्ति मन्दिर परिसरमा राखी विभिन्न गुथीबाट गुथीपूजा गरी टोलबासीबीच भोज गर्ने चलन छ । यो जात्रामा स्थानीयले आ ना छोरीज्वाइँ, आफन्त डाकेर भोज खुवाउने परम्परा पनि छ ।

चण्डेश्वरी मन्दिरमा भक्तपुरका तत्कालीन राजा रणजीत मल्लको पालामा टिबुक्छें टोलका पञ्च समुदाय मिली मन्दिरमा सुनको छाना छाएको उल्लेख छ । त्यस्तै नेपाल सम्बत् ८६५ मा चण्डेश्वरी मन्दिर नजिक पाटी बनाएको अर्को प्रमाण पाइन्छ ।

***

For Library Purpose

बाराहि जात्रा

विस्केट जात्रा अन्तरगत भक्तपुरमा बाराहिको खटजात्रा मनाउने परम्परा छ । भक्तपुरको याकति अजिमा स्थानबाट सुरू हुने बाराहि खटजात्रा नगरको टोलटोलमा घुमाउने प्रचलन छ । यो जात्रामा बाराहिको मूल देवतालाई खटमा राखी नगरको टोल टोल पुऱ्याइन्छ ।

जात्राका क्रममा स्थानीय बासिन्दा, भक्तजन, दाफा भजन खल भजनकीर्तनका साथ धूपबत्ती बाली सहभागी हुने गर्छन । बाराहि खटजात्राका क्रममा घरघरबाट पूजाअर्चनाका साथ सम्हेबजी, चटामरी प्रसादका रूपमा चढाउने प्रचलन छ । नगरका विभिन्न टोल परिक्रमा गरी बाराहि

मन्दिरको देवगृहमा पुगी जात्रा सकिन्छ । त्यस्तै बिस्केटजात्राको अवशर पारेरै महालक्ष्मी र महाकालीको खट जुधाउने जात्रा पनि भक्तपुर प्रचलनमा छ । भोलाछेंस्थित महाकाली देवीको द्योछें (देव घर) बाट सुरू भएर थालाछें टोलमा अवस्थित महालक्ष्मीदेवीको द्योछेंसम्म र नागपोखरीको आसपासमा क्षेत्रमा यो जात्रा मनाइन्छ । महाकालीदेवीको खटलाई अगाडि र पछाडिका समूहले बोकेर सुनको गजुर भएको छत्र ओढाई टोलटोल परिक्रमा गराउने गरिन्छ । महाकाली वीराजमान खट र महालक्ष्मी वीराजमान खटलाई घुमाउँदै महालक्ष्मीदेवीको पीठमा पुऱ्याएर एकआपसमा जुधाउने परम्परा छ । खट जुधाउँदा दुवै देवीको प्रसाद आदानप्रदान एवम् साटासाट गर्ने र खटका निगालो मुठा बालेको बत्ती साटासाट गर्ने परम्परा छ । त्यसपछि महाकाली र महालक्ष्मीलाई आ-आ नो स्थानमा लगेर राखिन्छ ।

***

For Library Purpose

भक्तपुरको इन्द्रजात्रा



धार्मिक तथा सांस्कृतिक महत्व बोकेको परम्परागत इन्द्रजात्रा भक्तपुरमा पनि धुमधामका साथ मनाइन्छ । इन्द्रजात्राको अवसरमा भक्तपुरको टोल टोलमा इन्द्रको मूर्ति स्वरूप सानो लिङ्गो ठड्याइन्छ । प्रत्येक वर्ष भाद्र शुक्ल द्वादशीको दिनमा भक्तपुरमा इन्द्रको मूर्ति स्वरूप लिङ्गो उठाउने प्रचलन छ । इन्द्र जात्राकै दिन इन्द्रको वाहन मानिने हातीको मूर्ति निर्माण गरी सहर परिक्रमा गराउने चलन छ । यसरी ठड्याइएको लिङ्गोलाई नेवारी भाषामा यम्वोःद्यो भनिन्छ । धार्मिक पूजाआजासहित भक्तपुरको तेखापुखु, वंशगोपाल, नासमना, बुलुचा, साकोठा, भोलाछेँ, सुजम्हरी, खौमा, चोछेँ, भोलाछेँ, इताछेँलगायतका स्थानमा यम्वो द्यो ठड्याइन्छ । लोककथन

For Library Purpose

अनुसार देवराज इन्द्रकी आमा बसुन्धरालाई भाद्रशुक्ल चौथीका दिन व्रत बस्न पारिजातको फूलको आवश्यकता भएकाले छोरा जयन्तलाई उक्त फूल खोज्न पठाइन् । पारिजात फूल खोज्दै जाने क्रममा इन्द्रपुत्र जयन्तलाई पारिजात फूल टिप्दै गरेको बेला पक्राउ गरेको र त्यसपछि जयन्तलाई दुई हात पछाडि बाँधेर राखेपछि जयन्तलाई छुटाउन देवता र दैत्यहरूबीच सङ्ग्राम भई देवताको जीत भएको खुसियालीमा भक्तपुरमा इन्द्रजात्रा मनाउँदै आएको किंवन्दती रहेको छ ।

***

For Library Purpose

नाचगानको सहर भक्तपुर

For Library Purpose

काठमाडौं उपत्यकाका तीन नगरहरूमध्ये क्षेत्रफलको आधारमा सानो भक्तपुर सांस्कृतिक सम्पदाले अत्यन्त धनी छ । यहाँ प्रत्येक चोक चोक र भित्री वस्तीहरूमा सम्पदा भेटिनु नै भक्तपुरको विशेषता हो । बिहान उठेपछि नित्यकर्मसँगै सुरू हुने देवदेवीको दर्शन तथा पूजापाठ पाटीपौवामा घन्किने दाफाभजन, धल्याको माधुर्यता, यहाँ बोलिने विशुद्ध नेपालभाषा, ऋतुअनुसार गाउने गीतहरू, ऋतुअनुसार मनाइने जात्रा, चाडपर्वहरू हरेकले भक्तपुरलाई पृथक सहरको रूपमा लिइन्छ । कलाहरूको अलकापुरीमात्र

होइन जीवित देवताहरूको अलकापुरी भनेर भक्तपुरलाई चिनिन्छ । यही भक्तपुरको अर्को सांस्कृतिक महत्व भनेको देवीदेवताका नाचहरू हुन् । प्रत्येक वर्षको गुन्हीपुन्हीको आठ दिन यहाँ प्रशस्त नाच प्रदर्शन गर्ने चलन छ । लिच्छवि राजाहरूकै समयमा राजा एवम् राजपरिवारसँग सम्बन्धित घटनाहरू विशेषगरी शुभकार्यमा नाच देखाउने परम्पराले प्राचीन समयमा मनोरञ्जनलाई प्राथमिकता दिएको आभाष दिलाउँछ । वास्तवमै अहिले मानिस विज्ञान र प्रविधिसँग रमाउने गर्छन भने प्राचीन समयका हाम्रा पुस्ताहरू आफैले सृजना गरेका र दैवी मनोरञ्जन गरी मानव सभ्यताको विकासमा लागि परेको देखिन्छ । प्राचीनकालमा कुनै पनि सम्पदा निर्माणको खुसीयालीमा होस वा शुभ कार्यमा भक्तपुरमा नाच, नाटक र भजन जस्ता कार्यहरू आयोजना हुने गरेको इतिहास पाइन्छ । हरेक वर्षको गुन्हीपुन्हीदेखि यन्यापुन्हीसम्म भक्तपुरको हरेक टोल, चोक, सडक, गल्लीमा सयौं परम्परागत नाचहरू देख्न सकिन्छ ।

नवदुर्गा भवानीको ङा लाकेगु प्याखँ (माछामार्ने नाच) हेर्दा पनि कहिल्यै नथाक्ने भक्तपुरवासीहरू आठदिनसम्म मञ्चन हुने भैल प्याँख (भैरव नाच) देवी प्याँख (देवी नाच)सलाँ प्याखँ (घोडा नाच) दथु प्याखँ, नटुवाचा प्याखँ, हनुमान प्याखँ, गाइँचा प्याखँ, लुसि प्याखँ, फाकँदली प्याखँ, झ्याउरे, भालु प्याखँ, खिचा प्याखँ, कलाँली प्याखँ, लाखे प्याखँ, जटायुप्याखँ, म्हेखा प्याखँ, माक प्याखँ, नागाचा प्याखँ, कपायँ फेनेगु प्याखँ, किजापूजा यनेगु प्याखँ, जङ्गली प्याखँ, ख्या प्याखँ, झ्याझ्या प्याखँ, शेरसिंह प्याखँ, महाद्य पावर्ती प्याखँ, भूत ख्य वईगु प्याखँ, कचिमचा वाँछेयेकेयु प्याखँ, हाय प्याखँलगायतका थुप्रै प्याखँ अर्थात् नाच भक्तपुरमा हुने गर्दछ त्यसैले नाचहरूको सहरको रूपमा भक्तपुरलाई चिनाउन सकिन्छ । नेपालको रङ्गमञ्चको क्षेत्रमा यी नाचहरूले प्रत्यक्ष वा अप्रत्यक्ष ठूलो प्रभाव पारेको छ ।

***

For Library Purpose

भक्तपुर जिल्लाका प्रमुख नाचहरू

गाईजात्राको घिन्ताङ्घिसी नाच

भक्तपुरको साँस्कृतिक नाचहरू मध्य घिन्ताङ्घिसी नाच पनि एक महत्व पूर्ण नाच हो । यो हरेक वर्ष गाईजात्रा सुरू गर्नको लागि नाच्ने गरिन्छ । गुठी संस्थानको आर्थिक सहयोगमा भक्तपुरका बासिन्दाले 'ताहाँमचा बिनाको घिन्ताङ् घिसी' नाच प्रदर्शन गरेपछि गाईजात्रा सुरू भएको मानिन्छ ।

भक्तपुरको दरबार क्षेत्रबाट सुरू भएको घिन्ताङ्घिसी नाच गाईजात्राको मार्ग अनुसार नगरको विभिन्न भागको परिक्रमापछि साँझ सम्पन्न हुने परम्परा छ । परापूर्व कालदेखिनै जनैपूर्णिमाको दिन देखाइने घिन्ताङ्घिसी नाच लक्षणको नाच हो भन्ने मान्यता छ । बूढापाकाले यो नाच हेर्नुपर्छ भन्ने मान्यता रहेकाले पनि नाच हेर्न साँझसम्म टोलटोलमा स्थानीय बासिन्दाका भीड लाग्छन् ।

महाकाली नाच

इसापूर्व ३०० वर्ष पहिलादेखि मध्यपुर थिमीको नगदेशमा सञ्चालन भएको नाच नै महाकाली नाच हो । महाकाली नाच भक्तपुर जिल्लाको नगदेशमा भव्य तरिकाले मनाउने प्रचलन छ । तर पछिल्लो समय आर्थिक अभावका कारण यो नाच नियमित भने हुने गरेको छैन । यो नाचको प्रवर्द्धन नगदेश सांस्कृतिक पुचः ले गर्दै आएको छ । यो नाच गाईजात्राको भोलिपल्टको रातिदेखि सञ्चालन हुने गर्दछ । महाकाली

For Library Purpose

नाच चार दिनसम्म राति करिब ७ बजेदेखि सुरु भएर १२ बजेसम्म चल्ने परम्परा छ । यो नाचमा आठ वर्षका बालकदेखि ३५ वर्षका युवाहरूको सहभागिता हुने गरेको छ ।

मल्लकालीन नाचका रूपमा रहेको महाकाली नाचमा प्रदर्शनीका लागि थुप्रै खर्च श्रम लाग्ने गर्दछ । महाकाली नाचमा महाकाली, महालक्ष्मी, कौमारी, सिंह र म्ह्यखा, मैसासुर दैत्य एक एक, भूत भैरव, कवं, ख्याक र माकः (बाँदर) दुई दुई तथा बेता चार गरी १८ देवगणको सहभागिता रहन्छ नाच प्रदर्शनका कारण यस क्षेत्रमा भूत, प्रेत, पिशाच, चोर, जल, अग्नि, वायु, भूकम्प र चट्याङ्को भय नहुने जनविश्वास छ । नाचको सुरूआत र समापनमा विशेष पूजाआजा गरिन्छ । नाचका क्रममा आठ कुखुरा र दुई बोकाको बलि चढाउनुपर्ने परम्परा छ । नर्तक (कलाकार)ले लगाउने पोसाक, मुकुन्डो र नृत्य गर्ने शैलीले गर्दा यो नाच तन्त्रमा आधारित मानिन्छ । महाकाली नाचमा विभिन्न २१ ताल रहेको र विभिन्न फरक फरक समूह तालमा नचाइने परम्परा छ । मुख्य भूमिकामा रहेका देवीहरूको एकल नाच पनि प्रदर्शनी हुने गर्दछ ।

भैरव नाच

मध्यपुर थिमीवासीले परापूर्व देखी भैरव नाचको संरक्षण गर्दै आएको छ । मध्यपुरथिमी नगरपालिका तुलननी र कुमाननीका बासिन्दाको पहलमा लायकु दरबार क्षेत्रमा यो नाच नाच्ने प्रचलन छ । दुई भैरव र दाःगि (कुमारी) तथा एक ज्यापु गःचा गरी पाँच देवगण रहने सो नाचका लागि एक महिनादेखि प्रत्येक दिन साँझ नाच प्रदर्शनका लागि तयारी गर्ने प्रचलन छ । गाईजात्राको भोलिपल्टको रातिदेखि सुरू हुने सो नाच चार रातसम्म नचाइन्छ । धा : बाजाका साथमा ३० देखि ३२ तालमा नचाइने सो नाच विभिन्न टोल तथा देवालयमा दुईदेखि तीन तालमा नचाइने चलन छ । नृत्यनाथ (नसःद्य)को प्राङ्गणमा भने यो नाच नचाउन अनिवार्य मानिन्छ । मन्त्रोचारण गरी नाच निकालिइसकेपछि समापन नभएसम्म देवता बनेर नाच्ने व्यक्तिले कसैको जुठो खान नहुने र शुद्ध भएर बस्नुपर्ने प्रचलन छ ।

प्राचीनकालमा मध्यपुरथिमीमा भूत, प्रेत, र पिशाचले दुःख दिन थालेकाले त्यसको निराकरण गर्न लाय्कु भैलःका रूपमा भैरव नाचको चलन चलेको मानिन्छ । पछि जनस्तरबाट भैरव नाच निकाली भूत, प्रेत र पिशाच भगाउने गरिएको जनविश्वास छ ।

For Library Purpose

नीलबाराहि नाच

मध्यपुरथिमीकै बोडेमा नीलबराही नाच नचाउने परम्परा छ । नाच राति, बिहान र दिउँसो टोल टोलका चोक चोकमा देखाउने गरिन्छ । नाच बोडेको नारायणथान लाछीबाट सुरू भई लायकु छेँ, विष्णुघाट, महालक्ष्मी थान, भाँगुटोल, खोंसी टोल, नीलबाराहिस्थान हुँदै पुनः नारायणथानमा समापन गरिने परम्परा छ । प्रत्येक टोलको चोकमा धाँ बाजा, भुस्या, काँय र पाँगा बाजाका तालमा परम्परागत नीलबाराहि देवीको नाच देखाउने गरिन्छ । तान्त्रिक नियममा बाँधिएर रहनुपर्ने सो नाचमा देवगणमा भैरव एक, द्वारपाल दुई तथा बाराहि, कुमारी, गणेश र सिंह चार चार गरी १९ देवगणको समूह रहेको हुन्छ । देवता र देवताका सहयोगी बाजा बजाउने र गुरूसहित नाचमा १ सय जनाभन्दा बढी व्यक्ति सहभागी हुने परम्परा छ । यो नाच पनि गाइजात्राको भोलीपल्ट बाट मनाउने चलन छ ।

For Library Purpose



नवदुर्गा (जात्रा) नाच

भक्तपुरको लिच्छविकालीन तथा मल्लकालीन इतिहास बोकेको मौलिक एवं सॉस्कृतिक नवदुर्गा जात्रा हरेक वर्ष हुने गर्दछ । नवदुर्गा जात्रा सञ्चालन गर्न नौ समुदाय आवश्यक पर्छ । नवदुर्गा जात्रा बनमाला समुदायले मात्र सञ्चालन गर्दै आइरहे पनि यसलाई सिद्ध गर्न भने नौ जातको आवश्यकता पर्ने गर्छ । बनमाला समुदायमा पनि हाल देवगण अधिकांश पुराना पुस्ताका छन् । यो जात्राका लागि चित्रकारले मुकुण्डो बनाउने काम गर्छन् । वर्षमा १३ ओटा मुकुण्डो बनाएर नयाँ नवदुर्गा जीवित गरिन्छ । मुकुण्डो चित्रकार जातिले मात्र बनाउनुपर्ने चलन छ । करिब १० किलोसम्मको मुकुण्डो तीन महिनाभित्र बनाइसक्नुपर्ने परम्परा छ ।

नवदुर्गा देवगण :

नवदुर्गा देवगण अन्तर्गत महादेव, श्रीगणेश, ब्रह्मायणी, महेश्वरी , कुमारी, भद्रकाली, श्वेत भैरव, बाराहि, इन्द्रायणी, महाकाली, त्रिपुरासुन्दरी, सिँबाँ र धुँबाँ गरी १३ देवगणको लागि मुकुण्डो आवश्यक पर्छ । नवदुर्गा देवगणमा देवी ८, देवता ६, बाजा समुह २ र पुजारी नंकी १ जना हुन्छन् । त्यस्तै, नवदुर्गा जात्राको लागि प्रजापति समुदायले वर्षभरी पूजापाठको लागि आवश्यक पर्ने मोटोको भाँडो बनाउने, खड्गी समुदायले पशुवली दिने र नायखी बाजा बजाउने, जोशीले वंशावली पठाउने तथा वर्षभरिको जात्रा पर्वको तिथिमीति मिलाउने, मानन्धरले महानवमी, गठेमंगल, अष्टमीमा पोंङ्गा बजाउने, कर्माचार्यले नवदुर्गा भवानीको सुरूवातको पूजा गर्ने, कुसुले (कपाली) ले गठेमंगल चतुदर्शी, घन्टाकर्ण र घटस्थापनादेखि कोजग्रतपूर्णीमासम्म सनाइ बाजा बजाउने र कुलुले बाजागाजाको ब्यवस्था गर्ने चलन छ ।

नवदुर्गा नाच नें.सं. ६३३ मा मल्लराजाले सञ्चालनमा ल्याएको मानिएको छ । राजा आनन्ददेवले नवदुर्गा देवस्थल निर्माण गराएको र राजा भुवन मल्लले यो जात्रा सुरू गराएको हो भन्ने विश्वास गरिन्छ । वर्षभरीको सबैभन्दा बढी जात्रा सञ्चालन हुने नवदुर्गालाई जीवीत देवताको रूपमा पुजीन्छ । यो जात्रा भक्तपुर नगरबाहेक काठमाडौ, मध्यपुर थिमी र काभ्रेमा समेत परापूर्वकालदेखि सञ्चालन गरीदैं आएको छ । भक्तपुर नगरबाहेक देवपतन, ठिमी, नगदेश, बोडे, तुप्या, भुलांकाचा, टोखा, चपरिगुं, गोर्कण, चाँगु, चाकाथा, साँगा, नाला, धुलिखेल, बनेपा, पनौतीजस्ता ठाँउहरूमा यो जात्रा देखाइने परम्परा छ । आर्थिक संकट र सुरक्षाको अभावले कतिपय ठाउँहरूमा यो नाच लैजान छाडिएको छ ।

***

For Library Purpose

ङा लाकेगु (माछा मार्ने नाच)

For Library Purpose

नेवारीमा (ङा लाकेगु) माछा मार्ने नाच भक्तपुर नगरभित्र सुजामारी, तचपाल, गछें, इनाचो, गोल्मढी, याछें, टिबुक्छें, बोलाछें, खौमा, इटाछें, यालाछें, तुलाछें इच्छु, तालाक्व, मुलाखु, गहिटी, क्वाछेंमा देखाइने गरिएको छ । नगरमा वर्षमा २१ पटक र तलेजुको मन्दिरमा वर्षमा तीन पटक यो नाच देखाइने गरिन्छ । नगरका २१ ठाउँमध्ये सुजमारी, तचपाल, क्वाठण्डौमा गतेअनुसार र अन्यमा बारअनुसार जात्रा देखाइने गरिन्छ ।

रानी पोखरी, पुतली बगैंचा र टुँडीखेल

नेपाल सम्बत् ७५० मा भक्तपुरका राजा जगज्योति मल्लले आफ्नी रानी राजलक्ष्मीको सम्झनामा करिब ३२ रोपनी क्षेत्रफलमा निर्माण गरेको पुतली बगैचा सहितको रानी पोखरी भक्तपुरको सिद्धपोखरी र सल्लाघारी बीचमा अवस्थित छ । तर यो सम्पदा स्थानीयको पहुँचभन्दा बाहिर छ । रानीपोखरी वर्षौंदेखि नेपाली सेनाको कब्जामा रहेको छ । सैनिक विद्यालय नजिकै रहेको यो सम्पदा सर्वसाधारणको लागि खुल्ला हुन सकेको छैन । जसका कारण यसको अस्तित्व संकटमा छ । विक्रम संवत् २०४० सालमा सरकारले सैन्य तालिम केन्द्र भक्तपुरको नाममा रानीपोखरी आसपासका जग्गा अधिग्रहण गरी रानी पोखरी समेत सेनाको व्यारेक एरिया भित्र पारेपछि स्थानीय बासिन्दाले पोखरीमा प्रवेश गर्न पाएका छैनन् । जसका कारण पोखरीको संरक्षणमा कसैको चासो पुगेको छैन ।

भक्तपुरको दूधपाटी स्थित सिद्धपोखरीबाट पश्चिमतर्फ सैनिक इलाकाभित्र रहेको यो पोखरी नगरभित्रका पोखरीमध्ये सबै भन्दा सुन्दर भएकै कारण रानीपोखरी नामाकरण भएको भन्ने लोककथन रहिआएको छ ।

काठमाडौंका राजा प्रताप मल्लले भक्तपुरमा आक्रमण गरी जित्न नसकेपछि यो पोखरीमा रहेको सुनको नागलगायत पोखरी वरिपरिका अनुपम कलाकृतिहरू समेत उठाएर काठमाडौंको हनुमानढोका दरबार र

For Library Purpose

काठमाडौंस्थित रानीपोखरीमा लगेर सजाएको इतिहासमा उल्लेख छ । नेपाल सम्बत् ७९८ मा जितामित्र मल्लले पहिलोपटक यस पोखरीको जीर्णोद्वार गरेर मल्लकालीन सभ्यतालाई अझ झल्काउन वास्तुशास्त्र अनुसार देवीदेवता, नागनागिनी स्वरूपमा कुँदिएर निर्माण गरिएका ढुङ्गाहरूलाई पङ्क्तीवद्धरूपमा राखिएको छ ।

लोककथन अनुसार मल्लकालीन समयमा भक्तपुरमा आउने विदेशी पाहुनालाई सिधै भक्तपुर दरबारमा प्रवेश गर्न नदीई पहिला पोखरीको पूर्वपट्टि रहेको ह्वाङह्वा पाटीमा एकदिन राखेपछि मात्र नगर प्रवेश गराउने वा नगराउने निर्णय गरिन्थ्यो । यस पोखरीलाई बाहिरबाट आएका पाहुनाका लागि नगर प्रवेश गराउन भेटवार्ता गर्ने प्रमुख स्थानका रूपमा लिइन्थ्यो । पोखरीको बीचमा वासुकी नागको सुनको टाउको छ भने चारैतिर विभिन्न कलात्मक मूर्तिहरूले घेरिएको छ । नागको जीउ नजिकैको सिद्धपोखरीमा र पुच्छर नःपुखुमा रहेको छ भन्ने जनवश्विास अझै कायम छ । लहरै पश्चिमबाट पूर्वतर्फ रहेका यी तीन पोखरीलाई अझै पनि एउटै नागको स्वरूपमा लिइन्छ । स्थानीय बासिन्दाले तीनवटा पोखरीलाई तीन दिदीबहिनीको रूपमा लिने गरेको पाइन्छ । भक्तपुरका जोन्छे, धौभडेल, अवाल, प्रजापति र मानन्धरको दिगु द्यों अर्थात् कुलदेवता रहेकोले सेनाको नियन्त्रणमा रहेपनि वर्षको एकदिन दिगु पूजा अर्थात् कुलपूजाको लागिमात्र यो पोखरी सर्वसाधारणका लागि खुल्ला गर्ने गरिएको छ । मल्लकालीन सभ्यता र ऐतिहासिक धरोहरको रूपमा यस पोखरीको जिर्णोद्वार गरी सर्वसाधारणका लागि खुल्ला गरिदिए स्वदेशी तथा विदेशी पर्यटकीय आकर्षणको थलो बन्ने थियो भने भक्तपुरको एउटैमात्र रानी पोखरीको महत्व अझै बढ्ने थियो । रानी पोखरी नजिकैको टुँडिखेल समेत नेपाली सेनाले नै कब्जा गरी सैनक विद्यालयका विद्यार्थीलाई मात्र प्रवेश अनुमति दिइँदै आएको छ भने उक्त टुँडिखेल सर्वसाधारणको लागि प्रवेश अनुमति छैन जसले गर्दा भक्तपुरको एकमात्र टुँडिखेल भक्तपुरवासीको पहुँचमा छन् ।

***

For Library Purpose

भक्तपुरका चर्चित उत्पादन
जुजु धौ



भक्तपुरको परिचय भनेको यहाँ बन्ने दहि पनि हो । जस्लाई जुजु धौ भनिन्छ । जुजु अर्थात् राजा र धौ अर्थात् दहि ।

दहिको राजा भनेर भक्तपुर देश विदेशमा छ । परापूर्वकालदेखि नै भक्तपुरको पहिचान बोकेको जुजु धौ को महिमा अपरम्पार छ । आन्तरिक तथा बाह्य पर्यटक भक्तपुर प्रवेश गरेपछि पहिलो आकर्षण जुजुधौ बन्ने गर्छ ।

विगतमा भक्तपुरको जुजु धौ कलेजो जस्तै चक्कुले टुक्राटुक्रा पारेर काट्न सकिन्थ्यो । परापूर्वकालमा बनाइने दहिको कहतारोलाई अर्को दहिको कहतारोमा घोप्टो पारी छोपेर कठमाडौसम्म नोलमा बोकेर विक्रीको लागि पुऱ्याइन्थ्यो । त्यसैले पनि भक्तपुरको दहि देशकै गुणस्तर दहि अर्थात् दहिहरूको राजाको रूपमा लिइन्छ ।

दहिहरूको राजा अर्थात् उत्कृष्ट दहि हुनाले र मल्लकालमा राजाले पनि खाने हुनाले यसलाई जुजु धौ भनीएको हो । मल्लकालमा र त्यसपछि धेरै कालसम्म विविध मसलायुक्त खुवाजस्तै अत्यन्तै मिठो दहि

For Library Purpose



नै जुजु धौका रूपमा परिचित बन्यो । गाई वा भैसींको शुद्ध दुधलाई दाउराको आगो बालेर अत्यन्त बाक्लो हुनेगरी तताउने र त्यसपछि माटोको कतारोमा राखेर विविध मसला मिसाई भुस ओछ्याएर जमिनमा सेलाउने प्रक्रियाबाट जुजु धौ बनाइन्छ । परापूर्वकालमा बनाइने दहि र अहिले दहि बनाउने प्रक्रियामा अहिले पनि तात्विक अन्तर छैन । भक्तपुरको नगर क्षेत्रमा मात्र करिब ७ दर्जन दहि व्यवसायी रहेका छन् ।

***

For Library Purpose

भादगाउँले टोपी

भक्तपुरको अर्को पहिचान भादगाउँले टोपी पनि हो । विभिन्न कलात्मक मठ मन्दिर तथा पुरातात्विक महत्वका वस्तुहरूले भरिएको ऐतिहासिक नगरी भक्तपुरलाई देश विदेशमा भदगाउँले टोपीको चर्चा हुने गर्छ । भक्तपुरको पुरानो नाम भादगाउँको प्रतिनिधित्व गर्ने यो कालो भादगाउँले टोपीले भक्तपुरको मात्र नभएर संसारभरि नेपालकै नामलाई सगरमाथा झै उच्च राखेको छ ।

प्रशासनिक क्षेत्रमा बढी प्रयोग गर्ने भादगाउँले टोपीको चलन चल्टीबारे कुनै लिखित इतिहास नभए पनि मल्लकालीन राजा जयस्थिति मल्लले जात विभाजन गर्दा भक्तपुरकै एउटा छुट्टै जातलाई टोपी बनाउने पेशा दिएको लोककथन पाइन्छ । भादगाउँले टोपी बनाउने भक्तपुरमा एउटै मात्र जात छ त्यसलाई भक्तपुरमा चुल्या त्यो भनिन्छ । तर बढ्दो

For Library Purpose

बेरोजगारी समस्याका कारण चुल्या त्यो जात बाहेक अन्य जातका मानिसहरूले पनि यो पेशा अँगालेको पाइन्छ ।

जात विभाजन गरेर काम अनुसारको पेशा दिंदा यस्तो महत्वपूर्ण टोपी बनाउने जिम्मा पनि सम्भवत चुल्या त्योहरूलाई दिएको हुन्छ । विशेषगरी भादगाउँले टोपी बनाउने बस्ती भनेर भक्तपुर नगरमा सूर्यमढी, तौलाछें, भोलाछें र गछें आदीलाई लिइन्छ । संयुक्त राष्ट्रसंघमा दर्ता गराउँदा आफूलाई नेपाली भनेर चिनाउन नेपालले रञ्जना लिपि तथा नेपालको नेपाल भाषा प्रस्तुत गरेर नेपाली पोशाकका रूपमा दौरा सुरूवाल शिरमा भादगाउँले टोपीको समेत प्रस्तुत गरेको बुझिन्छ ।

राजा त्रिभुवनले आफनो पालामा ५० पैसाको मुद्रामा समेत सर्वप्रथम भादगाउँले टोपी लगाएर मुद्रा निकालेका थिए जुन अहिले दुर्लभ भइसकेको छ । त्यसबेलाको मुद्रामा प्राय भादगाउँले टोपीहरू हेर्न सकिन्थ्यो । नेपाली नागरिक संसारको कुनै कुना काप्चामा पुगे पनि नेपाली भनेर चिनिने एउटै मात्र राष्ट्रिय पोसाक दौरा सुरूवाल हो र त्यो दौरा सुरूवालको सबभन्दा माथिल्लो शिरमा बस्ने भादगाउँले टोपी नै हो । नेपालको विभिन्न शासनकालमा भादगाउँले टोपीको महत्व उतिकै रह्यो । राजा महेन्द्रको पालासम्म कुनै पनि नेपाली नागरिक सिहंदरबार भित्र छिर्न भादगाउँले टोपी अनिवार्य रूपमा लगाउनु पर्ने नियम थियो । विगतका राजा महाराजादेखि अहिले राष्ट्रपति प्रधानमन्त्री मन्त्रीसम्मका उच्च ओहदाका व्यक्तिहरूको शिरमा पनि भादगाउँले टोपी नै सजिने गरेको छ । बाक्लो कालो कपडाबाट निकै मिहिनेतका साथ भादगाउँले टोपी बन्छ । भादगाउँले टोपीले मानिसको मस्तिष्कलाई समेत रक्षा गर्छ भन्ने जनविश्वास पाइन्छ । भादगाउँले टोपी नेपाली र राष्ट्रिय पहिचानको रूपमा अझै पनि कायम नै छ । त्यसो त भारतमा गोरखाल्याण्डको आन्दोलनमा समेत भादगाउँले टोपीको प्रयोग निकै भएको थियो । विश्वकै सर्वोच्च शिखर सगरमाथाको झझल्को दिने यो टोपी मात्रले पनि नेपालीलाई संसारभरि चिनाएको छ ।

***

For Library Purpose

हाकुपटासी

जुजु धौ (दहि), भादगाउँले टोपी, माटाका भाडाकुँडाजस्तै भक्तपुरको अर्को विशिष्ट परिचय हाकुपटासी हो । हाकुपटासी भक्तपुरका र उपत्यकाका नेवार समुदायका महिलाले लगाउने कालो सारी हो । नेपाल भाषामा हाकुको अर्थ कालो र पटासीको अर्थ सारी हो । भक्तपुरका अधिकांश महिला हाकुपटासी लगाउँछन् । घरैपिच्छेका घरेलु तानबाट बुनेको हाकुपटासी लगाएर स्वावलम्वीको आ नो परिचय दिने गरेका भक्तपुर र उपत्यकावासीको नेवार समुदायका महिला र युवतीहरू हाकुपटासीमा गर्व गर्छन् ।

For Library Purpose

कालो फरियामा रातो किनारा हुनेगरी सगुनको प्रतिनिधित्व जनाउने हाकुपटासीले महिलाको मस्तिष्कदेखि पैतालासम्म रक्षा गर्ने गुण रहेको मानिन्छ । धेरै काम, कम ज्याला, महँगो कच्चा पदार्थ र उचित बजार व्यवस्थापनको कमीले हाकुपटासीको व्यवसाय भने ओझेल पर्दै गएको छ । यसको संरक्षणमा ध्यान जान भने जरूरी छ ।

***

कुन मल्ल राजाले के के काम गरे ?

राजा आनन्दमल्ल (अनन्त मल्ल) : देश सुरक्षाका लागि अष्टमातृका देवी गणका पीठ स्थापनासहित २४ टोलको नामाकरण । वैशाख १ मा खटमा देवी देवतालाई राखी जात्रा चलाउने परप्परा सुरूवात ।

राजा हरिसिंहदेव : मुसलमानको हमलाबाट सिम्रौनगढ छाडी नेपाल आई तुलजा भवानीको इष्टदेवीको रूपमा स्थापना गरे । दुमाजुदेवीको (दुइमाजु) को देवाली पूजा चलाए ।

राजा जयरुद्रदेव (जयभद्रदेव) : संवत् ४३९ आश्विन कृष्ण सप्तमीमा भक्तपुरमा त्रिपुर नामक राजवास किल्ला बनाए । पाटनमा कुम्भेश्वर मन्दिर बनाए ।

राजा जयस्थितिमल्ल : धर्मशाष्त्र बमोजिम जातजातिको मर्यादा कायम । भक्तपुरको टौमढी क्षेत्रमा नृसिंह, भैरव र रामको मूर्ति स्थापना गरे ।

राजा ज्योति मल्ल : काठमाडौंको पशुपति मन्दिर र स्वयम्भु चैत्यको

For Library Purpose

जिर्णोद्वार गरे । नाटक संचालन गरे ।

राजा यक्ष मल्ल : पशुपतिमा पूजा चलाउन दक्षिण भारतबाट ४ ब्राम्हण ल्याए । , कान्तिपुरमा लोकेश्वर र पाटनमा मीननाथको मूर्ति स्थापना । भक्तपुरको दत्तात्रेय मन्दिर निर्माण र मूर्तिको स्थापना । भक्तपुरको ५५ झ्याले दरवारको शिलान्यास । दरवारको दक्षिणमा यक्षेश्वर महादेवको स्थापना । संवत् ५९१ माघमा भक्तपुर गाँहितिमा ढुङ्गेधारामा नारायणको मूर्ति स्थापना । संवत् ५६० जेष्ठमा सुदी १० मा टौमढी टोलमा सुनको धारा स्थापना गरेर सुनको छाना र गजुर राखे । भक्तपुर रक्षार्थ चारैतिर किल्ला समेतको पर्खाल लगाए ।

राजा राय मल्ल : संवत् ६१३ मा गीत गोविन्द पुस्तकको प्रकाशन गरे । दत्तात्रेय मन्दिरमा तल्ला थपे ।

राजा सुवर्ण मल्लः भक्तपुरमा ७ सय घर, थिमीमा ५ सय घर र नगदेशमा ५ सय घरको बोडे सहर बसाले । नाटक लेख्ने र प्रदर्शन गर्ने काम गरे । बोडेमा महालक्ष्मी नाचको शुरूवात गरे । भादगाउँमा नवदुर्गा नाच चलाउने परम्परा स्थापना गरे ।

राजा विश्व मल्लः यी राजाकी रानी गहुल देवीले भक्तपुरका टोल टोलमा इनार, नारायणको मूर्ति, ढुङ्गेधारा, पौवा पाटी स्थापना गरिन् । यी रानीले अष्टमातृकामा घण्टा, सुनको फरिया चढाइन् । बंशगोपालको स्थापना गरिन् ।

राजा जगज्योति मल्लः संस्कृतमा धेरै ग्रन्थ लेखे । नाटक लेखेर अभिनय गरे । नेपाल भाषामा काव्यहरू रचना गरे । तौमढीको भैरवनाथ मन्दिरको शिलान्यास गरे । तलेजु मन्दिरमा कलापूर्ण टुँडाल जडान गरे । विदेशबाट जङ्गम जातिलाई बोलाई प्रेत लिङ्ग साधना गरी मठको व्यवस्था गरे । सम्वत ७५० मा पौषकृष्ण द्वादशीका दिन भक्तपुरको टुंडिखेलको पुछारमा न्हुपुखु बनाई शिव लिङ्ग स्थापित गरे ।

राजा नरेश मल्ल (नरेन्द्र मल्ल) : संवत् ७६१ मा सदा शिवलाई थुनिएको भक्तपुर तलेजु भित्र सुनले माडेको लक्ष्मी र सरस्वतीका ठूला मूर्ति संवत् ७६१ मा स्थापना गरे ।

राजा जगतप्रसाद मल्ल : यी राजाले पद्यपुराणबमोजिम भदौ बदी

परेवाका दिन गाईजात्रा पर्व चलाए । हरेक नारायण चोकमा गरूड राखे । संवत् ७७५ मा भक्तपुर तचपालमा मन्दिर निर्माण गरे । भीमसेन स्थापना र द्वारपालका रूपमा सिंह राखे । खौमा टोलमा उमामहेश्वरको ठूलो मूर्ति बनाए । पचपन्न झ्याले दरवारको आग्नेय कोणमा सिद्धिलक्ष्मी देवी स्थापना एवं मन्दिर बनाए । दरवार अगाडि ९ गजुरको ढुङ्गाको मन्दिर बनाए ।

राजा सुमति जयजितामित्र मल्लः संवत् ७९२ मा तेखाचो टोलको बराही मन्दिरको जीर्णोद्वार गरे । संवत् ७९७ मा विश्वनाथ महादेव स्थापना गरे । संवत् ७९८ मा थँथु दरवारको निर्माण गराए । संवत् ८०१ मा कुमारी चोकमा पञ्चमुखे हनुभैरव स्थापना गरे । संवत् ८१० मा सुमति ग्रन्थ तयार पारे । संस्कृतमा जेमिनी र अश्वमेघ नाटक रचे । ३ सय ४० टोलाको सुनको सिंहासन तलेजुमा अर्पण गरे । संवत् ८११ मा नासमना टोलमा वत्सलाको यन्त्र स्थापना गर्दै मन्दिर बनाए ।

राजा भूपतीन्द्र मल्लः भक्तपुर र काठमाडौं जोडिने सडक फराकिलो बनाए । सडकको दुबै तिर रूख रोप्न लगाए । संवत् ८१८ मा दरवार प्रवेश गर्ने द्वारमा ठूलो सिंह एवं नृसिंह र हनुमान राखी सिंह ढोका नामाकरण गरे । राजा यक्ष मल्लले शिलान्यास गरेको ५५ झ्याले दरवार विभिन्न काँचका पदार्थ जडान गरी सम्वत ८१९ मा निर्माण सम्पन्न गरे । ने.सं. ८२१ मा भैरव र भद्रकालीको ३ तल्ले तामाको रथमा पाङ्ग्रा जडान गरी रथारोहण गरी जनतालाई रमाइलो जात्रा चलाए । नेपाल संवत् ८२५ मा तलेजुको मूलढोका अगाडि ठूलो घण्टको संरक्षण गरे ।

ने. सं. ८२८ मा तलेजुको दायाँबायाँ सिंह वेताल एवं तलेजुको मूल चोकमा ठूला अक्षरले सजि सोनापत्र राखे । ने.सं. ८३१ मा सुवर्णद्वार सुनको जलप लगाएको दरवार प्रवेश गर्ने द्वार) बनाए । ने.सं. ८३७ मा बोडेका नीलबराही देवी गणको नाच चलाउने व्यवस्था गरे । भक्तपुरमा मात्र होइन कान्तिपुर वसन्तपुरमा समेत ९ तल्ले वसन्तपुर दरवार बनाए । भक्तपुरको विश्व प्रसिद्ध पाँचतल्ले मन्दिर बनाए । ने.सं. ८२८ मा सिपाडोलको डोलेश्वर महादेवको जिर्णोद्वार गरे । ने.सं. ८३२ मा हनुमानघाटमा पाञ्चायन सहितको ठूलो महादेव स्थापना गराए । दरवार अगाडि आफैले हात जोडेर बसेको शालिक बनाए । सम्वत ८३७ मा

For Library Purpose

तौमढीको १ तल्ले भैरवनाथको मन्दिर ३ तल्ले बनाए । संवत् ८४१ मा बछलादेवीमा खिचाखो गं (कुकुर कराउने घण्टा) चढाए । जुन अहिले पनि दरवार स्क्वायर परिसरमा आकर्षक रूपमा रहेको छ । ८४ प्रकारका रोटीले देवीको मन्दिर बनाउने व्यवस्था गरे । भारतका वादशाहसँग सम्वन्ध जोडी आ ना दरवारमा ऐनाहरू ल्याउन लगाए ।

राजा रणजीत मल्ल : नाटक खेलाउने यी राजाको सौख थियो । थुप्रै नाटक लेखे ती मध्य सरकारको राष्ट्रिय अभिलेखालयमा २६ नाटक सूचीकृत छन् । १, अन्धकारसुर बध, २, इन्द्र विजय, ३, उषा हरण, ४, कृष्ण चरित्र, ५, कृष्ण कैलाश यात्रापाख्यान ६, कोलासुरोवाधोपाख्यान, ७, खटवासुर वध, ८, गोरक्षोपाख्यान, ९, चन्द्रगद्योपाख्यान, १०, चित्रकेतु भूपचरितम् ११, जलशायी, विष्णुवादी सृष्टिपर्यन्त, १२, दिग्पाल गणेशोपाख्यान, १३, नवदुर्गा, १४, नल चरितम् १५, पृथुपाख्यानम् १६, मदन चरितम् १७, महाभारत, १८, मान्धातोपाख्यान १९, यायात्युपाख्यानम् २०, रामायणम्, २१, वीरवीरणी कथा २२, सुब्रह्माण्योपाख्यानम् २३, षडदर्शन कथा २४, शनैश्चरो हिरण्युपाख्यान, २५, हरगण कथा, २६ त्रिपुरासुर बध कथा । आदी लेखे । त्यस्तै विहान सवेरै टोल टोलमा सहनाई बाजा बजाउने व्यवस्था गरे । इष्टदेवी तुलजा भवानीमा ३ सय टोला सुनको सिंहासन चढाए । हनुमानघाट पारि नयाँ घाट बनाउन लगाए । दरबारमा धेरै चोक र ढोका थपे । त्यतिमात्र हैन छोरा र पत्नीको नाममा तेखाचो टोलस्थित बराही देवीमा सुनको फरिया १/१ चढाए ।

***

For Library Purpose

भक्तपुरका प्रचलनमा रहेका पोखरीहरू



सिद्धपोखरी, भाजुपोखरी, दूधपाटी ,यतापोखरी गोलमडी, भण्डार पोखरी दरवार क्षेत्र, च्यामासिंह पोखरी, कमलविनायक पोखरी, रानी पोखरी सल्लाघारी, नपुखु पोखरी, गरूड पोखरी, लगायतका ३४ पोखरी प्रचलनमा छन् । भक्तपुरका पोखरीहरू वातावरणमैत्री धार्मिक र पर्यटकीय दृष्टिकोण उच्च महत्व रहेका छन् ।

नगरपालिकामा रहेका पोखरीहरूमध्ये सबैभन्दा ठूलो पोखरी सिद्धपोखरी हो । त्यस्तै ३४ पोखरीमध्ये सबैभन्दा सानो पोखरी गरूड पोखरी हो ।

For Library Purpose

पोखरीको बीचमा शिवलिङ्ग स्थापित छ। पोखरीमा महिला र पुरूषले नुहाउने छुट्टाछुट्टै कुण्ड रहेका छन्।

पोखरीको महत्व - पुरानो सहरमा ठाउँठाउँमा पोखरी बनाई राखेको हुन्छ। भक्तपुरका हरेक टोल नजिक एउटा पोखरी छन्। ती पोखरीहरूको आ नै विशेषता छन्।

खेतीपातीको काम सकेर आउँदा हातखुट्टामा फोहोर र हिलो धुन पोखरीको प्रयोग हुन्थ्यो। यसले मानिसमा सरसफाइ गर्न सहजता दिलाउँथ्यो। झाडापखाला जस्ता रोगबाट बच्न सकिन्थ्यो। पोखरीको पानीले गर्मी महिनामा पनि हावालाई चिस्याउने भएकोले वातावरण शीतल हुने, टोलमा आगलागी हुँदा निभाउन ठूलो मद्दत पुग्ने, हुरी आउने बेला टोलभरीको धुलो उड्छ र उडाएको धुलो पोखरीमा परेपछि दविएर जान्छ। दोहोरो उड्न पाउँदैन भन्ने मान्यता छ।

दबुको महत्व - सम्म ठाउँमा पानी पऱ्यो भने त्यस ठाउँमा हिलो हुने र पानी जम्ने हुन्छ। दबु जमिनभन्दा अलि उचाइमा बनाइएको हुन्छ। त्यसरी बनाइएको दबु सधैँ सफा र ओभानो भइरहन्छ। दबुमा अपरान्हपछि फुर्सद भएका वयस्कहरू बूढापाकाहरूका ज्ञानगुणका कुरा र अनुभवका कुराहरू सुन्न जान्छन्। बूढापाकाहरूका कुराले युवकहरूलाई सचेत हुन मद्दत पुऱ्याउँछ। दबुमा टोलको जनसभादेखि हरेक साँस्कृतिक कृयाकलाप गर्न मद्दत पुग्छ। परापूर्वकालमा जनसभा गरेर जनतालाई देशको स्थिति परिस्थितिबारे जानकारी दिने जस्ता कार्य गर्न सहजताको लागि दबु निर्माण गरेको मानिन्छ। भक्तपुरका हरेक स्थानमा दबु हुन भनेको साँस्कृतिक महत्वको कार्यक्रम गरी संस्कृति जोगाइराख्नु पनि हो।

***

For Library Purpose

नगरको बनोट



For Library Purpose

नेवार समुदायको वस्तीमाभ्ग वा टोलको माभ्गमा टोलको प्रकृति हेरेर एउटा पोखरी हुन्छ । पोखरीको अलि वरपर मञ्चको रूपमा एउटा डवली हुन्छ । जसलाई नेवारी भाषामा दबु भनिन्छ । दबुको अगाडि मन्दिर हुन्छ । मन्दिरको उत्तरपट्टि एउटा सत्तल वा पाटी पौवा हुन्छ । पाटीमा भजन गर्ने भजन मण्डली पनि हुन्छ । यी सबैको आ-आ नो विशेषता हुन्छ ।

पाटीको महत्व -

दिनभरि काम गरेर थाकेका मजदुर, किसान, पसले व्यापारीहरू सहित बेलुका खाना खाएर पाटीमा आराम गर्न भेला हुन्छन् । त्यहाँ पुग्ने बित्तिकै सबैले भलाकुसारी गर्ने परम्परा छ । यस्ले समाजिक सहिष्णुता बढाउने काम गर्दछ । टोलमा के भइरहेको छ के गर्न आवश्यक छ भन्ने जस्ता छलफल गर्न पनि यस्ता पाटी फल्चाको भूमिका महत्वपूर्ण हुन्छ ।

त्यस्तै भ्रातृत्वको विकास, भाषा बोलीचालीमा शिष्टता, मान मर्यादा आदर र अनुशासन सिक्न वा सिकाउनको निम्ति वातावरण तयार पार्न पाटी फल्चाले महत्वपूर्ण भूमिका खेल्ने गरेको छ । त्यस्तै बुढापाका जेष्ठ नागरिकहरू भेटघाट र समय बिताउन पनि पाटी फल्चाले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ र गर्दथ्यो ।

पोखरी, दबु र पाटीफल्चाको महत्व

भक्तपुरलगायत उपत्यकाका नेवार समुदायका वस्तीको बनौट पनि आधुनिक विज्ञानसँग मिल्दो रहेको छ । यो दूरदर्शिता पुर्खाहरूमा भएको पाइन्छ । नेवार समुदायको वस्ती भएका ठाउँमा नजिकै पोखरी, दबु, ईनार, ढुङ्गेधारा, पाटीफल्चा हुन्छन् । यस्तो सबै पूर्वाधार भएको ठाउँलाई देशको रूपमा या नगरको रूपमा लिइन्थ्यो । तर मानिसको जनजीवन र स्वास्थ्यको दृष्टिकोणले पनि टोल र नगरको ऐतिहासिक बनौटहरू वस्ती व्यवस्थापनका दृष्टिकोणले पनि अति उत्तम देखिन्छ । मानिसको जीवनयापनसँग प्राकृतिक, भौगोलिक वातावरणसँग मेल खाने गरी संरचनाहरू बनेको पाइन्छ ।

***

For Library Purpose

कहाँ कहाँ पाइन्छ ? भक्तपुर जाने बस !

भक्तपुर भ्रमणमा जाँदै हुनुहुन्छ भने तपाईँलाई कहाँबाट कसरी जाने के गर्ने भन्ने जानकारी भयो भने भ्रमण सहज हुनेछ । आन्तरिक तथा बाह्य पर्यटकहरूले भक्तपुर जान काठमाडौको बागबजार बाट सार्वजनिक बस चढेर २२ किलोमिटर सडक पार गरेपछि भक्तपुर पुग्न सकिन्छ । यही रूटबाट चाँगुनारायणसम्म पुग्ने सार्वजनिक यातायातको समेत व्यवस्था छ । थिमी र बोडे घुम्न जाने हो भने पनि यही बसपार्कबाट उक्त रूटको बस सेवा प्राप्त गर्न सकिन्छ । यो रूटको बस भक्तपुरको सल्लाघारी हुँदै नगर प्रवेश गर्दछन् भने पुरानो थिमी जाने बस यही बसपार्कबाट कोटेश्वर पेप्सीकोला हुँदै थिमी प्रवेश गर्दछ ।

भक्तपुर घुम्न जान साझा बसको पनि प्रयोग गर्न सकिन्छ । काठमाडौ महानगरपालिकाको सहकार्यमा संञ्चालित साझा यातायात पनि प्रयोग गर्न सकिने छ । बिहान ६ बजेदेखि बेलुकी ९ बजेसम्म काठमाडौको स्वयम्भूबाट कलङ्की, कालीमाटी, त्रिपुरेश्वर, रत्नपार्क, शहीदगेट, माइतीघर, बानेश्वर, कोटेश्वर, जडीबुटी, लोकन्थली, कौशलटार, गट्ठाघर, नयाँठिमी, सृजनानगर, सल्लाघारी हुँदै सूर्यविनायकसम्म साझाबसको सेवा लिन सक्ने छ ।

त्यस्तै काठमाडौको पुरानो बसपार्कबाट भक्तपुरको नयाँबाटो जगाती हुँदै भक्तपुर नगर प्रवेश द्वार च्यामासिङसम्मको यात्रा पनि गर्न सकिन्छ ।

For Library Purpose

काठमाडौको गोंगवु नयाँ बसपार्कबाट पनि चावेल, गौशाला एयरपोर्ट क्षेत्र, कोटेश्वर हुँदै नयाँ बाटो र पुरानो बाटो दुबै रूटका बस चढेर भक्तपुर पुग्न सकिन्छ । गोंगबुबाट पुरानो थिमी रूट हुँदै चल्ने बस सल्लाघारी हुँदै दूधपाटी भक्तपुर नगर प्रवेश द्वार नजिकै पुगिन्छ भने गोंगबुबाट नयाँबाटो हुँदै चल्ने बस चढेर भक्तपुरको सूर्यविनायक जगाती हुँदै च्यामासिङ र कमलविनायक पुग्न सकिन्छ । पछिल्लो समय नगरबसको समेत सुविधा छ ।

त्यस्तै ललितपुरको लगनखेलबाट पनि ग्वार्को सातदोबाटो र कोटेश्वर हुँदै भक्तपुरको नयाँ बाटो जगाती कमलविनायक हुँदै दूधपाटीसम्मको यात्रा तय गरी भक्तपुर प्रवेश गर्न सकिन्छ । नगरकोट जान भने भक्तपुरकै कमल विनायकबाट सार्वजनिक बस चढ्न सकिन्छ । निजी सवारी चढेर भक्तपुर भने भ्रमणमा सहजै यात्रा गर्न सकिन्छ ।

बाह्य पर्यटकका भक्तपुर नगर क्षेत्र प्रवेशका लागि भने विभिन्न स्थानमा प्रवेशद्वार र टिकट काउण्टरको व्यवस्था नगरपालिकाले गरेको छ । भक्तपुर नगरपालिको प्रवेशद्वारमा टिकट काटेपछि विभिन्न ९ भाषामा छापिएको भक्तपुरको घुम्नै पर्ने जानकारीमूलक पुस्तिका पनि उपलब्ध गराउँदै आएको छ ।

For Library Purpose

***

र यो पनि ......

For Library Purpose

भक्तपुर जामे मस्जिद

काठमाडौंको पञ्चतकिया काश्मिरी मस्जिद र नेपाली जामे मस्जिद ने.सं. ६०४ मा राजा रत्न मल्लद्वारा तान्त्रिक गयासुद्दिनबाबा र निजका भतिज रामकिस्न बाबालाई प्रदान गरेको जग्गामा निर्माण गरिएको थियो । तर भक्तपुरमा फैलिएका मुसलमान जातिका लागि भने मस्जिद थिएन ।

ने.सं. ९७७ मा भारतको लखनऊमा ब्रिटिस सैन्य विद्रोह हुँदा त्यहाँको वेगम हजरत महलसँग भागेर नेपाल आए भारतबाट भागेर आएका मुसलमान जाति चुरापोते सिन्दुर र औषधिको व्यापार गर्दागर्दै भक्तपुर

प्रवेश गरे । व्यापारको सिलसिलामा मुसलमानहरू भक्तपुर ७ गोल्मढीमा स्थायी रूपमा बस्न थाले ।

काठमाडौंको नारायणहिटी दरवारस्थित पञ्चतकिया, काश्मिरी मश्जिद र नेपाली जामे मस्जिदको बीच जंग बहादुर राणाले घण्टाघर बनाइदिएपछि केही स्वयम्भूमा प्राप्त समाधिस्थल पुगे भने केही मुसलमानले भक्तपुरमा मस्जिद स्थापना गर्नतर्फ लागे ।

लखनऊ विद्रोहबाट पलायन मुसलमानबाटै एक खुडाबक्स र मनुसियाद्धयले नेंसं ९७० भक्तपुर जामे मस्जिद तव्याँ खुसी अर्थात् हनुमानघाटमा स्थापना गराए । करिब २ रोपनी क्षेत्रफलमा फैलिएको भक्तपुर जामे मस्जिदमा हाल ६ देखी १२ वर्षसम्मका मुस्लिम बालबालिकाहरूलाई विद्यालय छुट्टी भएपछि ४ घण्टा उर्दु कुरान पढाइन्छ । भक्तपुर जामे मस्जिद यस क्षेत्रका मुसलमानको आ नो भाषा लिपि संस्कृति र परम्पराको उत्थान र भाइचारा अभिवृद्धि गर्ने केन्द्रको रूपमा प्रचलित छ ।

जहाँ लास दफनाउने चिहान र नवाज पढ्ने मस्जिद एकै ठाउँमा रहेका छन् । यहाँ हरेक शुक्रवार ४ सयको हाराहारीमा मुसलमान समुदायका मानिसहरू नवाज पढी प्रार्थना गर्न आउने गर्छन् ।

For Library Purpose

चर्चहरू

भक्तपुरमा हिन्दु, बौद्ध र मुस्लिम धर्मावलम्वीसँगै पछिल्लो समय क्रिश्चियन धर्मावलम्बी आवलम्बन गर्ने जनसमुदाय पनि रहेका छन् । पछिल्लो समय घर भाडामा लिएर चर्च स्थापना गरी क्रिश्चियन धर्म मान्ने अनुयायी समेत बढ्दै गइरहेको पाइन्छ । नेपाल धार्मिक स्वतन्त्रता देश भएकाले पनि केही हिन्दु र बौद्ध धर्मावलम्बीहरू क्रिश्चियन धर्म तर्फ आकर्षित रहेको पाइन्छ । भक्तपुरमा विभिन्न मण्डलीको नाममा चर्चहरू संचालनमा छन् ।

नेपालमा सर्वप्रथम इसाई धर्मावलम्बी सन् १६ औं शताब्दीमा मुगल राजा अकबरको शासनकालमा सर्म्पकमा आएका हुन् । उक्त समयमा

For Library Purpose



पादरीहरूले नेपाल उपत्यका हुदैं उत्तर भारतबाट तिब्बतको भ्रमण गरेका थिए ।

दक्षिण तिब्बतको मिसनमा रहेका इसाई धर्म सम्बर्द्धनका पादरी जोन कोब्रल सन् १६२८ मा सिगात्सेबाट भारतको बंगालको यात्रा गर्दा काठमाण्डौ भएर नै यात्रा गरेका थिए । काठमाण्डौंमा रहेका बेला उनलाई तत्कालीन राजाले सत्कार गरेका थिए । राजा पनि इसाई धर्मको ग्रन्थको बारेमा जान्न उत्सुक रहेका थिए ।

सन् १६६१ मा राजा प्रताप मल्लको समयमा पनि दुई जना इसाई धर्मप्रचारकहरू रोमबाट काठमाण्डौं आएका थिए । क्रिसमसको इभमा आएका उनीहरूले राजा प्रताप मल्ललाई टेलिस्कोप र केही ज्यामितीय उपकरणहरू उपहार स्वरूप दिएका थिए ।

यसको बाफत राजा प्रताप मल्लले उनीहरूलाई नेपालमा सहयोग गर्ने वाचा दिए । राजा प्रताप मल्लले उनीहरू पुन फर्किएर आएपछि उनीहरूको लागि एक आवासीय भवन निर्माण गरीदिने, वार्षिक रूपमा आर्थिक अनुदान दिने र इसाई धर्मबारे नेपालमा प्रचार गर्न दिने बाचा गरेका थिए ।

त्यस्तै सन् १७०७ मा अहिलेको भक्तपुर भादगाउँमा राजपरिवारले दुई जना धर्म प्रचारकलाई अतिथि सत्कार गरेका थिए । उनीहरूलाई

For Library Purpose

काठमाण्डौमा भने राजा जगत जय मल्लले काठमाण्डौको भ्रमण गर्दा भारी कर तिर्नुपर्ने भन्दै त्रास देखाएका थिए । यसबाट पनि थाहा हुन्छ कि भक्तपुरे राजाहरू काठमाडौंका राजा भन्दा खुल्ला र उदार हृदय भएका थिए ।

भक्तपुरका राजा रणजीत मल्ल देवले काठमाण्डौं र पाटनका राजाहरूको तुलनामा इसाइ धर्म प्रवर्द्धक तथा प्रचारकहरूसंग सौहार्दपुर्ण र मित्रवत सम्बन्ध स्थापना गरेका थिए । रणजीत मल्लले उनीहरूलाई सन् १७२२ देखि ३१ सम्म ९ वर्षको लागि भक्तपुरमा नै बस्न दिएका थिए ।

इतिहासका तथ्यहरूले पनि प्रस्ट नै पार्दछ कि नेपालमा सबैभन्दा पहिला क्रिष्चियन धर्म आवलम्वन गर्ने भक्तपुर र काठमाण्डौंका नागरिक रहेको पुष्टि गर्छ ।

अझ रमाइलो पक्ष के छ भने भक्तपुर र काठमाडौंका राजाहरूले संयुक्त रूपमा नै आफ्नो सहजताका लागि इसाई गुरूहरू राख्ने निर्णय गरे । सोही अनुरूप उनीहरूले सन् १७३७ नोभेम्बर१८ अर्थात् नेपाल संबत ८ सय ६१ मंसिर ११ गत रोमका लागी इसाइ धर्मगुरू पठाउन भन्दै एक चिठी लगे । साथै चिठीमा धर्मगुरूहरूलाई घर, र आफ्नो काममा स्वतन्त्रता उपलब्ध गराउने उल्लेख गरिएको थियो । सोही अनुरूप दुई जना क्रिष्चियन गुरूहरू भादगाउं आइपुगे । धर्मगुरूहरूलाई भैरव मन्दिर नजिकै एक ठूलो भवनको व्यवस्था गरीयो, साथै राजा रणजीत मल्लले नै हस्ताक्षर गरेर धार्मिक स्वतन्त्रताको लिखित चिठि पनि प्रदान गरीयो । चिठी श्री काशिनाथले लेखेका थिए भने साक्षी प्रधानमन्त्री कृष्णसिंह प्रधान बसेका थिए ।

राजा रणजीत मल्लले जेसस र मेरीको नाम लेखेर ३० किलोको घन्टी उपहार दिएका थिए । उनले धर्मगुरूका लागि लेख्दै मैलै तपाइको लागी यो चिठी पठाउंदै छु, तर म तपाईबाट पनि अर्को चिठीको अपेक्षा गर्दछु कि तपाई भक्तपुर छोडेर नजाने प्रतिबद्धता गर्नुहोस् ।

For Library Purpose

सन् १७३७ अक्टोबर २४ अर्थात् नेपाल सम्बत आश्विन १५ मा राजा जय प्रकाश मल्ले पनि धर्मगुरूको लागि चिठी लेख्दै धार्मिक स्वतन्त्रतता दिने दृढता व्यक्त गरेका थिए ।

सन् १७६० को दशकमा उपत्यकामा दुई वटा चर्चहरू रहेका थिए, एउटा ठमेलमा थियो भने अर्को भादगाउमा । सो बेलामा राजा र क्रिष्चियन धर्मगुरूहरूबीच आदानप्रदान हुने चिठी ल्याटिन र नेवारी भाषामा लेखिएको हुन्थ्यो ।

भदगाउंका राजा जय रणजीत मल्लले इसाई धर्मगुरूलाई बस्न र प्रार्थनालगायत धार्मिक कार्यको लागी चार तल्ले भवन प्रदान गरेका थिए । उक्त भवनको माथिल्लो भागमा र उपत्यकाका ३ वटा पहाडका टुप्पोमा क्रस चिन्ह राखिएको थियो । इतिहासलाई हेर्ने हो भने धर्मगुरूले भादगउंका राजालाई भूमिबिहीन नयां क्रिष्चियनहरूलाई केही जग्गा बितरण गर्न आग्रह गरेका थिए र राजा रणजीतको हुकुममा धर्मगुरूले गरीबहरूलाई जग्गा प्रदान गरेका थिए ।

उपत्यकाका नेवार क्रिष्चियनहरूलाई करिब २ सय वर्ष अघि शाह वंश शुरू भएसंगै खराव समय सावित भयो । भादगाउँका नेवार क्रिचिष्यनहरू पृथ्वीनारायण शाहको छोराको सहयोगमा भागेर भारत उत्तरी बिहार गएका थिए भन्ने इतिहास छ ।

For Library Purpose

भक्तपुरमा स्थायीरुपमा संचालित चर्चहरु

१, सुसमाचारीय मित्र मण्डली - दुधपाती

२,सुसमाचारीय मण्डली -बराहीपीठ

३, मसिही मण्डली, चुनदेवी-चुनदेवी

४, बेथसालोम मण्डली-सिपाडोल

५, आदर्शकलवरी मण्डली -जगाती

६, क्वाइनोनिया मण्डली -कटुञ्जे

७, मिसन मण्डली -कटुञ्जे

८, शेखाइना ईभान्जेलिकल मण्डली - कटुञ्जे

९, एलोहिम मण्डली -झौखेल

१०, नाजीरीयन मण्डली - झौखेल

११, प्रार्थना मण्डली -नगरकोट

१२, वेथेल एजी मण्डली -पुरानो थिमी

१३, उपासना मण्डली -नयाँ ठीमी

१४, इम्मानुएल मण्डली - सुर्यविनायक

१५, कलस्सी मण्डली -देकोचा

१६, आशिष मण्डली - लोकन्थली

१७, मनहरा मण्डली - लोकन्थली मनहरा

१८, नेपाल प्रेस्वेटिरियन मण्डली - गट्ठाघर

१९, विलिभर्स मण्डली -दुवाकोट

२०, पथवे मण्डली -बालकोट

***

For Library Purpose

नेपालको दश रुपैयाँको मुद्रामा अङ्कित
चाँगुनारायणको गरुडासन विष्णुको मूर्ति

सहयोगी सामग्रीहरु

भक्तपुर मासिक -२३६

खोपृङ : वर्ष ७ अङ्क ७, वर्ष २० अङ्क १९, वर्ष २४ अङ्क २२, वर्ष २१ अङ्क १९,

ओमप्रसाद धौभडेल अन्तरवार्ता तथा कुराकानी

डोलेश्वर एक परिचय, डोलेश्वर महादेव मन्दिर विकास समिति

ऐतिहासिक सहर बोडे (एक परिचय) स्मारिका २०५७

नेपाल मण्डल सम्पदा (पदम श्रेष्ठ)
जिल्ला विकास समिति भक्तपुर वेवसाइट
भक्तपुर नगरपालिका वेबसाइट
प्राचीन महामञ्जुश्री स्थान (एक संक्षिप्त परिचय) श्री महामञ्जुश्री गुरू गुठी संस्थान
भक्तपुरको सम्पदा परिचय, ओमप्रसाद धौभडेल
श्री याकाती अजिमा स्मारिका २०७३
अनन्त धौभडेल (अन्तरवार्ता तथा कुराकानी)
ख्वपया बाहाबहि (२०६१)
योगेशराज, भक्तपुर तःमाह्रिस्थित भैरवनाथ मन्दिरको ऐतिहासिकता बारे थप जानकारी, भक्तपुर, सुथां २०६१, पृष्ठ ११
र
स्थलगत अवलोकन र अनुसन्धानः लेखक स्वयम्

लुसियानो पेटेक, मेडिएभल हिस्टोरी अफ नेपाल (रोमाः इटालियन इन्स्टिच्युट, १९९८),

Christian ity and Ethical Change among the Newars of Bhaktapur- Ian Gibson, Thesis submitted for the degree of Doctor of Philosophy in Anthrology; University of Oxford, Hilary Term 2015

For Library Purpose

विशेष धन्यवाद

डा.सत्यमोहन जोशी (वाङ्मय शताव्दी पुरूष)
माधव प्रसाद घिमिरे (राष्ट्रकवि)
तेजेश्वर बाबु ग्वंग (भक्तपुर)
ओम धौभडेल (भक्तपुर)
अनन्त धौभडेल (भक्तपुर)
भेषनारायण दाहाल (महानिर्देशक पुरातत्व विभाग)

सोम शर्मा बजगाइँ (चाँगुनारायण नपा नगरकोट)
मोहन बल्ल (सिपाडोल)
कृष्ण कर्माचार्य भक्तपुर
उत्तरकुमार श्रेष्ठ (थिमी)
शान्तरत्न बज्राचार्य (थिमी)
सूर्यराम श्रेष्ठ (बोडे)
जुजुभाइ बासँ (बोडे)
भाइकाजी खड्का (लोकन्थली)
ताराबहादुर खड्का (लोकन्थली)
सपना फुँयाल
विकास श्रेष्ठ

तश्विर सहयोग
रत्न श्रेष्ठ (थिमी)
विनोद कोजु (नगदेश)
रामगोपाल तमखु (सूर्यविनायक)

For Library Purpose

प्रकाशन सहयोगी
डा. देवीप्रसाद सुवेदी (स्वदेश प्रकाशन)
डा. भगवाणचन्द्र ज्ञवाली (स्वदेश प्रकाशन)
ऋषिराम पाण्डे (स्वदेश प्रकाशन)
रोशनकुमार महत
चन्द्रप्रसाद न्यौपाने

For Library Purpose

जितेन्द्र रसिक

जन्म : भाद्र २२

पिता : जगलाल श्रेष्ठ

माता : रमादेवी श्रेष्ठ

जन्मस्थान : स्याउलेबजार, सिन्धुपाल्चोक

स्थायी ठेगाना : भक्तपुर

प्रकाशित कृतिहरू

हृदयस्पर्शी छालहरू (गजल सङ्ग्रह - २०६३)
तारापुञ्ज (फाँचल सङ्ग्रह - २०६५)
एलियनको पृथ्वी भ्रमण (बालकथा सङ्ग्रह - २०७२)
हावा फल्ने रूख (बालचित्र कथा - २०७३)
काफिया (गजल सङ्ग्रह - २०७३)
लज्जावती (उपन्यास - २०७३)
एङ्ग्री बर्ड (अँग्रेजी बालकथा सङ्ग्रह - २०७४)
अलकापुरी भक्तपुर (सम्पदा नालीबेली - २०७५ तपाईँको साथमा)

Email: **jitendralalshrestha@gmail.com**

मेरो राष्ट्रकविको उपाधी भक्तपुरकै सँझ्या भित्र सुसज्जित छ । सँझ्या नभए म अपूर्ण हुन्छु । भक्तपुर काठैकाठको अलकापुरी हो । यो कलाको महासागर भित्र रहेको सम्पदा बारे लेख्नु अतिकठिन कार्य हो । जितेन्द्र रसिकलाई देशको सम्पदा र धरोहरलाई जोगाउनु पर्छ भन्ने चिन्ताले सताएकै कारण भक्तपुरको सम्पदा नालीबेली नामक यो बहुमुल्य कृति जन्मिएको हो ।

माधवप्रसाद घिमिरे
राष्ट्रकवि

नेपालको साँस्कृतिक धरोहरका रूपमा रहेको उपत्यका सिङ्गै कला र सम्पदाको अलकापुरी हो । वि.सं. २००९ सालमा तत्कालिन शिक्षा मन्त्रालय अन्तर्गत संस्कृति विभाग (हालको पुरातत्व विभाग) स्थापना भयो । राजा महेन्द्रको शासनकालमा सरकारले मलाई विभागको पहिलो निर्देशक बनाइयो । सोही समय मैले देशकै संग्रहालयका रुपमा भक्तपुरमा राष्ट्रिय कला सङ्ग्रहालय स्थापना गरी व्यवस्थापन गरें । यहि ऐतिहासिक भक्तपुरको सम्पदा नालीबेली लिएर स्रष्टा जितेन्द्र रसिक आएका छन् । आगामी दिनमा संस्कृतीका बारे थप अनुन्धानमुलक कृति लेखिरहुन् रसिकलाई शुभकामना ।

सत्यमोहन जोशी
वाङ्मय शताब्दी पुरुष

जितेन्द्र रसिकका अलकापुरी भक्तपुर भित्रका सम्पदा विवरण भरिका विश्लेषण कालान्तरमा निरन्तरता पाइरहुन् । साँस्कृतिक सम्पदा विवरण संकलन अरू सार्थक बन्दै जाने स्वभाविक छ । यस अलकापुरी भक्तपुर सङ्ग्रहले नेपालका सम्पदा पुजक, आन्तरिक पर्यटनका लागि रोचक तथा सार्थक रूपमा सबल पार्न सघाउँदो नै देख्छु ।

तेजेश्वरबाबु ग्वंग
संस्कृतिविद्

साँस्कृतिक सम्पदाहरूको बारेमा यसरी अध्ययन अनुसन्धान गरी यथार्थ विवरणहरू पुस्तकका रूपमा प्रकाशित हुनु यस विधा र सम्पूर्ण संस्कृति प्रेमीहरूका लागि समेत अत्यन्तै गौरवको कुरा हो ।

डा. भेषनारायण दाहाल
महानिर्देशक, पुरातत्व विभाग

For Library Purpose

स्वदेश प्रकाशन प्रा. लि.
वागबजार, काठमाडौं
प्रकाशक तथा वितरक
फोन नं ०१-४२३९५७८,
९८४१६७४२६४
स्वदेशी

9 789937 692069
00475